# आर्थिक वर्ष २०७७/०७८ को
# नीति, कार्यक्रम तथा बजेट



**छत्रदेव गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
छत्रगञ्ज-अर्घाखाँची
५ नं. प्रदेश, नेपाल




आ.व. २०७६/०७७ को वार्षिक समिक्षा गोष्ठीमा मन्तव्य प्रस्तुत गर्दै गाउँपालिका अध्यक्ष श्री लेखनाथ पोखेल।




आ.व. २०७६/०७७ को वार्षिक समिक्षा गोष्ठीमा कार्यपत्र प्रस्तुत गर्दै गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत श्री खिमानन्द भुसाल




आ.व. २०७६/०७७ को वार्षिक समिक्षा गोष्ठीमा राय सुझाव प्रस्तुत गर्दै वातावरण तथा विपद व्यवस्थापन समितिका संयोजक एवं वडा नं. ४ का वडा अध्यक्ष श्री अशोक कुमार श्रेष्ठ ।

## आर्थिक वर्ष २०७७/०७८ को

# नीति, कार्यक्रम तथा बजेट

प्रकाशकः
छत्रदेव गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
छत्रगञ्ज–अर्घाखाँची
५ नं. प्रदेश, नेपाल

प्रकाशकः
**छत्रदेव गाउँपालिका, अर्घाखाँची**
**सर्वाधिकार प्रकाशकमा**
**प्रकाशन, २०७७**

सल्लाकारः

श्री लेखनाथ पोख्रेल – अध्यक्षः छत्रदेव गाउँपालिका, अर्घाखाँची

श्री तुल्सी देवी श्रेष्ठ – उपाध्यक्षः छत्रदेव गाउँपालिका, अर्घाखाँची

प्रधान सम्पादकः

श्री खिमानन्द भुसाल – प्रमुख प्रशासकीय अधिकृत, छत्रदेव गाउँपालिका

सम्पादकः

श्री बुद्धिराम न्यौपाने – स्वास्थ्य शाखा प्रमुख, छत्रदेव गाउँपालिका

श्री डिल्लीराज अर्याल– प्रशासन शाखा प्रमुख, छत्रदेव गाउँपालिका

श्री विनोद पोखरेल– शिक्षा शाखा प्रमुख, छत्रदेव गाउँपालिका

संकलन/कभर डिजाईन

ई. सुनिल पन्थी,
सुचना प्रविधि अधिकृत

शिव बहादुर सुनार
कम्प्युटर अधिकृत

## जनप्रतिनीधिको विवरण



लेखनाथ पोखेल
अध्यक्ष
९८५१०३३७०७



तुल्सीदेवी श्रेष्ठ
उपाध्यक्ष
९८४७१६०५८६

## वडा तर्फ जनप्रतिनीधिको विवरण



प्रकाश राज पन्थी
वडा अध्यक्ष
वडा नं.-१ चिदिका
९८५७०३४७२१



राजेश कुमार पन्थी
वडा अध्यक्ष
वडा नं.-२ बल्कोट
९८५१००३१३४



तेज प्रसाद खनाल
वडा अध्यक्ष
वडा नं.-३ बल्कोट दुन्द्रुक
९८५७०२९१३५



अशोक कुमार श्रेष्ठ
वडा अध्यक्ष
वडा नंबर-४ केरुङ्गा
९८४७०१५९५४



बालकृष्ण श्रेष्ठ
वडा अध्यक्ष
वडा नं.-५ छत्रगंज
९८४७१०४७७९



कमल पौडेल
वडा अध्यक्ष
वडा नं.-६ ठुलापोखरा
९८५७०६६७५०



शोभाखर पाण्डे
वडा अध्यक्ष
वडा नं.-७ भगवती
९८५७०३३०७५



राज कुमार श्रेष्ठ
वडा अध्यक्ष
वडा नं.-८ अर्घातोष
९८४७१५४९५०

## कार्यपालिका सदस्यको विवरण



राधा मुखिया
कार्यपालिका सदस्य
वडा नं.-१ चिदिका
९८४७१०७३२३



कमला अधिकारी
कार्यपालिका सदस्य
वडा नं.-२ बल्कोट
९८४७४०१४०८



जमुना विश्वकर्मा
कार्यपालिका सदस्य
वडा नं.-५ छत्रगंज
९८६९४७९४५०



सुन्तली विश्वकर्मा
कार्यपालिका सदस्य
वडा नं.-६ ठुलापोखरा
९८४७३४३४९८



शारदा खनाल
कार्यपालिका सदस्य
वडा नं.-८ अर्घातोष
९८४४७२५३८९

# कर्मचारीको विवरण


खिमानन्द भुसाल
प्रमुख प्रशासकीय अधिकृत
९८५७०६६९७१


बुद्धिराम न्यौपाने
स्वास्थ्य संयोजक
९८४११६७९५०


डिल्लीराज अर्याल
अधिकृत
९८४९०४७०८०


बिनोद पोखरेल
शिक्षा अधिकृत
९८४७३९०७०३


राम बहादुर रायमाझी
कृषि अधिकृत
९८५७०६६२६५


ई.सुनिल पन्थी
सूचना प्रविधि अधिकृत
९८५७०५८४४२


ई.साजन पान्डे
इन्जिनियर
९८४११६२२७७


शिवबहादुर सुनार
कम्प्युटर अधिकृत
९८४७१०९८९५


सन्तोष भुसाल
रोजगार संयोजक
९८६७४९९६३६


कृष्ण प्रसाद श्रेष्ठ
सहायक पाँचौ
९८५७०६८११८


कृष्ण प्रसाद पन्थी
सहायक पाँचौ
९८४१५८७१६५


पार्वती पाण्डे
सव इन्जिनियर
९८६७२२७२३५


शंकर रिजाल
सव इन्जिनियर
९८४७१०९२८५


सानुमाया के.सी
लेखा सहायक
९८६७१९५९५७


सिता भुसाल
आ.ले.प
९८४४७९१५२७


मेनका भुसाल
प्राविधिक सहायक
९८६७१३१२२९


लक्ष्मी खत्री
अ.न.मी
९८४१३९७०१३


शारदा वि.क
स.म.वि.नी
९८४७१०८५६२


उमानाथ पन्थी
ना.प.स्वा.प्रा
९८४७४७५३४१


अशोक खनाल
ना.प.स्वा.प्रा
९८५७०६७४८५


हरिप्रसाद खनाल
खा.पा.स.टे
९८५७०६२९८३


धनमाया श्रेष्ठ
एम.आ.ई.एस. अपरेटर
९८४७३६००३७


सरस्वता बन्जाडे
फिल्ड सहायक
९८४४७४०५८०


बाबुराम भट्टराई
सवारी चालक
९८४७३०९३७४


केशव पौडेल
कार्यालय सहयोगी
९८६७२३८९३४


संजय राना क्षेत्री
कार्यालय सहयोगी
९८४७३६२३७५


विष्णु पोखेल
कार्यालय सहयोगी
९८६९४७९९३५



## राष्ट्रिय गान

सयौं थुँगा फूलका हामी, एउटै माला नेपाली
सार्वभौम भई फैलिएका, मेची-महाकाली ।

प्रकृतिका कोटी-कोटी सम्पदाको आँचल
वीरहरूका रगतले, स्वतन्त्र र अटल ।

ज्ञानभूमि, शान्तिभूमि तराई, पहाड, हिमाल
अखण्ड यो प्यारो हाम्रो मातृभूमि नेपाल ।

वहुल जाति, भाषा, धर्म, सास्कृति छन् विशाल
अग्रगामी राष्ट्र हाम्रो, जय जय नेपाल ।

# नेपालको नक्शा



नेपालको नक्सा
(राजनीतिक तथा प्रशासनिक)
सुदूरपश्चिम प्रदेश
कर्णाली प्रदेश
गण्डकी प्रदेश
वागमती प्रदेश
प्रदेश नं. १
प्रदेश नं. २
प्रदेश नं. ५
काठमाडौं
संकेत

# ५ नं. प्रदेशको नक्शा



# अर्घाखाँची जिल्लाको नक्शा



# छत्रदेव गाउँपालिकाको नक्शा



# छत्रदेव गाउँपालिकाको संगठनात्मक स्वरूप



# छत्रदेव गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## छत्रगञ्ज – अर्घाखाँची
## ५ नं. प्रदेश, नेपाल



संघीय प्रणालीको मूल चरित्र भनेको विभिन्न तहका सरकारहरुको अभ्यास हो । नेपाल राज्य एकात्मक राज्य संरचनाबाट संघीयतामा प्रवेश गरेसँगै मूलुकमा ३ प्रकारका सरकारको व्यवस्था सहित तीनको अभ्यास हुँदै आएको छ । नेपालका ७७ जिल्लाहरु मध्येको अर्घाखाँची जिल्लाका ६ वटा स्थानीय सरकार मध्ये छत्रदेव गाउँपालिका एक स्थानीय सरकारको रुपमा स्थापित भएको सर्वविदितै छ । महाभारतको युद्धको इतिहास बोकेको छत्रमहाराज देवालय (उलुक राज्य) धार्मिक महत्वले भरिएको ऐतिहासिक एवं धार्मिक विषयसँग जोडेर यस गाउँपालिकाको नामाकरण ‘छत्रदेव गाउँपालिका’ रहेको हो ।

विभिन्न विविधताले भरिएको धार्मिक इतिहाससमुखरीत हुने सबै जातजाती, भाषाभाषी, निष्ठा र इमानदारितासँगै आर्थिक र सामाजिक रुपमा परिस्कृत गर्दै विकासका संभावना सहित यस गाउँपालिकाले संविधान अनुरुप कुशल र सक्षम रुपमा कार्यसम्पादन गर्ने स्थानीय सरकारको पहिचानसहित तीन वर्षको कार्यकाल सम्पन्न भएको छ ।

स्थानीय तहमा जनताको माया र विश्वासको मतबाट निर्वाचित भएसँगै जनअपेक्षा अनुरुप कार्यसम्पादन गर्नु पर्ने हामी जनप्रतिनिधिहरुको दायित्वलाई इमान्दारिता पूर्वक निर्वाह गर्ने हाम्रो यात्रा अविरल रुपमा अगाडि बढाएका छौं । सो क्रममा ३ वर्षका नीति तथा कार्यक्रम र बजेट कार्यान्वयनको अवस्था सफलता तर्फ उन्मुख देखिएको छ । यसमा जनप्रतिनिधि, राजनीतिक दल समाजसेवी र राष्ट्रसेवक कर्मचारीहरुको भूमिका महत्वपूर्ण रहेको समेत स्मरण गर्न चाहान्छु ।

व्यक्तिबाट समाजमा देखिने लोभ, मोह र क्रोधलाई न्यूनिकरण गर्दै सुशासनका सकारात्मक परिणामहरुले सक्षम स्थानीय सरकारको यात्रा तय भएको महशुस भएको छ । सुशासनका आयामहरुलाई समेट्दै छत्रदेवलाई खुल्ला सरकारको रुपमा परिचित गराउने हाम्रो अभियानले मुर्तरुप पाउने कुरामा म विश्वस्त छु ।

निर्वाचनका समयमा हामीले जनतासँग गरेका बाचाहरु प्रति हामी सचेत छौं । पवित्र भावनाकासाथ हामीलाई प्राप्त सल्लाह र सुझावहरु सबै पक्षबाट ग्रहण गर्ने हाम्रो मनोआकांक्षा छत्रदेव बासी र अन्य सरोकारवालाबाट प्राप्त भएकोमा त्यस प्रति हामी आभारी छौं । समृद्ध छत्रदेव हाम्रो अभियानलाई अगाडि बढाउने हाम्रो पहललाई विभिन्न संघ संस्था र सहभाव प्रति गाउँपालिका सधैं ऋणी रहने छ ।

लोकतन्त्रको प्रमुख आधार कानूनको शासन हो । कानूनको परिधि भित्र रहि भावी कार्यदिशाको यात्रा तय गर्न भौतिक पूर्वाधारको अवस्था, सामाजिक विकासको अवस्था, विपद् व्यवस्थापन, जलवायु अनूकुलन, सुशासन र सेवा प्रवाहको समीक्षासँगै भौतिक तथा वित्तीय प्रगतिको विश्लेषण गरी भावी कार्यक्रम तय गर्ने यस गाउँपालिका भित्रका बहुआयामिक क्षेत्रको अध्ययन गरी गाउँपालिकाको अलपकालिन, मध्यकालिन, दीर्घकालिन, रणनीतिक र आवधिक योजना तय गर्नुपर्ने आवश्यकता महसुस भएको अवस्था छ ।

यस पुस्तक प्रकाशनले छत्रदेव गाउँपालिकाको विकासको हाम्रो प्रयासलाई सबैले अवर्गत गर्ने गरी प्रस्तुत गरेका छौं । पुस्तक प्रकाशनमा प्रमुख प्रशासकीय अधिकृत श्री खिमानन्द भुसाल र योजना शाखा एवं अन्य विषयगत शाखाका कर्मचारी मित्रहरु प्रति आभार व्यक्त गर्न चाहन्छु ।

जय छत्रदेव !

**(लेखनाथ पोखेल)**
**अध्यक्ष**

# छत्रदेव गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
### छत्रगञ्ज - अर्घाखाँची
### ५ नं. प्रदेश, नेपाल



नेपालको संविधानले संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासनव्यवस्थाको माध्यमद्वारा दीगो शान्ती, शुसासन, विकास र समृद्धिको आकाङक्षा पूरा गर्न नेपाली जनताको व्यापक सहभागितामा निर्मित राज्यको मूल कानूनको रुपमा निर्मित संविधानले शासन व्यवस्थाको नयाँ ढाँचा प्रस्तुत गऱ्यो । नयाँ संरचनाबमोजिम तीन तहका सरकार रहने व्यवस्था अनरुप स्थानीय सरकारको जिम्मेवारी सम्हाली सके पछि हालसम्मको अवधिमा हामीहरुले चार वटा वार्षिक नीति र कार्यक्रमहरु प्रस्तुत गऱ्यौं र तीन वटा वार्षिक कार्यक्रम कार्यान्वयन भई चालु आ.व.२०७७/०७८ को वार्षिक कार्यक्रम कार्यान्वयनको महत्वपूर्ण चरणमा हामी छौं । हामीले यी गतिविधिहरु संचालन गरी रहँदा हामीलाई गौरवको अनुभूति भएको छ। जनतालाई केन्द्रमा राखेर गरिएका हाम्रा विकासका गतिविधिहरुले सकारात्मक परिणाम दिएका छन्, भन्ने कुरामा हामी विश्वस्त छौं । हाम्रा विकासका गतिविधिहरुवाट अरुले अनुकरण गर्न लायकका नमुनाहरु हामीले प्रस्तुत गरेका छौं ।

विकासका धेरै स्वरुप र आयामहरु रहेका छन् । अर्को तर्फ विकास एउटा सापेक्षिक अवधारण भएको कारण यो कहिल्यै पूरा नहुने विषय हो । यसलाई तुलनात्मक रूपमा हेर्नु पर्दछ । हामीले विकास गतिविधि अगाडी वढाई रहँदा अर्को हामी भन्दा विकसित स्थानीय तहले पनि आफ्नो विकास गतिविधि रोक्ने भन्ने प्रश्न आँउदैन । त्यसैले त्यो गति समातेर हाम्रा गतिविधि अगाडि बढाउनु पर्ने आवश्यकता छ ।

छत्रदेव गाउँपालिका अर्घाखाँची जिल्लाका ६ स्थानीय सरकार मध्ये एक विशिष्ट अवस्थितिमा रहेको खेती योग्यभूमी र धार्मिक एवं पर्यटकिय महत्व बोकेको गाउँपालिका हो । यस गाउँपालिकामा तुलनात्मक लाभका वस्तु उत्पादन र बजारीकरण गर्न प्रशस्त संभावना रहेको छ । हामीले हाम्रा विकास गतिविधि संचालन गर्दा नीतिगत विषयमा यी संभावनाहरूलाई समेट्ने प्रयास गरेका छौं । साविकका दिनहरूमा उत्तम कृषि, मध्यम व्यापार, निम्न रोकरी भन्ने गरिएकोमा त्यो सोँच आजका दिनमा परिवर्तन भएर उत्तम व्यापार, मध्यम नोकरी, निम्न कृषि भन्ने अवधारणाको विकास भएको अवस्थामा हामीहरूले यस स्थान विशेषको आधारमा उत्तम कृषि भन्ने मान्यतालाई स्थापित गर्न चाहन्छौं ।

हामीहरुलाई नेतृत्व गर्ने अवसर प्रदान गर्नु हुने छत्रदेव बासी आमबुबा-आमा, दाजु-भाई तथा दिदी-बहिनी प्रति आभार प्रकट गर्दै 'छत्रदेवको शानः सुन्दर, शान्त, समृद्ध गाउँपालिका हाम्रो अभियान' भन्ने हाम्रो नारालाई साकार पार्न दत्तचित्त भई लागि रहने प्रतिबद्धता व्यक्त गर्न चाहन्छु । "सिपमूलक महिला, छत्रदेवमा पहिला" भन्ने नीति तथा कार्यक्रमको भावना प्रति हामी सचेत छौ । न्यायिक समितिको नेतृत्व स्वयं मैले गर्ने भएको कारण न्याय प्रशासनलाई चुस्त, दुरुस्त, छरितो र पहुँच योग्य बनाउने क्रममा मेरो सकारात्मक धारणा छ ।

यो पुस्तक प्रकाशनले छत्रदेव गाउँपालिकाको समग्र ऐना प्रस्तुत हुनेछ भन्ने विश्वास मैले लिएकी छु। हामीले हाल सम्म गरेका प्रयास र भोलीका दिनमा गर्ने विकासका गतिविधि यस आर्थिक वर्ष २०७७/०७८ को बजेट, नीति तथा कार्यक्रम नामक पुस्तकले प्रष्ट्याउने छ भन्ने मैले विश्वास लिएकी छु।

(तुल्सी देवी श्रेष्ठ)
उपाध्यक्ष

# छत्रदेव गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
### छत्रगञ्ज – अर्घाखाँची
### ५ नं. प्रदेश, नेपाल



नेपालको आफ्नो गौरवमय इतिहास रहेको छ । यसैको सिलसिला नेपालको संविधान हो । संविधान जारी भए पछि संघीयता कार्यान्वयनको क्रममा स्थानीय तहको संरचना निर्माण भई निर्वाचन सम्पन्न भएको तीन वर्ष पुगेको छ । स्थानीय तहले स्थानीय सरकारको प्रतिनिधित्व साथै भावी कार्य दिशा तय गर्नका लागि गाउँपालिकाको आर्थिक विकास, भौतिक पूर्वाधार, सामाजिक विकास, वन तथा विपद् व्यवस्थापन, सुशासन र सेवा प्रवाहको अवस्था लगायत सुचना प्रविधि समेत विकासका सबै आयामहरूको विषयमा अति ध्यान दिनु पर्ने अवस्था छ । गाउँपालिका भित्रका बहुआयामिक क्षेत्रहरूको विश्लेषण गरी अल्पकालीन, मध्यकालीन तथा दीर्घकालीन, रणनीतिक र आवधिक योजनाहरू तय गर्नुपर्ने आवश्यकतालाई महसुस गरी सो अनुरूप गतिविधिहरू संचालन गर्नु पर्ने अवस्था छ ।

पाचँ नम्बर प्रदेशका १२ जिल्लाहरू मध्ये अर्घाखाँची जिल्ला पहाडी जिल्लाहरूमा अधिकाँस होँचो भूमी र कृषिको लागि उर्वर मानिन्छ । धार्मिक एवं पर्यटकीय क्षेत्रमा पनि यसको आफ्नै महत्व रहेको छ । तीन वटा नगरपालिका र तीन वटा गाउँपालिका गरी जम्मा ६ वटा स्थानीय तहहरू मध्ये छत्रदेव गाउँपालिका अर्घाखाँची जिल्लाको पूर्वी भागमा अवस्थित छ । यस गाउँपालिकाको क्षेत्रफल ८७.६३ वर्ग कि.मि. छ भने जनसंख्या २५,३३६ रहेको छ । अन्य स्थानीय तहहरू भन्दा यो गाउँपालिका होँचो भूमी र कृषि तथा पशुपालन व्यवसायको लागि अनूकुल मानिन्छ ।

यस गाउँपालिकाले आ.व. २०७४/०७५, २०७५/०७६, २०७६/०७७ र २०७७/०७८ का कार्यक्रमहरु सम्पादन गर्न गाउँ सभाहरू सम्पन्न गरी भावी सोंच सहितको विकासको लागि वार्षिक नीति र कार्यक्रम एवं सो अनुरुप योजना तर्जुमा र बजेट सहित आफ्ना गतिविधिहरू अगाडि बढाएको छ । गत आ.व. मा कार्यान्वय नभएका योजनाहरूबाट सकारात्मक परिणामहरू देखिएका साथै चालु आ.व.को समाप्तीसँगै गाउँपालिकाले विकासको क्षेत्रमा नयाँ मोड लिने प्रशस्त आधारहरू तयार भएका छन् ।

संघ, प्रदेश र स्थानीय तहहरु बिचको सम्वन्ध सहकार्य, समन्वय र सह-अस्तित्वका अधारमा हुने संवैधानिक व्यवस्था बमोजिम एकल र साझा अधिकारका सूची अनुसार निर्माण भएका कानून एवं शासन संचालनका हालसम्मका हाम्रा अभ्यासहरुबाट सरकार संचालनका महत्वपूर्ण आधारहरू तयार भएका छन् । नीति, कार्यक्रम, बजेट एवं योजना निर्माण र कार्यान्वयनका हाल सम्मका हाम्रा अभ्यासहरू र निर्मित कानूनहरूको आधारमा आगामी दिनहरू अझ सहज हुने कुरामा विश्वास लिन सकिन्छ । तपाईको हातमा रहेको यस पुस्तकले छत्रदेव गाउँपालिकाको आ.व.२०७७/०७८ को नीति, कार्यक्रम तथा बजेटका साथै छत्रदेव गाउँपालिकालाई चिनाउने यसको ऐतिहासिक पृष्ठभूमि लगायत गाउँपालिकाले अवलम्वन गरेको अबको मार्गलाई चिनाउन सहज हुनेछ भन्ने मैले विश्वास लिएको छु ।

(खिमानन्द भुसाल)
प्रमूख प्रशासकिय अधिकृत

# छत्रदेव गाउँपालिकाको संक्षिप्त परिचय

छत्रदेव गाउँपालिका विश्वमान चित्रमा २८.०० देखि २८.०१ डिग्री उत्तरी अंक्षाश र ८३.१३ देखि ८३.८४ डिग्री पूर्वी देशान्तरमा नेपाल राज्यको अर्घाखाँची जिल्लामा अवस्थीत पहाडी भू-भागमा रहेको छ । समुन्द्री सतह देखी करिब १२५० मिटर उचाईमा यो गाउँपालिकाको केन्द्र रहेको छ । यहाँको हावापानी समशितोष्ण प्रकारको छ । ८७.६२ वर्ग कि.मि क्षेत्रफलमा फैलिएको यस गाउँपालिकाको जनसंख्या वि.सं. २०६८ सालको जनगणना अनुसार २५,३३६ रहेको छ । साविकका बल्कोट, केरुङ्गा, छत्रगञ्ज, ठूलापोखरा, भगवती गा.वि.स. को सबै भाग र चिदिका गा.वि.स.को १ नं. देखि ८ नं. वडा, अर्घातोष गा.वि.स. को २ नं. देखि ५ नं. वडा सम्म र मरेङ्ग गा.वि.स. को ७ नं. देखि ९ नं. वडा सम्मका गा.वि.स. भू-भागलाई मिलाई सिंगो छत्रदेव गाउँपालिका बन्नुका साथै साविकको छत्रगञ्ज हाल छत्रदेव-५ यसको प्रशासनिक केन्द्र भएको छ ।

यस गाउँपालिकाको नामाकरणसँग धार्मिक इतिहास मुखरीत भएको पाइन्छ । करिब ५,००० वर्ष अगाडी कुरुक्षेत्रको महाभारत युद्धमा युद्ध अवलोकन गर्न आएका छत्रमहाराजाको शीर भगवान श्री कृष्णबाट क्षेदन भएपछि पहाडी खण्डको यस क्षेत्रमा आफु बस्ने चाहना गरे बमोजिम भगवान श्री कृष्णले उलुक छत्र महाराजको मन्दिर यहाँ स्थापना गरेको जनश्रुति छ । उक्त मन्दिरमा परम्परा देखि हालसम्म दशैंमा ठूलो मेला लाग्ने गरेको छ । छत्रमहाराजको मन्दिर र छत्रमहाराज बसेको स्थान भएकोले यसको नाम छत्रदेव गाउँपालिका राखिएको हो ।

सुख्खा क्षेत्र कै रुपमा चिनिने यस क्षेत्रमा वार्षिक २,२०० मिलिमिटर भन्दा कम वर्षा हुन्छ । खानेपानी र सिचाइको ठूलो समस्या रहेको यस क्षेत्रमा आर्थिक सम्वृद्धिको लागि खानेपानी र सिचाँइमा बढी ध्यान दिनु पर्ने अवस्था छ । पहाडी जिल्ला भएता पनि यातायातको सुविधा युक्त क्षेत्र भन्दा अतिसयुक्त हुदैन । शैक्षिक हिसाबले व्यवस्थीत गर्नुपर्ने शैक्षिक संस्थाको अवस्था छ भने स्वास्थ्यको अवस्था पनि प्ररिष्कृत गर्दै लगिएको छ । युवा उद्यमशिलता वृद्धि गर्ने, पशु र कृषिमा आकर्षण वृद्धि गर्ने लक्ष्यका साथ गाउँपालिका अगाडी बढ्दैछ । यस गाउँपालिका भित्र देखिएको विविध समस्यालाई न्यूनिकरण गर्दै यस भूगोलका जनताको सुख दुःख, पिरमर्कासंग उदारभावले अगाडी बढ्दै खुल्ला सरकारको अनुभूती दिलाउने अभिप्राय स्थानीय सरकारले राखेको छ ।

हाम्रा ८ वटै वडामा अवस्थित धार्मिक स्थल, सार्वजनिक विद्यालय, स्वास्थ्य संस्था, पूर्वाधार विकास,क्षमता अविवृद्धि, जनस्तर बाटै अपनत्व युक्त कार्य योजना सहितको लक्ष्य सहित नीति, बजेट तथा कार्यक्रम लाई अगाडी बढाएका छौं । राष्ट्र निर्माणको मेरुदण्ड स्थानीय सरकार बन्न सक्नु पर्छ भन्ने मान्यता राखि दिर्घकालीन सोंचका साथ दिगो विकासका योजना तर्जुमा गरी अगाडी बढ्ने सोंच छत्रदेव गाउँपालिकाले राखेको छ ।

## महाभारतीय बर्बरिक र छत्रदेव गाउँपालिका ५ छत्रगञ्जका बर्बरे (छत्रमहाराज)

### १. बर्तमान अवस्था

**क. स्थान :**

उलूक (उल्क बोलाईमा) छत्रगञ्जको कोट अर्घाखाँची जिल्लाको अर्घातोष आसपासमा धैरेनीको माथिल्लो भाग (शिरमा) अर्घातोष हटिया बजारको नजिकै छत्रदेव गाउँपालिका वडा नं. ५ मा पर्दछ । यो उल्कको कोट भनेपछि यस क्षेत्रमा गुल्मी, अर्घाखाँची, पाल्पा, प्युठान, रुपन्देही, कपिलबस्तु, बाग्लुङ लगायत ५ नं. प्रदेश तथा देशैभरी जताततै प्रसिद्ध छ । उल्कका देवता बर्बरिकलाई छत्रमहाराज भनेर भन्ने गरिन्छ । अर्घाखाँचीको प्रसिद्ध फाँट चौवाहा लामपाटीमा यसको गुठी छ । यो गुठी नेपालका तत्कालीन श्री ५ महाराजधिराज सुरेन्द्र विर विक्रम शाहद्वारा राखिएको थियो ।

### ख. मन्दिर निर्माण

भनिन्छ स्थापना कालमा एउटा बूढो पैंयूको फेंद (टोड्को परेको ओडार) मा स्थापना गरी छत्रमहाराजको पूजा गरिन्थ्यो । केही काल पछि गाउँलेहरुको श्रमदानद्वारा खरको छानायुक्त मन्दिर बनाइयो ।

वर्तमान मन्दिर विक्रम संवत १८५० मा बनाईएको थियो । बहादुर कर्नेलको पहलवाट काठमाण्डौबाट कर्मीहरु आई बनाइएको इटाको गाह्रो र झेंगटीको छानो भएको छ ।

यस मन्दिरको वरीपरि त्यसपछि बनेका पाण्डव मन्दिर, गणेश मन्दिर, शिवालय र पूजारीहरु बस्ने कोटघर विद्यमान छन् ।

### ग. देवता, पूजा विधि, वली प्रयोग र पूजारी

यहाँका खास देवता जसलाई छत्रमहाराज भन्ने चलन छ बर्बरेका महाभारतीय राजको टाउको थियो । त्यस टाउकोलाई प्रारम्भमा जीवीतावस्थामै माटाको हण्डी (फाँक) मा राखियो ।सो फाँक ढकनी सहित बनाईयो । सेतो कपडाले फाँकको मुख पूरै ढाकी तानेर बलियो गरि कसियो र पूजा गर्न थालियो ।

छत्रमहाराजका केश तीन थरी छन् । जो फाँक भित्र नराखी बाहिरै राखिएका छन् र तीनीहरुलाई तीन भाई केश देवता भन्ने चलन छ । जेठा केश सबै सफेद,माईला धेरै सेता थोरै काला र कान्छा सेता काला बराबर छन् । खड्क पनि तीन ओटै छन् । ती पनि तीन भाई हुन जेठा साढे तीन हात लामा,माईला र कान्छा उत्तरोत्तर केही छोटा छन् ।

त्यहाँ पूजा हुने दिन हुन - प्रत्येक रविवार, प्रत्येक पूर्णिमा, चैत्राष्टमी र घटस्थापना (प्रतिपद्) देखि दशमीसम्म नौरथमा दश दिन । त्यहाँ चढाईने बली हुन् भेंडा, राँगा, हाँस, परेवा, कुखुरा र कुभिण्डा । श्री ५ सुरेन्द्रको शासन कालदेखि नै भण्डारी परिवारलाई लालमोहर गरी पूजा गर्ने जिम्मा दिइएको रहेछ त्यहाँका वर्तमान पूजारी प्रथम पूजारीको नवौं पुस्तामा छन् जसको नाम गोकर्ण प्रसाद भट्टराई

### घ. चोरी

बिक्रम संवत २०२९ साल माघ २ गते राति द्वापर युगको अन्तमा महाभारतीय बर्बरे राजा (छत्रमहाराज) को ऐतिहासिक टाउको चोरियो । इतिहास मेटियो भोलीपल्ट विहान हेर्दा ताला तोडिएको तामाको ठूलो फाँक र त्यसभित्र राखिएको माटोको फाँक (जस भित्र ऐतिहासिक टाउको थियो । दुवै रित्तै दुवै ह्वाङ्ग पारी पल्टाईएको थियो । ऐतिहासिक शिर चोरीएपछि बाहिर रहेका तीन थरी केश र खड्कहरु साथै रित्तो फाँक पूजिंदै आएको छ ।

### ङ ऐतिहासिक किंवदन्ती

ऐतिहासिक टाउको चोरियो, तर समाजमा कलियुगारम्भदेखि प्रचलित किंवदन्ती कहिलेपनि चोरिन सकेन सो किंवदन्ती यस प्रकार छ ।

महाभारत युद्धमा (द्वापर युगको विश्व युद्धमा) उलुक नगरीका रजौटा छत्रमहाराज (बर्बरे) उपस्थित भएका थिए । भगवान श्रीकृष्णको आदेश अनुसार अर्जुनले राजा रजौटाहरुलाई एक एक गरी उनीहरुको शक्तिबारे सोध्दै जाँदा बर्बरे राजले 'म जित्नेलाई हराउन र हार्नेलाई जिताउन सक्छु भनेछन ।

त्यसपछि बर्बरेको शक्ति परिक्षण गर्न श्रीकृष्णले 'मेरो प्राण जहाँ छ त्यहीं हानु भनी दाहिने हातको कान्छी औंलामा प्राण खिच्नु भएछ । ढाल तरवार र खडक सहित बर्बरे उभिएका थिए । उनले त्यहीं नै ताके छन् त्यसपछि श्रीकृष्णले तुरुन्त आफ्नो प्राण खिचि दाहिने खुट्टाको बूढी औंलामा पुऱ्याउनु भएछ । बर्बरेले त्यहीं नै ताके छन् । श्री कृष्णलाई बर्बरेको शक्ति ज्ञान भयो । त्यसपछि श्रीकृष्णले नम्रता पूर्वक बर्बरेसँग एउटा दान मागी तपाईंले जे सुकै मागे पनि दिन सक्छु । भन्ने प्रतिज्ञा गराउनु भयो । श्रीकृष्णले जीवन दान माग्दा बर्बरे 'हुन्छु भनी स्वीकार गरे । अनि श्रीकृष्णले तुरुन्तै बर्बरेसँग खडक मागेर त्यसैले उनको शिर छेदन गर्नुभयो । वास्तवमा बर्बरे राजा कौरव पक्ष लागेको ठानी श्रीकृष्णले उनलाई मार्नु भएको हो ।

लडाईको प्रारम्भमा श्रीकृष्णले अह्राएका भीमसेन बर्बरे टाउको भए ठाउँ गए । भीमसेनले बर्बरेको शिर मुखमण्डल आधा हाँसेको आधा रोएको देखे । त्यसको कारण सोध्दा बर्बरेले 'श्रीकृष्णको हातबाट मर्ने सौभाग्य पाएकोमा खुशी छु । महाभारत युद्ध देख्न नपाएकोमा दुखि छु भनेछन् । अनि भिमसेनले उनको ईच्छा पूरा गरिदिन कटिबाँसको टुप्पोमा त्यो शिर राखि अनूकुल ठाउँमा गाडी दिए बर्बरेले आदिदेखि अन्त्यसम्म सम्पूर्ण युद्ध हर्ने मौका पाए ।

युद्ध समाप्ती पछि यस युद्धमा विजय प्राप्त गर्ने श्रेय मलाई नै छ भनी अर्जुनले घमण्ड गरे । त्यसमा विश्वास नगरी युधिष्ठिर आदि श्रीकृष्ण कहाँ गए । श्रीकृष्ण सहित पञ्च पाण्डव बर्बरेकहाँ गए । बर्बरेलाई सोधियो यस लडाईमा विजय प्राप्त गर्ने श्रेय कस्लाई छ  तिमिले के देख्यौ बर्बरेले उत्तर दिएछन मैले देखे अनुसार मारिने जति सबैका शिर सुदर्शन चक्रले काटीरहेको थियो उँधोपट्टीबाट कालीले रगत पिईरहेकी थिइन ।

श्रीकृष्णले सम्मानपूर्वक बर्बरेलाई तपाईं के चाहनुहुन्छ भनी सोध्नु भएछ । म मेरो राज्यमा नै धुपबत्ति बलि उपभोग गरी कलियुगभर बस्नेछु । भन्ने बर्बरेको अनुरोधमा श्रीकृष्णको आज्ञा अनुसार भीमसेनले उनलाई उनैको राज्य तर्फ लगे । बाटोमा उत्तर प्रदेश बस्ती शहर (उत्तर प्रदेशको कुनै शहर) मा एक रात बास परेको थियो रे भिमसेनले टुप्पोमा टाउको उनेको कट्टी बाँस र खडकहरु लिएर गएका थिए । पहाड तर्फ लागेपछि उलुक पुग्नु भन्दा अघिल्लो साँझ बल्कोटमा बास परेछ । राति त्यो कट्टी बाँस (टाउको उनेको कट्टी बाँस) गाडेको ठाउँमा वरीपरी तामा उम्रेछन । विहान कट्टी बाँस उखेली लैजाँदा पनि नयाँ उम्रेको तामाका ठोंसा यही रहे । भिमसेनले उलुकमा लगेर बर्बरेको टाउको राखिदिए र आफू फर्के त्यसपछि उलुकमा त्यस टाउकोलाई माटाको हण्डी (फँाक) भित्र  राखेर त्यहाँका बासिन्दाले पूजा गर्न र भेंडाको बलि दिन थालेका हुन । यस किंवदन्तीले औपचारीक रुपमा पनि मान्यता पाएको छ ।

## २. बर्बरिकको स्कन्दपूराणीय कथा

बर्बरिक (जसलाई उलुक छत्रगञ्जको किंवदन्ती अनुसार बर्बरे अथवा छत्रमहाराज भनेर भनिन्छ ।) स्कन्दीयपूराणीय कथा अनुसार बर्बरे भिमसेनका नाति घटोत्कचका छोरा थिए । जब महाभारत युद्ध हुन आँटेको थियो कौरव र पाण्डव दुवै थरीका फौज कुरुक्षेत्रमा भेला भएका थिए । दुर्योधनले स्वपक्षीहरुलाई क कसले पाण्डवहरुलाई कति समयमा मार्न सक्ला भनी प्रश्न गर्दा भीष्म र कृपले एक एक महिना द्रोणले पन्ध्र दिन,अश्वत्थामाले दश दिन र कर्णले छ दिनमा पाण्डव मार्न सक्ने प्रण गरे ।

यस कौरव पक्षीय कुरालाई उपहार गर्दै श्रीकृष्ण, युधिष्ठिर, भिमसेन आदिको समक्ष अर्जुनले एकै दिनमा फौज सहित कौरवहरुलाई मार्न सक्ने प्रतिज्ञा गरे । श्रीकृष्णले पनि अर्जुनको कुरालाई मान्यता दिए ।

यत्तिकैमा बर्बरिक राजाले भनेछन् हेर्नुहोस म गुप्त क्षेत्रमा देवीको आरधना गरेर अतुलनीय बल प्राप्त गर्ने वीर हुँ । मेरा अगाडी कुनैले पनि शक्ति घमण्ड देखाउनु व्यर्थ छ । तपाईंहरु श्रीकृष्ण, अर्जुन, भीमसेन आदि बसेर रमिता हेर्नुहोस म एकै मुहूर्तमा समस्त फौज सहित कौरवहरुलाई मार्न सक्छु ।

त्यसपछि श्रीकृष्णले बर्बरिकसँग एकै मुहूर्तमा कौरवहरुलाई मार्ने उपाय सोध्नुभयो ।

भगवति देवीको अनुग्रहबाट अतुल बल प्राप्त गरेका बर्बरिकले धनुमा बाँण चढाएर भन्नुभयो  हेर्नुहोस मैले यो सिन्दुर रंगको भष्म पूर्ण वाण सबैको मुत्यु मर्म ताकी हान्छु । ज-जसको जहाँ जहाँ प्राण रहन्छ यो वाणले त्यहाँ त्यहाँ सिन्दुर रंगी भष्म लगाउने छ । उनले कानसम्म खिचेर धनुमा वाण चढाई सबैको मुत्यु मर्म ताकी प्रहार गरे भीष्मका रोमकूपहरुमा, कर्ण, दोर्ण, द्रुपत र मत्स्यराजका घाँटीमा, दुर्योधनको तिघ्रामा, शल्यका छातिमा शिखण्डी (अर्जुन) को कम्मरमा, श्रीकृष्णको पैतालामा बर्बरिकको वाणमय सिन्दुरीरंगी भष्म पर्न गयो । बर्बरिक सँग देवीहरुद्वारा प्रदत्त अमोघ वाण खडकहरु पनि थिए बर्बरिक ठूलो अहंकार गर्दै एक मुहूर्तमा शत्रुपक्ष सखाप पार्ने छु आज्ञा पाउँ भनी किरिया खान थाले

उनको अत्यधिक अहंकारबाट रिसाएका भगवान श्रीकृष्णले सुदर्शन चक्रद्वारा बर्बरिकको शिर काटीदिए । तत्काल पाण्डवहरु छाति पिटि पिटि रुन थाले ठूलो हाहाकार मच्चियो । यत्तिकैमा चौधवटी देवीहरु

सिद्धाम्बिका कोडमाता कपाली<br>
तारा सुवर्णा च त्रिलोकजेत्री<br>
भाणेश्वरी चर्चिका चैकवीरा<br>
योगेश्वरी चण्डिका त्रैपूरा च<br>
भुताम्बिका हरसिद्धिस्तथामू :

उपस्थित भए । त्यसपछि चण्डिका देवीले बाबु घटोत्कचलाई सम्झाउँदै सम्पूर्ण राजाहरुको अगाडी ठूलो स्वरमा भनिन् अघि पृथ्वीले आफ्नो भार हर्न मेरु शिखरमा उपस्थित देवर्गणसँग प्रार्थना गर्दा ब्रह्माजीले भगवान विष्णुलाई हजुरले अवतार लिनु पर्‍यो देवताहरुले पनि साथ दिनेछन् भनी प्रार्थना गर्नु भएको वेलामा यक्षहरुका राजा सूयंवर्चा यक्षेन्द्रले तपाईंहरु दुःख पूर्ण मानव शरीरमा प्रवेश गरेर अवतार लिने कष्ट किन उठाउनुहुन्छ म एक्लै अवतार लिएर सम्पूर्ण पृथ्वीको भार हर्नेछु भनेछन् ।

ब्रह्माजीले धेरै घमण्ड नगर भूभार हरणको समयमा युद्धको प्रारम्भमा नै तँलाई श्रीकृष्णले मार्नेछन् भन्ने सराप दिएका थिए । ब्रह्माजीको त्यस सरापको मुल्य राखिदिन श्रीकृष्णले बर्बरिकलाई मार्नु भएको हो ।

उपयुक्त चण्डिकाको कुराबाट सबैको चित्त बुझ्यो । चण्डीकाले बर्बरिकको शिरलाई अमृतमा चोबेर अमर बनाईन् । बर्बरिकको शिरले महाभारत युद्ध हर्ने मनसुवा गरेकोले त्यसलाई पर्वतको चुचुरोमा राखी युद्ध हेर्ने व्यवस्था मिलाईयो ।

लडाँइ समाप्ती पछि युधिष्ठिरले श्रीकृष्णलाई विजयको श्रेय दिए । अर्जुनले आफ्ना अगाडि युद्धकालभरी देखिएको अपरिचित पुरुषलाई विजय भनी आफ्नो मन्तव्य प्रस्तुत गरे ।

त्यसपछि भिमसेनले बर्बरिकको टाउको (जसले एकाग्रतापूर्वक आद्योपान्त युद्ध हेरेका थिए) लाई कौरवहरुलाई मार्ने को हो भनी सोधेछन् । बर्बरिकले उत्तर दिए यस युद्धकालमा आदि देखि अन्त्यसम्म लडाई गर्ने र मार्ने दुई पुरुष थिए बायाँतर्फ पञ्चमुख, दशबाहु, जटाधारी भष्मवान चन्द्रशेखर पुरुष थिए । दायाँ तर्फ एकमुख चतुर्बाहु, शंखचक्रगर्दा पदमवान्, मुकुटवाला कौस्तुभवान पुरुष थिए । शिव- विष्णु

बर्बरिकले यति भन्दा भन्दै गगनमण्डलबाट भारी पुष्प बृष्टि भयो । त्यसपछि भगवान श्रीकृष्णले बर्बरिक (टाउको)लाई भन्नु भएछ । सम्पूर्ण लोकले तिमिलाई पूजा गर्नेछन् । तिमी तिम्रो ईच्छा भएको ठाउँ देहीस्थलीमा बस्न सक्दछौ ।

देहीस्थलीय नै पर्वतीय प्रदेश ‘उलूकु हो ।

यस्तो ऐतिहासिक पूण्यभूमि उलूकलाई पर्यटकीय स्थानको रुपमा विकास गर्नको लागि यस वरीपरी रहेका प्रसिद्ध धार्मिक स्थलहरु जस्तै नेपालको चारधाम मध्ये एक रुरु (रिडी) जहाँ भगवान हृषिकेशको निवास रहेको छ, रुरु कन्याको नामबाटै रिडी खोलाको नाम रिडी भएको हो भन्ने लोकोक्तिपनि छ ।

त्यसै गरी ऋष्यश्रृङ्गको आश्रम रेसुङ्गा जहाँ ऋष्यश्रृङ्गले तपस्या गरेका थिए भनिन्छ ऋष्यश्रृङ्ग ठूला ऋषि थिए । भारतको अंगदेशमा पानी नपर्दा उनलाई त्यहाँ लगिएको थियो । उनको अलौकिक आध्यात्मिक बलले त्यहाँ भारी वर्षा भएको थियो । ऋष्यश्रृङ्गलाई राजा दशरथले पुत्रेष्टि यज्ञ गर्न लगेका थिए त्यसै यज्ञको फलस्वरुप दशरथका पुत्रको रुपमा भगवान विष्णु चार मूर्ति भई राम, लक्ष्मण, भरत र शत्रुघ्न नामले प्रादुभूर्त भएका थिए । त्यस्तो पूण्य भूमि रेसुङ्गाको नाम ऋष्यश्रृङ्गका नाम बाट रेसुङ्गा रहन गएको हो ।

त्यस्तै गुल्मी अर्घाखाँची जिल्लाको सिमा विभाजक लेक गुल्मीको सदरमुकाम माथि पर्ने रेसुङ्गासामुन्ने अवस्थित चुचुरो अर्जुन लेक जहाँ पाँच पाण्डवहरु महाप्रयाणकालमा अर्जुनको लेकमा आएर बसेका थिए ।

त्यसैगरी अर्घाखाँची जिल्लामा रहेका प्रसिद्ध धार्मिक स्थलहरु दुर्गा (दुर्वा) को ओडार र दुर्वासाको तपोगुहा दुर्वासा गुफा, नरपानी रावण तपोभूमि नर्तनाचल र वाणगंगा, पाणिनी तपोभूमि पणेना मथुरावेसी, बल्कोट पौवा (शिवालय मन्दिर), केरुंगाको कालिका मन्दिर, ठूलापोखरा मालिका मन्दिर छत्रगञ्ज उलुकका छत्रमहाराजको मन्दिर, मालारानी गाउँपालिकाको मालारानी देवीको मन्दिर अर्घाको भगवति देवी मन्दिर, सुपा देउराली मन्दिर र प्यूठानको स्वर्गद्वारी मन्दिर हुँदै लुम्बिनी भगवान गौतमबुद्धको जन्म भएको ठाउँलाई जोड्ने गरी छत्रदेव गाउँपालिकाको छत्रमहाराजको मन्दिरलाई केन्द्रबिन्दु मानी पर्यटन उद्योगको रुपमा विकास गर्न सकेमा यस क्षेत्रको सम्बृद्धी र विकासमा ठूलो टेवा पुग्ने देखिन्छ ।

# बल्कोटस्थित परशुरामेश्वर मन्दिर



यस जिल्लामा भएका महत्वपूर्ण ऐतिहासिक र पूरातात्विक स्थलहरुमध्ये यस जिल्लाको साविक बल्कोट गा.वि.स वडा नं. १ स्थित हाल छत्रदेव गाउँपालिका वडा नं.२ बल्कोट पनि एक हो । यो ठाउँ समुन्द्र सतहभन्दा करीव ४००० फिटको उचाईमा प्राय समतल परेको थुम्किलो डाँडोमा रहेको छ । यस ठाउँमा परशुरामेश्वरको मन्दिर अवस्थित रहेको छ । मन्दिरको वरिपरि सत्तल मूर्तिहरु पाटी पौवाहरु रहेका छन् । यस ठाउँबाट अर्घाखाँचीको सदरमुकाम सन्धिखर्क, गुल्मीको सदुमुकाम तम्घास र रिडिबाट आवत जावत गर्ने पक्कि र  कच्ची मोटरबाटो छ । मन्दिरको क्षेत्र वरपर परम्परागत शैलीमा घरहरु छन् । खानेपानीको समस्या रहेको यस ठाउँमा ब्राम्हण, क्षेत्री, बि.क, परियारहरुको घना बस्ती रहेको छ ।

**ऐतिहासिक पृष्ठभूमि**

बल्कोट मध्यकालदेखि नै एउटा महत्वपूर्ण स्थल हो । यो गुल्मी देखि पाल्पा जाने मूलबाटोमा पर्छ । यस ठाउँको केही दूरीमा छत्रगञ्ज जस्तो ऐतिहासिक र धार्मिक भएकोले पनि यस ठाउँले विषेश महत्व राख्दछ । यस ठाउँको कुनै न कुनै रुपमा केरुङा, भगवती, छत्रमहाराजा, गोखुङा भगवती, रैना देवी, ऋषिकेश, गुल्मी चारपाला, बत्तीसपुतली राम मन्दिर र पशुपतिसँग सम्बन्ध देखिएकोमा यो एउटा महत्वपूर्ण स्थल हो भन्ने कुरा स्पष्ट हुन्छ । परशुरामेश्वर मन्दिर बन्नुपूर्वको यस ठाउँको इतिहास त्यति स्पष्ट हुँदैन । तर स्थानीय बासिन्दाहरुको भनाई अनुसार यस ठाँउमा कुनै किल्ला थियो भन्ने स्पष्ट हुन्छ । वि.सं. १८८० देखी १९०६ को बीचमा यस ठाँउमा मन्दिर पाटी पौवा र दरबारहरु बन्न थालेका छन् । पूराना भग्नावशेषहरु नदेखिने हुनाले पनि हालको संरचना पूर्व कस्तो किसिमको संरचना थियो यकीनका साथ भन्न सकिदैन । हाल यस ठाउँमा बनेका मन्दिर पाटी पौवा र सत्तलहरु वि.सं. १८१८० देखी १९०६ बिचमा बनेका हुन् भन्ने कुरा स्थानीय अनुभविहरुबाट थाहा पाउन सकिन्छ । मूल मन्दिर परशुरामेश्वर मन्दिरको निर्माण गराउने व्यक्ति परशुराम खत्री थिए । यिनी नेपाली सेनामा प्रख्याती पाएका कमाण्डिङ् कर्णेल सनक सिंह टण्डन क्षेत्रीका बुबा थिए । परशुराम पनि नेपाल आर्मीमा कप्तान थिए । मन्दिर निर्माण पछि मात्र वर्तमान समयमा भएका पार्टीसत्तलहरु बनेका हुन् भन्ने कुरा स्थानीय बासिन्दाहरुबाट थाहा पाइन्छ । यो मन्दिरको प्रत्यक्ष सम्बन्ध बत्तीसपुतली राममन्दिरसँग रहेको थियो । पहिले पहिले मन्दिरको सम्पूर्ण आयस्ता बत्तीसपुतली राममन्दिरमा ल्याएर बुझाउनु पर्दथ्यो । हाल केही आयस्ता हराइसकेको छ । परशुराम खत्री पछि बत्तीसपुतलीस्थित राममन्दिर बनाउन लगाउने सनक सिंहले पनि यस मन्दिर क्षेत्रको व्यवस्थापनका लागि जग्गाहरु गुठी राखिदिएका थिए । संभवत स मन्दिर वरिपरिका पाटी र सत्तलहरु सनक सिंहले बनाउन लगाएको हुनु पर्दछ । वर्तमान  समयमा मन्दिरको अवस्था राम्रो भएतापनि मन्दिरको दक्षिण, पश्चिम दिशाका पाटीहरु पूर्ण रुपले जीर्ण भइसकेका छन् ।

हालका दिनमा उक्त पौवामा छत्रदेव गाउँपालिका वडा नं. २ को वडा समितिको कार्यालय रहेको र उक्त पौवा पुनर्निर्माणको लागि रु ५ लाख गाउँपालिका र संस्कृतिक तथा पर्यटन मन्त्रालय, प्रदेश नं. रकम व्यवस्था भई कार्य प्रक्रिया अगाडि बढेको अवस्था छ । पर्यटकीय हिसाबले यो पौवा अति महत्वपूर्ण र छत्रदेव गाउँपालिकाको पहिचान  हो ।

*श्रोतः प्राचीन नेपाल, संख्या १६५ (राम बहादुर कुँवर)*

# गाउँ कार्यपालिकाको दरवन्दी तेरिज

| क्र. सं. | पद | तह | सेवा | समूह | उप समूह | स्वीकृत दरवन्दी | अन्य सेवावाट समायोजन हुने दरवन्दी | बांकी दरबन्दी | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | प्रमूख प्रशासकीय अधिकृत | ८औं | प्रशासन | सा.प्र. | | १ | | | |
| २ | इन्जिनियर | ७/८औं | ईन्जि. | सिभिल | | १ | | १ | |
| ३ | अधिकृत | ७/८औं | शिक्षा | शि.प्र | | १ | | १ | |
| ४ | अधिकृत | ७/८औं | प्रशासन | लेखा | | १ | | १ | |
| ५ | अधिकृत | ६औं | प्रशासन | सा.प्र. | | २ | | २ | |
| ६ | आन्तरिक लेखा परिक्षक | ५औं | प्रशासन | लेखा | | १ | | १ | |
| ७ | सहायक | ५औं | प्रशासन | सा.प्र | | ४ | | ४ | |
| ८ | कम्प्युटर अपरेटर | ५औं | विविध | | | १ | | १ | |
| ९ | लेखा सहायक | ५औं | प्रशासन | लेखा | | १ | | १ | |
| १० | प्रा.स. | ५औं | शिक्षा | शि.प्र. | | १ | | १ | |
| ११ | हे.अ. | ५/६औं | स्वास्थ्य | हे.ई. | | १ | | १ | |
| १२ | सव इन्जिनियर | ५औं | ईन्जि | सिभिल | | १ | | १ | |
| १३ | अ.सव इन्जिनियर | चौथो | ईन्जि | सिभिल | | १ | | १ | |
| १४ | स. महिला विकास निरीक्षक | चौथो | विविध | | | १ | | १ | |
| १५ | खा.पा.सा.टे. | चौथो/पाँचौं | ईन्जि | सिभिल | स्यानिटरी | १ | ० | १ | |
| | | | | | **कार्यालय तर्फ जम्मा** | १९ | ० | १८ | |
| | **वडा कार्यालय (८ वटा)** | | | | | | | | |
| १ | सहायक | पाँचौ | प्रशासन | सा.प्र. | | ३ | | ३ | |
| २ | सव–ईन्जिनियर | पाँचौं | इन्जि. | सिभिल | | ३ | | ३ | |
| ३ | सहायक | चौथो | प्रशासन | सा.प्र. | | ५ | १ | ४ | |
| ४ | अ.सव–ईन्जिनियर | चौथो | इन्जि. | सिभिल | | ५ | | ५ | |
| | | | | | **वडा कार्यालय तर्फ जम्मा** | १६ | १ | १५ | |
| | | | | | **कुल जम्मा** | ३५ | १ | ३३ | |

- नेपाल कृषि सेवा – ७/८ औं – १
- नेपाल कृषि सेवा – सहायक पाँचौं– २
- नेपाल कृषि सेवा – सहायक चौथो– १

  **जम्मा** – **४ जना**
- एक गांउ एक प्राविधिक– (करार) – १ (संगठन संरचनामा उल्लेख नभएको)

  **जम्मा** ................................... **५**

- नेपाल कृषि सेवा –(भेटेनरी) ९/१० औं – १
- नेपाल कृषि सेवा –(भेटेनरी) ५ औं – १
- नेपाल कृषि सेवा –(भेटेनरी) ४ औं – १
- नेपाल कृषि सेवा –(भेटेनरी) ५ औं – १
- नेपाल कृषि सेवा –(भेटेनरी) ५ औं – १
  **जम्मा – ५ जना**
- एक गांउ एक प्राविधिक (करार) – १
  (संगठन संरचनामा उल्लेख नभएको)

  **जम्मा**............................६
- गाउँपालिकामा एक जना आई.टि.अफिसर कार्यरत, (एल.जी.सि.डि.पि.) द्धारा तलव भत्ता खाने गरी)
- गाउँपालिकामा २०७५ फागुन २६ देखि एक जना रोजगार संयोजक कार्यरत,

**वडा नं १**

- चौथो तह – १ स्थायी
- कार्यालय सहायक (स्थानीय निकायदेखि अस्थायी) – १
- कार्यालय सहयोगी (करार) – १
- सामाजिक परिचालक – १

**वडा नं २**

- चौथो तह – १
- कार्यालय सहयोगी (करार)– १

**वडा नं ३**

- सहायक पाँचौ – १ स्थायी
  कार्यालय सहायक (स्थानीय निकाय देखि अस्थायी) – १
- कार्यालय सहयोगी (करार) – १

**वडा नं ४**

- चौथो तह – १ स्थायी
- कार्यालय सहयोगी (करार) – १
- सामाजिक परिचालक – १
- सामाजिक परिचालिका – १

**वडा नं ५**

- चौथो तह – १ स्थायी
- कार्यालय सहयोगी (करार) – १
- सामाजिक परिचालक – १
- सामाजिक परिचालिका – १

**वडा नं ६**

- चौथो तह – १ (स्थानीय निकाय स्थायी)
- कार्यालय सहयोगी (करार) – १
- सामाजिक परिचालक – १

**वडा नं ७**

- चौथो तह – १ स्थायी
- कार्यालय सहयोगी (करार) – १
- सामाजिक परिचालक – १

**वडा नं ८**

- सहायक पाँचौ – १ स्थायी
- कार्यालय सहयोगी (करार) – १
- सामाजिक परिचालक – १
- सामाजिक परिचालिका – १

- ➢ कृषि र भेटेरीनरीको वडा नं २ र ४ मा १/१ जना स्स्थायी कार्यालय सहयोगी कार्यरत
- ➢ गरीबसँग विश्वेश्वर कार्यक्रम अन्तर्गत वडा नं ६ मा सामाजिक परिचालक कार्यरत तलव रु १३,०००।

# शिक्षा तर्फको विवरण

## १. विद्यार्थी विवरण

क) बाल विकास केन्द्र　५६७
ख) कक्षा १-१२ सम्म　४६२५
**जम्मा**　५१९२

## २. विद्यालय संख्या

१. मा.वि तह-०८
२. आधारभूत तह-२९
३. वालविकास केन्द्र समुदायमा आधारित-०८
५. संस्थागत विद्यालय-०६
६. सामसदायिक सिकाइ केन्द्र-०२
७. मदर्सा-२
८. क्याम्पस-१ (एग्रो फरेष्ट्रि पोलिटेक्निक) CTEVT
९. प्राविधिक विद्यालय -१

## ३. शिक्षक विवरण

| क्र.स | शिक्षक विवरण | दरवन्दी | राहत | जम्मा |
|---|---|---|---|---|
| १ | मा.वि.तह | ३१ | ९ | ४० |
| २ | नि.मा.वि.तह | ३३ | १४ | ४७ |
| ३ | प्रा.वि.तह | १३८ | २७ | १६५ |
| ४ | बालविकास | ४६ | | |
| ५ | कार्यालय सहयोगी | ३८ | | |
| ७ | सामुदायिक सिकाइ केन्द्र परिचालिका | २ | | |
| ८ | उ.मा.वि दरबन्धी राहत | १० | | |

# स्वास्थ्य सम्बन्धी जानकारी

| क्र.स | संस्था | सङख्या | कैफियत |
|---|---|---|---|
| १ | प्राथमिक स्वास्थ्य केन्द्र | १ | |
| २ | स्वास्थ्य चौकी | ६ | |
| ३ | आधारभूत स्वास्थ्य सेवा केन्द्र | १ | |
| ४ | खोप केन्द्र | २३ | |
| ५ | गाउँघर क्लिनिक | ११ | |
| ६ | डट्स सेन्टर | ७ | |
| ७ | चौविसे घण्टे प्रशुती सेवा संचालन भएका संस्था | २ | |
| ८ | सुरक्षित गर्भ पतन सेवा संचालन भएका संस्था | २ | |
| ९ | किशोर किशोरी मैत्री स्वास्थ संस्था | ४ | |
| १० | महिला स्वास्थ्य स्वयम् सेविका | १३० | |

**Top Ten Disease**

| SN | Disease | ICD Code | No of Patient | % of Disease Covered | Remarks |
|---|---|---|---|---|---|
| 1 | **URTI** | J06 | 2648 | 8.51 | |
| 2 | **Gastritis** | K29 | 2632 | 8.46 | |
| 3 | **ARI/LRTI** | J22 | 2467 | 7.93 | |
| 4 | **Hypertention** | L10 | 1904 | 6.12 | |
| 5 | **Falls/Inju{ries/Fracture** | T14 | 1779 | 5.72 | |
| 6 | **Backache** | M54.9 | 1379 | 4.43 | |
| 7 | **Arthritis** | M13 | 1206 | 3.87 | |
| 8 | **Headache** | R51 | 1100 | 3.53 | |
| 9 | **Dermatitis** | L30.9 | 867 | 2.78 | |
| 10 | **Fungal Infection** | B37 | 632 | 2.03 | |

*Refrence: According to CRM annual Health Report 2076/77*

# अबको बाटो

वि.सं. २०१३ साल देखि नेपालमा योजनाबद्ध विकासको शुरुवात भएको हो । साविकको विकास प्रयासहरुवाट जनताको समग्र जीवनस्तरमा सुधार हुन नसकेको, विकास प्रक्रियामा विकासका सबै आयामहरु समावेश हुन नसकेका, विकासमा जनताको अर्थपूर्ण सहभागिता हुन नसकेको, विकेन्द्रिकरणका प्रयासहरु कार्यमुलक हुन नसकेका साथै समग्रमा भन्नु पर्दा विविधता व्यवस्थापन (Diversity Management) हुन नसकेका कारण विकासले गति लिन नसकेको र गरिवी निवारणमा उल्लेख्य प्रगती हुन नसकेको व्यहोरा बिदितै छ ।

राष्ट्रहित, लोकतन्त्र र अग्रगामी परिवर्तनका लागि नेपाली जनताले गरेको त्याग र बलिदानपूर्ण आन्दोलनको माध्यमबाट संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको सोंच सहितको परिणाम नेपालको संविधान हो । दिगो शान्ति, सुशासन, विकास र समृद्धिको आकांक्षा पूरा गर्ने बाटोमा मुलुक अग्रसर छ । तीन तहका सरकारहरु आ-आफ्नो एकल र साझा अधिकारका सूची सहित दिगो शान्ति, सुशासन, विकास र समृद्धिको आकांक्षा पूरा गर्ने बाटोमा अग्रसर छन् ।

७५३ स्थानीय सरकार मध्येको छत्रदेव गाउँपालिका साविकका बल्कोट, केरुङ्गा, छत्रगञ्ज, ठूलापोखरा, भगवती गा.वि.स. को सबै भाग र चिदिका गा.वि.स.को १ नं. देखि ८ नं. वडा, अर्घातोष गा.वि.स.को २ नं. देखि ५ नं. वडा सम्म र मरेङ्ग गा.वि.स. को ७ नं. देखि ९ नं. वडा सम्मका गा.वि.स. भू-भागलाई मिलाई सिँगो छत्रदेव गाउँपालिका बन्नुका साथै साविकको छत्रगञ्ज हाल छत्रदेव-५ यसको प्रशासनिक केन्द्र भएको छ । ८७.६२ वर्ग कि.मि. क्षेत्रफलमा फैलिएको यस गाउँपालिकाको जनसंख्या वि.सं. २०६८ सालको जनगणना अनुसार २५,३३६ रहेको छ ।

सुख्खा क्षेत्र कै रुपमा चिनिने यस क्षेत्रमा वार्षिक २२०० मिलिमिटर भन्दा कम वर्षा हुन्छ । खानेपानी र सिचाँइको ठूलो समस्या रहेको यस क्षेत्रमा आर्थिक संमृद्धिको लागि खानेपानी र सिचाँइमा बढी ध्यानदिनु पर्ने अवस्था छ । पहाडी जिल्ला भएता पनि

निष्ठाको निर्माण

सम्बन्ध व्यवस्थापन

श्रोतको व्यवस्थापन

नतिजा सुनिश्चिता



यातायातको सुविधा युक्त क्षेत्र भन्दा अतिसयुक्त हुदैन । शैक्षिक हिसाबले व्यवस्थीत गर्नुपर्ने शैक्षिक संस्थाको अवस्था छ भने स्वास्थ्यको अवस्था पनि परिष्कृत गर्दै लगिएको छ । युवा उद्यमशिलता वृद्धि गर्ने पशु र कृषिमा आकर्षण वृद्धि गर्ने लक्ष्यकासाथ गाउँपालिका अगाडी बढ्दैछ । यस गाउँपालिका भित्र देखिएको विविध समस्यालाई न्यूनिकरण गर्दै यस भूगोलका जनताको सुख दुःख, पीरमर्कासँग उदारभावले अगाडी बढी खुल्ला सरकारको अनुभुती दिलाउने अभिप्राय स्थानीय सरकारले राखेको छ ।

दिगो विकासका लक्ष्यहरु हासिल हुँदा 'समृद्द नेपाल, सुखी नेपाली' को नेपालको सपना पूरा गर्न १७ वटा दिगो विकासका लक्ष्यहरु, १६९ वटा सूचकहरु र ५ वटा आधार स्तम्भहरुको जगमा रहेर स्थानीय सरकारहरुले दिगो विकासका लक्ष्यहरुलाई आन्तरिकीकरण गर्नु पर्छ भन्ने यस गाउँपालिकाको स्पष्ट धारणा रहेको छ ।

हाम्रा ८ वटै वडाहरुमा अवस्थीत धार्मिक स्थल, सार्वजनिक विद्यालय, स्वास्थ्य संस्था, पूर्वाधार विकास, क्षमता अविवृद्धि, जनस्तरबाटै अपनत्वयुक्त कार्ययोजना सहितको लक्ष्य सहित नीति, बजेट तथा कार्यक्रमलाई अगाडी बढाएका छौं । राष्ट्र निर्माणको मेरुदण्ड स्थानीय सरकार बन्न सक्नु पर्छ भन्ने मान्यता राखि दिर्घकालीन सोंचका साथ दिगो विकासका योजना तर्जुमा गरी अगाडी बढ्ने सोंच गाउँपालिकाले राखेको छ । त्यसै दिशामा छत्रददेव हालको विश्वव्यापी कोरोना संक्रमण (COVID-19) को कारण यसबाट नेपाल अछुतो छैन् । समय समयमा यस प्रकारका बिपत्तिहरु विश्व साथै नेपालले पनि सामना गर्दै आएको अनुभव हामीसँग छ । हालको कोरोना संक्रमणले करिब नौ महिना देखि विश्व अर्थतन्त्र प्रभावीत भएको छ । यसको राप र तापको प्रभाव हाम्रो जस्तो सानो अर्थतन्त्र भएको मूलुकमा नपर्ने सवालै भएन् । अवका हाम्रा विकासका गतिविधिहरु यस खालका विपत्तिहरुलाई सामना गर्ने खालका हुनु पर्दछ, भन्ने कुरामा हामी सचेत छौं ।

गत आ.व. हरुमा कार्यान्वयन भएका योजना र कार्यक्रमहरुबाट सकारात्मक परिणामहरु देखिएका हन् । आ.व.२०७६/०७७ को समाप्तिसँगै हाम्रो यस छत्रदेव गाउँपालिकाले विकासको क्षेत्रमा नयाँ मोड लिने प्रशस्त आधारहरु तयार भएका छन् । विश्वव्यापी प्रकोपको रुपमा फैलिएको कोरोना भाइरस (COVID-19) को असर र प्रभाव नेपाल एवं अर्घाखाँची जिल्ला र हाम्रो गाउँपालिकामा समेत परेको व्यहोरा अवर्गतै छ । हाम्रा विकासका गतिविधिहरु मध्ये बोलपत्र एवं सिलवन्दी दरभाउपत्रद्वारा ३२ वटा कार्यक्रम अगाडि बढेकोमा प्रकोपको कारण मालसामान एवं मिष्त्री र ज्यामीको अभावले सम्झौता अवधिमा सम्पन्न हुन नसकी केही ढिला भएको अवश्य हो । अर्को कुरा COVID-19 को कारण संघ र प्रदेश सरकारवाट राजश्व बाँडफाडको निकासा हुनु पर्ने रकम निकासा हुन नसक्दा हाम्रा विकासका गतिविधि प्रभावीत हुन गएका छन् ।

संघीय संरचना पछिको तीन तहको सरकार, यसका संरचना निर्माण र संगठनलाई कामयाबी बनाउनको लागि भएका हाम्रा हालसम्मका प्रयासहरु भोलीको दिनको लागि सुखद देखिन्छन । गत तीन र चालु एक गरी चार वटा आर्थिक वर्षहरुमा विर्गतमा जनप्रतिनिधि विहिन अवस्थामा भन्दा सामाजिक आर्थिक विकास तथा रुपान्तरणमा धेरै परिवर्तन आएको अनुभूति गरिएको छ । पारदर्शी संस्कृती अवलम्बन गरेका छौं । सुशासन कायम गर्नु हाम्रो प्रमूख लक्ष्य भएकोले विकासका गतिविधि संचालन र परिणाम निकाल्न हामीलाई सहज हुने छ । हाम्रा विकास र समृद्धिका गतिविधि संचालनका प्रमुख आधारहरु भनेका नेपालको संविधान, पन्ध्रौं आवधिक योजना, दिगो विकासका लक्ष्यहरु, संघीय सरकार र प्रदेश सरकारवाट स्थानीय सरकार केन्द्रित कानूनहरु, गाउँपालिकाको वार्षिक नीति तथा कार्यक्रम र बजेट नै हुन् । हाम्रो अबको बाटो पनि त्यसै दिशा तर्फ केन्द्रित हुनेछ ।

# योजना तर्जुमाको समयतालिका

| क्र.सं | कार्य विवरण | आ.व.७७/७८ | अन्य आ.व. हरुको लागि | कैफियत |
|---|---|---|---|---|
| १ | संघ तथा प्रदेशबाट वित्तिय हस्तान्तरणको खाका एंव बजेट तथा कार्यत्रम तर्जुमा मार्गदर्शन प्राप्त गर्ने | चैत्र ३० | चैत्र ३० | |
| २ | श्रोत अनुमान र कुल बजेट सीमा निर्धारण | वैशाख ३० | वैशाख ३० | |
| ३ | बस्तीरटोल स्तरबाट योजना छनौट | जेठ ३० | जेठ ३० | |
| ४ | वडा स्तरीय योजना प्राथमिकिकरण | असार ३ | असार ३ | |
| ५ | बजेट तथा कार्यक्रम तर्जुमा समितिबाट बजेट तथा कार्यत्रम तयारी | असार ८ | असार ८ | |
| ६ | गाउँ कार्यपालिकाको बैठकबाट बजेट तथा कार्यक्रम स्वीकृती गरि सभामा पेश गर्ने | असार १० | असार १० | |
| ७ | गाउँ सभाको बैठकमा बजेट तथा कार्यक्रम स्वीकृति | असार ३० | असार ३० | |

स्थानीय तहमा योजना तर्जुमा, आधार र प्राथमिकता वार्षिक योजना तथा बजेट तर्जुमाका आधारहरु

- नेपालको “संविधान-दिगो शान्ती, सुशासन, विकास र समृद्धिको आधार पूरा गर्न” स्थानीय सरकार सञ्चालन ऐन, २०७४
- राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४
- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४
- संघीय र प्रदेश सरकारले जारी गरेका निति कानून तथा मापदण्डहरु
- स्थानीयतहमा बजेट तर्जुमा, कार्यन्वयन, आर्थिक व्यवस्थापन तथा सम्पति हस्तान्तरण सम्बन्धि निर्देशिका, २०७४।
- सघिंय प्रादेशिक तथा स्थानीयतहको आवधिक विकास योजना
- स्थानीयतहको मध्यकालिन खर्च संरचना।
- श्रोत साधनको उपलब्धता।
- विकासका विभिन्न आयामहरु।
- नेपाल सरकारले अन्तराष्ट्रिय जगतमा जनाएका प्रतिवद्धता, सन्धि, सम्झौता एंवम संघ र प्रदेश सरकारलेअवलम्बन गरेका नीतिहरु ‘समृद्ध नेपाल, सुखि नेपाली’
- स्थानीय स्तरको विकासका लागि आवधिक, वार्षिक, रणनितिक, विषय क्षेत्रगत, मध्यकालिन, तथा दीर्घकालिन विकास योजना बनाई लागु गर्नु पर्ने-ऐनको दफा २४
- विकेन्द्रिकरण र जनसहभागिताको मर्म र भावना एवंम स्थानीय स्वायत्तता (संविधानको धारा ५)
- योजना बनाउँदा नेपाल सरकार र प्रदेश सरकारको नीति, लक्ष्य, उद्देश्य समय सिमा र प्रक्रियासाग अनूकुल हुने गरी

सुशासन, वातावरण , बालमैत्री, जलवायु परिवर्तन अनूकुलन, विपद् व्यवस्थापन, लैंगिक तथा सामाजिक समावेशीकरण जस्ता अन्तर सम्बन्धित विषयलाई ध्यान दिनु पर्ने

- विकास प्रशासन र प्रशासनको विकास
- सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहभागिता तथा विकासमार्फत उपलब्ध साधन र श्रोतको अधिकतम
- परिचालनद्वारा तिव्र आर्थिक वृद्धि हासिल गर्दै दिगो आर्थिक वृद्धि गर्ने (संविधानको धारा ५१ (घ) (१) तीन खम्बे आर्थिक नीति)
- संविधानको विकास सम्बन्धि नीति-धारा ५१ (च)
- योजना तथा बजेट निर्माणका प्राथमिकताहरु
- आवधिक विकास तथा गरिवी निवारणमा प्रत्यक्ष योगदान पुऱ्याउने,
- उत्पादनमुलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने ।
- जनताको जीवनस्तर, आम्दानी र रोजगारी बढ्ने ।
- स्थानीय वासीन्दाहरुको सहभागिता जुट्ने, स्वयं सेवा परिचालन गर्न सकिने तथा लागत कम लाग्ने ।
- स्थानीय स्रोत साधन, शिपको अधिकतम प्रयोग हुने
- महिला, बालबालिका तथा पिछडिएका क्षेत्र, समुदायलाई प्रत्यक्ष लाभ पुग्ने ।
- लैगिंक समानता र सामाजीक समावेशीकरण अभिवृद्धि हुने ।
- दिगो विकास, वातावरणीय संरक्षण तथा संवर्द्धन गर्न सघाउ पुऱ्याउने ।
- भाषिक तथा सांस्कृतिक पक्षको जगेर्ना र सामाजिक सद्भाव तथा एकता अभिवृद्धिमा सघाउ पुऱ्याउने ।
- स्थानीय तहले आवश्यक देखेको अन्य आवश्यक विषयहरु ।
- मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गर्नुपर्ने,
- विभिन्न पक्षहरुको सहभागिता गर्नुपर्ने
- (स्थानीय सरकार संचालन ऐन २०७४ दफा ४ (३))

## साझेदारी वा संयुक्त व्यवस्थापनको कार्य गर्न सक्ने

- स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा २६ को भएको व्यवस्था वमोजिम गाउँपालिका तथा नगरपालिकाले आफ्नो कार्यसंचालन गर्दा लागत न्युनिकरण, श्रोत साधनको आधिकतम उपयोग वा प्रभावकारी सेवा प्रवाहको लागि देहायको विषयमा अन्य गाउँपालिका वा नगरपालिकासँग साझेदारी सम्झौता वा संयुक्त व्यवस्थापन गर्न सक्नेछ ।

  क. बृहत पूर्वाधार निर्माण, ठुला मेसिन तथा औजार खरिद र व्यवस्थापन,

  ख. विपद् व्यवस्थापन,

  ग. यातायातको संचालन तथा व्यवस्थापन,

  घ. फोहोरमैला विसर्जन स्थल वा प्रशोधन प्रर्णालीको विकास र संचालन,

  ङ. दमकल तथा एम्बुलेन्स सेवाको संचालन,

  च. बस्ती विकास तथा भू–उपयोग योजना,

  छ. पर्यटन, प्रविधि तथा संस्कृतिको प्रवर्द्धन र विकास,

  ज. संयुक्त उद्यम,

  झ. आधारभूत तथा माध्यामिक तहको प्राविधिक शिक्षाको संचालन, प्रवर्द्धन र विकास,

  ञ. स्थानीय बजार व्यवस्थापन र वातावरण संरक्षण,

  ट. अन्तर स्थानीय तह भगीनी सम्बन्ध,

ठ. असल अभ्यास र अनुभवको आदान प्रदान,
ड. भौतिक तथा आर्थिक सहयोग,
ढ. अन्य उपयुक्त विषय,

## विकास योजना तर्जुमा गर्दा ध्यान दिनु पर्ने विषयहरु

- संघ र प्रदेश सरकारको नीति, लक्ष्य, उद्देश्य, समय सीमा र प्रक्रियासँग अनूकुल हुने,
- आवधिक विकास योजना, मध्यकालिन खर्च संरचना अनुसारका प्राथमिकताका विषयहरु,
- वातावरण संरक्षण, जलवायु अनूकुलन र विपद् व्यवस्थापन,
- शुसाशन, लैङ्गिक तथा सामाजिक समावेशीकरण र लक्षित वर्गको शसक्तिकरण गर्ने जस्ता विकासका अन्तर
- सम्बन्धित विषयहरु,
- समाजका सबै वर्ग, क्षेत्र, समुदायको अधिकतम सहभागिता सुनिश्चित गर्ने विषयहरु,
- अन्तर स्थानीय तहको योजना कार्यान्वयनमा सघाउ पुग्ने विषयहरु,
- विषय क्षेत्रगत तथा भौगोलिक सन्तुलन कायम गर्ने विषयहरु,

## अनुगमन तथा सुपरिवेक्षण

- अनुगमन तथा सुपरिवेक्षण समिति गठन गाउँमा स्वीकृत भई सञ्चालित योजना र कार्यक्रमहरुको लागत, गुणस्तरीयता, समयसीमा समेतको अनुगमन गरी योजना कार्यान्वयनमा सही दिशा दिन निम्नानुसारको अनुगमन समित गठन गर्ने व्यावस्था रहेको,
- वडा स्तरिय अनुगमन समिति,
- गाउँ स्तरिय अनुगमन समिति,
- आयोजनाको मुल्याङ्कन
- आायोजनाको लागत अनुमान र स्वीकृति वमोजिम के कति वित्तिय र भौतिक प्रगती भयो भन्ने सम्बन्धमा
- आयोजनाको मुल्याङ्कन गरिन्छ ।

**Input →Process →Output → outcomes**

# स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ (परिमार्जित)

## १. पृष्ठभूमी

नेपालको संविधानले संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचना संघ, प्रदेश र स्थानीय तह गरी तीन तहको हुने तथा राज्य शक्तिको प्रयोग तीनै तहले संविधान र कानून बमोजिम गर्ने व्यवस्था गरेको छ । संघ, प्रदेश र स्थानीय तहले आफ्नो अधिकार क्षेत्रभित्रको आर्थिक अधिकार सम्बन्धि विषयमा कानून बनाउने, वार्षिक बजेट बनाउने, निर्णय गर्ने, नीति तथा योजना तयार गर्ने र त्यसको कार्यान्वयन गर्ने व्यवस्था समेत गरेको छ ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले गाउँपालिका तथा नगरपालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विषयमा स्थानीय स्तरको विकासको लागि आवधिक, वार्षिक, रणनीतिक र विषय क्षेत्रगत मध्यमकालीन तथा दीर्घकालीन योजना बनाई लागू गर्नु पर्ने व्यवस्था रहेको छ । अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ ले सार्वजनिक खर्चको अनुमानित विवरण तयार गर्ने, मध्यमकालीन खर्च संरचना तयार गर्ने, आवश्यकताको प्रक्षेपण गर्ने, राजश्वको प्रक्षेपण तयार गर्ने र वित्तीय अनुशासन कायम गर्नुपर्ने व्यवस्था गरेको छ ।

आवधिक योजनाले लिएका लक्ष्यहरु, मध्यमकालीन खर्च संरचनाले गरेका व्यवस्थाहरुलाई स्रोत साधनसँग तालमेल गरी प्राथमिकताका साथ स्रोतको विनियोजन गर्ने काम वार्षिक विकास योजनाले गर्दछ । नेपालको संविधान र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय तहको योजना प्रक्रिया सन्दर्भमा अगाडि सारेका विषय वस्तुहरुलाई मूर्त रुप दिन तथा एकरुपता कायम गर्न स्थानीय तह वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ तयार गरिएको छ ।

## २. वार्षिक योजना तथा बजेट तर्जुमाका आधारहरू

गाउँपालिका र नगरपालिकाले वार्षिक योजना तथा बजेट तर्जुमा र कार्यान्वयन गर्दा निम्न विषयहरुलाई आधार लिनु पर्नेछ ।

(क) नेपालको संविधान
(ख) स्थानीय सरकार सञ्चालन ऐन, २०७४
(ग) राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४
(घ) अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४
(ङ) संघीय र प्रदेश सरकारले जारी गरेका नीति, कानून तथा मापदण्डहरु
(च) स्थानीय तहमा बजेट तर्जुमा, कार्यान्वयन, आर्थिक व्यवस्थापन तथा सम्पत्ति हस्तान्तरण सम्बन्धि निर्देशिका, २०७४
(छ) संघीय, प्रादेशिक र स्थानीय तहको आवधिक विकास योजना
(ज) स्थानीय तहको मध्यमकालीन खर्च संरचना
(झ) स्रोत साधन
(ञ) विकासका अन्तरसम्बन्धित विषयहरु
(ट) नेपाल सरकारले अन्तर्राष्ट्रिय जगतमा जनाएका प्रतिबद्धताबाट सिर्जित दायित्वहरु, संघ र प्रदेश सरकारले अबलम्बन गरेका अन्य आर्थिक नीतिहरु आदि ।

## ३. वार्षिक योजना तथा बजेटका प्राथमिकताहरू

गाउँपालिका वा नगरपालिकाले वार्षिक योजना तथा बजेट तर्जुमा गर्दा निम्न विषयलाई प्राथमिकता दिनु पर्नेछः-

(क) आर्थिक विकास तथा गरिबी निवारणमा प्रत्यक्ष योगदान पुर्याउने,

(ख) उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने,

(ग) जनताको जीवनस्तर, आम्दानी र रोजगारी बढ्ने,

(घ) स्थानीय सहभागिता जुट्ने, स्वयम् सेवा परिचालन गर्न सकिने तथा लागत कम लाग्ने,

(ङ) स्थानीय स्रोत साधन र सीपको अधिकतम प्रयोग हुने,

(च) महिला, बालवालिका तथा पिछडिएका क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने,

(छ) लैङ्गिक समानता र सामाजिक समावेशीकरण अभिबृद्धि हुने,

(ज) दीगो विकास, वातावरणीय संरक्षण तथा सम्बर्द्धन गर्न सघाउ पुऱ्याउने,

(झ) भाषिक तथा साँस्कृतिक पक्षको जगेर्ना र सामाजिक सद्भाव तथा एकता अभिवृद्धिमा सघाउ पुर्याउने,

(ञ) स्थानीय तहले आवश्यक देखेका अन्य विषयहरु ।

## ४. वार्षिक विकास योजना तर्जुमा गर्दा ध्यान दिनुपर्ने विषयहरू

गाउँपालिका वा नगरपालिकाले वार्षिक योजना तथा बजेट तर्जुमा गर्दा निम्न विषयहरुमा ध्यान दिनु पर्नेछः-

(क) संघ र प्रदेश सरकारको नीति, लक्ष्य, उद्देश्य, समय सीमा र प्रक्रियासँग अनूकुल हुने,

(ख) आवधिक विकास योजना र मध्यमकालीन खर्च संरचना अनुसार प्राथमिकताका विषयहरु,

(ग) वातावरण संरक्षण, जलवायु परिवर्तन अनूकुलन, विपद् व्यवस्थापन,

(घ) सुशासन, लैङ्गिक तथा सामाजिक समावेशीकरण र लक्षित वर्गको सशक्तिकरण गर्ने जस्ता विकासका अन्तरसम्बन्धित विषयहरु,

(ङ) समाजका सबै वर्ग, क्षेत्र र समुदायको अधिकतम सहभागिता सुनिश्चित गर्ने विषयहरु,

(च) अन्तर स्थानीय तहको योजना कार्यान्वयनमा सघाउ पुग्ने विषयहरु,

(छ) विषय क्षेत्रगत तथा भौगोलिक सन्तुलन कायम गर्ने पक्षहरु ।

## ५. योजना तर्जुमाका चरणहरू

गाउँपालिका वा नगरपालिकाले आफ्नो वार्षिक विकास योजना तर्जुमा गर्दा तपशिल बमोजिमको प्रकृया पूरा गर्नु पर्नेछ ।

### ५.१ बजेटको पूर्व तयारी

#### ५.१.१ आय व्ययको प्रक्षेपण गरिएको तथ्यांक सहितको विवरण संघीय सरकारमा पेश गर्ने

गाउँपालिका वा नगरपालिकाले आगामी आर्थिक वर्षको लागि आवश्यक पर्ने आय व्ययको प्रक्षेपण गरिएको तथ्याङ्क सहितको विवरण राजश्व परामर्श समिति र बजेट तथा स्रोत अनुमान समितिको सिफारिसमा कार्यपालिकाबाट निर्णय गरी प्रत्येक वर्षको पुष मसान्त भित्र संघीय अर्थ मन्त्रालयमा अनुसूची १ बमोजिमको ढाँचामा पठाउनु पर्नेछ ।

#### ५.१.२ संघ र प्रदेशबाट बजेटको सीमा प्राप्त गर्ने

संघीय सरकारबाट राजश्व बाँडफाँड र वित्तीय समानीकरण अनुदान वापत स्थानीय तहलाई आगामी आर्थिक वर्षमा

उपलव्ध हुने श्रोतको विवरण फागुन मसान्त भित्र तथा प्रदेश सरकारवाट स्थानीय तहको लागि आगामी आ.ब.मा प्राप्त हुने वित्तीय अनुदानको अनुमानित विवरण चैत्र मसान्त भित्र प्राप्त गर्ने ।

**५.१.३ विषयगत क्षेत्र छुट्याउनेः–**

गाउँ वा नगर कार्यपालिकाले आफ्नो क्षेत्रभित्र सञ्चालन गर्ने विकास क्रियाकलापहरुलाई निम्न अनुसार विषयगत क्षेत्र तोकी कार्यपालिकाका सदस्यहरुलाई विषय क्षेत्रगत जिम्मेवारी दिनु पर्नेछ ।

(१) आर्थिक विकासः यस क्षेत्र अन्तर्गत कृषि, पर्यटन, उद्योग तथा वाणिज्य, सहकारी, वित्तीय जस्ता क्षेत्र समावेश गर्ने ।

(२) सामाजिक विकासः शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाई, संस्कृति प्रबर्द्धन, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (महिला, बालवालिका, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, दलित, आदिवासी जनजाति, मधेशी, मुश्लिम,थारु, अल्पसंख्यक आदि) जस्ता क्षेत्र समावेश गर्ने ।

(३) पूर्वाधार विकासः सडक तथा पुल (झोलङ्गे पुल समेत), सिंचाई, भवन तथा सहरी विकास, उर्जा, लघु तथा साना जलविद्युत, सञ्चार जस्ता क्षेत्र समावेश गर्ने ।

(४) वन, वातावरण तथा विपद् ब्यबस्थापनः वन तथा भू(संरक्षण, जलाधार संरक्षण, जलवायु परिवर्तन, फोहोरमैला व्यवस्थापन, जल उत्पन्न प्रकोप नियन्त्रण विपद् व्यवस्थापन, वारुणयन्त्र सञ्चालन जस्ता क्षेत्र समावेश गर्ने ।

(५) सुशासन तथा संस्थागत विकासः मानव संसाधन विकास, संस्थागत क्षमता विकास, राजश्व परिचालन, वित्तीय व्यवस्थापन, वित्तीय जोखिम न्यूनीकरण, सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण, आन्तरिक र अन्तिम लेखापरीक्षण, बेरुजु फछ्र्यौट, सेवा प्रवाहका मापदण्ड निर्धारण, सेवा प्रवाहमा बिद्युतीय सूचना प्रविधिको प्रयोग, नागरिक सन्तुष्टि सर्वेक्षण र अन्तर निकाय समन्वय जस्ता क्षेत्र समावेश गर्ने ।

## ५.२ स्रोत अनुमान तथा बजेट सीमा निर्धारण

**५.२.१ स्थानीय राजश्व परामर्श समिति**

नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ र अन्य प्रचलित कानूनको अधिनमा रही स्थानीय तहले आफ्नो कार्य क्षेत्रभित्र परिचालन गर्न सक्ने राजश्वका स्रोत, दायरा र दर समेतको विश्लेषण गरी आगामी आर्थिक वर्षमा प्राप्त हुनसक्ने राजश्वको अनुमान गर्ने प्रयोजनको लागि देहाय वमोजिमको एक स्थानीय राजश्व परामर्श समिति गठन गर्नु पर्नेछ ।

(क) उपाध्यक्ष वा उपप्रमुख -संयोजक

(ख) प्रमुख प्रशासकीय अधिकृत -सदस्य

(ग) कार्यपालिकाले तोकेको कार्यपालिकाका सदस्य मध्येबाट -१ जना महिलासहित २ जना सदस्य

(घ) निजी क्षेत्रको उद्योग बाणिज्य सम्बन्धि मान्यता प्राप्त संस्थाको गाउँ वा नगर तहको अध्यक्ष वा निजले तोकेको प्रतिनिधि -सदस्य

(ङ) घरेलु तथा साना उद्योग सम्बन्धि मान्यता प्राप्त संस्थाको नगर वा गाउँ तहको अध्यक्ष वा निजले तोकेको प्रतिनिधि -सदस्य

(च) कार्यपालिकाको राजश्व महाशाखारविभाग वा शाखा प्रमुख - सदस्य-सचिव

**राजश्व परामर्श समितिको काम कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछ**

(क) राजश्व सम्बन्धि नीति वा कानूनको तर्जुमा, संशोधन, परिमार्जन र सोको परिपालनाको सम्वन्धमा आवश्यक परामर्श पद्रान गर्ने । (परामर्श दिँदा, कर वा गरैकर राजश्वको प्रस्ताव गर्दा वा भैरहको कर वा गरैकर राजश्वमा परिवतर्न गर्नु पर्दा त्यसको औचित्य तथा त्यसवाट पर्ने प्रभाव समते उल्लेख गरी प्रस्ताव तयार गर्ने । साथै

नेपाल सरकार, अन्य प्रदेश वा स्थानीय तहले लगाएका कर वा गैरकर र त्यसका दरसँग सम्भव तादात्म्य हुने गरी गर्नु पर्ने ।)

(ख) राजश्वका स्रोत दायरा र दर समेतको विश्लेषण गरी आगामी आर्थिक वर्षमा प्राप्त हुन सक्ने राजश्वको अनुमान गर्ने,

(ग) राजश्वका दर र क्षेत्र लगायतका आधारमा आन्तरिक आयको विश्लेषण र अनुमान गर्ने,

(घ) स्थानीय उद्योग तथा व्यवसाय प्रर्वद्धन र रोजगारी सिर्जनामा योगदान दिने किसिमको कर नीतिको सम्बन्धमा परामर्श दिने,

(ङ) कर राजश्व, गैरकर राजश्व, सेवा शुल्क, दस्तुर सम्बन्धमा परामर्श दिने,

(च) राजश्व प्रशासन सुधारको लागि अन्य आवश्यक परामर्श दिने ।

स्थानीय राजश्व परामर्श समितिले राजश्व प्रक्षेपण गरी अनुसूची २ बमोजिमको ढाँचामा प्रत्येक वर्षको पौष १५ गते भित्र सम्बन्धित तहको कार्यपालिकामा पेश गरी सक्नु पर्नेछ ।

**५.२.२ स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति**

**५.२.२.१ गाउँपालिका तथा नगरपालिकामा प्राप्त हुने आन्तरिक आय,**

राजश्व बाँडफाँटबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण र सोको सन्तुलित वितरणको खाका तथा बजेट सीमा निर्धारण गर्न देहाय बमोजिमको स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति रहने छ ।

(क) अध्यक्ष वा प्रमुख - संयोजक

(ख) उपाध्यक्ष वा उपप्रमुख - सदस्य

(ग) कार्यपालिकाका सदस्यहरु मध्ये महिला, दलित वा अल्पसंख्यक समेतको प्रतिनिधित्व हुने गरी अध्यक्ष वा प्रमुखले तोकेको चार जना - सदस्य

(घ) प्रमुख प्रशासकीय अधिकृत - सदस्य-सचिव

समितिले आवश्यकता अनुसार सम्बन्धित कर्मचारी र विषय विज्ञलाई समितिको बैठकमा आमन्त्रित सदस्यको रुपमा आमन्त्रण गर्न सक्नेछ ।

**५.२.२.२** खण्ड (ग) बमोजिम सदस्य तोक्दा अध्यक्ष वा प्रमुखले आफू सम्वद्ध राजनीतिक दल बहेकको राजनीतिक दलको सदस्य समेतलाई तोक्नु पर्नेछ । तर कार्यपालिकामा अन्य राजनीतिक दलको प्रतिनिधित्व नभएको हकमा यो व्यवस्था लागु हुने छैन ।

**५.२.२.३ श्रोत अनुमान तथा बजेट निर्धारण समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः–**

(क) आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने आय, नेपाल सरकार तथा प्रदेश सरकारबाट प्राप्त हुने वित्तीय हस्तान्तरण, आन्तरिक ऋण तथा अन्य आयको प्रक्षेपण गर्ने,

(ख) राष्ट्रिय तथा प्रादेशिक प्राथमिकता र स्थानीय आवश्यकतालाई मध्यनजर गरी प्रक्षेपित स्रोत र साधनको सन्तुलित वितरणको खाका तय गर्ने,

(ग) आगामी आर्थिक वर्षको लागि स्रोत अनुमानको आधारमा बजेटको कुल सीमा निर्धारण गर्ने,

(घ) विषय क्षेत्रगत बजेटको सीमा निर्धारण गर्ने,

(ङ) नेपाल सरकार तथा प्रदेश सरकारबाट प्राप्त मार्गदर्शन, स्थानीय आर्थिक अवस्था, आन्तरिक आयको अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तय गर्ने,

(च) विषय क्षेत्रगत बजेट तर्जुमा सम्बन्धी मार्गदर्शन तय गर्ने,

(छ) स्रोत अनुमान तथा बजेट सीमा निर्धारण सम्बन्धमा स्थानीय तहको आवश्यकता र निर्णय बमोजिमका अन्य कार्यहरु गर्ने ।

समितिले आफ्नो कार्य प्रत्येक वर्षको बैशाख १० गते भित्र सम्पन्न गरिसक्नु पर्नेछ । यसरी तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रत्येक वर्षको बैशाख १५ गते भित्र प्रमुख प्रशासकीय अधिकृतले गाउँपालिका वा नगरपालिकाका विषयगत महाशाखा/शाखा तथा वडा समितिलाई उपलब्ध गराउनु पर्नेछ ।

### ५.२.३ बजेट सीमा निर्धारण गर्ने विधि

गाउँपालिका तथा नगरपालिकाले बजेट सीमाको निर्धारण गर्दा देहाय बमोजिमको प्राथमिकताको आधारमा गर्नु पर्नेछ:-

(क) गाउँपालिका वा नगरपालिका स्तरका गौरवका आयोजनाहरुको लागि आवश्यक रकम,

(ख) समपूरक कोष आवश्यक पर्ने आयोजनाको लागि चाहिने रकम,

(ग) सशर्त अनुदानको कार्यक्रमको लागि तोकिएको रकम,

(घ) दिगो विकासका लक्ष्य लगायत राष्ट्रिय र अन्तर्राष्ट्रिय प्रतिबद्धताका कार्यान्वयनका लागि आवश्यक पर्ने रकम,

(ङ) स्थानीय सरकार सञ्चालन ऐन बमोजिम गाउँपालिका र नगरपालिका आफैंले गर्नु पर्ने अन्य अत्यावश्यक कार्यहरु,

(च) माथि उल्लिखित क्षेत्रलाई आवश्यक रकम विनियोजन गरिसकेपछि मात्र बाँकी रकम जनसंख्या, क्षेत्रफल, मानव विकासको अवस्था, पूर्वाधार विकासको अवस्था, विकास लागत, राजश्व परिचालनको अवस्था र लागत सहभागिताको अवस्था जस्ता विषयलाई आधार मानी वडागत खर्चको आवश्यकता र औचित्यताको आधारमा वडागत बजेट सीमा निर्धारण गर्नु पर्नेछ । तर वडामा दामासाहीले बजेट विनियोजन गर्न पाइने छैन ।

(छ) बजेट सीमा निर्धारण गर्दा स्थानीय तहमा रहेको सामाजिक तथा साँस्कृतिक विविधतालाई आधार मानी यस्ता क्षेत्रको सशक्तिकरणको लागि आवश्यक पर्ने रकमको सीमा समेत निर्धारण गर्नु पर्नेछ ।

(ज) गाउँ वा नगरपालिकाको कूल बजेट सीमाबाट तलब भत्ता तथा कार्यालय सञ्चालनको लागि आवश्यक पर्ने बजेट छुट्याई अन्य कार्यक्रमको लागि बजेट सीमा निर्धारण गर्नुपर्नेछ । यसरी प्रशासनिक खर्चको लागि बजेट सीमा निर्धारण गर्दा राजश्व बाँडफाँटबाट प्राप्त रकम र आन्तरिक आयको रकम भन्दा बढी नहुने गरी गर्नुपर्नेछ ।

### ५.२.४ आयोजना प्राथमिकीकरणका आधार

स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले बजेट सीमा निर्धारण गर्नुका अतिरिक्त अनुसूची ३ मा उल्लिखित ढाँचा अनुरुप आयोजना प्राथमिकीकरणका आधारहरु तय गर्नुपर्नेछ । वडा एवं गाउँपालिका तथा नगरपालिकास्तरमा आयोजना प्राथमिकीकरण गर्दा यसै अनुसूची ३ बमोजिम गर्नुपर्नेछ ।

## ५.३ बस्ती तहका योजना छनौट

### ५.३.१ बस्ती तहका योजना छनौट गर्दा निम्नानुसार गर्नु पर्नेछः

(क) वडा समितिले आफ्नो वडामा प्रतिनिधित्व गर्ने सदस्यहरुलाई विभिन्न बस्ती र टोलको योजना तर्जुमा गर्न सहजीकरण गर्ने गरी जिम्मेवारी प्रदान गर्नु पर्नेछ ।

(ख) प्रत्येक वडाले वडा भित्रका बस्तीहरुमा योजना तर्जुमाको लागि बैठक हुने दिन, मिति र समय कम्तिमा तीन दिन अगावै सार्वजनिक सूचना मार्फत जानकारी गराउनु पर्नेछ ।

(ग) बस्तीतहका योजना छनौट गर्दा सो बस्ती भित्रका सबै वर्ग र समुदाय (महिला, दलित, आदिवासी जनजाति, मधेशी, थारु, मुस्लिम, उत्पीडित वर्ग, पिछडा वर्ग, अल्पसंख्यक, सिमान्तकृत, युवा, बालबालिका, जेष्ठ नागरिक,

लैङ्गिक तथा यौनिक अल्पसंख्यक, अपाङ्गता भएका व्यक्ति, पिछडिएको वर्ग आदि) को प्रतिनिधित्व सुनिश्चित गर्नु पर्नेछ ।

(घ) टोल र बस्तीमा हुने योजना तर्जुमा प्रकृयामा टोल/बस्ती भित्रका क्रियाशील सामुदायिक संस्थाहरु (टोल विकास सस्था, आमा समुह, बाल क्लव/सञ्जाल, युवा क्लव, नागरिक सचेतना केन्द्र, विभिन्न सरकारी कार्यालयबाट गठन भएका समूह जस्ता समूहहरु) लाई पनि सहभागी गराउनु पर्नेछ ।

माथि उल्लेख भए बमोजिमका सरोकारवालाहरुको अधिकाधिक सहभागिता हुने गरी वडा सदस्यको संयोजनमा निर्धारित समय, मिति र स्थानमा उपस्थित भै योजना छनौटको सम्बन्धमा अन्तरक्रिया, छलफल, विमर्श गरी योजनाहरुको छनौट गर्नु पर्नेछ । यसरी छनौट भएका योजनाहरुको सूची संयोजकले लिखित रुपमा वडा समितिमा पठाउनु पर्नेछ ।

## ५.४ वडातहमा योजनाको छनौट तथा प्राथमिकीकरण

स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिवाट प्राप्त बजेट सीमा र मार्गदर्शनको आधारमा सम्बन्धित वडाहरुले बस्ती टोलबाट प्राप्त योजनाहरुमध्येबाट वडाको लागि प्राप्त बजेट सीमाको अधीनमा रही योजनाहरुको छनौट र प्राथमिकता निर्धारण समेत गरी अनुसूची ४ बमोजिमको ढाँचामा बजेट तथा कार्यक्रम तर्जुमा समितिमा पेश गर्नु पर्नेछ ।

बस्ती टोलबाट योजना माग गर्दा वडास्तरका महत्वपूर्ण योजनाहरु छुट भएको अवस्थामा वडा समितिले त्यस्ता योजनाहरु वडा समितिको बजेट सीमा भित्र रही औचित्यताको आधारमा समावेश गर्न सक्नेछ । वडाको बजेट सीमा भित्र कार्यान्वयन हुन नसक्ने गाउँ नगर स्तरीय महत्वपूर्ण आयोजनाहरु भएमा वडा समितिले गाउँ तथा नगरपालिकामा छुट्टै सूची पठाउन सक्नेछ । वडा समितिले आयोजनाहरुको प्राथमिकीकरण गर्दा स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले तोकेको आधारहरु बमोजिम गर्नुपर्नेछ ।

## ५.५ बजेट तथा कार्यक्रम तर्जुमा

### ५.५.१ बजेट तथा कार्यक्रम तर्जुमा समितिको गठन

श्रोत तथा बजेट सीमा निर्धारण समितिबाट निर्धारण भएको आयको प्रक्षेपण, वितरणको खाका र बजेट सिमामा आधारित भै स्थानीय तहको वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्न देहाय बमोजिमको बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गर्नु पर्नेछः-

(क) उपाध्यक्ष वा उपप्रमुख संयोजक

(ख) विषयगत क्षेत्र हेर्ने गाउँ वा नगर कार्यपालिकाका सदस्यहरु सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृत सदस्य

(घ) योजना महाशाखा/विभाग वा शाखा प्रमुख सदस्य सचिव

### ५.५.२ यस समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रमको प्रस्ताव तयार गर्ने,

(ख) स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले दिएको बजेट सीमा भित्र रही बजेट तथा कार्यक्रमको प्राथमिकीकरण गर्ने,

(ग) बजेट तथा कार्यक्रमको प्रस्तावलाई विषय क्षेत्रगत रुपमा छलफल गर्ने व्यवस्था मिलाई अन्तिम प्रस्ताव तयार गरी कार्यपालिकामा पेश गर्ने,

(घ) योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिने व्यवस्था मिलाउने तथा योजना कार्यक्रम बिच आपसी तादाम्यता तथा परिपूरकता कायम गर्ने,

(ङ) बजेट तथा कार्यक्रम सम्बन्धि स्थानीय तहको आवश्यकता बमोजिम अन्य कार्यहरु गर्ने ।

**५.५.३ विषयगत योजना प्राथमिकिकरण**

बजेट तथा कार्यक्रम समितिले वडाबाट प्राप्त योजनाहरुलाई स्थानीय तहको आवधिक योजना, क्षेत्रगत नीतिहरु तथा स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले तयार गरेको आयोजना प्राथमिकिकरण आधार तथा मार्गदर्शन बमोजिम योजनाहरुलाई विषयगत समितिहरुमा छलफल गराई विषयगत रुपमा प्राथमिकिकरण गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

**५.१.३ मा व्यवस्था भए बमोजिमका देहाय बमोजिम प्रत्येक क्षेत्रहरुमा गठन हुने विषयगत समितिमा निम्न अनुसारको सदस्य रहने छन् :-**

(क) विषय क्षेत्र हेर्ने कार्यपालिकाको सदस्य - संयोजक

(ख) कार्यपालिकाले तोकेका कम्तिमा एक जना महिला सहित दुई जना कार्यपालिकाका सदस्य - सदस्य

(ग) सम्बन्धित विभाग/महाशाखा/शाखा प्रमुख - सदस्य-सचिव

सम्बन्धित क्षेत्रमा एक भन्दा बढी शाखाहरु रहेको अवस्थामा कार्यपालिकाले कुनै एक जना शाखा प्रमुखलाई सदस्य सचिव तोकी अन्य शाखा प्रमुखहरुलाई सदस्यको रुपमा सहभागी गराउनु पर्नेछ ।

**५.५.४ वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा**

विषयगत रुपमा प्राथमिकीकरण सहित पेश भएका योजनाहरुलाई बजेट तथा कार्यक्रम तर्जुमा समितिले कार्यक्रममा दोहोरो नपर्ने गरी देहाय बमोजिम योजनाको प्राथमिकीकरण र बजेट तर्जुमा गर्नु पर्नेछ ।

(क) स्थानीय तहको आवधिक योजनाको सोंच, लक्ष्य, उद्देश्य, रणनीति

(ख) स्थानीय तहको मध्यमकालीन खर्च संरचना (ग) बजेट तथा कार्यक्रम समितिबाट प्राप्त बजेट सीमा, मार्गदर्शन र योजना प्राथमिकीकरणका आधारहरु

(घ) विषयगत समितिबाट प्राथमिकीकरण भै नआएका तर गाउँपालिका र नगरपालिका स्तरका महत्वपूर्ण आयोजनाहरु (५.२.३. क,ख, ग, घ, ङ बमोजिमका योजनाहरु) छनौट गर्नु पर्ने भएमा स्पष्ट आधार र औचित्य समेतको आधारमा बजेटको सुनिश्चितता हुने गरी त्यस्ता योजना समावेश गर्न सकिनेछ ।

(ङ) स्थानीय तहको स्रोत साधनले मात्र योजना सम्पन्न गर्न सम्भव नभएका तर स्थानीय तहका अत्यावश्यक र तोकिएको मापदण्ड पूरा गरेका योजनाहरुलाई समपूरक अनुदानबाट संचालन गर्नको लागि प्रस्ताव गर्न सकिने छ । बजेट तर्जुमा समितिले तयार गरेको वार्षिक बजेट तथा कार्यक्रमको मस्यौदा अनुसूची ५ बमोजिमको ढाँचामा असार ५ गते भित्र अध्यक्ष र प्रमुख मार्फत् कार्यपालिका समक्ष पेश गर्नु पर्नेछ । वार्षिक बजेट तथा कार्यक्रमको मस्यौदा पेश गर्दा आर्थिक विधेयक अनुसूची ६ बमोजिमको ढाँचामा र विनियोजन विधेयक अनुसूची ७ बमोजिमको ढाँचामा समेत पेश गर्नु पर्नेछ ।

**५.६** गाउँ वा नगर कार्यपालिकाबाट बजेट तथा कार्यक्रम स्वीकृति बजेट तथा कार्यक्रम तर्जुमा समितिले पेश गरेको आगामी आर्थिक वर्षको वार्षिक नीति तथा कार्यक्रम, राजश्व र व्ययको अनुमान (वार्षिक बजेट) गाउँ वा नगर कार्यपालिकाबाट स्वीकृत गरी सभामा प्रस्तुत गर्नु पर्नेछ ।

## ५.७ गाउँ वा नगर सभाबाट बजेट तथा कार्यक्रम स्वीकृति

**५.७.१ बजेट तथा कार्यक्रम प्रस्तुतिः**

गाउँ वा नगर कार्यपालिकाबाट स्वीकृत भएको वार्षिक बजेट तथा कार्यक्रम उपाध्यक्ष वा उपप्रमुख वा निजको असमर्थतामा कार्यपालिकाले तोकेको कार्यपालिकाको कुनै सदस्य मार्फत असार १० गतेभित्र गाउँ वा नगर सभामा प्रस्तुत गरी सक्नु पर्नेछ । वार्षिक बजेट पेश गर्दा गत आर्थिक वर्षको राजश्व र व्ययको यथार्थ विवरण, चालु आर्थिक

वर्षको संशोधित अनुमान तथा आगामी आर्थिक वर्षको योजना तथा कार्यक्रम, आय व्ययको अनुमानित विवरण र मध्यमकालीन खर्च संरचना समेतको विवरण खुलाउनु पर्नेछ ।

**५.७.२ बजेट तथा कार्यक्रम स्वीकृतिः**

(क) गाउँ वा नगरसभामा प्रस्तुत भएको आगामी आर्थिक वर्षको वार्षिक नीति तथा कार्यक्रम, राजश्व र व्ययको अनुमान (वार्षिक बजेट) सभामा पेश भएको १५ दिन भित्र छलफलको काम सम्पन्न गर्ने गरी कायर्तालिका बनाउनु पर्नेछ ।

(ख) सभामा छलफल सम्पन्न भएपछि सभाले बजेट पारित गर्ने वा सझावसहित कार्यपालिकामा फिर्ता पठाउन सक्नेछ ।

(ग) सुझाव सहित प्राप्त भएको बजेट उपर कार्यपालिकाले पुनः विचार गरी आवश्यक परिमार्जन सहित वा परिमार्जन गर्नु पर्ने नदेखिएमा कारण सहित ५ दिनभित्र पुनः सभामा पेश गर्नु पर्नेछ ।

(घ) कार्यपालिकाबाट पनु : पेश भएको बजेट तथा कायर्क्रम असार मसान्त भित्र सम्बन्धित सभाले पारित गरिसक्नु पनर्छे ।

(ङ) सभाले स्वीकृत गरेको वार्षिक बजेट तथा कार्यक्रम श्रावण १५ भित्र सर्वसाधारणको जानकारीको लागि प्रकाशित गर्नु पर्ने छ । साथै सम्बन्धित गाउँपालिका वा नगरपालिकाको वेबसाईटमा समेत प्रकाशन गर्नु पर्नेछ ।

## ६. योजना कार्यान्वयन

(क) गाउँ वा नगरसभाले पारित गरेको वार्षिक बजेट तथा कार्यक्रम कार्यान्वयनको लागि सम्बन्धित गाउँ वा नगर कार्यपालिकाका प्रमुख वा अध्यक्षले ७ दिनभित्र प्रमुख प्रशासकीय अधिकृतलाई बजेटको खर्च गर्ने अख्तियारी प्रदान गर्नु पर्नेछ ।

(ख) अख्तियारी प्राप्त भएको १५ दिनभित्र प्रमुख प्रशासकीय अधिकृतले अनुसूची ८ बमोजिमको ढाँचामा कार्यक्रम स्वीकृत गरी सम्बन्धित विभाग/ महाशाखा/शाखा/इकाइ प्रमुख र वडा सचिवलाई लिखित रुपमा योजना कार्यान्वयनको जिम्मा दिनुपर्नेछ ।

(ग) योजना कार्यान्वयनको जिम्मा प्राप्त भएको मितिले ७ दिनभित्र सम्बन्धित विभाग, महाशाखा, शाखा, एकाइ प्रमुख र वडा सचिवले कार्यक्रम कार्यान्वयनको कार्यतालिका प्रमुख प्रशासकीय अधिकृत समक्ष पेश गर्नु पर्नेछ ।

(घ) विभाग/महाशाखा/शाखा/एकाइ प्रमुख र वडा सचिवबाट पेश भएको कार्यान्वयन कार्ययोजनामा प्राविधिक क्षमता, योजनाको संवेदनशिलता, कार्यान्वयन प्राथामिकीकरण, नगद प्रवाहको अवस्था समेतको आधारमा कुनै संशोधन गर्नु पर्ने देखिएमा प्रमुख प्रशासकीय अधिकृतले सुझाव दिन सक्नेछ । यसरी प्राप्त भएको सुझाव समेतको आधारमा सम्बन्धित निकायले कार्यान्वय कार्ययोजनामा संशोधन गरी ५ दिन भित्र पुनः पेश गर्नु पर्नेछ ।

(ङ) सबै विभाग/महाशाखा/शाखा/इकाइ प्रमुख र वडा सचिवबाट प्राप्त कार्ययोजनालाई प्रमुख प्रशासकीय अधिकृतले एकत्रित गरी एकीकृत कार्यान्वयन कार्ययोजना कार्यपालिका समक्ष पेश गर्नु पर्नेछ ।

**६.१** योजना कार्यान्वयन विधि स्थानीय सरकार सञ्चालन ऐन, २०७४, सार्वजनिक खरिद ऐन, २०६३, खरिद नियमावली, आर्थिक कार्यविधि ऐन तथा नियमावली र स्थानीय तहहरुले संविधान तथा अन्य प्रचलित कानूनको अधिकार क्षेत्र भित्र रही निर्माण गरेका ऐन नियम अनुसार कार्यान्वयन गर्नु पर्नेछ । गाउँपालिका वा नगरपालिकाले आर्थिक वर्ष शुरु भएको एक महिना भित्र आफ्नो वार्षिक खरिद योजना/गुरुयोजना स्वीकृत गरी सो अनुरुप खरिद कार्यको व्यवस्थापन गर्नु पर्नेछ ।

### ६.२ अनुगमन तथा सुपरिवेक्षण समिति

**६.२.१ अनुगमन तथा सुपरिवेक्षण समितिको गठन**

गाउँपालिका वा नगरपालिकाबाट सञ्चालित योजनाको लागत, परिमाण, समय सीमा र गुणस्तरीयताको आधारमा अनुगमन गरी आवश्यक पृष्ठपोषण दिनको लागि निम्न अनुसारको अनुगमन तथा सुपरिवेक्षण समिति गठन गर्नु पर्नेछ ।

(क) उपाध्यक्ष वा उपप्रमुख - संयोजक

(ख) अध्यक्ष वा प्रमुखले तोकेका एक जना महिलासहित कार्यपालिकाका सदस्यहरु मध्येबाट दुई जना सदस्य - सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृत - सदस्य

(घ) प्रमुख, योजना विभाग/महाशाखा/शाखा र इकाई - सदस्य-सचिव

उक्त समितिमा आवश्यकता अनुसार कार्यपालिकाका अन्य सदस्य तथा विषय विज्ञलाई आमन्त्रण गर्न सकिनेछ।

६.२.२ **अनुगमन तथा सुपरिवेक्षण विधिः**

(क) कार्यपालिकामा एकीकृत कार्यान्वयन कार्ययोजना पेश गरेको १५ दिनभित्र अनुगमन तथा सुपरिवेक्षण समितिले वार्षिक अनुगमन कार्ययोजना बनाई कार्यान्वयन गर्नु पर्नेछ।

(ख) अनुगमन तथा सुपरिवेक्षण समितिले गरेको कामको प्रतिवेदन प्रत्येक २ महिनामा पेश गरी कार्यपालिकाको बैठकमा छलफल गर्नु पर्नेछ।

(ग) कार्यपालिकाले अनुगमन तथा सुपरिवेक्षण समितिको प्रतिवेदन समेतको आधारमा योजना कार्यान्वयनमा देखिएका त्रुटिहरु सच्याउन तथा समय र गुणस्तर कायम गर्न सम्बन्धित पक्ष (उपभोक्ता समिति, निर्माण व्यवसायी, परामर्शदाता, तथा कर्मचारी) लाई आवश्यक निर्देशन दिनु पर्नेछ। अनुगमन तथा सुपरिवेक्षण समितिले दिएको निर्देशन पालना गर्नु सम्बन्धित पक्षको जिम्मेवारी हुनेछ।

६.२.३ **वडास्तरीय अनुगमन समिति**

आफ्नो वडाभित्र सञ्चालित योजनाको लागत, परिमाण, समय सीमा र गुणस्तरीयताका आधारमा अनुगमन गरी आवश्यक पृष्ठपोषण दिनको लागि निम्न अनुसारको वडास्तरीय अनुगमन समिति गठन गर्नु पर्नेछ।

(क) सम्बन्धित वडाको वडाध्यक्ष संयोजक

(ख) वडा सदस्यहरु सदस्य

(ग) वडा सचिव - सदस्य-सचिव

उक्त समितिमा आवश्यकता अनुसार अन्य कर्मचारीलाई आमन्त्रण गर्न सकिनेछ। समितिले अनुगमन गर्दा देखिएका विषयका सम्बन्धमा अनुगमन तथा सुपरिवेक्षण समितिलाई नियमित रुपमा जानकारी गराउनु पर्नेछ।

६.२.४ **आयोजनाको मूल्याङ्कन**

गाउँपालिकाले ५ करोड, नगरपालिकाले १० करोड र उपमहानगरपालिका र महानगरपालिकाले २५ करोड भन्दावढी लागतका आयोजनाको योजना सम्पन्न भएको २ बर्षभित्र तेस्रो पक्षबाट प्रभाव मूल्याङ्कन गराउनु पर्ने छ।

**६.३** सशर्त, विशेष र समपूरक अनुदानबाट सञ्चालित योजना कार्यान्वयन संघ तथा प्रदेश सरकारबाट गाउँपालिका वा नगरपालिका मार्फत् सञ्चालन गर्ने सशर्त, विशेष र समपूरक अनुदानका आयोजनाहरुको कार्यान्वयन सम्बन्धित तहबाट प्राप्त मार्गदर्शन बमोजिम हुनेछ।

**६.४ योजनाको भुक्तानी प्रकृया**

गाउँपालिका वा नगरपालिकाबाट सञ्चालित योजनाको कार्यसम्पन्न प्रतिवेदन रनिङ्ग बिल, आवश्यक बिल भरपाई, सार्वजनिक परीक्षण प्रतिवेदन र नियमानुसार पेश गर्नुपर्ने अन्य आवश्यक कागजातको आधारमा रकम भुक्तानी गर्नु पर्नेछ।

## ७. लागत साझेदारीमा योजना कार्यान्वयन

नेपाल र प्रदेश सरकारले स्थानीय तहलाई पूर्वाधार विकास सम्बन्धी कुनै योजना कार्यान्वयन गर्न समपूरक अनुदान प्रदान

गर्न सक्नेछ । समपूरक अनुदानका आधारहरु देहाय बमोजिम हुनेछनः-

(क) आयोजनाको आवश्यकता र प्राथमिकता,

(ख) आयोजनाको सम्भाव्यता,

(ग) आयोजनाको लागत,

(घ) आयोजना कार्यान्वयन गर्नको लागि आवश्यक लागत साझेदारी,

(ङ) आयोजनाबाट प्राप्त हुने प्रतिफल वा लाभ,

(च) आयोजना कार्यन्वयनको लागि आवश्यक प्राविधिक क्षमता ।

समपूरक अनुदान प्रदान गर्ने कार्यविधि तथा अन्य व्यवस्था नेपाल सरकारले निर्धारण गरे बमोजिम हुनेछ ।

## ८. विविध

### ८.१ स्थानीय तहले ऋण लिन सक्ने:

गाउँपालिका तथा नगरपालिकाले राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सिफारिसको सीमाभित्र रही सम्बन्धित सभाबाट स्वीकृत हुनेगरी उत्पादनशील, रोजगारमुलक, आन्तरिक आय बृद्धि तथा पूँजीगत कार्यको लागि आन्तरिक ऋण लिन सक्ने छन् । त्यस्तो ऋणको अवधि अधिकतम २५ वर्षसम्म हुनेछ ।

नेपाल सरकारबाट प्राप्त भएको ऋण वा नेपाल सरकार जमानी भै लिएको ऋण सम्बन्धित गाउँपालिका वा नगरपालिकाले निर्धारित समयमा चुक्ता नगरेमा नेपाल सरकारले त्यस्तो गाउँपालिका वा नगरपालिकालाई उपलब्ध गराउने अनुदानबाट कट्टा गरी सो रकम प्राप्त गर्ने वा ऋण भुक्तानी गरिदिनेछ ।

### ८.२ वस्तुगत विवरण (Profile) तयार गर्नु पर्ने:

गाउँपालिका वा नगरपालिकाले वार्षिक योजना र बजेट तर्जुमा गर्नु पूर्व स्थानीय तहको भौगोलिक, सामाजिक, आर्थिक तथा पूर्वाधार लगायतका क्षेत्रको यथार्थ स्थिति देखिने गरी बस्तुगत विवरण Profile तयार वा अद्यावधिक गर्नु पर्नेछ । अद्यावधिक वस्तुगत विवरण Website मार्फत सार्वजनिक गर्नु पर्नेछ ।

**अनुसूची- १**

(दिग्दर्शनको दफा ५.१.१ संग सम्बन्धित)

आय तथा व्ययको प्रक्षेपण

आ.व.....................

| शीर्षक | | आ.व. ..../..... को यथार्थ | आ.व. ..../...... को संशोधित अनुमान | आ.व. ..../..... को अनुमान |
|---|---|---|---|---|
| **राजस्वः** | | | | |
| १ | **आन्तरिक राजस्वः** | | | |
| १.१ | एकीकृत सम्पत्ती कर | | | |
| १.२ | घरजग्गा बहाल कर | | | |
| १.३ | व्यवसाय कर | | | |
| १.४ | बहाल विटौरी शुल्क | | | |
| १.५ | पार्किङ शुल्क | | | |
| १.६ | जडिबुटी, कवाडी र जीवजन्तु कर | | | |
| १.७ | सेवा शुल्क | | | |
| १.८ | अन्य | | | |
| २ | **राजस्व बाँडफाँडः** | | | |
| २.१ | मूल्य अभिवृद्दि कर तथा अन्तः शुल्क | | | |
| २.२ | प्राकृतिक स्रोतको रोयल्टी | | | |
| २.२.१ | पर्वतारोहण | | | |
| २.२.२ | विध्युत | | | |
| २.२.३ | वन | | | |
| २.२.४ | खानी तथा खनिज | | | |
| २.२.५ | पानी तथा अन्य प्राकृतिक स्रोत | | | |
| ३ | **वित्तीय हस्तान्तरण** | | | |
| ३.१ | **नेपाल सरकारबाट प्राप्त हुने अनुदानः** | | | |
| ३.१.१ | वित्तीय समानीकरण अनुदान | | | |
| ३.१.२ | सशर्त अनुदान | | | |
| ३.१.३ | समपूरक अनुदान | | | |
| ३.१.४ | विशेष अनुदान | | | |
| ३.२ | **प्रदेश सरकारबाट प्राप्त हुने अनुदानः** | | | |
| ३.२.१ | वित्तीय समानीकरण अनुदान | | | |
| ३.२.२ | सशर्त अनुदान | | | |
| ३.२.३ | समपूरक अनुदान | | | |
| ३.२.४ | विशेष अनुदान | | | |
| ४ | **वित्तीय व्यवस्था (प्राप्ति)** | | | |
| ५ | **अन्तर स्थानीय तह साझेदारी** | | | |
| ६ | **अन्य** | | | |

**कूल जम्मा**

| **व्ययः** | | | | |
|---|---|---|---|---|
| १ | **चालु** | | | |
| १.१ | **पारिश्रमिक/ सुविधा** | | | |
| १.२ | **मालसमान तथा सेवाको उपयोग (तालीम समेत)** | | | |
| १.३ | **व्याज र सेवा खर्च** | | | |
| १.४ | **अनुदान** | | | |
| १.५ | **सामाजिक सुरक्षा** | | | |
| १.६ | **अन्य खर्च** | | | |
| २ | **पूँजीगत** | | | |
| २.१ | **जग्गा** | | | |
| २.२ | **भवन** | | | |
| २.२.१ | **फर्निचर** | | | |
| २.२.२ | **सवारी साधन** | | | |
| २.२.३ | **मेशिनरी औजार** | | | |
| २.२.४ | **सार्वजनिक निर्माण** | | | |
| २.२.५ | **पूँजीगत अनुसन्धान तथा परामर्श** | | | |
| २.२.६ | **अन्य** | | | |
| ३ | **वित्तीय व्यवस्था (भुक्तानी)** | | | |
| | **जम्मा** | | | |
| ४ | **बजेट बचत (+)/न्यून (-)** | | | |
| ५ | **ऋण** | | | |
| ५.१ | **आन्तरिक** | | | |
| ५.२ | **वाह्य** | | | |
| ६ | **गत वर्षको मौज्दात** | | | |
| | **कूल जम्मा** | | | |
| नोटः राजश्व र खर्च शीर्षक नेपाल सरकारको खर्च बर्गीकरण तथा व्याख्या बमोजिम उल्लेख गर्नु पर्नेछ । | | | | |

**अनुसूची २**

(दिग्दर्शनको दफा ५.२.१ संग सम्वन्धित)

.......गाउँपालिका वा नगरपालिका

राजस्व परामर्श समितिको प्रतिवेदन, ..........

**(क) पृष्ठभूमि**

**(ख) राजस्वको मौजुदा अवस्थाको विश्लेषण**

**(ग) राजस्व नीतिहरु**

**(घ) करका आधारहरु**

**(ङ) आगामी आ.व.को लागि प्रस्तावित कर तथा गैर कर राजस्व दर**

| सि.नं. | राजस्वको क्षेत्रहरु | चालु आर्थिक वर्षको दर | प्रस्तावित दर | पुष्ट्याईं | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |

**(च) आगामी आ.व.को लागि अनुमानित कर तथा गैर कर राजस्व रकम**

| सि.नं. | राजस्वको क्षेत्रहरु | गत आ.व.को यथार्थ रकम | चालु आ.व.को संशोधित अनुमान | आगामी आ.व.को अनुमान | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |

**(छ) निष्कर्ष तथा सुझावहरु**

(...................)
संयोजक ...............
सदस्य ................
सदस्य .................
स्थानीय राजस्व परामर्श समिति

## अनुसूची ३

(दिग्दर्शनको दफा ५.२.४ संग सम्वन्धित)

आयोजना प्राथमिकीकरणका आधारहरु तथा प्राथमिकता निर्धारण फाराम

(क) आयोजना प्राथमिकीकरणका आधारहरु

१. गरिबी निवारणमा प्रत्यक्ष योगदान पुग्ने आयोजनाहरु (२० अंक)
(क) प्रत्यक्ष योगदान पुर्याउने–२० अंक
(ख) अप्रत्यक्ष योगदान पुर्याउने –१० अंक
(ग) तटस्थ–५ अंक

२. उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने आयोजनाहरु (१५ अंक)
(क) चालु आ.व.मानै सम्पन्न हुने–१५ अंक
(ख) आगामी आ.व. मा सम्पन्न हुने–१० अंक
(ग) अन्य–५ अंक

३. आम्दानी र रोजगार बृद्धि गर्ने आयोजनाहरु (१५ अंक)
(क) प्रत्यक्ष योगदान पुर्याउने–१५ अंक
(ख) अप्रत्यक्ष योगदान पुर्याउने–७.५ अंक
(ग) तटस्थ–०

४. लागत सहभागिता जुट्ने आयोजनाहरु (१५ अंक)
(क) ५०५ वा सो भन्दा बढी लागत सहभागिता हुने–१५ अंक
(ख) २०५ देखि ५०५ सम्म लागत सहभागिता हुने–१० अंक
(ग) २०५ सम्म लागत सहभागिता हुने–५ अंक
(घ) लागत सहभागिता नहुने–०

५. स्थानीय श्रोत साधन र सीपको प्रयोग हुने आयोजनाहरु (१० अंक)
(क) आयोजनालाई आवश्यक पर्ने सबै श्रोत साधन स्थानीय तहमा उपलव्ध हुने–१० अंक
(ख) आयोजनालाई आवश्यक पर्ने ५०५ सम्म श्रोत साधन स्थानीय तहमा उपलव्ध हुने–७.५ अंक
(ग) अन्य–५ अंक

६. समावेशी विकासमा योगदान पुर्याउने आयोजनाहरु (१० अंक)
(क) प्रत्यक्ष योगदान पुर्याउने–१० अंक
(ख) अप्रत्यक्ष योगदान पुर्याउने–५ अंक
(ग) तटस्थ–०

७. दीगो विकास र वातावरणीय संरक्षण गर्ने आयोजनाहरु (१० अंक)
(क) प्रत्यक्ष योगदान पुर्याउने–१० अंक
(ख) अप्रत्यक्ष योगदान पुर्याउने–५ अंक
(ग) तटस्थ–०

८. स्थानीय भाषिक, सांस्कृतिक विकास गर्ने आयोजनाहरु (५ अंक)
(क) प्रत्यक्ष योगदान पुर्याउने–५ अंक
(ख) अप्रत्यक्ष योगदान पुर्याउने–३ अंक
(ग) तटस्थ–०

(ख) आयोजनाको प्राथमिकताक्रम निर्धारण फाराम

| क्र.सं . | आयोजना को नाम | गरिबी निवारणमा प्रत्यक्ष योगदान पुग्ने २० ) (अंक | उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने (१५ अंक) | आम्दानी र रोजगार बढ्ने (१५अंक) | लागत सहभागिता जुट्ने (१५ अंक) | स्थानीय श्रोत साधन र सीपको प्रयोग (१० अंक) | समावेशी विकासमा योगदान (१० अंक) | दीगो विकास र वातावरणीय संरक्षण (१० अंक) | स्थानीय भाषिक, सांस्कृतिक विकास ५ ) (अंक | कुल प्राप्ताङ्क (१००) | प्राथमिकता क्रम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | | | | | |
| २ | | | | | | | | | | | |
| ३ | | | | | | | | | | | |
| ४ | | | | | | | | | | | |
| ५ | | | | | | | | | | | |
| ६ | | | | | | | | | | | |

नोटः आयोजनाहरुको प्राथमिकताक्रम निर्धारण गर्दा सबैभन्दा बढी अंक प्राप्त गर्ने आयोजनालाई पहिलो प्राथमिकताक्रम निर्धारण गर्नु पर्नेछ ।

| क्र..स. | अंक भार | प्राथमिकता नं. |
|---|---|---|
| १ | ८० अंक भन्दा बढी प्राप्त भएमा | १ |
| २ | ६० देखि ८० अंक प्राप्त भएमा | २ |
| ३ | ६० अंक भन्दा कम प्राप्त भएमा | ३ |
| ४ | ५० अंक भन्दा कम प्राप्त भएमा | न्यून प्राथमिकता |

नोटः यसरी योजना छनौट गर्दा पहिलो प्राथमिकतामा परेको योजनाहरु छनौट गर्ने । रकम उपलब्ध भएसम्म प्राथमिकता २ र ३ स्वीकृत गर्न सकनेछ ।

**अनुसूची ४**

(दिग्दर्शनको दफा ५.४ संग सम्वन्धित)

.................गाउँपालिका/नगरपालिका

वडा नं.......

आयोजनाको प्राथमिकिकरण सूची, २०.....

(क) निर्धारित वडागत बजेट सीमा भित्रका आयोजनाको लागि

| प्रथमिकता क्रम | आयोजनाको नाम | आयोजना संचालन हुने स्थल | अनुमानित लागत | कार्यान्वयन विधि | लाभान्वित जनसंख्या | आवधिक योजनाका रणनीति सँग सम्बन्धित |
|---|---|---|---|---|---|---|
| आर्थिक विकास | | | | | | |
| १ | | | | | | |
| २ | | | | | | |
| सामाजिक विकास | | | | | | |
| १ | | | | | | |
| २ | | | | | | |
| पूर्वाधार विकास | | | | | | |
| १ | | | | | | |
| २ | | | | | | |
| वातावरण तथा विपद् ब्यवस्थापन समिति | | | | | | |
| १ | | | | | | |
| २ | | | | | | |
| सुशासन तथा सस्थागत विकास | | | | | | |
| १ | | | | | | |
| २ | | | | | | |

(ख) गाउँपालिका वा नगरपालिका स्तरीय (गाउँ नगर गौरवका आयोजना, वहुवर्षीय आयोजनाहरु र दुई वा सो भन्दा वढी वडामा पर्ने आयोजनाहरु)

| प्रथमिकता क्रम | आयोजनाको नाम | आयोजना संचालन हुने स्थल | अनुमानित लागत | कार्यान्वयन विधि | लाभान्वित जनसंख्या | आवधिक योजनाका रणनीति सँग सम्बन्धित |
|---|---|---|---|---|---|---|
| १ | | | | | | |
| २ | | | | | | |
| ३ | | | | | | |

नोटः क्रमागत आयोजनाहरुको प्राथमिकीकरण सूची आवश्यक पर्ने छैन।

# अनुसूची ५

(दिग्दर्शनको दफा ५.५.३ संग सम्बन्धित)

आर्थिक वर्ष २०../.. को

नीति, कार्यक्रम तथा बजेट

…….. गाउँपालिका/नगरपालिका

………………… जिल्ला

प्रदेश नं……

२०--

**खण्ड १ - परिचय र समीक्षा**

१.१ पृष्ठभूमी
१.२ चालू आ.व.को नीति तथा कार्यक्रमको समीक्षा
(क) आर्थिक क्षेत्र
(ख) सामाजिक क्षेत्र
(ग) पूर्वाधार क्षेत्र
(घ) वातावरण तथा विपद व्यवस्थापन
(ङ) संस्थागत विकास, सेवा प्रवाह र सुशासन
(च) अन्य

**खण्ड २ - आगामी आ.व.२०..../....... को नीति, बजेट तथा कार्यक्रम**

२.१ सोंच, लक्ष्य, उद्देश्य र अपेक्षित उपलब्धी
२.२ वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्दा अवलम्बन गरिएका प्रमुख नीति तथा आधारहरु
२.२.१ समग्र नीति तथा आधारहरु
२.२.२ क्षेत्रगत नीति तथा आधारहरुः
(क) आर्थिक क्षेत्र
(ख) सामाजिक क्षेत्र
(ग) पूर्वाधार क्षेत्र
(घ) वातावरण तथा विपद व्यवस्थापन
(ङ) संस्थागत विकास, सेवा प्रवाह र सुशासन
२.३ मुख्य मुख्य आयोजना र क्रियाकलापहरु
२.४ अनुमानित व्यय र स्रोत व्यवस्थापन
२.५ उपसंहार

प्रस्तुत गर्ने
उपाध्यक्ष वा उपप्रमुख वा सदस्य......
मितिः .....

**आय व्ययको विवरण**

आ.व.२० /

रु. हजारमा

| शीर्षक | | गत आ.व.२० / को यथार्थ | चालु आ.व. २० / को संशोधित अनुमान | आ.व.२० / को अनुमान |
|---|---|---|---|---|
| **आयः** | | | | |
| | **राजस्वः** | | | |
| | आन्तरिक राजस्व | | | |
| | राजस्व बाँडफाँडबाट प्राप्त रकम | | | |
| | अन्य आय | | | |
| | **अन्तर सरकारी वित्तीय हस्तान्तरण** | | | |
| | नेपाल सरकारबाट प्राप्त | | | |
| | प्रदेश सरकारबाट प्राप्त | | | |
| | अन्तर स्थानीय तहबाट प्राप्त | | | |
| | **जनसहभागिताः** | | | |
| | नगद सहभागिता | | | |
| | श्रम तथा वस्तुगत सहायता | | | |
| **व्ययः** | | | | |
| | चालु खर्च | | | |
| | पूँजिगत खर्च | | | |
| **बजेट बचत (+)/न्यून (-)** | | | | |

| | | | | |
|---|---|---|---|---|
| **वित्तीय व्यवस्था** | | | | |
| | **खुद ऋण लगानी** | | | |
| | ऋण लगानी (-) | | | |
| | ऋण लगानीको सावाँ फिर्ता प्राप्ती (+) | | | |
| | **खुद शेयर लगानी** | | | |
| | शेयर लगानी (-) | | | |
| | शेयर बिक्रीबाट लगानी फिर्ता प्राप्ती (+) | | | |
| | **खुद ऋण प्राप्ती** | | | |
| | ऋणको साँवा भुक्तानी (-) | | | |
| | ऋण प्राप्ती (+) | | | |
| **अन्तिम बजेट बचत (+)/न्यून (-)** | | | | |

**राजस्व तथा अनुदान प्राप्तिको अनुमान**

आ.व.२० /

रु. हजारमा

| **शीर्षक** | | **गत आ.व २० / को यथार्थ** | **चालु आ.व. २० / को संशोधित अनुमान** | **आ.व. २० / को अनुमान** |
|---|---|---|---|---|
| **राजस्वः** | | | | |
| | **आन्तरिक राजस्वः** | | | |
| 11300 | सम्पत्ति कर | | | |
| 11310 | अचल सम्पत्तिमा लाग्ने कर | | | |
| 11311 | व्यक्तिगत सम्पतीमा लाग्ने बार्षिक कर | | | |
| 11312 | संस्थागत सम्पतीमा लाग्ने बार्षिक कर | | | |
| 11313 | एकीकृत सम्पति कर | | | |
| 11314 | भुमिकर/मालपोत | | | |
| 11320 | खुद सम्पत्तीमा लाग्ने कर | | | |
| 11321 | घरवहाल कर | | | |
| 11322 | वहाल विटौरी कर | | | |
| स्थानीय तहले आर्जन गर्ने अन्य कर तथा राजश्वको विवरणहरु नेपाल सरकारवाट स्वीकृत राजश्व संकेत तथा वर्गिकरण र व्याख्या बमोजिम उल्लेख गर्ने । | | | | |
| | **राजस्व बाँडफाँडः** | | | |
| 11411 | बाँडफाँड भई प्राप्त हुने मूल्य अभिबृद्धि कर | | | |
| 11421 | बाँडफाँड भई प्राप्त हुने अन्त शुल्क | | | |
| 14171 | वन रोयल्टी | | | |
| 14172 | खानी रोयल्टी | | | |
| 14173 | जलस्रोत रोयल्टी | | | |
| 14174 | पर्वतारोहण रोयल्टी | | | |
| 14175 | पदयात्रा रोयल्टी | | | |
| 14176 | पर्यटन सेवा शुल्क रोयल्टी | | | |
| **अन्य आयः** | | | | |
| | साविक स्थानीय निकायबाट हस्तान्तरण भई प्राप्त रकम | | | |
| | बेरुजु असुली | | | |
| | गत वर्षको नगद मौज्दात | | | |

| | | | | |
|---|---|---|---|---|
| अन्तर सरकारी वित्तीय हस्तान्तरणः | | | | |
| | **नेपाल सरकारबाट प्राप्त अनुदानः** | | | |
| | वित्तीय समानीकरण अनुदान | | | |
| | सशर्त अनुदान | | | |
| | समपूरक अनुदान | | | |
| | विशेष अनुदान | | | |
| | **प्रदेश सरकारबाट प्राप्त अनुदानः** | | | |
| | वित्तीय समानीकरण अनुदान | | | |
| | सशर्त अनुदान | | | |
| | समपूरक अनुदान | | | |
| | विशेष अनुदान | | | |
| | **अन्य स्थानीय तहबाट प्राप्त अनुदानः** | | | |
| | सशर्त अनुदान | | | |
| | समपूरक अनुदान | | | |
| | विशेष अनुदान | | | |
| **जनसहभागिताः** | | | | |
| | नगद सहभागिता | | | |
| | श्रम तथा वस्तुगत सहायता | | | |

नोट- राजस्वका शिर्षकहरु नेपाल सरकारवाट स्वीकृत राजश्व संकेत तथा वर्गिकरण र व्याख्या बमोजिम उल्लेख गर्ने हुनेछ ।

**व्यय अनुमान**

आ.व.२० /

रु. हजारमा

| शीर्षक | | आ.व.२० / को यथार्थ | आ.व.२० / को संशोधित अनुमान | आ.व.२० / को अनुमान | श्रोत | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | आन्तरिक श्रोत | अन्तर सरकारी वित्तीय हस्तान्तरण | | | ऋण | जनसहभागिता |
| | | | | | | नेपाल सरकार | प्रदेश सरकार | स्थानीय तह | | |
| **चालु खर्च** | | | | | | | | | | |
| २१००० | पारिश्रमिक / सुविधा | | | | | | | | | |
| २११०० | पारिश्रमिक / सुविधा | | | | | | | | | |
| २१११० | नगदमा दिइने पारिश्रमिक र सुविधा | | | | | | | | | |
| २११२० | जिन्सी वा जिन्सी वापत कर्मचारी दिइने पारिश्रमिक सुविधा | | | | | | | | | |
| २११२१ | पोशाक | | | | | | | | | |
| २११२२ | खाद्यान्न | | | | | | | | | |
| २११२३ | औषधी उपचार खर्च | | | | | | | | | |
| २११३० | कर्मचारी भत्ता | | | | | | | | | |
| २११३१ | स्थानीय भत्ता | | | | | | | | | |
| २११३२ | महंगी भत्ता | | | | | | | | | |
| २११३३ | फिल्ड भत्ता | | | | | | | | | |
| २११३४ | कर्मचारीको बैठक भत्ता | | | | | | | | | |
| २११३५ | कर्मचारी प्रोत्साहन तथा पुरस्कार | | | | | | | | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| २११३९ | अन्य भत्ता | | | | | | | | | |
| २११४० | पदाधिकारी भत्ता तथा अन्य सुविधा | | | | | | | | | |
| २११४१ | पदाधिकारी बैठक भत्ता | | | | | | | | | |
| २११४२ | पदाधिकारी अन्य सुबिधा | | | | | | | | | |
| २११४९ | पदाधिकारी अन्य भत्ता | | | | | | | | | |
| स्थानीय तहले गर्ने अन्य चालु खर्चका शिर्षकहरु आवश्यकता अनुसार यसै गरि उल्लेख गर्ने । | | | | | | | | | | |
| | **पूँजिगत खर्च** | | | | | | | | | |
| ३११११ | भवन खरिद | | | | | | | | | |
| ३१११२ | भवन निर्माण | | | | | | | | | |
| ३१११३ | निर्मित भवनको संरचनात्मक सुधार खर्च | | | | | | | | | |
| ३१११५ | फर्निचर तथा फिक्चर्स | | | | | | | | | |
| ३११२० | सवारी साधन तथा मेशिनरी औजार | | | | | | | | | |
| ३११२१ | सवारी साधन | | | | | | | | | |
| ३११२२ | मेशिनरी तथा औजार | | | | | | | | | |
| **३११३०** | **अन्य पूँजीगत खर्च** | | | | | | | | | |
| ३११३१ | पशुधन तथा बागवानी विकास खर्च | | | | | | | | | |
| ३११३२ | कम्प्युटर सफ्टवेयर निर्माण तथा खरीद खर्च एवं अन्य बौद्धिक सम्पत्ती प्राप्ति खर्च | | | | | | | | | |
| ३११५० | सार्वजनिक निर्माण | | | | | | | | | |
| ३११५१ | सडक तथा पूल निर्माण | | | | | | | | | |
| ३११५२ | रेलमार्ग तथा हवाई मैदान निर्माण | | | | | | | | | |
| स्थानीय तहले गर्ने अन्य पुँजीगत खर्चका शिर्षकहरु आवश्यकता अनुसार यसै गरि उल्लेख गर्ने । | | | | | | | | | | |

**वित्तीय व्यवस्था अनुमान**

आ.व.२० /

रु. हजारमा

| **शीर्षक** | | **आ.व.२० /को यथार्थ** | **आ.व.२० / को संशोधित अनुमान** | **आ.व २० / को अनुमान** |
|---|---|---|---|---|
| **वित्तीय व्यवस्थाः** | | | | |
| | **खुद ऋण लगानी** | | | |
| | ऋण लगानी (-) | | | |
| | ऋण लगानीको सावाँ फिर्ता प्राप्ती (+)<br>**खुद शेयर लगानी** | | | |
| | शेयर लगानी (-) | | | |
| | शेयर बिक्रीबाट लगानी फिर्ता प्राप्ती (+) | | | |
| | **खुद ऋण प्राप्ती** | | | |
| | ऋणको साँवा भुक्तानी (-) | | | |
| | ऋण प्राप्ती (+) | | | |

**कार्यक्षेत्रगत व्यय अनुमान**

आ.व.२० /

रु.हजारमा

| संकेत नं. | शीर्षक | आ.व.२० / को यथार्थ | आ.व.२० / को संशोधित अनुमान | आ.व.२० / को अनुमान | श्रोत | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | आन्तरिक श्रोत | अन्तर सरकारी वित्तीय हस्तान्तरण | | | ऋण | जन सहभागिता |
| | | | | | | नेपाल सरकार | प्रदेश सरकार | स्थानीय तह | | |
| **१०** | **आर्थिक विकास** | | | | | | | | | |
| १०१० | कृषि | | | | | | | | | |
| १०२० | उद्योग तथा वाणिज्य | | | | | | | | | |
| १०३० | पर्यटन | | | | | | | | | |
| १०४० | सहकारी | | | | | | | | | |
| १०५० | वित्तीय क्षेत्र | | | | | | | | | |
| **२०** | **सामाजिक विकास** | | | | | | | | | |
| २०१० | शिक्षा | | | | | | | | | |
| २०२० | स्वास्थ्य | | | | | | | | | |
| २०३० | खानेपानी तथा सरसफाइ | | | | | | | | | |
| २०४० | संस्कृति प्रवर्द्धन | | | | | | | | | |
| २०५० | खेलकुद तथा मनोरञ्जन | | | | | | | | | |
| २०६० | लैगिक समानता तथा सामाजिक समावेशीकरण | | | | | | | | | |
| **३०** | **पूर्वाधार विकास** | | | | | | | | | |
| ३०१० | स्थानीय सडक, पुल तथा झोलुङ्गेपुल | | | | | | | | | |
| ३०२० | सिंचाई | | | | | | | | | |
| ३०३० | भवन तथा सहरी विकास | | | | | | | | | |
| ३०४० | उर्जा, लघु तथा साना जलविद्युत (वैकल्पिक उर्जा समेत) | | | | | | | | | |
| ३०५० | सञ्चार | | | | | | | | | |
| **४०** | **वातावरण तथा विपद व्यवस्थापन** | | | | | | | | | |
| ४०१० | वन तथा भु-संरक्षण | | | | | | | | | |
| ४०२० | जलाधार संरक्षण | | | | | | | | | |
| ४०३० | वातावरण संरक्षण, जलवायु परिवर्तन | | | | | | | | | |
| ४०४० | फोहरमैला तथा ढल व्यवस्थापन | | | | | | | | | |
| ४०५० | जलउत्पन्न प्रकोप नियन्त्रण | | | | | | | | | |
| ४०६० | विपद व्यवस्थापन | | | | | | | | | |
| ४०७० | वारुण यन्त्र सञ्चालन | | | | | | | | | |
| **५०** | **संस्थागत विकास, सेवा** | | | | | | | | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | **प्रवाह र सुशासन** | | | | | | | | | |
| ५०१० | सामान्य सेवा | | | | | | | | | |
| ५०२० | सुरक्षा व्यवस्थापन | | | | | | | | | |
| ५०३० | सूचना प्रविधि | | | | | | | | | |
| ५०४० | पञ्जिकरण व्यवस्थापन | | | | | | | | | |
| ५०५० | स्थानीय तथ्याङ्क संकलन र अभिलेख व्यवस्थापन | | | | | | | | | |
| ५०६० | सुशासन प्रवर्द्धन | | | | | | | | | |
| ५०७० | अनुसन्धान तथा विकास | | | | | | | | | |
| ५०८० | अन्यत्र वर्गिकृत नभएको | | | | | | | | | |

**वार्षिक विकास कार्यक्रम**

आ.व.२० /

संकेत नं./विषयगत शिर्षकः -------------- रु. हजारमा

| क्र.सं. | कार्यक्रम/आयोजनाको नाम | कार्यान्वयन हुने स्थान | लक्ष्य | विनियोजन रु. | श्रोत | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | आन्तरिक श्रोत | अन्तर सरकारी वित्तीय हस्तान्तरण | | | ऋण | जनसहभागिता |
| | | | | | | नेपाल सरकार | प्रदेश सरकार | स्थानीय तह | | |
| १ | | | | | | | | | | |
| २ | | | | | | | | | | |
| ३ | | | | | | | | | | |
| ४ | | | | | | | | | | |
| ५ | | | | | | | | | | |
| ६ | | | | | | | | | | |
| ७ | | | | | | | | | | |
| ८ | | | | | | | | | | |
| ९ | | | | | | | | | | |
| १० | | | | | | | | | | |
| ११ | | | | | | | | | | |
| १२ | | | | | | | | | | |
| १३ | | | | | | | | | | |
| १४ | | | | | | | | | | |
| जम्मा | | | | | | | | | | |

पुनश्चः स्थानीय तहबाट सञ्चालन गरिने सबै कार्यक्रमहरुलाई क्षेत्रगत/विषयगत आधारमा छुट्टाएर प्रत्येक विषय (जस्तैः कृषि, शिक्षा, स्वास्थ्य, सडक) को अलग अलग विवरण तयार गर्नु पर्नेछ।

**अनुसूची ६**

(दिग्दर्शनको दफा ५.५.३ संग सम्वन्धित)

स्थानीय तहको आर्थिक ऐनको नमुना

.............. गाउँपालिका/नगरपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक

**प्रस्तावनाः** .......... गाउँपालिका/नगरपालिकाको आर्थिक वर्ष 20../... को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम ............ गाउँ सभा/नगर सभाले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (1) यस ऐनको नाम "आर्थिक ऐन, 20...." रहेको छ।
(2) यो ऐन २०.. साल श्रावण 1 गतेदेखि .... गाउँ/नगरपालिका क्षेत्रमा लागू हुनेछ।

२. **सम्पति करः** गाउँपालिका/नगरपालिकाका क्षेत्रभित्र अनुसूचि (1) बमोजिम एकिकृत/ सम्पत्ति कर/घरजग्गा कर लगाइने र असूल उपर गरिनेछ।

३. **भूमि कर (मालपोत):**गाउँपालिका/नगरपालिका क्षेत्रभित्रका जग्गामा त्यस्तो जग्गाको उपभोगका आधारमा अनुसूचि (2) बमोजिम भूमि कर (मालपोत) लगाइने र असूल उपर गरिनेछ। *(एकीकृत सम्पत्ती कर लगाएको अवस्थामा भूमि कर नलाग्ने)*

४. **घर जग्गा वहाल करः** गाउँपालिका/नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै वा आंशिक तवरले वहालमा दिएकोमा त्यस्तो बहाल रकममा अनुसूचि (3) बमोजिम घर जग्गा वहाल कर लगाइने र असूल गरिनेछ।

५. **व्यवसाय करः** गाउँपालिका/नगरपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूचि (4) बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ।

६. **जडिबुटी, कवाडी र जीवजन्तु करः** गाउँपालिका/नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता बस्तुको व्यवसायिक कारोवार गरेवापत अनुसूचि (5) बमोजिमको कर लगाइने र असूल उपर गरिनेछ।

७. **सवारी साधन करः** गाउँपालिका/नगरपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसूचि (6) बमोजिम सवारी साधन कर लगाइने छ र उक्त कर सम्बन्धित प्रदेशले असुल गरी अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ बमोजिम स्थानीय तहको विभाज्य कोष मार्फत् गाउँपालिका/नगरपालिकाको संचित कोषमा बाँडफाँड गर्नुपर्नेछ।

८. **विज्ञापन करः** गाउँपालिका/नगरपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूचि (7) बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ।यसरी कर संकलन गर्दा अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ बमोजिम सम्बन्धित प्रदेशले निर्धारण गरेको विज्ञापन कर समेत संकलन गरी प्रदेश विभाज्य कोषमा राजश्व बाँडफाँड गर्नुपर्नेछ।

९. **मनोरञ्जन करः** गाउँपालिका/नगरपालिका क्षेत्रभित्र हुने मनोरञ्जन व्यवसाय सेवामा अनुसूचि (8) बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ। यसरी कर संकलन गर्दा अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ बमोजिम सम्बन्धित प्रदेशले निर्धारण गरेको विज्ञापन कर समेत संकलन गरी प्रदेश विभाज्य कोषमा राजश्व बाँडफाँड गर्नुपर्नेछ।

१०. **बहाल बिटौरी शुल्कः** गाउँपालिका/नगरपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा संचालन गरेका हाट बजार, पसल वा सरकारी जग्गामा अनुसूचि (9) मा उल्लेख भए अनुसार बहाल बिटौरी शुल्क लगाइने र असूल उपर गरिनेछ।

११. **पार्किङ शुल्कः** गाउँपालिका/नगरपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत अनुसूचि (10) बमोजिम पार्किङ शुल्क लगाइने र असूल उपर गरिनेछ।

१२. **ट्रेकिङ्ग, कोयोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र र्‍याफ्टीङ्ग शुल्कः** गाउँपालिका/नगरपालिकाले आफ्नो क्षेत्रभित्र ट्रेकिङ्ग, कायोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र र्‍याफ्टीङ्गसेवा वा व्यवसाय संचालन गरेवारत अनुसूचि (11) बमोजिमको शुल्क लगाइने र असूल उपर गरिनेछ।

१३. **सेवा शुल्क, दस्तुरः** गाउँपालिका/नगरपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका अनूसूचि 12 मा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचिमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असूल उपर गरिनेछ।

**१४. पर्यटन प्रवेश शुल्कः**गाउँपालिका/नगरपालिकाले आफ्नो क्षेत्रभित्र निर्माण गरेका उद्यान, पार्क, चिडियाखाना, ऐतिहासिक तथा पुरातात्विक सम्पदा, संग्राहलय जस्ता सम्पदा उपयोग गरे वापत पर्यटकहरुवाट अनुसूची १३ मा उल्लिखित दरमा पर्यटन प्रवेश शुल्क लगाईने र असुल उपर गरिनेछ।

१५. **कर छुटः** यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन।

१६. **कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधिः** यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धी कार्यविधि गाउँपालिका/नगरपालिकाले तोके अनुसार हुनेछ।

**अनुसूची १:** *(गाऊँपालिका वा नगरपालिकाले लगाउने सम्पत्ती करका क्षेत्र र दरहरु उल्लेख गर्ने)*
**अनुसूची २:** *गाऊँपालिका वा नगरपालिकाले लगाउने भूमीकर (मालपोत)का क्षेत्र र दरहरु उल्लेख गर्ने*
**अनुसूची ३:** *गाऊँपालिका वा नगरपालिकाले लगाउने घर जग्गा वहाल करका क्षेत्र र दरहरु उल्लेख गर्ने*
**अनुसूची ४:** *गाऊँपालिका वा नगरपालिकाले लगाउने व्यवसाय करका क्षेत्र र दरहरु उल्लेख गर्ने*
**अनुसूची ५:** *गाऊँपालिका वा नगरपालिकाले लगाउने जडिबुटी, कवाडी र जीवजन्तु करका क्षेत्र र दरहरु उल्लेख गर्ने*
**अनुसूची ६:** *गाऊँपालिका वा नगरपालिकाले लगाउने सवारी साधन करका क्षेत्र र दरहरु उल्लेख गर्ने*
**अनुसूची ७:** *गाऊँपालिका वा नगरपालिकाले लगाउने विज्ञापन करका क्षेत्र र दरहरु उल्लेख गर्ने*
**अनुसूची ८:** *गाऊँपालिका वा नगरपालिकाले लगाउने मनोरञ्जन करका क्षेत्र र दरहरु उल्लेख गर्ने*
**अनुसूची ९:** *गाऊँपालिका वा नगरपालिकाले लगाउने बहाल बिटौरी शुल्कका क्षेत्र र दरहरु उल्लेख गर्ने*
**अनुसूची १०:** *गाऊँपालिका वा नगरपालिकाले लगाउने पार्किङ्ग शुल्कका क्षेत्र र दरहरु उल्लेख गर्ने*
**अनुसूची ११:** *गाऊँपालिका वा नगरपालिकाले लगाउने ट्रेकिङ्ग, कोयोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र न्याफ्टीङ्ग शुल्कका क्षेत्र र दरहरु उल्लेख गर्ने*
**अनुसूची १२:** *गाऊँपालिका वा नगरपालिकाले लगाउने शुल्क तथा दस्तुरका क्षेत्र र दरहरु उल्लेख गर्ने*
**अनुसूची १३:** *गाऊँपालिका वा नगरपालिकाले लगाउने पर्यटन प्रवेश शुल्कका क्षेत्र र दरहरु उल्लेख गर्ने*

**अनुसूची ७**

(दिग्दर्शनको दफा ५.५.३ संग सम्वन्धित)

............. गाऊँ वा नगरपालिकाको विनियोजन ऐनको नमुना

………… गाउँ वा नगरपालिकाको आर्थिक बर्ष २०…/… को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

सभाबाट स्वीकृत मिति:……………..

प्रस्तावनाः ......... गाउँ/नगरपालिकाको आर्थिक बर्ष २०……. को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२९ को उप–धारा (२) बमोजिम .......... गाउँ/नगर सभाले यो ऐन बनाएको छ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस ऐनको नाम “ ....... गाउँ÷नगरपालिकाको विनियोजन ऐन, २०॥” रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. आर्थिक वर्ष २०….. को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकारः

(१) आर्थिक वर्ष २०…… को निमित्त गाउँ/नगर कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लिखित चालू खर्च, पूँजिगत खर्च र बित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु................. (अक्षेरुपी ........... रुपैया मात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ।

३. विनियोजनः (१) यस ऐनद्धारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०… को निमित्त ........गाउँ/नगरपालिको गाउँ/नगर कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँ÷नगर कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ। यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको १० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ। पूँजिगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षकतर्फ सार्न र बित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्चतर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन। तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको १० प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा गाउँ÷नगर सभाको स्वीकृति लिनु पर्नेछ।

**अनुसूची–१**

(दफा २ संग सम्बन्धित)

नेपालको संविधानको धारा २२९ (२) बमोजिम

संञ्चित कोषबाट विनियोजन हुने रकम

रु. हजारमा

| क्र.सं. | अनुदान संख्या | शीर्षकको नाम | चालु खर्च | पूँजिगत खर्च | वित्तिय व्यवस्था | जम्मा |
|---|---|---|---|---|---|---|
| **१** | **२** | **३** | **४** | **५** | **६** | **७** |
| १ | | गाउँ/नगर कार्यपालिका | | | | |
| २ | | वडा समिति | | | | |
| ३ | | बिषयगत शाखा | | | | |
| ४ | | ऋणको सावा व्याज भुक्तानी | | | | |
| ५ | | लगानी शेयर)÷ऋण( | | | | |

**अनुसूची ८**

(दिग्दर्शनको दफा ६(ख) संग सम्वन्धित)

वार्षिक विकास कार्यक्रम स्वीकृतिको फारम

| | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| आ.व. | | | आयोजना शुरु हुने मितिः | | | | **श्रोत** | | | | | | | | |
| बजेट संकेतर उपसंकेतः | | | आयोजना पुरा हुने मितिः | | | | आन्तरिक श्रोतः | | | नेपाल सरकारः | | | | | |
| कार्यक्रम शिर्षकर आयोजनाको नामः | | | आयोजनाको कुल लागतः | | | | ऋणः | | | प्रदेश सरकारः | | | | | |
| कार्यान्वयन हुने स्थानः | | | चालु आ.व.मा विनियोजितः | | | | जनसहभागिताः | | | अन्तर स्थानीय तहः | | | | | |
| | | | | | | | | | | | | | | | रु. हजारमा |
| क्रासं। | कार्यक्रम/क्रियाकलाप | इकाइ | आयोजनाको कुल क्रियाकलापको | | सम्पूर्ण कार्य मध्ये गत आ.व.सम्मको | | आ.व.२०.../... को लक्ष्य | | | | | | | | खर्च शिर्षक |
| | | | | | | | वार्षिक | | प्रथम चौमासिक | | दोश्रो चौमासिक | | तेस्रो चौमासिक | | |
| | | | परिमाण | लागत | परिमाण | खर्च | परिमाण | बजेट | परिमाण | बजेट | परिमाण | बजेट | परिमाण | बजेट | |
| १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ | १३ | १४ | १५ | १६ |
| पुँजीगत खर्च अन्तर्गतका कार्यक्रम/क्रियाकलापहरुः | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | |
| | **पुँजीगत जम्मा रु. (क)** | | | | | | | | | | | | | | |
| चालु खर्च अन्तर्गतका कार्यक्रम/क्रियाकलापहरुः | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | |
| | **चालु जम्मा रु. (ख)** | | | | | | | | | | | | | | |
| कुल खर्च जम्मा रु (क+ख) | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | |
| पेश गर्ने निकायः | | **सिफारिस गर्नेः** | | | | | | | | | **स्वीकृत गर्नेः** | | | | |
| नामः | | नामः | | | | | | | | | नामः | | | | |
| पदः | | पदः | | | | | | | | | पदः | | | | |
| मितिः | | मितिः | | | | | | | | | मितिः | | | | |

# छत्रदेव गाउँपालिकाको हालसम्मका मुख्य-मुख्य उपलब्धीहरू

- नेपालको पहिलो खरको छानामुक्त गाउँपालिका (खरका छाना भएका ३३७ घरधुरीलाई जस्ता वितरण)।
- चौमासिक सामाजिक सुरक्षा भत्ता वितरणसँगै विशेषज्ञ चिकित्सक सहितको निःशुल्क स्वास्थ्य परिक्षण तथा औषधी वितरण गरिएको।
- स्वास्थ्य संस्थामा नियमित औषधी आपूर्ति, उपकरणहरुको आपूर्ति एवं गाउँघर क्लिनिकलाई व्यवस्थित पारिएको।
- खोप केन्द्र भवन निर्माण गरिएको।
- ३ वटा स्वास्थ्य संस्थामा एम्बुलेन्स सञ्चालन गरिएको।
- स्वास्थ्य विमालाई प्रभावकारी ढंगबाट लागू गरिएको।
- सबै सामुदायिक विद्यालयहरुमा अंग्रेजी माध्यमबाट पठन पाठन शुरुवात गरिएको।
- शिक्षकहरुलाई तालिमको व्यवस्था गरिएको, वाल विकास सहजकर्ताहरुलाई मन्टेश्वरी तालिम दिई शैक्षिक सामाग्री हस्तान्तरण गरिएको।
- शिक्षक डायरी तथा शैक्षिक सामाग्री वितरण गरिएको।
- गाउँपालिकाको नाममा १० रोपनी जग्गा निःशुल्क उपलब्ध भएको, भवन निर्माण कार्य शुरु गरिएको।
- ३ नं. वडा कार्यालयको भवन निर्माण गरिएको।
- काठको पोलमुक्त गाउँपालिका बनाउने अभियान शुरु गरिएको।
- छिमेकी जिल्ला गुल्मीबाट छत्रदेव प्रवेश गर्ने सीमा खर्ज्याङ्ग र नेटामा प्रवेशद्धार निर्माण कार्य सम्पन्न भएको।
- छत्रमहाराज मन्दिर प्रवेश मार्गमा सिंढी तथा रेलिङ्ग निर्माण सम्पन्न भएको।
- राष्ट्रिय स्तरको क्रिकेट मैदानको निर्माण कार्य प्रारम्भ भएको।
- बालउद्यान, पिकनिक स्पटहरुको निर्माण कार्य सम्पन्न भएको।
- फोहोरमैला व्यवस्थापन गरी पूर्ण सरसफाई युक्त गाउँपालिका बनाउने कार्य प्रारम्भ भएको।
- ४९ जना पति वेपत्ता महिला र अन्य कृषक गरी ८९ वटा बोयर क्रस जातका बाखा र बोका वितरण गरिएको।
- १००० बोधिचित्तको विरुवाको साथै कागती, आँप, लिची, तेजपात, अगरवुड वृक्षारोपण गरिएको।
- आ.व.०७४/७५ मा ४० स्थानमा आ.व. ०७५/०७६ मा १०८ स्थानमा र आ.व. ०७६/०७७ मा ४४ स्थानमा सडक सौर्यबत्ती जडान गरिएको।
- आ.व.०७४/७५ मा ६३ वटा मन्दिरमा सोलार बत्ती जडान गरिएको।
- प्राथमिक स्वास्थ्य केन्द्र र विद्यालयमा सोलार जडान गरिएको।
- कृषकहरुका लागि हाते ट्याक्टर, घाँस काट्ने मेसिन तथा प्लाष्टिक टनेल र विऊ विजन वितरण गरिएको।

- पाटी-ठूलापोखरा बाटो स्तरोन्नति तथा भुस्खात ढिकुरा मोटरबाटो निर्माण गरिएको ।
- आकाशेपानी संकलनका लागि घैंटा निर्माण, पोली टंकी वितरण गरिएको ।
- महत्वपूर्ण खानेपानी आयोजनाहरु सम्पन्न गरिएको ।
- गाउँ कार्यपालिकाको कार्यालय र वडा कार्यालयहरूमा विद्युतीय हाजिरी राखिएको ।
- गाउँपालिकाको आर्थिक भार कम गर्दै अर्थ मन्त्रालयबाट १ थान बलेरो जिप ल्याइएको ।
- छत्रदेव गाउँपालिकाले उच्च भौतिक र वित्तीय प्रगति हासिल गर्नुका साथै खुल्ला र पारदर्शी सरकारको रुपमा प्रस्तुत हुँदै शुन्य वेरुजु गाउँपालिका बनाउन सफल भएको ।
- छत्रदेव दलित घर उज्यालो कार्यक्रम अन्तर्गत ११४७ दलित घर धुरीलाई निःशुल्क सौर्यबत्ती वितरण गरिएको ।
- सडक सौर्यबत्ती आ.व ०७५/०७६ को स्विकृत कार्यक्रम अनुसार गाउँपालिका भरका १०८ स्थानमा सडक सौर्य बत्ति जडान गरिएको ।
- सम्पूर्ण मा.वि र स्वास्थ्य संस्थाहरुमा विद्युतिय हाजिर र ईन्टरनेट सेवा उपलब्ध गराइएको ।
- ४८५ थान मेटालिक चुलो लक्षित वर्गलाई वितरण गरिएको ।
- छत्रदेव गाउँपालिकालाई काठका पोल मुक्त बनाउने कार्य अन्तिम चरणमा पुगेको ।
- गाउँपालिकाको आर्थिक भार कम गर्दै स्वास्थ मन्त्रालयबाट १ थान टाटा सोमो ल्याइएको ।
- कागती वर्ष मनाउने उद्देश्यका साथ ६५००० कागतीका विरुवा वितरण गरिएको ।
- गाउँपालिकाको सभाहलको निर्माण कार्य सम्पन्न भएको ।
- छत्रदेव गाउँपालिका अन्तर्गतका वडाहरुका SEE उत्तीर्ण गरेका ४० जना विद्यार्थीहरुलाई छात्रवृति प्रदान गर्ने सम्बन्धमा एग्रो फरेष्ट्री पोलिटेक्निक इन्ष्टिच्यूटमा डिप्लोमा तहको बाली विज्ञान विषयमा निःशुल्क अध्ययन गराइएको ।
- ठूलापोखरा स्वास्थ्य चौकी र भगवती स्वास्थ्य चौकीको निर्माण कार्य प्रारम्भ भएको ।
- वडा नं. ५ छत्रगञ्ज र वडा नं. ६ ठूलापोखराको वडा कार्यालय भवन निर्माण कार्य प्रारम्भ भएको ।
- गाउँपालिका परिसरमा कम्पाउडवाल र गेट निर्माण कार्य सम्पन्न भएको ।
- छत्रदेव गाउँपालिकाका सम्पूर्ण वडा कार्यालयहरुमा सूचना प्रविधिको प्रयोग गरी अनलाइन घटना दर्ता संचालन भएको ।
- प्रदेश छत्रदेव जनता आवास कार्यक्रमको निर्माण कार्य प्रारम्भ भएको ।

# आठौं गाउँसभामा
# अध्यक्ष श्री लेखनाथ पोखेलले प्रस्तुत गर्नु भएको

# आर्थिक वर्ष २०७७/०७८ को
# छत्रदेव गाउँपालिकाको
# नीति तथा कार्यक्रम

**छत्रदेव गाउँपालिका**

**छत्रदेव गाउँ कार्यपालिकाको कार्यालय**

छत्रगञ्ज, अर्घाखाँची,

५ नं. प्रदेश नेपाल

०६ असार २०७७

**उपस्थित गाउँसभाका सम्पूर्ण सदस्यज्यू,**

१. कोरोना भाईरस संक्रमण (COVID-19) बाट विश्व आक्रान्त भएको चुनौतीपूर्ण अवस्थामा आजको दिनमा छत्रदेव गाउँपालिकाको आठौं गाउँसभाको बैठकमा आ.व. २०७७।०७८ को नीति तथा कार्यक्रम प्रस्तुत गर्दै गर्दा उच्च वित्तिय र भौतिक प्रगतिको बदला महामारीसँग लड्दै गरेको दृष्य मेरो मानसपटलमा घुमी रहेको छ ।

२. नेपालको संविधान बमोजिम स्थानीय तहको निर्वाचन सम्पन्न भई हामीहरुले जिम्मेवारी सम्हालेको तीन वर्षपूरा भएको छ । छत्रदेव गाउँपालिकाले प्रतिकूल परिस्थितिका बाबजुद महत्वपूर्ण उपलब्धिहरु सहित चौंथौ नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा मलाई गौरवको महशुस भएको छ ।

३. लोकतन्त्र स्थापनार्थ आफ्नो प्राण उत्सर्ग गर्ने राममणी ज्ञवाली, शिवलाल पोखरेल, पद्मचन श्रेष्ठ लगायत सम्पूर्ण ज्ञात/अज्ञात शहिदहरु प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्न चाहन्छु । साथै जनआन्दोलनका घाइतेहरु, द्वन्द्वपीडित, व्यक्तिहरु, बेपत्ता पारिएका नागरिक र तिनका परिवारलाई स्मरण गर्न चाहन्छु ।

४. संघीयता, राज्य पुनः संरचना र सबै तहका सरकारहरुले कार्यसम्पादन गर्दै गर्दा संघीयताले एउटा मोड लिएको वर्तमान स्थितिमा हालको विपत्तिमा स्थानीय सरकारको औचित्य सावित भएको छ । कल्पना गरौं त अहिलेको कोरोना महामारीको समयमा स्थानीय सरकार नभएको भए स्थिति के हुन्थ्यो होला ? जनताको व्यवस्थापन कस्ले गर्थ्यो होला ? यो कुराको पुष्टि संघीयताले गरेको छ र हाम्रा गतिविधिहरु सबै सार्थक भएका छन् ।

५. स्थानीय सरकार नेपाली जनताको त्याग, बलिदान र लामो संर्घषको परिणाम हो । यो सरकार जनतालाई आफ्नो नजिकको सरकारको अनुभूति दिलाउने सरकार हो । तसर्थ जनताको चाहना र आकांक्षाहरुलाई परिपुर्ति गर्न हामी दृढ छौं । जनताको पूर्ण लोकतन्त्र र मौलिक अधिकार प्रति प्रतिबद्ध रहँदै सुशासन, सदाचार, भ्रष्टाचारमुक्त, सभ्य र कर्तव्यनिष्ट ज्ञानमा आधारित समाज (Knowledge Based Society) निर्माणमा हामी अगाडि बढ्ने प्रतिबद्धता व्यक्त गर्न चाहन्छु ।

६. छत्रमहाराजले राज गरेको यस पुण्य भूमिमा बसोबास गर्ने हाम्रा नागरिकहरुको खुशी नै हाम्रो एक मात्र चाहना हो । करिब १५ वर्षसम्म स्थानीय तहमा जनप्रतिनिधिको रिक्तता पछि तीनवर्ष अगाडि हाम्रो सरकार गठन हुँदा जनताका असिमित आकांक्षाहरु हुनु स्वभावीक नै हो । सरकार गठनको सुरुवातदेखि नै हामी निरन्तर जनआकांक्षा पूरा गर्न अहोरात्र खटेको सबै सामु छर्लङ्गै छ । छोटो अवधिमै सबै कामहरु पूरा गर्न गाह्रो पर्ने वास्तविकता समेत सबैलाई विदितै हुने कुरा हो । हामी भविष्यमा समेत योजनाबद्ध ढंगबाट आफ्ना क्रियाकलापहरु तय गरी समृद्ध छत्रदेव निर्माणमा जुट्ने छौं ।

७. देशमा संविधानले परिकल्पना गरेका तीन वटै तहका सरकारहरुको गठन भई राजनीतिक स्थिरता कायम भइकेको अवस्थामा अब आर्थिक तथा सामाजिक विकास नै हाम्रो लक्ष्य हो । संविधान प्रदत्त अधिकारहरुको उपयोग गर्दै समृद्ध छत्रदेव निर्माणमा जुट्न म सबैलाई आग्रह गर्दछु । छत्रदेव गाउँपालिकालाई अन्य स्थानीय सरकारहरुको तुलनामा नमूना स्थानीय तहको रुपमा विकास गरी यहाँका जनतालाई सम्मानित नागरिक भईजीवन जीउने अवस्थाको सिर्जना गर्ने तर्फ विकासका सबै आयामहरु समेटिएको विकासको रुपमा हाम्रा गतिविधिहरु केन्द्रित भईरहेको अवस्थामा मूलूक कोभिड-१९ को महामारीको चपेटामा परेको छ । जुन लक्ष्य, योजना र गतिकासाथ अगाडि बढ्न खोजिएको थियो, त्यसमा व्यवधान आएको व्यहोरा यस सम्मानित सभा समक्ष जानकारी गराउन चाहन्छु । संविधान प्रदत्त स्थानीय सरकारका अधिकारको प्रयोग र निभाउनु पर्ने भूमिकाको विषयमा छत्रदेव गाउँपालिका जनताले खोज्ने, देख्ने र भेट्ने सरकारको रुपमा स्थापित हुन सकेको हामीलाई विश्वास लागेको छ ।

८. कोरोना संक्रमण (COVID-19) महामारीको कारण मानव जगतमाथि ठुलो संकट पैदा भएको छ र चुनौती थपिएको छ । यस विरुद्ध लड्न मौजुदा हाम्रा स्वास्थ्य संरचना, सेवा र सुविधामा पुनः विचार गर्नु पर्ने भएको छ । संक्रमणको दर बढ्दो छ । मृत्यु हुनेको संख्या उकालो लाग्दै छ । यस किसिमका प्राकृतिक प्रकोपलाई मानव सभ्यताको चुनौतीको रुपमा लिई व्यवस्थापनको लागि विशेष सतर्कता गाउँ पालिकाले अपनाउने छ ।

९. कोभिड-१९ को कारण स्वदेश एवं विदेशमा ज्यान गुमाउनु हुने महानुभाव प्रति समवेदना व्यक्त गर्न चाहन्छु । यसको कारण मुलुकको अर्थतन्त्रमा गम्भिर धक्का पुऱ्याएको छ । यातायात, पर्यटन, उद्यम/व्यवसाय ठप्प प्रायः छन् । भोलिका दिनमा खाद्य संकटको अवस्था आउने स्थिति हाम्रो अगाडि देखिएको छ । सो अनुरुप अबका हाम्रा गतिविधि त्यस तर्फ केन्द्रित गर्नु पर्ने देखिन्छ । चालु आ.व. मा समेत विभिन्न योजना र कार्यक्रमहरुमा विनियोजन भएको रकम कोरोना विरुद्धको अभियानमा लगाउनु पर्ने

स्थिति र आगामी आ.व.मा समेत सो अनुरुपका क्षेत्रमा श्रोतरसाधन लगाउनु पर्ने देखिन्छ ।

१०. कोरोना बिरुद्धका हाम्रा प्रयासहरु पूर्ण नभएता पनि कमजोर छैनन् । पालिकास्तरीय अनुगमन समिति, वडा स्तरीय व्यवस्थापन समिति, आईसोलेसन वार्ड र क्वारेन्टाइन स्थलको स्थापना, करीब ३० हजारको संख्यामा मास्क उत्पादन र जनतालाई वितरण, सर्जिकल सामान र औषधीको पर्याप्त व्यवस्था साथै नेपालको विभिन्न भू-भाग र नेपाल र भारत सिमाबाट अलपत्र परेका यस गाउँपालिकाका जनतालाई पायक पर्ने क्वारेन्टीनमा राख्ने व्यवस्था, निजहरुको आर.डि.टि. र पि.सि.आर. चेक लगायतका गतिविधि र कानून निर्माण गरी असंगठित क्षेत्रमा काम गर्ने र असहाय नागरिकलाई राहत वितरण साथै प्रकोप व्यवस्थापन कोषको स्थापना हाम्रा प्रयत्नहरु हुन् । साथै कोरोना संक्रमणका कारण SEE दिन वञ्चित विद्यार्थीहरुलाई केन्द्रित गरी भर्चुवल कक्षाको माध्ययमबाट ती कक्षाहरु सञ्चालन गरी छत्रदेव टेलिभिजनबाट प्रसारण गर्ने काम सम्पन्न भएको छ ।

११. महामारी विरुद्धका प्रयासहरु हाम्रो एक्लो प्रयत्नले मात्र संभव छैन् । अन्य स्थानीय सरकारसँगको हातेमालो साथै संघ/प्रदेश र मानवीय प्रयत्नले जित हासिल गर्नु पर्ने छ । संक्रमणका विरुद्ध अहोरात्र खट्नु हुने जनप्रतिनिधि, चिकित्सक, स्वास्थ्यकर्मी, कर्मचारी एवं प्रहरी प्रशासन र अन्य संघ÷संस्था सम्पूर्ण पक्षहरुलाई धन्यवाद दिन चाहन्छु ।

१२. कोरोना संक्रमण (COVID-19) को महामारी पछि पनि स्थानीय सरकार कसरी अगाडि बढ्नु पर्दछ, अबको प्राथमिकता के हो, यि विषयहरुलाई नीति तथा कार्यक्रमले समेटेको मैले महशुस गरेको छु ।

१३. कोभिड-१९ को असरलाई न्यूनीकरण गर्दै जनजीवनलाई नियमित गर्ने विषय नै अहिलेको प्रमूख चुनौती हो । महामारीको अवस्थामा स्थानीय सरकारको आवश्यकता र प्राथमिकताहरु पनि बदलिएका छन् । यस परिस्थितिमा स्थानीय तहको बजेट तर्जुमा सामान्य अवस्थाको भन्दा फरक हुने निश्चित छ । हालको स्थितिमा व्यापक सहभागिता सहित योजना तर्जुमा प्रक्रिया सम्भव नभएकोले सार्वजनिक सूचनाको माध्यमबाट नीति, कार्यक्रम र बजेट तर्जुमा प्रक्रिया विधि अवलम्वन गरिएको व्यहोरा विदितै छ । यसमा अमुल्य राय सुझाव दिनु हुने महानुभाव प्रति हार्दिक आभार प्रकट गर्न चाहन्छु ।

१४. चालु आर्थिक वर्षका कतिपय हाम्रा कार्यक्रमहरु संशोधन गरेर पुनः प्राथमिकीकरण गर्नु परेको अवस्था जानकारी गराउन चाहन्छु । महामारीको रुप कति लामो हुने हो, त्यसको कुनै निश्चित नभएका कारण हाम्रा श्रोत साधनहरु विकास गतिविधि भन्दा त्यस तर्फ केन्द्रित गर्नु पर्दछ भन्ने हाम्रो ठहर छ ।

## श्रोत परिचालन

१५. आन्तरिक स्रोत अति न्यून परिचालनको अवस्था रहेको सन्दर्भमा संघीय सरकार र प्रदेश सरकारबाट प्राप्त अनुदानमा भर पर्नु परेको अवस्था हामी सबैलाई जानकारी छ । करको क्षेत्र र दर निर्धारण गर्दा करदाताको क्षमता, करको प्रकृति तथा उठ्ने रकमको आकार र कर उठाउँदा सम्बन्धित क्षेत्रको विकास तथा विस्तारमा पर्न जाने सकारात्मक वा नकारात्मक पक्षहरुलाई विचार गर्दै कर तिर्ने नागरिक दायित्व पूरा गर्न अभिप्रेरित गरिनेछ । प्राप्त अनुदान र नागरिकहरुबाट प्राप्त करको समुचित उपयोगमा जोड दिइनेछ ।

१६. गाउँपालिका भित्रका आर्थिक गतिविधिहरुलाई करको दायरामा ल्याइने छ । राजश्व प्रशासनलाई चुस्तर दुरुस्त बनाई आर्थिक ऐनले निर्दिष्ट गरेका करका क्षेत्रहरु बमोजिम राजश्व असुलीमा जोड दिई लक्ष्य अनुरुप राजश्व असुल गरिने छ ।

१७. सरकारी खर्चको कुशल व्यवस्थापनबाट सुशासनका आयामहरुको क्रियाशिलताद्वारा विकासका लक्ष्यहरु पूरा गरिनेछ । वित्तीय अनुशासन कायम गर्न बिशेष जोड दिइने छ । सरकारी कोषको अधिकतम सदुपयोगमा हामी सचेत रहेको व्यहोरा प्रतिबद्धता व्यक्त गर्न चाहन्छु ।

## आर्थिक विकास

१८. श्रमको सम्मान, श्रमजीविहरुको सुरक्षा, रोजगारी सृजना, उद्यमशिलता विकास र आय आर्जन जस्ता विषयहरु छत्रदेव सरकारका प्राथमिकताका विषयहरु हुन । सभ्य र परिश्रमी नागरिक सरकारका सम्पत्ति हुन् । सबै नागरिकहरुलाई मेहनती र स्वरोजगारमूलक बन्न अभिप्रेरित गर्ने कार्यक्रमहरु सञ्चालन गरिनेछ । आत्मनिर्भर अर्थ व्यवस्था निर्माणमा आवश्यक जमिन, जंगल, जडिबुटी र जनशक्ति जस्ता महत्वपूर्ण र मजबुत श्रोतहरु हामीसँग छन् ।

१९. छत्रदेवको गौरवको रुपमा रहेका विभिन्न मठमन्दिरहरु जस्तैः छत्रदेवालय, मालिका देवालय, बल्कोट पौवा, इमाम्बाडा, साईराम आदि र प्राकृतिक स्थलहरु चौवाह फाँट, मथुरावेसी, खर्ज्याङ्ग आदि स्थानको विकास गर्नुका साथै त्यहाँको जलवायु र जैविक विविधताको उपयोग गर्दै कृषि र पर्यटन व्यवसायलाई एकीकृत गरी विकासलाई प्रोत्साहन गरिने छ ।

२०. कृषि हाम्रो मूल पहिचान हो, कृषि हाम्रो संस्कृति हो, कृषि र पशुपालनमा तुलनात्मक लाभका वस्तुहरु उत्पादन गरी उद्धमशिलता विकास गर्ने उद्देश्य सहित चालु आ.व.मा यस गाउँपालिकाका ४० जना विद्यार्थीलाई एग्रो फरेष्ट्री पोलिटेक्निक ईन्टिच्युटमा ३ वर्षे बालीविज्ञान अध्ययनको लागि निःशुल्क छात्रवृति उपलब्ध गराइएको व्यहोरा यहाँ स्मरण गराउन चाहन्छु । यसले कृषि विकासमा उल्लेख्य भूमिका निर्वाह गर्ने र मानव संशाधन विकासमा ठूलो प्रगति हुने हामीले विश्वास लिएका छौं ।

२१. गाउँपालिकामा एक औद्योगिक ग्राम स्थापनाको प्रक्रिया घरेलु तथा साना उद्योग विकास समिति, अर्घाखाँचीद्वारा अगाडि बढेको व्यहोरा यस सम्मानित सभालाई जानकारी गराउन चाहन्छु । यसको लागि उपयुक्त जग्गा प्राप्ति गर्ने कार्य बाँकी रहेको व्यहोरा समेत जानकारी गराउन चाहन्छु ।

२२. गाउँपालिकामा उत्पादित सामानहरुको प्रवर्द्धन गर्न साथै प्रदेश सरकारको नारा बमोजिम 'नेपाली किनौं, नेपाल बनाऔं अभियान अन्तर्गत शसर्त तर्फ प्रदेश सरकारबाट उपलब्ध हुने रकम समेतको उपयोगद्वारा कोशेलीघर र हाटबजार व्यवस्थापन गरिने छ । कृषिमा विविधिकरण, यान्त्रिकरण तथा व्यावसायीकरण गर्दै निर्वाहमुखी कृषि प्रणालीलाई व्यवसायिक रुपमा विकास गरिनेछ । कृषिलाई सम्मानजनक पेशाको रुपमा रुपान्तरण गरी छत्रदेवमा विद्यमान शैक्षिक बेरोजगारीलाई कृषिमा आवद्ध गराउँदै यसको उत्पादन तथा उत्पादकत्व बढाउने नीति लिइनेछ । कृषि उत्पादनमा हुने लाभ/लागत अनुमानको प्रभावकारी रूपले विश्लेषण गरी नगदे बालीको प्रवर्द्धन गरिनेछ । जग्गा बाँझो राख्ने प्रवृतिलाई निरुत्साहित गर्न कृषकहरुलाई उपयुक्त कार्यक्रम ल्याइनेछ ।

२३. सिचाँइको अभावलाई मध्यनजर गरी आँप, लिचि, कागती जस्ता फलफुलहरुको पकेट क्षेत्र बनाउन संघ र प्रदेश सरकारसँग समन्वय गरिने छ । उन्नत जातका बिरुवाको उत्पादन गरी उत्पादकत्व वृद्धि गर्न "आधुनिक सुविधा सम्पन्न, स्वचालित हरितगृह"को स्थापनाको प्रक्रिया अगाडि बढाइनेछ । खाद्य सुरक्षा र खाद्य सम्प्रभुताको संवैधानिक मौलिक हकलाई व्यवहारिकरूपमा कार्यान्वयन गर्न आवश्यक पहल गरिने छ । किसानहरुको बजार पहुँच सुनिश्चित गर्दै विचौलियाहरुलाई निरुत्साहित गर्ने नीति लिइनेछ । विषादीहरुको प्रयोगलाई निरुत्साहीत गरी अर्गानिक उत्पादनलाई प्रोत्साहन गर्दै "छत्रदेवको पहिचान, अर्गानिक उत्पादन" भनी जिल्ला तथा प्रदेशस्तरमा प्रवर्द्धनात्मक कार्यक्रम सञ्चालन गर्न आवश्यक परामर्श गरिने छ । तयारी खाद्य वस्तुलाई निरुत्साहित गर्ने नीति लिइनेछ । "मेरो घर, रोजगारीको भर"भन्ने हाम्रो नारालाई सार्थक तद्रल्याउने सोंचका साथ प्रक्रिया अगाडि बढाइनेछ । कम पानीबाट पनि सिंचाइको व्यवस्था मिलाउनको लागि चालु आ.व.मा जस्तै संघीय शसर्त र प्रदेश सरकार समेतको लगानीमा प्लाष्टिक पोखरी र थोपा सिंचाइको व्यवस्थालाई प्राथमिकता दिइने छ । उत्कृष्ट कृषकहरुलाई सिमेन्ट पोखरीको व्यवस्था मिलाइने कुरा प्राथमिकतामा राखिने छ ।

२४. बालीनाली संरक्षणको लागि वन्यजन्तु विशेष गरी बाँदर र बँदेलको नियन्त्रणका लागि विशेषज्ञहरु झिकाइ अध्ययन अनुसन्धान गर्ने प्रक्रियालाई पहल अगाडि बढाइ सकिएको छ ।

२५. तुलनात्मक लाभका वस्तुहरु पहिचान गरी कृषकहरुको चाहना बमोजिम कृषि प्रणालीलाई व्यवसायिक बनाइने छ । स्थानीय उत्पादनबाट लघु उद्यम सञ्चालन गर्न प्रोत्साहन गरिने छ । जस्तो, यहाँको उत्पादन आरु/बखडाबाट जाम बनाउने जस्ता उद्यम विकास गर्न जनतालाई प्रोत्साहन गरिने छ । राष्ट्रिय र स्थानीय महत्वका खाद्य तथा पोषण सुरक्षामा टेवा पुऱ्याउने बाली वस्तुको उत्पादनलाई बढावा दिन बाखा तथा खाद्यान्न, तरकारी, फलफुल, मसला लगायत नगदे बालीमा साना व्यवसायिक कृषि उत्पादन केन्द्र, पकेट क्षेत्र र व्यवसायिक कृषि उत्पादन केन्द्र, ब्लक क्षेत्रको अवधारणालाई निरन्तरता सहित प्रोत्साहन गरिने छ ।

२६. कृषि पेशालाई सम्मान जनक पेशाका रुपमा विकास गर्न र कृषकहरुलाई समाजिक सम्मान प्रदान गर्ने व्यवस्थाका लागि उत्कृष्ट कृषकहरुलाई पुरस्कृत गर्ने कार्यलाई निरन्तरता दिइने छ । कोरोना संक्रमण (COVID-19) को कारण खाद्य संकट पर्ने कुरालाई मध्ये नजर गर्दै स्थानीय उत्पादनलाई खाद्य सामाग्रीको रुपमा प्रयोग गर्न प्रोत्साहन गरिने छ । कृषि क्षेत्रमा उत्पादन बढाउन 'स्वदेशी वस्तुको उपभोग गरौं, आन्तरिक उत्पादनलाई प्रोत्साहन गरौं भन्ने नारालाई साकार रुप दिइने छ ।

२७. पशुपालनको माध्यमबाट रोजगारी सिर्जना गरी बेरोजगारी कम गर्दै लगिनेछ । व्यावसायिक पशुपालनमा विशेष गरी बैदेशिक रोजगारबाट फर्केका युवालाई लक्षित गरी आधुनिक कृषि तालिम र विशेष कार्यक्रमको व्यवस्था गरिनेछ । पशुपालक कृषकलाई पशु औषधी, तालिम तथा अवलोकन भ्रमणबाट प्राप्त ज्ञानलाई हाम्रो अनूकुल व्यवस्था गरिने छ । पशुपालक कृषकहरुलाई प्रोत्साहन गर्न गाउँपालिका परिसरमा भेटेनरी ल्याब निर्माणको काम चालु आ.व.मै सम्पन्न भई संचालनको चरणमा रहेको व्यहोरा यस सम्मानित सभामा जानकारी गराउन चाहन्छु ।

२८. यस गाउँपालिकालाई अण्डा, मासु र दुधमा आत्मनिर्भर बनाइ निर्यात गर्ने गरी कार्यक्रम सञ्चालन स्वरुप कृषकलाई प्रोत्साहन गरिने छ । पशुपालन व्यवसायलाई नाफामुखी र आकर्षक बनाउनको लागि घाँसमा आधारित पशुपालन गर्न उन्नत घाँसका बिऊ तथा बेर्ना वितरण तथा व्यावसायिक घाँस खेतीको पकेटको रुपमा विस्तार गरिनेछ । पशुपंक्षीको नश्ल सुधार गरी उत्पादन तथा उत्पादकत्व वृद्धि गर्नको लागि कृत्रिम गर्भाधान कार्यक्रमलाई विशेष जोड दिने प्रक्रिया अगाडि बढाई सकिएको छ ।

२९. दुग्ध पदार्थ एवं मासुको गुणस्तर र स्वच्छतालाई कायम राख्न "बधशालादेखि भान्छासम्म" स्वच्छ र स्वस्थ्य मासु तथा "गोठदेखि ओंठसम्म" स्वच्छ र स्वस्थ दुग्ध कार्यक्रमलाई अभियानको रुपमा सञ्चालन गर्नको लागि गाई, भैंसीमा गोठ सुधार कार्यक्रमलाई निरन्तरता दिइनेछ । आधुनिक उन्नत जातका गाई, भैंसी, बाख्रा पालनमा जोड दिइनेछ । विदेशबाट फर्किएका युवा लक्षित कार्यक्रम, कृषि र पशुपालन व्यवसायमा जोखिम न्यूनीकरण गर्नको लागि बीमामा अनुदानको अध्ययन गरी प्रक्रिया अगाडि बढाउन पहल गरिनेछ ।

३०. माहुरी पाल्न इच्छुक कृषकहरुलाई चालु आ.व.मा तालिम एवं अनुदानमा माहुरीका घार वितरणको कार्यक्रमलाई सम्पन्न भएका छन् । सम्भावना भएका कृषि उपजलाई बढावा दिन जमिन बाँझो राख्ने प्रवृत्तिलाई निरुत्साहित गरिने छ । कृषि उपजहरुको बेसिजनमा मुल्य पर्ने गरी कोल्ड स्टोर स्थापना गर्न आवश्यक पहल गरिने छ । यस क्षेत्रका उत्पादनहरुलाई प्रवर्द्धन गर्न बजार क्षेत्रमा स्टल राख्ने व्यवस्थाको लागि आवश्यक पहल गरिने छ । बजार व्यवस्थापन अन्तर्गत माना/पाथी र किलो काँटामा देखिएको अन्तरलाई बजार अनुगमनको माध्ययमद्वारा समाधान गरिने छ ।

३१. कृषकहरुलाई उत्पादन र उत्पादित वस्तुहरुको विक्रिको आधारमा आवश्यक सहयोगको व्यवस्था गरिने छ । कृषि क्षेत्रको विकासको लागि माटो अनूकुल बनाउन माटो परिक्षणको आवश्यक व्यवस्था गरिने छ । कृषकहरुलाई कृषि सम्बन्धी एडभान्स तालिमको व्यवस्था गरिने छ । साथै तालिमहरुलाई समयानुकुल बनाइने छ । सम्भाव्य स्थानहरुमा सिंचाइको उचित व्यवस्था गरी सहकारी कृषिलाई बढावा दिइने छ । यसका लागि एक कृषि व्यवसाय प्रवर्द्धन कोषको व्यवस्थालाई निरन्तरता दिइने छ । यहाँको कच्चा पदार्थ अन्यत्र लगी उत्पादन गर्ने प्रक्रियालाई निरुत्साहित गरी "छत्रदेवको सामान, छत्रदेवमा उत्पादन" भन्ने कुरामा जोड दिइने छ । उत्पादनमा आधारित अनुदान व्यवस्थालाई आवश्यक पहल गरिनेछ । कृषि तथा पशु विकासको लागि कृषि सहकारी, कृषक समूह तथा कृषि फर्मको दर्ता प्रकृयालाई व्यवस्थित गर्दै कृषि तथा पशु पन्छीको तथ्यांक अत्यावधिक गरिने छ ।

३२. स्थानीय तहमा संचालित व्यापार/व्यवसाय र उद्योगहरुलाई प्रोत्साहन गरी व्यवसायिकता र उद्यमशिलतामा जोड दिइनेछ । निजी क्षेत्रलाई आर्थिक विकासको महत्वपूर्ण अंगको रुपमा स्वीकार गरी प्रोत्साहन गर्दै सार्वजनिक, निजी र सहकारीको माध्यमद्वारा विकास गतिविधिमा जोडदिई कार्यक्रम अगाडि बढाइनेछ । "एक घरः एक व्यवसायी फर्म"को अवधारणा अनुरुप उद्यमी सिर्जना गर्न विशेष पहल गरिने छ ।

३३. युवा लक्षित कार्यक्रम तर्फ विशेष जोड दिइनेछ । हरेक उत्पादनलाई आम्दानीसँग जोड्ने नीति अवलम्वन गरी व्यवसायिकताको विकासमा जोड दिइने छ ।

३४. बसाई-सराईको तिब्र प्रवृतिलाई रोक्न "पर्ख्नोस् हामी तपाईको लागि केही गर्दैछौं" भन्ने भनाइ सहित दीर्घकालीन सोंचका साथ कार्यक्रम अगाडि बढाइने कुरा हामी चालु आ.व.को कार्यक्रममा बोलेका थियौं तर कोरोना संक्रमण (COVID-19) को कारण प्रभावकारी कार्यान्वयन गर्न सकेनौं, आगामी आ.व.२०७७/०७८ मा त्यसलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्ने छौं । महामारीका कारण स्वदेश एवं विदेशबाट गाउँ फर्केका/फर्कने युवा बेरोजगारलाई कृषि क्षेत्रमा लगाउन बाँझों जग्गा व्यवस्थापन लगायतका क्षेत्रमा बजेट व्यवस्थापन गरिने छ ।

३५. सहकारीहरुको विकास गरी रोजगारी सृजना, उत्पादन वृद्धि र वितरणमा तिनको भूमिका बढाइनेछ । स्थानीय सहकारीको

क्षमता अभिवृद्धि गर्ने कार्यक्रम सञ्चालन गरिनेछ । स्थानीय स्तरमा सञ्चालनमा रहेका वित्तीय संस्था तथा सहकारी संस्थाहरुको नियमन गरिनेछ । सहकारी संस्थाहरुसँग रहेको पुँजीलाई गाउँपालिकाको विकासमा लगाउन आवश्यक पहल गरिनेछ । ग्रामिण अर्थतन्त्रलाई बलियो बनाउन सहकारी बजारहरुको स्थापना तथा सञ्चालन गरी आम नागरिकलाई सहकारीसँग जोड्ने हाम्रो दीर्घकालीन नीति रहनेछ ।

३६. कोरोना संक्रमणको कारण हाम्रो जस्तो विप्रेषणको जगमा उभिएको र आयातमा आधारित अर्थतन्त्रको भविष्य अकल्पनीय छ । हाम्रो समाज उत्पादन भन्दा उपभोग र व्यापारीकरण तर्फ ढल्किएको कारण उपभोग्य वस्तुको अभाव र महङ्गीको चपेटामा पर्न सक्ने गम्भीर अवस्था आउन सक्ने अनुमान गर्न सकिन्छ । यसबाट जनतालाई आत्म निर्भर बनाउन कृषि उत्पादनलाई जोड दिँदै स्वदेश फर्कने युवाहरुमा उद्यमशिलताको विकास गरी आत्मनिर्भर गराउनको लागि सो अनुरुप कार्यक्रकहरु ल्याउनु पर्दछ । यसको लागि कृषि विकास बैंक लगायत अन्य बैंक तथा वित्तीय संस्थाहरुबाट उद्यमशिलता विकास कार्यक्रम तथा सहुलियत ऋणको लागि गाउँपालिको तर्फबाटआवश्यक सहजीकरण गरिने छ ।

## सामाजिक विकास,

३७. नेपालको संविधानले शिक्षालाई मौलिक हकको रुपमा स्थापित गरेको छ । प्रत्येक नागरिकलाई आधारभूत शिक्षामा पहुँचको हक उपलब्ध भएसँगै स्थानीय तहको अधिकारको सूचीमा आधारभूत र माध्यमिक शिक्षाको लागि आवश्यक कानून बनाउने, कार्यान्वयन गर्ने लगायत गुणस्तरीय शिक्षा सम्वन्धी सम्पूर्ण रणनीति अख्तियार गर्ने अधिकार स्थानीय तहमा रहेको छ । समाज रुपान्तरणको प्रमुख पक्ष सामाजिक परिचालन र सामाजिक/सांस्कृतिक ऐक्यबद्धता भएकोले यस पक्षमा विशेष ध्यान दिइने छ ।

३८. "छत्रदेवको इच्छा, युग सुहाउदो शिक्षा" भन्ने नारालाई सार्थक तुल्याउने गरी शिक्षा क्षेत्रमा हाम्रा गतिविधिहरु केन्द्रित हुनेछन् । सो अनुरुप व्यवहारिक र प्राविधिक शिक्षामा हाम्रो जोड रहनेछ ।

३९. विद्यालय जाने उमेर पुगेका हरेक बालबालिकाहरुलाई विद्यालयको पहुँच सुनिश्चित गर्न सो अनुरुप विद्याथी भर्नाको नीति लिइनेछ । गत शैक्षिक शत्रदेखि कक्षा १ बाट सुरु भएको अंग्रेजी माध्ययमको शिक्षालाई चालु आ.व.मा कक्षा २ मा लागु गरिएको  र क्रमशः कक्षा वृद्धि गर्दै लगिनेछ ।

४०. कोभिड-१९ का कारण अवरुद्ध हुन पुगेको शिक्षा प्रणालीलाई उपयुक्त माध्यमबाट जोड्ने प्रयास गरिनेछ । सम्पूर्ण छत्रदेव बासीलाई देश भक्त, सभ्य, सुसंस्कृत, योग्य, उद्यमशिल, सिर्जनशिल, आत्म विश्वासी, नैतिकता र सदाचार प्रति बफादार नागरिक बनाउने यस छत्रदेव स्थानीय सरकारको शिक्षा नीति रहनेछ ।

४१. बाल विकास केन्द्रका सहजकर्ताहरुको क्षमता अभिवृद्धि गरिनेछ । गत आ.व. बालबालिकाहरुको सिकाईलाई प्रविधि मैत्री बनाउनका लागि टेलिभिजनको व्यवस्था गरिएको थियो भने चालु आ.व. मा बाल विकास केन्द्रहरुमा फर्निचरको व्यवस्था गरिएको छ । बाल विकासमा अध्ययनरत विद्यार्थीका लागि निःशुल्क पाठ्यपुस्तक वितरण गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

४२. शिक्षकहरुलाई प्रगति देखिने गरी डायरी अद्यावधिक गर्ने कार्यलाई निरन्तरता दिँदै उनीहरुको कार्य सम्पादन मापन तथा उनीहरुले अध्यापन गर्ने विद्यार्थीहरुको शैक्षिक उपलब्धिको आधारमा पुरस्कार तथा दण्डको व्यवस्था मिलाइनेछ । शिक्षाको माध्यमबाट व्यक्तिलाई व्यवसायिक, प्रतिस्पर्धी र राष्ट्रप्रति बफादार नागरिक बनाइने क्रियाकलापलाई निरन्तरता दिइनेछ ।

४३. सामुदायिक विद्यालयमा विद्यालय समायोजन, दरबन्दी मिलान एवं प्र.अ. मिलान जस्ता गतिविधिहरुलाई प्राथमिकताका साथ सम्पादन गर्न प्रक्रिया अगाडि बढाइनेछ ।

४४. विद्याथीहरुलाई विद्यालयमा विद्यार्थी "ल्याउन, टिकाउन र सिकाउन" प्रारम्भमा बाल विकास केन्द्रमा "दिवा खाजा"को सुरुवात गरिएकोछ । यसको प्रभावकारिता अध्ययन गरी संघीय सरकारको सशर्त तर्फको बजेट समेतको आधारमा कक्षा ५ सम्म संचालन गरिने छ ।

४५. विद्यालयहरूमा विद्यार्थी र शिक्षकहरुको प्राथमिक स्वास्थ्य परिक्षणको निम्ति चालु आ.व. मा कार्यविधि निर्माण गरिएको र आगामी आ.व.को सुरुदेखि नै कार्यान्वयन गर्ने व्यवस्था मिलानेछ ।

४६. शिक्षालाई सूचना प्रविधि मैत्री बनाउन पछिल्लो सूचनाको विकासलाई अवलम्बन गर्न शिक्षकहरुलाई तालिमको उपयुक्त व्यवस्था गरिने छ। विद्यालयहरुमा कम्प्यूटर, प्रिन्टर लगायतका सामानहरुको समुचित व्यवस्था गरिनेछ। शिक्षाको गुणस्तर अभिवृद्धि गरी यहाँका विद्यार्थीहरु अन्यत्र जाने प्रवृत्तिलाई निरुत्साहित गरिने छ। नैतिक शिक्षा, सहकारी शिक्षा, उद्यमशिल शिक्षा जस्ता कुराहरुमा विशेष जोड दिइनेछ।

४७. चालु आ.व.मा ३ वर्षे बालीविज्ञान अध्ययन गर्न छत्रदेव गाउँपालिकाका ४० जना विद्यार्थीलाई निःशुल्क छात्रवृत्तिलाई ३ वर्षमा सम्पन्न गरिनेछ।

४८. विद्यालयमा विद्यार्थीहरुका लागि अतिरिक्त क्रियाकलापमा विशेष जोड दिइनेछ। विद्यालयमा हरियाली प्रवर्द्धन गर्न विद्यालय पूर्वाधार निर्माण गर्दा ध्यान दिइनेछ।

४९. अघिल्लो आ.व. २०७६/०७७ बाट सुरु गरिएको LKG शिक्षालाई गाउँपालिका भरि नै लागु गरिने छ।

५०. माध्यमिक तहसम्मका छात्राहरुको लागि सशर्त तर्फ समेतको बजेट साथै गाउँपालिकाबाट स्यानिटेरी प्याडको व्यवस्था गरी वितरण गरिनेछ।

५१. शिक्षालाई थप सुधार गर्दै यस क्षेत्रमा समयको माग अनुरुपको शिक्षाको विकास गर्न आवश्यकता अनुसार संरचनाहरु निर्माण गरी थप कार्यहरु अगाडि बढाइनेछ।

५२. नेपालको संविधानमा प्रदत्त स्वास्थ्य सेवा पाउने नागरिकको मौलिक हकको प्रावधानलाई व्यवहारिक कार्यान्वयन गर्ने नीति लिइनेछ। सबै नागरिकहरुलाई स्वस्थ बनाउन गुणस्तरीय, सहज र सुलभ आधारभूत स्वास्थ्य सेवामा समान पहुँच सुनिश्चित गर्दै सबैको स्वस्थ जीवनको प्रत्याभूति गरी दीगो विकास गर्ने नीति लिइनेछ। पोषणलाई स्वास्थ्यसँग तादम्यता मिलाई प्राथमिकतामा राखिनेछ।

५३. स्वास्थ्य संस्थाहरुमा औषधीको कमी हुन नदिई औषधी आपूर्तिको प्रभावकारी व्यवस्था मिलाइने कार्यलाई जनउत्तरदायी, पारदर्शी र जवाफदेही बनाइने छ।

५४. स्वास्थ्य बीमा कार्यक्रमलाई अझै सरल, सहज र समय सापेक्ष बनाइ थप प्रोत्साहन गरिने छ।

५५. स्वास्थ्य क्षेत्रका जनशक्तीको क्षमता विकासको लागि संघ र प्रदेशसँग समन्वय गरी आवश्यक पहल गरिनेछ। कोभिड-१९ रोकथाम, नियन्त्रणमा खटिने स्वास्थ्यकर्मीहरुको मनोवल उच्च राख्न स्वास्थ्यकर्मीको वृत्ति विकास, क्षमता अभिवृद्धिमा ध्यान दिइनुका साथै स्वास्थ्य संस्थाहरुलाई आधुनिक र पूर्वाधारयुक्त बनाइने छ। बल्कोट प्राथमिक स्वास्थ्य केन्द्रलाई १५ शैयाको सुविधा सम्पन्न अस्पताल बनाउने प्रक्रिया अगाडि बढी सकेको सन्दर्भमा आकस्मिक सेवा सहितको जनताको आवश्यकता अनुरुप अस्पताल सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ। जिरो होम डेलिभरी स्थानीय तह घोषणा गर्ने नीति लिइनेछ।

५६. सामाजिक सुरक्षा भत्ता वितरणसँगै निःशुल्क स्वास्थ्य परिक्षण तथा औषधी वितरण कार्यक्रमलाई थप प्रभावकारी बनाइने छ।

५७. COVID-19 लगायतका विषयमा विद्यालय स्वास्थ्य शिक्षा, आमा समूह तथा स्थानीय तहमा 'स्वास्थ्यका लागि सामाजिक व्यवहार परिवर्तन प्रवर्द्धन अभियान् कार्यक्रम र त्यस्तै COVID विशेष कार्यक्रमको लागि आवश्यक बजेटको व्यवस्था गरिनेछ। कोरोना संक्रमण (COVID-19) को भोगाइवाट नयाँ कुरा सिक्दै चुनौतीलाई अवसरको रुपमा लिइ मानविय जीवनमा स्वास्थ्य सम्वन्धी गतिविधलाई थप सिकाइको रुपमा ग्रहण गर्ने र हाम्रा गतिविधिले नयाँ संस्कृतिको विकास हुने हामीलाई विश्वास छ।

५८. विपन्न समुदायका नागरिकको स्वास्थ्य उपचारमा विशेष ध्यान दिइनेछ। नसर्ने रोगहरुको रोकथाम तथा व्यवस्थापनको लागि प्रवर्द्धनात्मक, प्रतिकारात्मक, उपचारात्मक, पुनर्स्थापनात्मक स्वास्थ्य सेवा प्रवाह गरिनेछ।

५९. महिला स्वयं सेविकालाई परिचयपत्रको व्यवस्था गरिनेछ साथै महिला स्वास्थ्य स्वयं सेविकालाई सञ्चार सुविधाको व्यवस्था गरिनेछ। उत्कृष्ट महिला स्वयंसेविकालाई सम्मान गरिनेछ। जनप्रतिनिधि र राष्ट्रसेवक कर्मचारीलाई स्वास्थ्य विमा अनिवार्य गर्दै आम नागरिकलाई यस कार्यक्रममा उत्प्रेरित गरिनेछ।

६०. स्वास्थ्य संस्था विहिन वडा नं ३ मा "आधारभूत स्वास्थ्य सेवा केन्द्र, छत्रदेव-३Æ निर्माणको कामको लागि जग्गा प्राप्ति भई चालु आ.व. मा बोलपत्रको माध्यमद्वारा भवन सम्पन्न हुन गइरहेको साथै कर्मचारीको आपुर्ती भई ७६ फागुन १ देखि

सेवा सञ्चालन भएको व्यहोरा यस सम्मानित सभा समक्ष जानकारी गराउन चाहन्छु। वडा नं ६ र ७ को स्वास्थ्य भवन निर्माणको लागि संघीय सरकारको विशेष अनुदानमा चालु आ.व.मा बहुवर्षीय ठेक्का सम्झौताभई निर्माणाधीन रहेको व्यहोरा जानकारी गराउन चाहन्छु। वडा नं. १ र ५ का स्वास्थ्य चौकीका भवनहरु सम्पन्न भई हामीलाई हस्तान्तरण भईसकेका छन्। विभिन्न स्वास्थ्य संस्थाहरुमा रहेका एम्बुलेन्सहरु हाम्रा सम्पत्ति हुन, जनताको स्वास्थ्य सेवा प्रवाहमा यिनीहरुको उपयुक्त व्यवस्थापन गरिनेछ।

६१. स्वास्थ्य सेवा प्रवाहका दृष्टिले पछाडि परेका र जनताको व्यापक माग रहेका वडा नं। ०६ को चौवाह, वडा नं. ०८ को नेटाखर्क, वडा नं. ०१ को नेटी र वडा नं. ०७ को मडेलचौरमा सामूदायिक स्वास्थ्य ईकाई स्थापनाको प्रक्रिया गत आ.व. २०७५र०७६ मै अगाडि बढीसकेको र प्रदेश सामाजिक विकास मन्त्रालयमा थप कारवाहीको लागि पहल भईरहेको व्यहोरा यस सम्मानित सभामा जानकारी गराउन चाहन्छु साथै आगामी आ.व.२०७७।०७८ मा वडा नं ०६ को चौवाह र वडा नं ०१ को नेटीमा गाउँपालिकाको बजेटबाट सेवा सञ्चालन गरिनेछ र बाँकी २ स्थानमा पनि सामाजिक विकास मन्त्रालय मार्फत सेवा सञ्चालन गर्न पहल गरिने छ।

६२. सरकारी स्वास्थ्य संस्थामा प्रोटोकल अनुसार ४ पटक गर्भ जाँच गराउने गर्भवती महिलाहरुलाई गर्भवती तथा सुरक्षित प्रसुती उत्प्रेरणा कार्यक्रम मार्फत थप प्रोत्साहन गरिने छ। छत्रदेव गाउँपालिका भित्रका बर्थिङ सेन्टरमा प्रसुती हुने सुत्केरीलाई निःशुल्क एम्बुलेन्स सेवा प्रदान गरिने छ। बर्थिङ सेन्टरमा प्रसुती हुने सुत्केरी महिला तथा नव शिशुको प्रोटोकल अनुसारको स्वास्थ्य जाँच नर्सिङ कर्मचारीबाट घरमै गएर गर्ने व्यवस्था मिलाइने छ।

६३. गर्भवती अवस्थामा गर्भ जाँच गराउँदा Rural Ultrasound कार्यक्रम मार्फत Ultrasound सेवा उपलब्ध गराउने कार्यको सुरुवात गरिने छ।

६४. आयुर्वेदिक तथा प्राकृतिक चिकित्सा पद्धतिलाई प्रवर्द्धन गर्न व्यवसायिक जडीबुटी खेतीलाई प्रोत्साहन गर्न सो को पहिचान र प्रयोगमा जोड दिइनेछ। गाउँपालिकामा एक आयुर्वेद केन्द्र स्थापना गर्न विशेष पहल गरिनेछ। आम नागरिकलाई योगाभ्यास र शारीरिक व्यायाम सहितको जीवन पद्दति अपनाउन प्रोत्साहन गरिनेछ। वडाहरुमा व्यायामशाला आरोग्य केन्द्र र योग केन्द्रहरु स्थापना गरि सञ्चालन गर्न सचेतनामूलक कार्यक्रममा जोड दिइनेछ।

६५. गाउँपालिका अन्तर्गतका सबै वडाहरुमा स्वच्छ र स्वस्थ खानेपानीको व्यवस्था गर्नको लागि आवश्यक कदम चालिने छ। सबै वडाहरुमा प्रदेश र संघीय सरकारसँग समन्वय गरी कम्तिमा एक वडा एक लिफ्टिङ खानेपानी आयोजना सञ्चालन गरिने कार्यक्रमलाई अगाडि बढाई सकिएको छ र नपुग भएका क्षेत्रहरु समेट्ने गरी निरन्तरता दिइनेछ। पूर्ण सरसफाई युक्त गाउँपालिकाको घोषणाका लागि आवश्यक बजेट व्यवस्था गरी चालु आ.व.मा कार्यान्वयन प्रक्रिया अगाडि बढाइ सकिएको र आगामी आ.व.२०७७।०७८मा गाउँपालिकाका सबै बस्तीहरुमा सरसफाई सम्बन्धी सचेतना कार्यक्रम सञ्चालन गरिनेछ।

६६. नेपाल सरकार र प्रदेश सरकारको समन्वय र सहकार्यमा आगामी ५ वर्ष भित्रमा शतप्रतिशत जनतालाई सुधारिएको खानेपानी र सरसफाईको व्यवस्था गर्ने गरी योजना तथा कार्यक्रम तर्जुमा र बजेट विनियोजन र कार्यान्वयन गरिने कुरालाई चालु आ.व.२०७६।०७७ देखि नै जोड दिइदै आएकोमा यसलाई निरन्तरता दिइने छ।

६७. खानेपानीको उचित व्यवस्थापनको लागि खानेपानी प्रणालीलाई मिटर प्रणालीमा लगी पानीको पूर्ण सदुपयोगमा जोड दिने साथै मितव्ययीता पूर्ण उपभोगलाई वढवा दिन खानेपानीलाई पहिलो प्राथमिकतादिई क्रियाकलाप केन्द्रित गरिने छ। साथै जनताको आवश्यकता अनुरुप "एक घर, एक धारा"को अभियानलाई अगाडि बढाइनेछ

६८. खानेपानीको समस्या समाधान गर्न छत्रदेव गाउँपालिकाले एक वडा एक लिफ्टिङ् खानेपानी आयोजनाको नीति लिइएकोमा उक्त नीति बमोजिम लिफ्टिङ्ग खानेपानी आयोजनाको सञ्चालनलाई सुव्यवस्थित बनाउन उपभोक्ता समितिलाई योजना हस्तान्तरण गर्ने र आफैमा सञ्चालन गर्न सक्षम गराउने नीति लिइनेछ।

६९. उपल्लो टिकुरी खानेपानी आयोजना, अर्घातोष खानेपानी आयोजना, बल्कोट (केरुङा खानेपानी आयोजना, तिलकुवा चिदिपानी खानेपानी आयोजना र झिक्रे ढिकुरा खानेपानी आयोजना क्रमागत आयोजनाको रुपमा निर्माणाधीन छन्।

७०. फोहोर मैला व्यवस्थापनका लागि डम्पिङ्ग साइट स्थापना गर्न र पूर्वाधारको निम्ति चालु आ.व. २०७६।०७७ मा संभाव्यता

अध्ययनको लागि बजेट व्यवस्था गरिएकोमा सो को लागि उपयुक्त ठाउँको खोजी गर्न समिति गठन भई कार्य प्रारम्भ भएकोमा कोरोना संक्रमण (COVID-19) को कारण आशातीत उपलब्धी हुन नसकेका कारण चालु आ.व.मा निरन्तरता दिइने छ ।

७१. संस्कृति हाम्रो पहिचान हो । गाउँपालिका क्षेत्रभित्र रहेका सम्पूर्ण धार्मिक स्थल, मौलिक संस्कृति, प्राचिन पोखरी, परम्परागत बाजागाजा, नाँच, चाडवाडको संरक्षणलाई प्राथमिकता दिइ बजेट व्यवस्था र कार्यान्वयन गर्दै आएका छौं । छत्रदेवालय मन्दिर (उलुक) प्रवेश गर्ने पैदल मार्गको प्रदेश सरकारसँगको साझेदारीमा सिंढी र रेलिङ्ग निर्माणको काम गत आ.व.मा नै सम्पन्न भइसकेको छ । छत्रदेवालय मन्दिरमा दैनिक पूजा पाठको लागि आवश्यक व्यवस्था मिलाइनेछ र आन्तरिक पर्यटक आगमनलाई बढावा दिन प्रवर्द्धनात्मक कार्यक्रममा जोड दिइनेछ ।

७२. मालिका देवालय मन्दिर (ठूलापोखरा), चिदिका कालिका मन्दिर, इमाम्बाडा, आलम मन्दिर, छत्र देवालय (उलुक), बल्कोट पौवा, केरुङ्गा कालिका मन्दिर, ताराखसे मन्दिर, माझकोट मन्दिर, विसौना क्षेत्रहरुलाई समेत समेटेर पर्यटकीय रुटको रुपमा विकास गर्ने हाम्रा प्रयासहरुलाई निरन्तरता दिइनेछ । गाउँ गाउँमा पोखरी निर्माणलाई प्रोत्साहन गरिनेछ । जातीय, भाषिक, धार्मिक, सांस्कृतिक विविधता तथा जटिल भौगोलिक बनावट समेतलाई आत्मसात् गरी सामाजिक सद्भाव, समानता र सहिष्णुतामा आधारित समाज निर्माण गर्ने नीतिलाई निरन्तरता दिइनेछ ।

७३. विदेशबाट फर्केका युवाहरुलाई युवा लक्षित कार्यक्रम चालु आ.व.मा सञ्चालन गरिएको र आगामी आ.व. २०७७०७८ मा पनि निरन्तरता दिइनेछ । युवाहरुलाई सीपमूलक तालिम दिइ स्वरोजगारीको सिर्जना गरिनेछ । युवाहरुको व्यक्तित्व विकासका लागि नेतृत्व विकास तालिमहरुको आयोजना गरिनेछ । युवाहरुको सीप, दक्षता र क्षमता विकासलाई जोड दिइ विशेष सीप भएकालाई मात्र विदेशको माग बमोजिम छत्रदेवको शिर उचो राख्ने जनशक्ति विदेश पठाउने व्यवस्था गरिनेछ साथै पलायन हुने क्रमलाई निरुत्साहित गरिनेछ । युवा लक्षित कार्यक्रमको माध्यमबाट उद्यमशिलता विकास गरी 'घरघरमा रोजगारी, जानु पर्दैन अब खाडी भन्ने कुरालाई सार्थक पार्ने नीति लिइने छ ।

७४. लैङ्गिक समानता एवं सामाजिक तथा संस्कृतिक क्षेत्रमा कार्यक्रम सञ्चालन र गुणस्तरीय सेवा प्रवाह गरी स्वस्थ, शिक्षित, न्यायपूर्ण र गतिशिल सामाजिक जीवनको स्थापना गरिनेछ ।

७५. बाल मस्तिष्कलाई प्रस्फुटन गर्न बाल उद्यानहरुको स्थापना गरी बालबालिकाहरुलाई मनोरञ्जनको वातावरण प्रदान गरिने कार्यलाई बढवा दिइनेछ । नीति निर्माण गर्दा बालमैत्री कार्यक्रम अवलम्बन गरी विभिन्न क्रियाकलापहरु सञ्चालन गरिनेछ । अपाङ्ग एवं फरक क्षमता भएका नागरिकका निम्ति "हामी सक्छौं, हामी गर्छौं" भन्ने कुरामा आत्मविश्वास अभिवृद्धि गर्न विशेष पहल गरिनेछ । अन्तरपुस्ता सचेतना कार्यक्रमको माध्यमद्वारा सामाजिक सद्भाव र सामाजिक परिचालनको व्यवस्था गरिनेछ ।

७६. खेलकुद क्षेत्रको विकासका लागि खेलकुद मैदानहरुको निर्माण तथा खेलकुद प्रतियोगिताको आयोजना गर्ने काम छत्रदेवको प्राथमिकताको विषय हो । गत वर्षबाट सुरु भएको अध्यक्ष कप खेलकुद प्रतियोगितालाई चालु आ.व.मा पनि सम्पन्न गरिएको, चालु आ.व.मा सम्पन्न वडास्तरीय क्रिकेट प्रतियोगिता दुवै खेलकुद प्रतियोगितालाई आगामी आ.व.मा पनि निरन्तरता दिइने छ । गत आ.व.मा रातापोखरा क्रिकेट मैदान निर्माण कार्य सुरु गरिएकोमा प्रदेश सरकारसँग समन्वय गरी यसलाई एउटा वृहत क्रमागत योजनाको रुपमा राखी कार्य अगाडि बढाइएको र चालु आ.व.मा पनि थप निर्माणको काम सम्पन्न भएकोछ । कोल्दी पिकनिक स्पट र कभर्डहललाई क्रमागत योजनाको रुपमा राखी सुविधा सम्पन्न पिकनिक स्पट र खेलकुद गतिविधि संयुक्त रुपमा विकास गर्न चालु आ.व.मा पनि थप पूर्वाधारको काम सम्पन्न भएकोछ । कभर्डहल निर्माणको काम प्रदेश सरकारको लागत साझेदारीमा प्रक्रिया अगाडि बढी सकेकोमा यसलाई निरन्तरता दिइनेछ । त्यस्तै प्रदेश सरकारको सशर्त अनुदानमा देवीडाँडा आधारभूत खेलमैदान-छत्रदेव-०१, धरमपानीघाट खेलमैदान-छत्रदेव-०६ र चिदिका खेल मैदान-छत्रदेव-०१ साथै प्रदेश समपूरक अनुदानबाट गंगाटार पार्क निर्माण-छत्रदेव-०१ एवं स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम अन्तर्गत मथुरा-फूलबारी शहीद स्मृतिपार्क तथा खेल मैदान-छत्रदेव-०३ चालु आ.व.मा सम्पन्नको चरणमा छन् ।

७७. खेलकुदको हिसावले छत्रदेव गाउँपालिकामा प्रशस्त पूर्वाधारहरुको निर्माण भईसकेका र यिनलाई थप सुविधा सम्पन्न बनाइ गाउँपालिकालाई Sports Tourism को रुपमा विकास गर्ने दीर्घकालीन सोंच रहेकोछ ।

**सभाका सदस्यज्यूहरु,**

७८. माध्यमिक विद्यालयहरुमा विज्ञान प्रयोगशालाहरुको स्थापना तथा स्तरउन्नती गर्ने कामलाई अगाडि बढाई सकिएको सन्दर्भमा यसलाई निरन्तरता दिइनेछ। गत आ.व. २०७५।०७६ मा माध्यमिक विद्यालयहरुमा इन्टरनेट सेवाको पहुँच पुऱ्याइ सकिएको छ। सूचना तथा सञ्चार प्रविधिको उच्चतम प्रयोगमा जोड दिइने कुरालाई निरन्तरता दिइनेछ।

७९. बहुल संस्कृती एवं सम्पदाहरुको संरक्षण, सम्वर्धन र साँस्कृतिक सु-सम्बन्धमा आधारित समाजको निर्माण गर्दै सबै समुदायहरुको धार्मिक र साँस्कृतिक मुल्य मान्यताहरुको सम्मान गर्ने नीति अपनाइएको सन्दर्भमा "जातीय सद्भाव र सामाजिक एकताको छत्रदेव परिवार" हाम्रो प्रतिष्ठाको रुपमा रहनेछ। जेष्ठ नागरिकहरुलाई सम्मान गरिने कामलाई अझ व्यवस्थित गरिनेछ। जेष्ठ नागरिकका अनुभव र सीपलाई छत्रदेवको विकासमा उपयोग गर्ने नीति लिइने कामलाई मूर्त रुप दिइनेछ। महिलाको क्षमता वृद्धिका लागि सीपमुलक तालिम तथा नेतृत्व विकास सम्बन्धी कार्यक्रम सञ्चालन गर्ने कामलाई व्यापक बनाईने छ । "दक्ष सीपयुक्त महिला, छत्रदेवमा पहिला"को नीतिलाई निरन्तरता दिइनेछ। यसका लागि महिला तथा बालबालिका कोषको स्थापना गरी व्यवस्थित रुपमा परिचालन गर्ने कामलाई निरन्तरता दिइनेछ।

८०. विकास गतिविधिलाई एकद्वार प्रणालीको अवधारणा अनुरुप गैर सरकारी संघ-सस्थाका काम कारबाहीहरु जनमुखी र नतिजा उन्मुख बनाउन कार्यक्रमहरु सञ्चालन गर्नुपूर्व अनिवार्य अनुमती लिनुपर्ने व्यवस्था गरिने छ। गैर सरकारी संघ-संस्थाका कार्यक्रमहरुलाई समृद्ध छत्रदेव निर्माणको सहयोगीको रुपमा लिइनेछ। स्थानीय सरकार सञ्चालन ऐनको व्यवस्था बमोजिम सो कार्यलाई प्रभावकारी बनाउन एन.जि.आ.र आई.एन.जि.आ. डेस्क स्थापना भइसकेको सन्दर्भमा सो डेस्क मार्फत अझ प्रभावकारी बनाइनेछ।

**पूर्वाधार विकास तर्फ,**

८१. पूर्वाधार विकास विकासको पूर्व शर्त हो। पूर्वाधार विकास बिना आर्थिक तथा सामाजिक विकास सम्भव छैन। भौतिक संरचनाहरुमा जनताको सहज पहुँच पुग्ने गरी सेवा सुविधाको विकास गर्न आवश्यक छ। यसै कुरालाई मध्यनजर गर्दै आगामी आ.व.२०७७।०७८ को बजेटको ठूलो हिस्सा पूर्वाधार विकासमा लगानी हुने छ र आगामी आ.व.२०७७।०७८ लाई पूर्वाधार वर्षको रुपमा मनाइनेछ। वातावरणलाई तादाम्यता कायम गरी पूर्वाधार विकासको कामलाई अगाडि बढाइनेछ। यस गाउँपालिकाको सडक सञ्जाल व्यापक विस्तार भइसकेको सन्दर्भमा सोको स्तरोन्नति गर्न संघ र प्रदेश सरकारसँग विशेष पहल गरिनुका साथै गाउँपालिकाको आफ्नो श्रोत परिचालनमा विशेष जोड दिइने छ। "हाम्रो सडक, हाम्रो सहभागिता, स्तरीय सडक, हाम्रो प्रतिवद्धता" अनुरुप गाउँपालिका भित्रका सडकहरुमा स्थानीय जनताहरुको सहभागितामा नाली निर्माण कार्यक्रमलाई निरन्तरता दिइनेछ।

८२. विकासका सबै आयामहरुले समेटिएको विकासको निम्ति दीगो विकासका लक्ष्यहरु तर्फ केन्द्रित रही गतिविधिहरु अगाडि बढाइनेछ।

८३. वातावरणीय प्रभावहरुको मूल्याङ्कन गरी सडकहरुलाई प्राथमिकताका आधारमा स्तरोन्नती गर्दै लगिनेछ। सडकको स्तरोन्नतिका लागि सम्बद्ध सबै निकायसँग समन्वय गरिनेछ। आवश्यक स्थानमा कल्भर्ट निर्माणलाई प्राथमिकता दिइनेछ। गाउँपालिका क्षेत्रभित्रका भित्रि बाटोहरुमा नालीको व्यवस्था गरी वर्षा याममा समेत ग्रामिण यातायातको सुनिश्चितता गरिनेछ। सडकहरुमा वर्षाको पानी निकासको लागि ह्युम पाईपहरु गत वर्ष खरिद भएका र आगामी आ.व. २०७७।०७८ मा व्यवस्थित रुपमा राख्ने कार्यलाई प्राथमिकता दिइनेछ।

८४. प्रधानमन्त्री रोजगार कार्यक्रम र मुख्यमन्त्री ग्रामिण विकास कार्यक्रम जस्ता विकास गतिविधिहरु संघीय सरकार र प्रदेश सरकारद्वारा स्थानीय सरकारको विकास गतिविधिहरु सञ्चालन गर्न प्राप्त कार्यक्रम भएकोले हाम्रो आवश्यकता र वस्तुस्थिति अनुरुप प्रचलित कानून बमोजिम प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ। पूर्वाधार विकासका काममा युवा र महिलाहरुलाई कामका लागि पारिश्रमिकमा आधारीत भई आकर्षित गर्ने गरी कार्यक्रम सञ्चालन गरिनेछ।

८५. योजना कार्यान्वयनलाई प्रभावकारी बनाउन अनुगमन/मूल्याङ्कन विधिलाई चुस्त र नतिजामुखी बनाइनेछ र अनुगमनको पनि अनुगमन गर्ने कार्यको सुरुवात गरिनेछ।

८६. गाउँपालिका क्षेत्रभित्र रहेका आवास विहिन, अति विपन्न घर परिवारको लागि "छत्रदेव जनता आवास कार्यक्रम" सञ्चालन प्रक्रिया

अगाडि बढाउन गत आ.व. २०७५।०७६ मा कानून निर्माण गरी जग्गा प्राप्तीको काम सम्पन्न भएको छ। चालु आ.व.२०७६।०७७ मा प्रदेश सरकार र गाउँपालिकाको संयुक्त बजेट लगानीमा 'छत्रदेव जनता आवास, बहुउद्देश्यीय सामुदायिक भवन निर्माणको प्रक्रिया अगाडि बढाई सकिएको र डि.पि.आर. को काम समेत अन्तिम चरणमा पुगेकोले आगामी आ.व. २०७७।०७८ मा एकीकृत बस्ती विकासको स्वरुपमा आवास निर्माण गर्ने प्रक्रियालाई बजेट व्यवस्था सहित प्राथमिकता दिइनेछ। "जसको जमिन, उसको आकाश"को आधारमा आवासीय भवन निर्माणको कामलाई गत आ.व.को नीतिलाई ध्यान दिइनेछ।

८७. सार्वजनिक र निजी स्थायी संरचनाहरुलाई सुरक्षित बनाउन भवन मापदण्ड लागु गर्ने कामलाई प्रथमिकता दिइनेछ। छत्रदेव गाउँपालिका क्षेत्र भित्र निर्माण हुने संरचनाहरु भुकम्प प्रतिरोधी बनाउन मापदण्डको कार्यान्वयनमा जोड दिइने कामलाई प्राथमिकता दिइनेछ।

८८. निर्मित सार्वजनिक संरचनाहरुको सुरक्षाको लागि निर्मित सार्वजनिक सम्पत्तीको संभार एवं मर्मत संभारको लागि एक मर्मत संभार कोषका साथै बजेटको व्यवस्था गरिनेछ।

८९. गाउँपालिका भित्र सार्वजनिक पूर्वाधार निर्माण गर्दा महिलामैत्री, बालमैत्री, अपाङ्गमैत्री तथा वातावरणमैत्री संरचना निर्माणमा जोड दिने विषयलाई निरन्तरता दिई कार्यान्वयन गरिनेछ।

९०. गाउँपालिका केन्द्रको १० रोपनी जग्गामा डि.पि.आर. सम्पन्न भई प्रशासकीय भवन निर्माणको काम अगाडि बढाउन संघीय सरकार र गाउँपालिकाको ४०:६० को लगानीमा करिब ९ करोडको लगानीमा बहुवर्षीय ठेक्का अन्तर्गत प्रक्रिया अगाडि बढाउन लागिएको व्यहोरा यस सम्मानित सभा समक्ष जानकारी गराउन चाहन्छु।

९१. गाउँपालिकामा गत आ.व. २०७५।०७६ मा तीन वटा हेली प्याड (वडा नं ४ र ८) निर्माण भई सकेका छन्। अन्य वडाहरुमा पनि आवश्यकता र मागानुसार हेलिप्याड निर्माण गर्ने कार्यलाई प्राथमिकता दिइनेछ ।

९२. गाउँपालिकाबाट निर्मित तथा वडाहरुबाट प्राप्त सम्पूर्ण योजनाहरुको परियोजना बैंक (Project Bank) तयार गरिनेछ। गाउँपालिकाको विकासको लागि आवधिक, वार्षिक, रणनीतिगत, विषय क्षेत्रगत, मध्यकालिन तथा दीर्घकालिन विकास योजना बनाई कार्यान्वयन गरिनेछ।

९३. गाउँपालिका भित्रका स्थानहरुको पहिचान गरी नमूनाको रुपमा ईको सिटी (Eco-City) र टुरिजम सिटी (Tourism City) निर्माणको लागि आवश्यक सम्भाव्यता अध्ययन गर्न संघीय सरकार र प्रदेश सरकारमा अनुरोध गरिने छ।

**सभाका सदस्यज्यूहरु,**

९४. छत्रदेव गाउँपालिका काठे पोल मुक्त गाउँपालिका बनिसकेको छ। गत आ.व.मा एक झोलुङ्गे पुल निर्माण सम्पन्न भएको र चालु आ.व.मा एक झोलुङ्गे पुल सम्पन्नको चरणमा रहेको छ। साथै अन्य स्थानहरुमा पनि झोलुङ्गे पुल बनाउने कामलाई सम्पन्न गरिने छ।

९५. उर्जाको विकास छत्रदेवको प्राथमिकताको विषय हो भन्ने कुरा दोहोऱ्याइ रहनु पर्दैन। "उज्यालो छत्रदेव कार्यक्रम" अन्तर्गत सौर्य सडक बत्तीहरु मार्फत सडक उज्यालो पार्ने कार्यलाई व्यापक रुपमा अगाडि बढाइएको छ। विद्यालय, मठ मन्दिर, दलित बस्तीहरुमा कार्यक्रम कार्यान्वयन भइसकेको अवस्थामा चालु आ.व.मा बाँकी रहेका अन्य क्षेत्रहरु पहिचान गरि सौर्य उर्जा उपकरण जडानको कार्यक्रम रहेको र आगामी आ.व.२०७७।०७८ मा थप कार्यक्रम अगाडि बढाइनेछ।

९६. "दलित घर उज्यालो कार्यक्रम"को सुरुवात गरी सकिएको छ। गत वर्ष वडा नं. १ देखि वडा नं. ८ सम्मका सम्पूर्ण दलित परिवारका घर धुरीमा सौर्य बत्ति जडान भइसकेका छन्। आगामी वर्ष अन्य महत्वपूर्ण क्षेत्रहरुमा सौर्य वत्ति जडान गर्ने कार्यलाई प्राथमिकता दिइनेछ।

९७. नमूनाको रुपमा उर्जा विकास गर्न वायु उर्जाको लागि सम्भाव्य स्थानहरुको पहिचान गरी सो को प्रक्रिया अगाडि बढाउन बैकल्पीक उर्जा प्रवर्द्धन केन्द्रमा अनुरोध गरिएको र आगामी आ.व.मा सो कार्यान्वयनको लागि थप पहल गरिनेछ।

**वन, वातावरण तथा विपद् व्यवस्थापन सम्बन्धी,**

९८. वातावरण संरक्षण बिना मानवको लागि गरिएका विकास गतिविधि अपूरो र अधुरो रहन्छ। "छत्रदेवको वन, समग्र नागरिकको धन"भन्ने नीति अनुरुप वनको वैज्ञानिक व्यवस्थापन गरी स्थानीय समुदायलाई त्यसबाट मनग्य आम्दानी

गर्ने व्यवस्थालाई निरन्तरता दिइनेछ । जथाभाबी वन कटानी कार्यलाई नियन्त्रण गरिनेछ । वनजंगलको संरक्षणमा स्थानीयवासीलाई अभिप्रेरित गर्ने कार्यलाई प्राथमिकता दिइनेछ। दाउराको प्रयोगलाई घटाउन सुधारिएको मेटालिक चुलो, बायोग्याँस आदिको प्रयोगलाई प्रोत्साहन गरिनेछ ।

९९. बहुउपयोगी वन क्षेत्रको विकासलाई प्राथमिकता दिई पर्यावरण संरक्षणलाई विशेष महत्व दिइनेछ । जस्तैः जडिबुटी र बुट्यान जस्ता बोटबिरुवा,वातावरण र जैविक विविधताको संरक्षण, सम्वर्द्धन-प्रवर्द्धन र सदुपयोगमा जोड दिइने कार्यलाई प्राथमिकता दिइनेछ ।

१००. गाउँपालिका क्षेत्रभित्र उत्पादन हुने वस्तुहरुको महत्वलाई प्राथमिकता दिई प्लाष्टिकजन्य वस्तुहरुको प्रयोगलाई निरुत्साहित गरिनेछ ।

१०१. मानवीय सीप, स्थानीय श्रोत, साधनको प्रयोगलाई प्रोत्साहन गर्न अत्यावश्यक बाहेक हेभी इक्विपमेन्टको प्रयोगलाई निरुत्साहित गरिनेछ। प्रचलित कानून बमोजिम डि.पि.आर., आई.ई.ई. र माटो परिक्षण गरेर मात्र भवन बजाउने, सडक खन्ने, माटो, बालुवा, ढुङ्गा उत्खनन गर्ने कार्य गरिनेछ। यस गा.पा.मा उपलब्ध हुन सक्ने खानी तथा खनिज जन्य पदार्थको अन्वेषण/उत्खननको कार्य अगाडि बढाउन खानी तथा भू-गर्व विभागमा पत्राचार गरि सकिएको व्यहोरा यस सम्मानित सभा समक्ष जानकारी गराउन चाहन्छु ।

**सभाका सदस्यज्यूहरु,**

१०२. पहिरो नियन्त्रण एवं नदी कटान रोक्न विशेष प्राथमिकता दिइनेछ। जस्तो वडा नं ०५ स्थित झिल्के पोखरी पहिरो र वडा नं ०८ स्थित बरेलडाडाँ पहिरो लगायतका अन्य पहिरो नियन्त्रण साथै जरे खोला, खर्ज्याङ्ग खोला, सौर्य खोला, शेरी खोला, बगाहा खोला, बौवा खोला एवं जुम्ली कुलो बाँधमा भएका नदी कटान लगायतका खोलाहरुबाट हुने कटान रोक्न खोला लगायत भू-क्षय हुने स्थान एवं तटहरुमा तटबन्धको व्यवस्था गर्न छिमेकी स्थानीय तहसँगको सहकार्य र प्रदेश एवं संघीय सरकारसँग आवश्यक पहल गरिनेछ। गाउँपालिका क्षेत्रभित्र अत्यधिक सडकहरुको ट्याक खोल्ने काम भएका छन्। सडकका कारण भू-क्षय रोक्नको लागि जैविक प्रविधि अवलम्वन गरी Green Road Concept लाई प्राथमिकता दिईनेछ ।

१०३. गाँउपालिकाले विपद्सँग जुध्न स्थानीय स्तरमा दैवी प्रकोप उद्धार कोषको परिचालन, दैवी प्रकोप उद्धार सामाग्री भण्डारण, दक्ष जनशक्तिको विकास, विपद् प्रतिकार्य योजनाको तर्जुमा र कार्यान्वयन गर्ने कार्यलाई अन्य निकायहरुसँग समेत समन्वय गरेर प्रभावकारी कार्यक्रम अगाडि बढाइनेछ ।

**संस्थागत विकास, सेवा प्रवाह र सुशासन सम्बन्धमा,**

१०४. पारदर्शिता र जवाफदेहीता जस्ता सुशासनका मूलभूत पक्षहरुलाई ध्यान दिँदै सार्वजनिक सेवा प्रवाहलाई जनउत्तरदायी तथा नतिजामुखी बनाइनेछ । गाउँपालिका र यस अन्तर्गतका कार्यालयहरुमा “मुस्कान सहितको सेवाप्रवाह”मा उत्कृष्ट दक्षता प्रदर्शन गर्ने कर्मचारीलाई पुरस्कृत गर्ने कार्यलाई कार्यान्वयन गरिनेछ । सार्वजनिक सेवा प्रवाहको मार्गदर्शनको रुपमा गाउँपालिका र वडा कार्यालयहरुमा नागरिक वडापत्र कार्यान्वयनमा ल्याइसकिएको छ । सो को प्रभावकारी कार्यान्वयनमा जनचेतना अभिवृद्धि गरिने छ। समयको माग बमोजिम क्षतिपूर्ति सहितको नागरिक वडापत्र कार्यान्वयनमा ल्याउन आवश्यक कानूनको तर्जुमा गर्न पहल गरिने छ ।

१०५. कार्यक्रम तथा आयोजनाहरुको पुनः प्राथामिकीकरण गर्ने, फजुल खर्च रोक्ने वित्तीय अनुशासन कायम गर्ने, सेवा प्रवाहमा सुधार गर्ने, शान्ति सुरक्षा र सुशासन प्रवर्द्धन गर्ने कार्य गरिने छ ।

१०६. व्यवस्थापकीय पक्षको कार्य संस्कृतिमा सुधार ल्याइ सुशासन कायम गर्न हामी प्रतिबद्ध रहने छौं। सार्वजनिक सेवा प्रवाहको गुणस्तर वृद्धि गर्दै सुशासन कायम गर्ने विषय हाम्रो प्राथमिकताको विषय हो ।

१०७. योजना शाखा र खरिद इकाईलाई थप क्षमतावान बनाई परिणाममुखी बनाइनेछ। गत आ.व.२०७५।०७६ मा जस्तै पूँजीगत खर्च गर्ने कामलाई जोड दिई चालु खर्चलाई वान्छित सीमा भित्र राखिनेछ ।

१०८. चालु आ.व.२०७६।०७७ मा स्थानीय तहको स्वीकृत संगठन संरचना बमोजिम कर्मचारीको अधिकांश पद पूर्ति भईसकेको कारण सेवा प्रवाहमा थप सहज हुनेछ। साथै ४७ वटा कानूनहरु निर्माणको काम सम्पन्न गरेका छौं ।

१०९. संविधानद्वारा प्रत्याभूत स्तानीय तहको अधिकार सम्वन्धी व्यवस्था कार्यान्वयन गर्न तथा संघ, प्रदेश र स्थानीय तह बीचको सहकारिता, सहअस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्दै जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता, सुनिश्चित गरी सुलभ र गुणस्तरीय सेवा प्रवाह, स्थानीय नेतृत्वको विकास जस्ता गतिविधिको लागि उपयुक्त कार्यक्रमहरु अगाडि बढाइने छ । अनुभवहरु आदान प्रदानको लागि अन्य स्थानीय तहसँग भगीनी सम्बन्ध कायम गर्न उपयुक्त तहसँग सम्बन्ध कायम गर्न प्रकृया अगाडि बढाइनेछ ।

११०. स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको सञ्चालन गर्ने सम्बन्धमा भएको कानूनी व्यवस्थालाई कार्यान्वयनमा जोड दिइनेछ । कर्मचारीहरुको क्षमता अभिवृद्धि गरी समयमै खरिद कार्य सम्पन्न गर्न बिशेष प्राथमिकता दिइनेछ । सार्वजनिक खरिद प्रक्रियामा सुधारको लागि आवश्यक कानून निर्माण गरी सरलीकरण प्रक्रिया अवलम्बन गरिनेछ ।

१११. 'सेवाको वरिपरि जनता होईन, जनताको वरिपरि सेवा' भन्ने भावना सहित सेवाग्राहीलाई सम्मानपुर्वक सेवा प्राप्त गर्ने अवसर सिर्जना गरिनेछ । जनताको नजिकको सरकारको नाताले सार्वजनिक सेवा प्रवाहलाई गुणस्तरीय, भरपर्दो, नागरिक मैत्री बनाइ सुशासनको प्रत्यक्ष अनुभुति दिलाइनेछ । घरदैलोको सरकारको नाताले सेवाग्राहीका गुनासा तथा सुझावहरुसम्बन्धित नजिकको पदाधिकारी समक्ष सोझै पठाउने सक्ने व्यवस्था मिलाइनेछ । कर्मचारी तथा जनप्रतिनिधिहरुको क्षमता अभिवृद्धिका लागि कार्यक्रमहरु सञ्चालन गरिनेछ । व्यवस्थापन सुधारको विधिबाट हामीले प्रदान गर्ने सेवाको मापन गर्न 'सेवाग्राही सन्तुष्टी सर्भेक्षण' गरिनेछ ।

११२. अवलोकन भ्रमण, खेलकुद कार्यक्रमहरु, वनभोज कार्यक्रम, समिक्षा/गोष्ठी आदि कार्यक्रमहरुले जनप्रतिनिधि-कर्मचारी सम्वन्ध अझ मजबुत भएका छन् । यस किसिमका गतिविधिहरुले हाम्रा कार्य सम्पादनमा थप बल पुग्ने छ र यस किसिमका गतिविधिहरुलाई निरन्तरता दिइनेछ ।

११३. काम सम्पादन गर्ने क्रममा हाम्रा मात्र प्रयासहरु अपर्याप्त हुन सक्छन । अरु स्थानीय सरकारहरुको अनुभवबाट सिक्न र गाउँपालिकाको अवलम्वन गर्न प्रतिनिधि/कर्मचारी सम्मिलित अध्ययन, अवलोकन भ्रमण कार्यक्रम रहेकोमा वर्तमान कोरोना भाइरस संक्रमण (COVID-19)को कारण आयोजना गर्न संभव देखिएन । आगामी वर्ष यसलाई निरन्तरता दिइनेछ ।

११४. गाउँपालिकाको वेवसाइट नियमित अपडेट गरी सूचना सार्वजनिक गर्ने व्यवस्थालाई निरन्तरता दिइनेछ । गाउँपालिकाको वार्षिक कार्यक्रम तथा बजेट, कानून, निर्णय, पुस्तिका प्रकाशन, स्थानीय पत्रपत्रिका, टि.भि., एफ.एम. मार्फत सार्वजनिकीकरण गरिने कार्यलाई प्राथमिकता दिइनेछ । सामाजिक सुरक्षा भत्ता प्राप्त गर्नेहरुको नामावली वडा कार्यालयको सूचना पाटी र कार्यालयको वेवसाइट मार्फत सार्वजनिक गरिनेछ । कार्यालयका गतिविधिहरु सार्वजनिक सुनुवाई, सार्वजनिक लेखापरिक्षण र होर्डिङ्ग बोर्ड मार्फत सार्वजनिक गर्दै नागरिकको सूचनाको हकको सम्मान गर्ने कार्यलाई अझ प्रभावकारी बनाइनेछ ।

११५. गाउँपालिकाद्वारा निर्माण गरिने कानून निर्माणमा क्षमता र दक्षता अभिवृद्दी गर्ने कार्यक्रम सञ्चालन गरिनेछ । गाउँपालिकाद्वारा निर्मित सम्पर्ण कानूनहरु स्थानीय राजपत्रमा प्रकाशन गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

११६. गाउँपालिकामा एक व्यवस्थित सूचना तथा अभिलेख केन्द्रको स्थापना गर्ने साथै गाउँपालिका भित्ररहेका प्रत्येक घर परिवारको पूर्ण लगत राख्ने कार्य गरिनेछ । गाउँपालिकाबाट वडा कार्यालय, पदाधिकारी तथा कर्मचारीहरुलाई गरिने पत्राचारमा एस.एम.एस. प्रणालीको अवलम्बन गर्ने कार्यलाई निरन्तरता दिँदै पछिल्लो अत्याधुनिक प्रविधि अवलम्वन गर्ने कार्यलाई विशेष प्राथमिकता दिइनेछ ।

११७. गाउँ कार्यपालिकाको कार्यालय, वडा कार्यालय, स्वास्थ्य संस्थाहरुका लागि आवश्यक फर्निचर, मेशीनरी औजार लगायत पूर्वाधारको व्यवस्थापन गरी उचित कार्य वातावरणको सिर्जना गरिनेछ । कर्मचारीको ज्ञान, शिप र क्षमता अभिवृद्धिको लागि तालिम कार्यक्रम सञ्चालन गरिनेछ । मानव संसाधन विकासका लागि उचित ध्यान दिइनेछ ।

११८. गाउँपालिकाले सञ्चालन गर्ने कार्यक्रमहरुमा नागरिकको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्ने कार्यलाई आवश्यक अध्ययन गरी उपयुक्त नीति अवलम्वन गरिनेछ । वार्षिक विकास कार्यक्रमहरुको छनौट, कार्यान्वयन, अनुगमनमा सार्वजनिक, निजि र सहकारी क्षेत्रको सहभागितामुलक योजना पद्धतिको अवलम्बन गरिनेछ । विकासका गतिविधिमा नागरिक अपनत्व अभिवृद्धिमा विशेष जोड दिइनेछ ।

११९. न्यायिक समितिको कामलाई छिटो/छरितो, पहुँच योग्य र सहज बनाइनेछ। चालु आ.व. २०७६।०७७ मा प्रत्येक वडाबाट ३/३ जनाका दरले मेलमिलाप कर्ताको तालिम सम्पन्न भइसकेकोछ। न्यायिक समितिमा पर्न आएका उजुरीहरु अत्यधिक फछ्र्यौट भएका छन्। न्यायिक समितिको कामलाई अझ प्रभावकारी बनाइनेछ। समाजमा व्याप्त महिला हिंसालाई रोक्न सामाजिक अभियान सञ्चालन गरिनेछ। समाजमा दबिएर रहेका हिंसा जन्य गतिविधि रोक्न न्यायिक समितिलाई आवश्यक बजेटको व्यवस्था गरी सरकारी/गैरसरकारी संस्थाहरुसँग आवश्यक समन्वयसमेत गरिनेछ। गाउँपालिकाका अधिकारका सूची अन्तर्गत निर्मित कानूनहरु स्थानीय राजपत्रमा प्रकाशन गरिसकेका छौं। कानून निर्माण प्रक्रियालाई अझ सरल र दक्षता पूर्वक सम्पादन गर्न विधायन समितिको क्षमता विकास गरिनेछ।

## उपस्थित सम्पूर्ण सदस्यज्यू,

१२०. अत्यन्त न्यून आन्तरिक आय भएको यस गाउँपालिकामा आयका श्रोतहरु पहिचान गरी आन्तरिक आय अभिवृद्धि गर्न जोड दिइनेछ। आन्तरिक श्रोत परिचालन गरी आफैमा धान्न सकिने अर्थतन्त्रको विकासको अभिवृद्धि अभ्यास स्वरुप गाउँपालिका क्षेत्रभित्र रहेका प्राकृतिक स्रोत साधनहरुको समुचित उपयोगबाट आन्तरिक आयमा जोड दिइनेछ। स्थानीय अर्थतन्त्रलाई चलायमान बनाउन उद्यम र उद्यमशिलता विकास गरी आयको दायरा फराकिलो बनाइनेछ। कर तिर्नु नागरिक कर्तव्य भएको हुँदा नागरिकलाई कर मैत्री वातावरणको सिर्जना गरी कर तिर्न प्रोत्साहित गरिनेछ। "हामीले तिरेको कर, हाम्रै विकासका लागि" भन्ने भावना जागृत गराउन प्राप्त कर तथा अनुदान रकमलाई समृद्ध गाउँपालिका निर्माणमा उपयोग गरिनेछ। करको दायरालाई फराकिलो पार्दै करको दरलाई समय सापेक्ष बनाउदै लगिनेछ।

## अन्त्यमा,

१२१. गत आ.व.हरुमा कार्यान्वयन भएका योजना/कार्यक्रमहरुबाट सकारात्मक परिणामहरु देखिएका छन्। चालु आ.व.को समाप्तिसँगै हाम्रो गाउँपालिकाले विकासको क्षेत्रमा नयाँ मोड लिने प्रशस्त आधारहरु तयार भएका थिए तर विश्वव्यापी प्रकोपको रुपमा फैलिएको कोरोना भाईरस (COVID-19) को असर र प्रभाव नेपाल एवं अर्घाखाँची जिल्ला र हाम्रो गाउँपालिकामा समेत परेको व्यहोरा अवगतै छ। हाम्रा विकासका गतिविधिहरु मध्ये बोलपत्र एवं सिलवन्दी दरभाउपत्रद्वारा ३२ वटा कार्यक्रम अगाडि बढेकोमा प्रकोपको कारण मालसामान एवं मिस्त्री र ज्यामीको अभावले परिणाम निकाल्न समस्या परेको व्यहोरा सम्मानित सभा समक्ष जानकारी गराउन चाहन्छु।

१२२. यस्तै समस्या उपभोक्ता समितिद्वारा सञ्चालित योजनाहरुमा पनि परेको छ। गौरव गर्न लायक र परिणाम देखिने योजनाहरु कार्यान्वयनको चरणमा रहिरहँदा यस किसिमको समस्या देखिनु योजना कार्यान्वयमा आएको कठिनाइ नै हो।

१२३. संघ एवं प्रदेश सरकारद्वारा स्थानीय सरकारलाई समेट्ने गरी निर्माण भएका कानून एवम् गाउँपालिकाबाट निर्मित कानून बमोजिम सरकार सञ्चालनका महत्वपूर्ण आधारहरु तयार भएका छन। नीति, कार्यक्रम, बजेट एवं योजना तर्जुमा र कार्यान्वयनका हालसम्मका हाम्रा अभ्यासहरु निर्मित कानूनहरुको आधारमा समेत आगामी दिनहरु अझ सहज हुने कुरामा विश्वास लिन सकिन्छ।

१२४. संघीय संरचना पछिको तीन तहको सरकार, यसका संरचना निर्माण र संगठनलाई कामयावी बनाउनको लागि भएका हाम्रा हाल सम्मका प्रयासहरु भोलिको दिनको लागि सुखद देखिन्छन। गत दुई र चालु एक गरी तीन वटा आर्थिक वर्षहरुमा विर्गतमा जनप्रतिनिधि विहिन अवस्थामा भन्दा सामाजिक आर्थिक विकास तथा रुपान्तरणमा धेरै परिवर्तन आएको अनुभूति गरिएको छ। पारदशी संस्कृती अवलम्बन गरेका छौं। स्थानीय जनतालाई निरन्तर सेवा प्रवाह गर्ने जनप्रतिनिधि साथै आम कर्मचारी प्रति आभार व्यक्त गर्न चाहन्छु।

१२५. यो नीति तथा कार्यक्रम समृद्ध छत्रदेव बनाउने दीर्घकालीन सौंच र आकाङक्षालाई यथार्थमा परिणत गर्ने मार्ग दर्शक दस्तावेज हो। आजको यस घडीमा यो नीति र कार्यक्रम यस सम्मानित सभा समक्ष प्रस्तुत गरिरहँदा भोलीका दिनहरु अझ कठीन हुने स्थिति देखिन्छ। महामारीको रुपमा रहेको कोरोना संक्रमण (COVID-19) सँग हामीले कति लड्नु पर्ने हो यसको लेखाजोखा गर्न गाह्रो छ। भोलिका दिनमा सम्पूर्ण पक्षहरुको साथ र सहयोग प्राप्त हुने छ भन्ने आसा र विश्वास लिएको छु।

१२६. COVID-19 को कारण थाती रहन गएका हाम्रा कतिपय प्रयासहरुलाई उपयुक्त विधिद्वारा सम्बोधन गरिने प्रतिवद्धता व्यक्त गर्न चाहन्छु।

१२७. प्रस्तुत नीति तथा कार्यक्रमको सफल कार्यान्वयनबाट छत्रदेवको विकासमा सकारात्मक प्रभाव पर्ने र महामारीको असर कम गर्दै 'समृद्ध नेपाल, सुखी नेपाली' को राष्ट्रिय आकाङ्क्षा पूरा गर्न सहयोग पुग्नेछ भन्ने आशा लिएकोछु ।

१२८. छत्रदेववासी आम नागरिकहरुको जीवनस्तरमा सुधार ल्याउने हम्रो प्रयत्न चौथौ वर्षको नीति, बजेट तथा कार्यक्रम कार्यान्वयन मार्फत सफलता तर्फ उन्मुख भएको यहाँहरु समक्ष जानकारी गराउन चाहन्छु । आगामी दिनमा समेत हाम्रो स्थानीय सरकार सदा छत्रदेववासी आम नागरिकको मुहारमा खुशी ल्याउन अहोरात्र खट्ने दृढता समेत व्यक्त गर्दछु ।

१२९. हाम्रा प्रयत्नहरुमा साथ दिने सबै अग्रजहरु, छत्रदेववासी जनताहरु प्रति हार्दिक धन्यवाद ज्ञापन गर्दछु । समुन्नत र समृद्ध छत्रदेव निर्माणमा सहयोग पुऱ्याउने संघीय सरकार, प्रदेश सरकार एवं रचनात्मक सहयोग पुऱ्याउनु हुने सम्पूर्ण राजनीतिक दल, निजि क्षेत्र, सहकारी क्षेत्र, राष्ट्र सेवक कर्मचारी, नागरिक समाज, आम संचार माध्यम एवं विभिन्न तह र तप्काका महानुभावहरु प्रति हार्दिक आभार व्यक्त गर्दै स्थानीय सरकारको रुपमा सेवा गर्ने अवसर प्राप्त भएको यस घडीमा यो नीति तथा कार्यक्रम तर्जुमामा प्रत्यक्ष/अप्रत्यक्ष रुपमा सहयोग पुऱ्याउनु हुने जहाँ सुकै रहनु बस्नु भएका सम्पूर्ण छत्रदेवबासीहरु आमा/बुबा/दाजुभाइ/दिदीबहीनी एवं अर्घाखाँची स्थित अमुल्य राय सुझाव प्रदान गर्नु हुने अन्य स्थानीय सरकार, स्थानीय प्रशासन र सुरक्षा निकाय प्रति हार्दिक धन्यवाद ज्ञापन गर्दछु र प्रस्तुत नीति र कार्यक्रमको सफल कार्यान्वयनको अपेक्षा राख्दछु ।

जय छत्रदेव !

**लेखनाथ पोख्रेल**
**अध्यक्ष**
छत्रदेव गाउँपालिका
छत्रगञ्ज, अर्घाखाँची
प्रदेश नं. ५, नेपाल
मितिः २०७७/०३/०६ गते, शनिवार

# छत्रदेव गाउँपालिका
# नवौं गाउँ सभामा
# उपाध्यक्ष
# श्री तुल्सी देवी श्रेष्ठले प्रस्तुत गर्नु भएको

# आर्थिक वर्ष २०७७/०७८ को
# बजेट वक्तव्य

**छत्रदेव गाउँपालिका**

**छत्रदेव गाउँ कार्यपालिकाको कार्यालय**

छत्रगञ्ज, अर्घाखाँची,

५ नं. प्रदेश नेपाल

१० असार २०७७

**सभाध्यक्ष महोदय,**

**गाउँ सभाका सदस्यहरु,**

**र उपस्थित महानुभावहरु,**

१. संविधान बमोजिम संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको तीन तहका सरकारहरु मध्ये स्थानीय सरकार, छत्रदेव गाउँपालिकाको उपाध्यक्षको हैसियतले अहिलेको कोरोना संक्रमण (COVID-19) विशेष परिस्थितिमा हामीले जिम्मेवारी सम्हाले पछिको चौंथो र आर्थिक वर्ष २०७७/०७८ को आय-व्यय विवरण, बजेट प्रस्तुत गर्न उपस्थित भएकी छु ।

२. गाउँपालिकाको निमन्त्रणालाई स्वीकार गरी यस गरिमामय सभामा उपस्थित सम्पूर्ण महानुभावहरुलाई छत्रदेव गाउँपालिका र मेरो व्यक्तिगत तर्फबाट हार्दिक स्वागत गर्न चाहन्छु साथै उपाध्यक्षको हैसियतले आ.व. २०७७/०७८ को बजेट यस सम्मानित सभा समक्ष प्रस्तुत गर्न पाउँदा गौरवान्वित महसुस गरेकी छु ।

३. राष्ट्र हित, लोकतन्त्र र अग्रगामी परिवर्तनको लागि मुलुकमा राजनैतिक, सामाजिक, आर्थिक एवं सांस्कृतिक विकास सहितको समृद्ध र समुन्नत विकास गर्न एवं आफ्नो शासन आफै वा आफ्नो प्रतिनिधि मार्फत गराई गणतन्त्रलाई संस्थागत गर्न र अग्रगामी परिवर्तनका लागि आफ्नो जीवन उत्सर्ग गर्नु हुने ज्ञात अज्ञात शहिदहरु प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्न चाहन्छु ।

४. संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमद्वारा दीगो शान्ति, सुशासन, विकास र समृद्धिको आकाङ्क्षा पूरा गर्ने उद्देश्य सहित नेपालको संविधान जारी भई तीन तहका सरकारहरुको व्यवस्था भएको र छत्रदेव गाउँपालिकाको स्थानीय सरकारको हामीले नेतृत्व सम्हालेको तीन वर्ष पूरा भएको छ ।

५. “समृद्ध नेपाल, सुखी नेपाली”को राष्ट्रिय आकाङक्षा पूरा गर्न योजनाहरु पहिचान एवं छनौट गर्दा नेपालको संबिधान, राष्ट्रिय योजना आयोग, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, विषयगत मन्त्रालयहरुबाट प्राप्त निर्देशन, आवधिक योजना, विभिन्न नीति, निर्देशिकाहरु, क्षेत्रगत नीतिहरु, रणनीति एवं कार्य योजनाको अधिनमा रही नेपालको संविधानमा व्यवस्था भएको साझा तथा स्थानीय तहको एकल अधिकारको सूची अनुरुप स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ (परिमार्जित) र स्थानीय सरकार सञ्चालन ऐनमा उल्लेखित प्रक्रिया अवलम्बन गरी यस गाउँपालिका भित्र समेत उपलब्ध श्रोत, साधन र क्षमता अनुसार बस्ती स्तरबाट ई-मेलरफोनद्वारा राय सुझाब संकलन/छनौट तथा वडाहरुबाट प्राथमिकीकरणमा परेका योजना तथा कार्यक्रमहरु यस गरिमामय सभामा प्रस्तुत गर्न पाउँदा आफुलाई गौरवान्वित महशुस गरेकी छु ।

६. कोरोना संक्रमण (COVID-19)को प्रतिकुलताको कारण गत र विर्गत वर्षहरु जस्तो सबै पक्षहरुको नीति, कार्यक्रम र बजेट तर्जुमामा उल्लेख्य सहभागिता गराउन सकिएन ।

७. आगामी आ.व. २०७७/०७८ को नीति, कार्यक्रम र बजेट तर्जुमाको लागि आफ्ना अमूल्य रायरसुझाव उपलब्ध गराउन गाउँपालिकाको तर्फबाट सूचना जारी गरेका थियौं । सो अनुरुप अमूल्य राय सुझावहरु हामीलाई प्राप्त भएका हुन् । प्रतिनिधि मूलक ढंगबाट समाबेश भएका विषयवस्तुहरु पूर्ण छन् भन्ने मेरो विश्वास छ ।

८. कोभिड-१९ को असरलाई न्यूनीकरण गर्दै जनजीवनलाई नियमित गर्ने विषय नै अहिलेको प्रमुख चुनौती हो । महामारीको अवस्थामा स्थानीय सरकारको आवश्यकता र प्राथमिकताहरु पनि बदलिएका छन् । यस परिस्थितिमा स्थानीय तहको बजेट तर्जुमा सामान्य अवस्थाको भन्दा फरक हुने निश्चित छ ।

९. चालु आर्थिक वर्षका कतिपय हाम्रा कार्यक्रमहरु संशोधन गरेर पुनः प्राथमिकीकरण गर्नु परेको अवस्था जानकारी गराउन चाहन्छु । महामारीको रुप कति लामो हुने हो, त्यसको कुनै निश्चित नभएका कारण हाम्रा श्रोत साधनहरु विकास गतिविधि भन्दा त्यस तर्फ केन्द्रित गर्नु पर्ने बाध्यात्मक परिस्थिति हो, भन्ने हाम्रो ठहर छ ।

१०. विश्व अर्थतन्त्रमा धक्का पुग्ने कारण नेपालको अर्थतन्त्र पनि त्यसबाट अछुतो नरहने र छत्रदेवबासी जनता त्यसको राप, ताप र प्रभावले अछुतो रहने कुरा भएन, त्यसै कारण हाम्रो भौगोलिक विशेषता अनूकुल अर्थतन्त्रमा जोड दिनुपर्ने विषयवस्तुमा यो बजेट केन्द्रित रहेको छ ।

११. चालु आ.व. २०७६।७७ को बजेट सफतलापूर्वक कार्यान्वयन गरी छत्रदेवबासी जनताको जीवनस्तरमा परिवर्तन तर्फ उन्मुख गराउने हाम्रो प्रयासमा कोरोना संक्रमण (COVID-19)को कारण केही धक्का पुगेको छ। तर पनि गर्व गर्न लायक हाम्रा विकासका नमूनाहरु निर्माणाधीन र सम्पन्नको चरणमा छन्। आ.व. २०७६।७७ को बजेट मार्फत छत्रदेवबासी जनताको जीवनमा खुसी र सुखको आभाष दिलाउन, स्थानीय सरकार आफ्ना नागरिकको अभिभावक हो, सहारा हो भन्ने कुराको महशुस गराउन सफल हुने विश्वास लिएकी छु।

**सभाध्यक्ष महोदय,**

१२. गाउँपालिकाको नाम नै धार्मिक आधारमा मुखरित भएको छत्रमहाराजको पुण्यभूमि, छत्रदेवबासी जनताको भाग्य र भविष्यको निर्धारण गर्न निर्वाचित हामी जनप्रतिनिधि माझ थुप्रै अवसर र चुनौतीहरु कायमै छन्। विद्यमान चुनौतीका बाबजुद छत्रदेव गाउँपालिकालाई सवल, सक्षम र समृद्ध गाउँपालिका बनाउने हाम्रो प्रयासमा आम नागरिकदेखि संघीय सरकार र प्रदेश सरकारको पनि साथ रहेको छ।

१३. नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ (परिमार्जित), प्रचलित कानून तथा मन्त्रालयहरुबाट प्राप्त दिग्दर्शनका आधारमा सहभागितामुलक र साझेदारीताको माध्यमबाट स्थानीय जनताका आफ्नै जनजीविकाका सवालका समस्याहरु समाधान गर्न बजेट तथा कार्यक्रम तर्जुमा भएको छ।

१४. गाउँपालिकाले "छत्रदेवको शानःसुन्दर शान्त र समृद्ध गाउँपालिका हाम्रो अभियान" भन्ने नारा लिई दीगो विकासको लक्ष्य हासिल गर्ने योजना सहित "समृद्ध नेपाल, सुखी नेपाली"को राष्ट्रिय लक्ष्यलाई पूरा गर्ने बाटोमा अगाडि बढी रहेकोछ। दीगो विकासको लक्ष्यहरुलाई आन्तरिकीकरण र स्थानीयकरण गर्ने बाटोमा प्रस्तुत आ.व. २०७७।०७८ को बजेट निर्देशित छ भन्ने कुरामा मेरो विश्वास छ।

१५. सामाजिक/सांस्कृतिक ऐक्यबद्धता रहेको अर्घाखाँची जिल्लाका ६ वटा स्थानीय तहहरु मध्ये क्षेत्रफलको आधारमा सबै भन्दा सानो छत्रदेव गाउँपालिका हो। भौगोलिक रुपमा उपयुक्त बासस्थान भएको र अति सुन्दर भूमी रहेको जिल्लाको पूर्वी सिमानामा यो गाउँपालिका रहेको छ। विभिन्न अवसरहरुको संभावना भएता पनि कतिपय चुनौतीहरुको समेत सामना गर्नु परिरहेको छ। जातीय विविधता, सामाजिक/सांस्कृतिक ऐक्यबद्धता, पर्यटकीय संभावना, सामाजिक परिचालनका गतिविधिहरुमा बढोत्तरी भएको स्थानको रुपमा यस गाउँपालिकाले आफ्नो पहिचान बनाएको छ।

१६. विभिन्न गैर सरकारी संघ/संस्था, नागरिक समाज, स्थानीय समुदायहरु समेतले विकासमा सक्रियता पूर्वक सहकार्य र सहयोग गरिरहेको अवस्था छ। यहाँ रहेका विभिन्न राजनैतिक दलहरु, जिल्लाबाट व्यवस्थापिका संसद र प्रदेश माननीय सांसदज्यूहरु, माननीय मन्त्रीज्यूहरु लगायत समस्त बासिन्दाको विकास कार्यमा हुने ऐक्यबद्धताले हामीलाई परिणाम निकाल्न हौसला मिलेको व्यहोरा यस सम्मानित सभा समक्ष अवगत गराउन चाहन्छु।

१७. पहाडी जिल्ला भइकन पनि तराई देखिको छोटो दुरीमा पर्ने ५ नं. प्रदेशको १२ जिल्लाहरु मध्ये अर्घाखाँची जिल्ला साबिकमा लुम्बिनीको पहाडी जिल्ला भनेर चिनिने र त्यसमा पर्ने छत्रदेव गाउँपालिका आफैमा भौगोलिक रुपमा प्रशस्त संभावना बोकेको यस गाउँपालिकालाई देशकै एक नमूना गाउँपालिकाको रुपमा विकास गर्ने अभियानमा हामी जुटेको अवस्थामा सबै पक्षहरुको सहयोगको आवश्यकता छ। यसको लागि विकास प्रक्रियालाई तिब्रता दिन विकासका सबै आयामहरु समेटी जनताको जीवनस्तर सुधार गर्ने र गरिबी निवारण गर्न आवश्यक पहल गर्नु पर्ने अवस्था टड्कारो रुपमा देखिएको छ। खानेपानी र सिंचाइको लागि पानीको कम उपलब्धताको कारण सुख्खा क्षेत्रको रुपमा रहेको यस गाउँपालिकामा खानेपानीका महत्वाकांक्षी योजनाहरु कार्यान्वयन भइरहेको व्यहोरा यहाँहरु सबैलाई अवगतै छ।

१८. गाउँपालिकाको समृद्धिको लागि प्राप्त हुने सबै प्रकारका अनुदान, आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, लगायत स्थानीय तहको कोषमा प्राप्त हुने सबै प्रकारका श्रोत तथा साधनहरुलाई एकीकृत गरी गरिब, महिला, बालबालिका तथा सामाजिक/आर्थिक दृष्टिकोणबाट पिछडिएको वर्ग र समुदाय एवं क्षेत्रको समेत पहुँच, स्वामित्व र अपनत्व रहने गरी सन्तुलित तवरबाट स्थानीय सेवा प्रवाह र जनसहभागिता परिचालनबाट विकास निर्माण कार्य अगाडि बढाउन हामी प्रतिबद्ध छौं। यसका बाबजुद हाम्रा अगाडि केही चुनौतीहरु पनि छन्।

**चुनौतीहरुः**

१९. विकास प्रक्रिया जनमूखि, पारदर्शी, समतामूलक, सहभागितामूलक, दीगो, भरपदी र गुणस्तरीय बनाउन पर्याप्त संभावना र अवसर हुँदाहुँदै पनि,

- आन्तरिक श्रोतको न्यून परिचालन हुनु, खेती योग्य जमिनमा कृषिको आधुनिकीकरण एवं व्यवसायिकरण हुन नसक्नु,
- गैर सरकारी संघ-संस्थाका कार्यक्रमहरुलाई आवधिक योजनासँग तालमेल मिलाउँदै कार्यान्वयन गर्न नसक्नु,
- योजना अनुगमन तथा मूल्याङ्कन प्रणाली नतिजामुखी र वस्तुपरक हुन नसक्नु,
- समुदाय र वडाबाट माग गरिने योजना अत्यधिक हुनु, उपभोक्ता समितिलाई यथार्थ परक ढंगले परिचालन गर्न नसक्नु,
- गुणस्तरीय शिक्षा तथा संचारको कमी, स्थानीय उत्पादनलाई अधिकतम उपयोग गर्न नसक्नु,
- तुलनात्मक लाभका वस्तुहरु पहिचान गरी उत्पादनलाई तिब्रता दिन नसक्नु,
- स्थानीय उपभोक्ता समितिको विकास प्रक्रियामा व्यवसायिकताको विकास हुन नसक्नु जस्ता समस्या एवं चुनौतीहरुले कतिपय विकासका प्रक्रियाहरु प्रभावकारी रुपमा सम्पादन हुन नसकेको,
- हालका दिनमा कोरोना संक्रमण (COVID-19) को कारण भावी कार्यदिशा के हुने ? हाम्रा सामु चुनौतीको रुपमा रहेको छ ।

**उपस्थित महानुभावहरु,**

२०. अब म गाउँपालिकाको समग्र स्थितिको बारेमा जानकारी गराउन चाहन्छु ।

(क) हामी निर्वाचन भएर आए पछिको पहिलो (आ.व. २०७४।०७५) वर्षको वार्षिक कार्यक्रम आउने समय ज्यादै छोटो र अनुभव बिहीन थियो । भर्खर निर्वाचन भएर हामी पद बहाली गरेको समय भएकोले हतार(हतारमा वार्षिक कार्यक्रम र बजेट प्रस्तुत गर्दै गर्दा कतिपय कमी(कमजोरी भएको हामीले महशुस गरेकै हो ।

(ख) हालसम्मको कार्यानुभवले आ.व. २०७६।०७७ को बजेट र कार्यक्रम कार्यान्वयनको अन्तिम चरणमा आईपुग्दा हाम्रो आत्म विश्वास बढेकोछ । जनप्रतिनिधि र कर्मचारीहरुमा अनुभव बढेको साथै संघीयताका एजेण्डाहरु उजागर भएका कारण, शासन सञ्चालनका धेरै पूर्वाधारहरु निर्माण गर्न हामी सफल भएका छौं । तर पनि विपद्सँग हाम्रो केही लागेन । कोरोना संक्रमण (कोभिड-१९) संगको हाम्रो लडाई कति लामो हुने हो, यसको लेखाजोखा समयले गर्ने नै छ ।

(ग) चालु आ.व.मा कार्यान्वयन गर्ने गरी छनौट भई सञ्चालित योजनाहरु कार्यान्वयनको अन्तिम चरणमा रहेका र कतिपय योजनाहरु बाहेक उक्त योजना/कार्यक्रमहरु पूर्ण हुँदा गाउँपालिकाको समग्र विकासमा उल्लेख्य प्रगती भएको महशुस हुनेछ ।

(घ) आर्थिक एवं भौतिक प्रगतीको अवस्था देखिने गरी अनुसूचीमा व्यवस्थित गरिएको र संघीय एवं प्रदेश राजश्व बाँडफाँडको रकम करिब रु २ करोड ६० लाखले कम प्राप्त हुने, आन्तरिक राजश्व असुली अनुमान भन्दा २८ प्रतिशतले कम हुने संशोधित अनुमान छ ।

(ङ) विर्गत आ.व.हरुमा खरका छाना मुक्त गाउँपालिका, काठका पोलमूक्त गाउँपालिका लगायत प्रशस्तै अरुले अनुकरण गर्न लायक कामहरु हामीहरुले सम्पादन गरेका छौं ।

(च) विर्गत आ.व.हरुमा काठका पोलमुक्त छत्रदेव गाउँपालिका बनाउने हाम्रो अभियान सफलता तर्फ उन्मुख छ, निकट भविष्यमा छत्रदेव गाउँपालिकालाई काठेपोलमुक्त बनाइने छ ।

(छ) अहिले हामी जुन स्थानमा छौं, चालु आ.व.मा वहुवर्षीय ठेक्का अन्तर्गत बहुउद्देश्यीय सभाहलको कार्य सम्पन्न भएको हो । त्यस्तै छत्रदेवालयमा सिंढी र रेलिङ निर्माण गत आ.व.मै सम्पन्न भएको छ । पहिलो वर्षमै छत्रदेव गाउँपालिकाको नाममा जग्गा प्राप्ति भई गाउँ कार्यपालिकाको लागि ट्रष्ट भवन निर्माण कार्य सम्पन्न भई गत आ.व. देखि सोही ट्रष्टमा कार्यालय निर्माण गरी सेवा प्रवाह शुरु गरेका छौं ।

(ज) चालु आ.व.मा संघीय सरकारको विशेष अनुदानमा ठूलापोखरा स्वास्थ्य चौकी, भगवती स्वास्थ्य चौकी र जनजागृती आधारभूत विद्यालय (छत्रदेव-२) वहुवर्षीय ठेक्का अन्तर्गत निर्माणाधीन अवस्थामा रहेको व्यहोरा सम्मानित सभा समक्ष जानकारी गराउन चाहन्छु । रातापोखरामा क्रिकेट मैदान, पाँच ठूला खानेपानी योजनाहरु, दुई वटा वडा भवनहरु, गाउँपालिकाको परिसरमा कम्पाउण्ड वाल र गेट निर्माण लगायतका गर्व गर्न लायक योजनाहरु सम्पन्नको चरणमा रहेका छन् ।

(झ) सामाजिक विकास अन्तर्गत विद्यालयमा शैक्षिक गुणस्तर सुधारका लागि शिक्षक तालिमको सञ्चालन तथा शैक्षिक सामग्रीको वितरण कार्यलाई निरन्तरता दिईएको छ । विभिन्न किसिमका नेतृत्व विकास तथा सीपमुलक तालिमको सञ्चालन र सम्पन्न गर्ने विषय हाम्रा प्रथमिकताका विषय हुन् ।

(ञ) "आधारभूत स्वास्थ्य सेवा केन्द्र, छत्रदेव -०३" निर्माणको कामको लागि जग्गा प्राप्तिभई चालु आ.व. मा बोलपत्रको माध्यमद्वारा भवन सम्पन्न हुन गईरहेको साथै कर्मचारीको आपुती भई २०७६ फाल्गुन १ देखि सेवा सञ्चालन भएको व्यहोरा यस सम्मानित सभा समक्ष जानकारी गराउन चाहन्छु ।

(ट) वडा नं. १ र ५ का स्वास्थ्य चौकीका भवनहरु सम्पन्न भई हामीलाई हस्तान्तरण भइसकेका छन् । विभिन्न स्वास्थ्य संस्थाहरुमा रहेका एम्बुलेन्सहरु हाम्रा सम्पत्ति हुन्, स्वास्थ्य सेवा प्रवाहमा यिनीहरुको उपयुक्त व्यवस्थापन गरिने छ । छत्रदेव गाउँपालिका भित्रका बर्थिङ सेन्टरमा प्रसुती हुने सुत्केरीलाई निःशुल्क एम्बुलेन्स सेवा प्रदान गरिने छ ।

(ठ) स्वास्थ्य सेवा प्रवाहका दृष्टिले पछाडि परेका र जनताको व्यापक माग रहेका वडा नं. ०६ को चौवाह, वडा नं. ०८ को नेटाखर्क, वडा नं. ०१ को नेटी र वडा नं. ०७ को मडेलचौरमा सामुदायिक स्वास्थ्य ईकाई स्थापनाको प्रक्रिया गत आ.व. २०७५।०७६ मै अगाडि बढीसकेको र प्रदेश सामाजिक विकास मन्त्रालयमा थप कारबाहीको लागि पहल भइरहेको व्यहोरा यस सम्मानित सभामा जानकारी गराउन चाहन्छु ।

(ड) आगामी आ.व. २०७७।०७८ मा वडा नं ०६ को चौवाह र वडा नं ०१ को नेटीमा गाउँपालिकाको बजेटबाट सेवा सञ्चालन गर्न आवश्यक बजेटको व्यवस्था गरेकी छु ।

(ढ) सरकारी स्वास्थ्य संस्थामा प्रोटोकल अनुसार ४ पटक गर्भ जाँच गराउने गर्भवती महिलाहरुलाई गर्भवती तथा सुरक्षित प्रसुती उत्प्रेरणा कार्यक्रम मार्फत थप प्रोत्साहनको लागि आवश्यक बजेटको व्यवस्था गरेकी छु । बर्थिङ सेन्टरमा प्रसुती हुने सुत्केरी महिला तथा नव शिशुको प्रोटोकल अनुसारको स्वास्थ्य जाँच नर्सिङ्ग कर्मचारीबाट घरमै गएर गर्ने व्यवस्था मिलाइने छ ।

(ण) गर्भवती अवस्थामा गर्भजाँच गराउँदा Rural Ultrasound कार्यक्रम मार्फत गतिचबकयगलम सेवा उपलब्ध गराउने कार्यको सुरुवात गरिने छ ।

(त) आयुर्वेदिक तथा प्राकृतिक चिकित्सा पद्धतिलाई प्रवर्धन गर्न व्यवसायिक जडीबुटी खेतीलाई प्रोत्साहन गर्न सो को पहिचान र प्रयोगमा जोड दिइने छ । गाउँपालिकामा एक आयुर्वेद केन्द्र स्थापना गर्न विशेष पहल गरिने छ । आम नागरिकलाई योगाभ्यास र शारीरिक व्यायाम सहितको जीवन पद्धति अपनाउन प्रोत्साहन गरिनेछ ।

(थ) सबै वडाहरुमा प्रदेश र संघीय सरकारसँग समन्वय गरी कम्तिमा एक वडा एक लिफ्टिङ्ग खानेपानी आयोजना सञ्चालन गरिने कार्यक्रमलाई अगाडी बढाई सकिएको छ र नपुग भएका क्षेत्रहरु समेट्ने गरी निरन्तरता दिईने छ । पूर्ण सरसफाई युक्त गाउँपालिकाको घोषणाका लागि आवश्यक बजेट व्यवस्था गरी चालु आ.व.मा कार्यान्वयन प्रक्रिया अगाडी बढाई सकिएको र आगामी आ.व.२०७७।०७८ मा सरसफाई सम्बन्धी सचेतना कार्यक्रम सञ्चालन गरिनेछ ।

(द) खानेपानीको उचित व्यवस्थापनको लागि खानेपानी प्रणालीलाई मिटर प्रणालीमा लगी पानीको पूर्ण सदुपयोगमा जोड दिने साथै मितव्ययीता पूर्ण उपभोगलाई वढवा दिन खानेपानीलाई पहिलो प्राथमिकता दिई क्रियाकलाप केन्द्रित गरिने छ । साथै जनताको आवश्यकता अनुरुप "एक घर, एक धारा"को अभियानलाई अगाडी बढाइने छ ।

(ध) खानेपानी आयोजनाको सञ्चालनलाई सुव्यवस्थित बनाउन उपभोक्ता समितिलाई योजना हस्तान्तरण गर्ने र आफैमा सञ्चालन गर्न सक्षम गराउने नीति लिईने छ ।

(न) उपल्लो टिकुरी खानेपानी आयोजना, अर्घातोष खानेपानी आयोजना, बल्कोट-केरुङ्गा खानेपानी आयोजना, तिलकुवा चिदिपानी खानेपानी आयोजना र भिक्रे ढिकुरा खानेपानी आयोजना क्रमागत आयोजनाको रुपमा चालु आ.व. र आगामी आ.व.मा सम्पन्न गरिने छन् ।

(प) गाउँपालिका क्षेत्रभित्र रहेका सम्पूर्ण धार्मिक स्थल, मौलिक संस्कृति, प्राचिन पोखरी, परम्परागत बाजागाजा, नाँच, चाडवाडको संरक्षणलाई प्राथमिकता दिई बजेट व्यवस्था र कार्यान्वयन गर्दै आएका छौं । आन्तरिक पर्यटक आगमनलाई बढावा दिन प्रवर्द्धनात्मक कार्यक्रममा जोड दिईने छ ।

(फ) जातीय, भाषिक, धार्मिक, सांस्कृतिक विविधता तथा जटिल भौगोलिक वनावट समेतलाई आत्मसात गरी सामाजिक सद्भाव, समानता र सहिष्णुतामा आधारित समाज निर्माण गर्ने नीतिलाई निरन्तरता दिइने छ ।

(ब) खेलकुदको हिसावले छत्रदेव गाउँपालिकामा प्रशस्त पूर्वाधारहरुको निर्माणभई सकेका र यिनलाई थप सुविधा सम्पन्न बनाई गाउँपालिकालाई खेलकुद पर्यटन (क्उयचतक त्यगचष्क) को रुपमा विकास गर्ने दीर्घकालीन सोंच रहेको छ ।

**सभाध्यक्ष महोदय,**

अब म चालु आ.व.२०७६।०७७ को बजेट संरचना एवं पूंजिगत तर्फको संसोधित बजेट प्रशतुत गर्ने अनुमति चाहन्छु,

बजेट संरचनाः

| | |
|---|---|
| (क) संघीय वित्तीय समानीकरण अनुदान | रु. ९ करोड ८५ लाख |
| (ख) संघीय सशर्त अनदान | रु. १८ करोड ७३ लाख |
| (ग) संघीय राजश्व बाँडफाँड | रु. ७ करोड ४५ लाख |
| (घ) आन्तरिक राजश्व अनुमान | रु. ४४ लाख २२ हजार ८ सय ७१ |
| (ङ) प्रदेश वित्तीय समानीकरण | रु. ४३ लाख ३८ हजार |
| (च) प्रदेश राजश्व बाँडफाँड | रु. ६० लाख ७७ हजार |
| (छ) प्रदेश विशेष अनुदान (मु.म.ग्रा.वि.का.) | रु. ५२ लाख |
| (ज) प्रदेश सशर्त अनुदान | रु. ९० लाख |
| (झ) वन क्षेत्रको रोयल्टी बाँडफाँड | रु. २ लाख ८६ हजार ९ सय ५५ |
| (ञ) सामाजिक सुरक्षा भत्ता | रु. ९ करोड ३० लाख |
| (ट) गरिवसँग बिश्वेस्वर कार्यक्रम | रु. ३ लाख ९३ हजार |
| (ठ) प्रदेश समपूरक अनुदान | रु. १करोड ५० लाख |
| जम्मा | रु.४९ करोड ८० लाख १७ हजार ८ सय २६ |

यसमा सशर्त तर्फ विद्यालय भौतिक पूर्वाधारमा रु. ३८ लाख ६७ हजार थप हुन गई संघीय सशर्त रु. १९ करोड, ११ लाख, ६७ हजार कायम हुन गएको ब्यहोरा जानकारी गराउन चाहन्छु ।

२१. चालु आ.व.मा संशोधित पूँजीगततर्फ रु. १३ करोड ६९ लाख २ हजार ५ सय १५ विनियोजन भएकोमा २०७७ आषाढ मसान्तसम्म ९१ प्रतिशत अर्थात रु. १२ करोड ४५ लाख ८१ हजार २ सय ८८ रुपैया मात्र खर्च हुने अनुमान गरेकी छु ।

२२. चालु आर्थिक वर्षमा चालु तर्फ संशोधित रु. ८ करोड ८६लाख ५५ हजार ४ सय विनियोजन भएकोमा २०७७ आषाढ मसान्त सम्ममा ८६ प्रतिशत अर्थात रु. ७ करोड ६२ लाख ४३ हजार ६ सय ४४ रुपैयाँ मात्र खर्च हुने अनुमान छ । यस अन्तर्गत चालु प्रशासनिक खर्च बाहेकको कार्यक्रम तर्फको रकम रु १ करोड २७ लाख ३ हजार ४ सय कोरोना प्रकोप व्यवस्थापन कोषमा हस्तान्तरण गरिएको र कतिपय कार्यक्रम कोरोना (COVID-19)को कारण कार्यान्वयनमा कमि देखिन गएको ब्यहोरा यस सम्मानित सभामा जानकारी गराउन चाहन्छु । चालु तर्फ कार्यक्रम बाहेक प्रशासनिक खर्च जस्तोः

तलव, भत्ता लगायत कार्यालय सञ्चालन खर्च अन्तर्गत संसोधित अनुमान रु ५ करोड ५० लाख ५ हजार ४ सय रहेकोमा २०७७ आषाढ मसान्त सम्म सोको ९३ प्रतिशत अर्थात ५ करोड ११ लाख ५५ हजार २२ रुपिंया खर्च हुने अनुमान गरेकी छु। संघीय सरकारबाट हस्तान्तरित सशर्त अनुदानमध्ये करिव ९० प्रतिशत रकम खर्च हुने अनुमान छ।

२३. सशर्त बाहेक विभिन्न शिर्शक अन्तर्गत पूंजिगत र चालु अन्तर्गत विभिन्न कोषहरुमा आ.व.को अन्त्यमा खर्च हुन नसकेको रकम आगामी आ.व.को श्रावण महिनामा विशेष गाँउ सभा गरी योजना बैंक (Project Bank) मा रहेका उपयुक्त योजनाहरुमा बजेट खर्च गर्ने प्रस्ताव पेश गरेकी छु।

**सभाध्यक्ष महोदय,**

२४. अव म आगामी आर्थिक वर्ष २०७७।७८ को बजेटका उद्देश्य तथा प्राथमिकता प्रस्तुत गर्ने अनुमति चाहन्छु। यसै सभामा मिति २०७७।०३।०६ मा प्रस्तुत नीति तथा कार्यक्रम कमोजिम आर्थिक  वर्ष २०७७।७८ का बजेटका उद्देश्यहरु  निम्नानुसार रहेका छन्।

(क) विभिन्न प्रकारका रोग र बिपद्वाट नागरिकको जीवन रक्षा र जनजीवनलाई सुरक्षित बनाउने,

(ख) उपलब्ध श्रोतरसाधनहरुको बुद्दीमत्तापूर्ण रुपमा परिचालन गर्दै विकासका सबै आयामहरु समेट्ने गरी योजना छनौट एवं बजेट बिनियोजन गरी कार्यान्वयन गर्ने,

(ग) छनौट भएका योजना/कार्यक्रमहरुको कार्यान्वयन संयन्त्र निर्माण र अनुगमन/मूल्याङकन लाई प्रभावकारी बनाउने,

(घ) जनतामा उद्यमशिलताको विकास गरी स्थानीय अर्थतन्त्रलाई चलायमान बनाउँदै जनताको जीवनस्तर, आम्दानी र अवसरहरुको सिर्जना गर्ने,

२५. बजेटका उद्देश्यहरु हासिल गर्न  मैले तपशिल बमोजिम क्षेत्रगत र कार्यक्रमगत बजेटका प्राथमिकताहरु प्रस्तुत गर्ने अनुमति चाहन्छुः

(क) कोरोना संक्रमण (COVID-19) र सबै प्रकारका विपद्बाट नागरिकको जीवन रक्षा गर्न स्वास्थ्य सेवाको विस्तार र विपद्को पुर्व तयारी योजना निर्माण गर्ने,

(ख) कृषि व्यवसाय र पशु पालनमा तुलनात्मक लाभका क्षेत्रहरु पहिचान गरी जनतामा आय आर्जनका अवसरहरु सिर्जना गर्न कृषिलाई उच्च प्रथमिकता दिंदै खाद्यान्नमा गाउँपालिकालाई आत्म निर्भर बनाउने,

(ग) विकास र वातावरणमा तादम्यता कायम गर्दै आधुनिक भौतिक संरचनाहरु निर्माण गरी समृद्ध छत्रदेवको रुपमा विकास गर्ने,

(घ) सार्वजनिक, निजी र सहकारी क्षेत्रको संयुक्त प्रयासमा आर्थिक/सामाजिक विकास गर्ने,

(ङ) पारदशी र प्रभावकारी सेवा प्रवाह गरी चुस्त दुरुस्त, सार्वजनिक प्रशासनको प्रत्याभूति गराउने,

(च) विविधता व्यवस्थापन सहित विकासमा मूल प्रवाहीकरणको प्रवर्द्धन गर्ने,

(ज) सामाजिक परिचालन मार्फत जनताको जीवनस्तर माथि उठाउने क्षेत्रहरुको पहिचान गर्ने र सामाजिक/सांस्कृतिक ऐक्यबद्धता कायम गर्दै ज्ञानमा आधारीत समाज (Knowledge Based Society) निर्माणमा जोड दिने,

**सभाध्यक्ष महोदय,**

२६. अव, म आगामी आ.व. २०७७।७८ को बजेट तर्जुमा गर्दा लिइएका मुख्य मुख्य आधारहरु प्रस्तुत गर्ने अनुमति चाहन्छु।

२७. छत्रदेव गाउँपालिकाले आ.व. ०७७।७८ को बजेट तर्जुमा गर्दा लिइएका मुख्य-मुख्य आधारहरुः

(क) नेपालको संविधान,

(ख) स्थानीय सरकार सञ्चालन ऐन, २०७४,

(ग) अन्तर सरकारी वित्त व्यवस्थापन ऐन,२०७४,

(घ) राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोग ऐन, २०७४,

(ङ) संघीय र प्रदेश सरकारले जारी गरेका नीति, कानून तथा मापदण्डहरु,

(च) नेपाल सरकारबाट स्वीकृत संघ, प्रदेश र स्थानीय तहको कार्य विस्तृतीकरणको प्रतिवेदन,

(छ) संघीय सरकारले अंगिकार गरेकी आवधिक योजनाले लिएका नीति तथा प्राथमिकताहरु,

(ज) संघीय सरकारले अबलम्बन गरेका आर्थिक तथा वित्तीय नीतिहरु,

(झ) छत्रदेव गाउँपालिकाको आ.व. २०७७०७८ को वार्षिक नीति तथा कार्यक्रम,

(ञ) नेपालले अन्तराष्ट्रिय जगतमा जनाएका प्रतिवद्धताहरु,

(ट) स्थानीय शासन सञ्चालनका सिद्धान्त एवं प्रावधानहरु,

(ठ) विकासका समयामयिक मुद्दाहरु जस्तैः कोरोना संक्रमण (COVID-19), विपद् प्रतिकार्य योजना,

(ड) सामाजिक संरक्षण,

(ढ) दिगो विकास लक्ष्यहरु,

(ण) जलवायु परिवर्तन र खाद्य तथा पोषण सुरक्षा,

(त) लैङ्गिक सशक्तीकरण तथा समावेशी विकास, वालमैत्री स्थानीय शासन,

(थ) वातावरण मैत्री स्थानीय शासन, खुला दिशामुक्त तथा पूर्ण सरसफाई,

(द) उर्जा संकट लगायतका अन्तर सम्बन्धित विषयहरु,

(ध) छत्रदेव गाउँपालिकामा आवश्यक देखिएका अन्य विषयहरु ।

२८. अब म वार्षिक योजना/कार्यक्रम छनौट गर्दा बजेटले लिएका उद्देश्य, नीति र कार्यक्रम बमोजिमका प्राथमिकताहरु प्रस्तुत गर्न अनुमति चाहन्छु,

(क) कोरोना लगायत सबै प्रकारका विपद् बाट नागरिकलाई सुरक्षित राख्न गुणस्तरीय स्वास्थ्य सेवाको उपलब्धता र विपद् पूर्व तयारी योजना,

(ख) कोरोनाको कारण विभिन्न क्षेत्रमा पर्न गएको असरको आधारमा सो अनुरुप गतिविधि सञ्चालन,

(ग) आर्थिक विकास र गरिबी निवारणमा योगदान पुर्‍याउने,

(घ) कृषिको व्यवसायीकरण, आधुनिकीकरण र यान्त्रिकीकरण,

(ङ) उत्पादन मुलक र छिटो प्रतिफल दिने साथै पूर्वाधार (ठूला आयोजनाहरुको हकमा बढीमा तीन वर्ष भित्र सम्पन्न हुने आयोजनाहरु),

(च) राजश्व परिचालनमा योगदान पुर्‍याउने,

(छ) सेवा प्रवाह, संस्थागत विकास र सुशासनमा योगदान पुर्‍याउने,

(ज) स्थानीय स्रोत साधनमा आधारित भई जनसहभागिता अभिवृद्धि गर्ने,

(झ) लैंगिक समानता तथा सामाजिक समावेशीकरणको अभिवृद्धी गर्ने,

(ञ) दिगो विकास, वातावरण संरक्षण र विपद् व्यवस्थापनमा योगदान पुर्‍याउने,

(ट) समुदायलाई विपद् व्यवस्थापन गर्न सक्षम बनाउने साथै जलवायु परिवर्तन अनूकुलनका कार्यहरु गर्ने,

(ठ) स्थानीय समुदायलाई प्रविधि मैत्री बनाउन आवश्यक प्रविधि विकास गर्ने,

(ड) पर्यटन पूर्वाधारको विकास तथा प्रवर्धन,

(ढ) स्थान विशेषको संस्कृती र पहिचान प्रर्वद्धन गर्ने र गाउँपालिकाले आवश्यक देखेका अन्य विषयहरु,

**सभाध्यक्ष महोदय,**

२९. अव म आ.व. २०७७।०७८ को संक्षिप्त आय विवरण तथा सञ्चालन गरिने प्रमुख कार्यक्रमहरू र विनियोजित बजेट विवरण प्रस्तुत गर्न अनुमती चाहन्छु:

**आम्दानी तर्फः**

- **राजश्वः**

| | |
|---|---|
| (क) आन्तरिक राजश्व अनुमान | रु. ५३ लाख १० हजार, |
| (ख) संघीय राजश्व बाँडफाँड | रु. ७ करोड २८ लाख ३२ हजार ८० |
| (ग) प्रदेश राजश्व बाँडफाँड | रु. ४३ लाख ७५ हजार |
| (घ) बन क्षेत्रको राजश्व बाँडफाँड | रु. ३ लाख |

**जम्मा राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम रु. ८ करोड २८ लाख १७ हजार ८०**

- **नेपाल सरकार (संघीय सरकार)बाट प्राप्त हुने अनुदानः**

| | |
|---|---|
| (क) वित्तीय समानीकरण अनुदान | रु. १० करोड २ लाख |
| (ख) संघीय सशर्त (हस्तान्तरित) | रु. २१ करोड ७७ लाख |
| (ग) समपूरक अनुदान (बल्कोट-केरुङगा) | रु. २० लाख |
| (घ) विशेष अनुदान | रु. ३ करोड २० लाख |
| (ङ) सामाजिक सुरक्षा भत्ता (अनुमानित) | रु. ११ करोड |
| (च) गरिबसंग बिश्वेस्वर कार्यक्रम | रु. ४ लाख ५० हजार |
| (छ) पर्यटन बोर्ड | रु. १५ लाख |
| (ज) सडक बोर्ड | रु. ६ लाख |
| (झ) प्रशासकीय भवन समपूरक | रु. १ करोड ८० लाख |

**जम्माः संघीय सरकारबाट प्राप्त हुने रु ४८ करोड २४ लाख ५० हजार**

- **प्रदेश सरकारबाट प्राप्त हुने अनुदानः**

| | |
|---|---|
| ● वित्तीय समानीकरण अनुदान | रु. ५२ लाख ४४ हजार |
| ● सशर्त अनुदान | रु. १ करोड ४८ लाख ५० हजार |
| ● समपूरक अनुदान | रु. १ करोड ५० लाख |
| ● बिशेष अनुदान | रु. ५० लाख |
| ● जनता आवास क्रमागतः | रु. १० लाख |
| ● मूख्यमन्त्री ग्रामिण विकास कार्यक्रम | रु. ६० लाख |

**जम्मा प्रदेश सरकारबाट प्राप्त हुने अनुदान रु. ४ करोड ८० लाख ९४ हजार**

यसरी आर्थिक वर्ष २०७७।०७८ को लागि कुल आम्दानी तर्फ जम्मा रु ६१ करोड ३३ लाख ६१ हजार र रुपिंया ८० प्रस्ताव गरेकी छु ।

३०. त्यसै गरी व्यय तर्फ चालु खर्च रु. ३८ करोड ८६ लाख २६ हजार र पूँजिगत तर्फ २२ करोड ४७ लाख ३५ हजार ८० रुपैयाँ बिनियोजन गरेकी छु, जुन कुल बजेटको क्रमशः ६३।३६ र ३६।६४ प्रतिशत हुन आउँदछ । यसरी चालु र पूँजिगत गरी आगामी आ.व. २०७७।०७८ को लागि कुल ६१ करोड ३३ लाख ६१ हजार ८० रुपैयाँ व्यय अनुमान प्रस्ताव गरेकीछु । कुल बजेटमा राजश्व वापतको रु. ८ करोड २८ लाख १७ हजार, संघीय समानीकरण रु. १० करोड २ लाख र प्रदेश समानीकरण रु. ५२ लाख ४४ हजार गरी जम्मा रु. १८करोड ८२ लाख ६१ हजारको गाउँपालिकाद्वारा कार्यक्रम बनाईएको र संघीय सशर्त, प्रदेश सशर्त, सामाजिक सुरक्षा भत्ता, गरिवसँग विश्वेस्वर, पर्यटन वोर्ड, सडक बोर्ड, मूख्यमन्त्री ग्रामीण विकास कार्यक्रम एवं प्रदेश बिशेष अनुदान जस्ता कार्यक्रमका सोही क्षेत्रमा खर्च हुने हुँदा कार्यक्रम बनाई रहन परेन ।

३१. गाउँ कार्यपालिका कार्यालय, अन्तर्गत वडा कार्यालयमा कार्यरत कर्मचारीको तलब भत्ता, जनप्रतिनिधिहरुको सेवा सुविधा लगायत कार्यालय सञ्चालन चालु तर्फ रु. ६ करोड २१ लाख २६ हजार ८० रुपैयाँ विनियोजन गरेकी छु । सरकारद्वारा अन्तर सरकारी वित्तीय हस्तान्तरण अन्तर्गत विभिन्न विषयगत कार्यालय कृषि, पशु, शिक्षा, स्वास्थ्य र सशर्त अनुदानको रुपमा प्राप्त रु. २१ करोड ७७ लाख रुपैयाँ जस्ताको तस्तै सम्बन्धित क्षेत्रमै खर्च गर्नुपर्ने भएकाले सोही बमोजिम खर्च हुने गरी व्यवस्था मिलाएकी छु । साथै सामाजिक सुरक्षा तर्फ प्राप्त हुने सशर्त अनुदान रु. ११ करोड, गरिवसँग विश्वेश्वर कार्यक्रमको रु. ४ लाख ५० हजार, पर्यटन वोर्डको रु. १५ लाख, सडक वोर्डको रु. ६ लाख, संघीय विशेष अनुदानको रु. ३ करोड २० लाख, प्रदेश विशेष अनुदान रु. ६० लाख, मुख्यमन्त्री ग्रामिण विकास कार्यक्रमको रु. ६० लाख, प्रदेश सशर्त अनुदान तर्फको रु. १ करोड ४८ लाख ५० हजार जस्ताको तस्तै सम्बन्धित क्षेत्रमै खर्च गर्नुपर्ने भएकाले सो समेत सोही क्षेत्रहरुमा खर्च हुने व्यहोरा जानकारी गराउन चाहन्छु ।

३२. गाउँपालिकाद्वारा बनाईएको कार्यक्रम मध्ये चालु खर्च तर्फ गाउँ कार्यपालिकाको कार्यालय र वडा कार्यालय समेतको तलब भत्ता, जनप्रतिनिधिको सेवा सुविधा समेतमा छुट्याइएको रकम कूल आय रकमको १०।१२ प्रतिशत हुन आउँछ ।

३३. पुँजिगत तर्फका मुख्य आयोजनाहरुमा प्रमुख प्रशासकीय भवन निर्माणमा रु. ३ करोड, ठूलापोखरा स्वास्थ्य चौकी भवन निर्माणमा रु. १ करोड, भगवती स्वास्थ्य चौकी भवन निर्माणमा रु. १ करोड, जनजागृति आधारभूत विद्यालय भवन निर्माणमा रु. १ करोड २० लाख, केरुङ्गा-बल्कोट खानेपानी आयोजनामा रु. ५० लाख, प्रदेश समपूरक प्राप्त हुने आयोजनाहरुमा रु. ३ करोड, जनता आवासका लागि रु. २० लाख, खानेपानी पाईप खरिदमा रु. २० लाख, तारजाली खरिदमा रु. १५ लाख, जस्तापाता खरिदमा रु. १५ लाख, वैकल्पिक उर्जा लागत साझेदारीमा रु. ४० लाख समेतमा पूँजिगत रकम विनियोजन गरेकी छु ।

## श्रोत परिचालन

३४. हाम्रो आन्तरिक स्रोत अति न्यून परिचालनको अवस्था रहेको छ । आन्तरिक श्रोत र संघीय सरकार एवं प्रदेश सरकार साथै बिभिन्न क्षेत्रहरुबाट प्राप्त अनुदान र हस्तान्तरित कार्यक्रममा भर पर्नु परेको अवस्था हामी सबैलाई जानकारी छ । करको क्षेत्र र दर निर्धारण गर्दा करदाताको क्षमता, करको प्रकृती तथा उठ्ने रकमको आकार र कर उठाउँदा सम्वन्धित क्षेत्रको विकास तथा विस्तारमा पर्न जाने सकारात्मक वा नकारात्मक दायराहरुलाई विचार गर्दै सुझबुझपूर्ण ढंगले करका दरहरु हमीले विर्गत वर्षहरु देखि नै निर्धारण गर्दै आएका हौं । आगामी आर्थिक वर्षको लागि पनि करका दरहरुमा उल्लेख्य वृद्धी नगरी कर एवं राजश्व प्रशासनलाई चुस्त दुरुस्त बनाउने र अनुमानित राजश्व प्रभावकारी रुपमा असुल गर्न प्रभावकारी कार्यक्रम अगाडि बढाईनेछ । साथै कर तिर्ने नागरिक दायित्व पूरा गर्न अभिप्रेरित गरिनेछ । प्राप्त अनुदान र नागरिकहरुबाट प्राप्त करको समुचित उपयोगमा जोड दिइनेछ ।

३५. गाउँपालिका भित्रका आर्थिक गतिविधिहरुलाई करको दायरामा ल्याइने छ । राजश्व प्रशासनलाई चुस्तरदुरुस्त बनाई आर्थिक ऐनले निर्दिष्ट गरेका करका क्षेत्रहरु बमोजिम राजश्व असुलीमा जोड दिई लक्ष्य अनुरुप राजश्व असुल गरिने छ ।

३६. सरकारी खर्चको कुशल व्यवस्थापनबाट सुशासनका आयामहरुको क्रियाशिलताद्वारा विकासका लक्ष्यहरु पूरा गरिनेछ । वित्तीय अनुशासन कायम गर्न विशेष जोड दिइने छ । सरकारी कोषको अधिकतम सदुपयोगमा हामी सचेत रहेको व्यहोरा प्रतिबद्धता व्यक्त गर्न चाहन्छु ।

**सभाध्यक्ष महोदय,**

३७. अब म देहाय बमोजिम गाउँपालिका स्तरीय कार्यक्रम तथा आयोजनाहरुलाई वर्गीकरण गरिएको बजेट व्यवस्थाका सम्बन्धमा जानकारी गराउने अनुमति चाहन्छु ।

## आर्थिक क्षेत्र

३८. जमिन बाँजो राख्ने प्रवृतीलाई निरुत्साहित गर्दै निर्वाहमुखी कृषिमा आधुनिकीकरण, यान्त्रिकीकरण, व्यावसायीकरण गरी यसमा आश्रित जनशक्तीको आर्थिक उपार्जनमा वृद्धी गरी आत्मनिर्भर कृषक बनाउनका लागि हाम्रो प्रयास जारी रहनेछ। छत्रदेवको जमिन जथाभावी खण्डिकरण गर्ने प्रवृतिलाई निरुत्साहित गरिने छ। कृषिमा उत्पादन र उतपादकत्व बढाउनको लागि उन्नत जातका बिउको प्रयोग, सिचाइ सुविधाको विस्तार, माटो सुहाउँदो खेती प्रणाली, हाते ट्याक्टर आदिको व्यस्था गरेकी छु।

३९. बालीनाली संरक्षणको लागि वन्यजन्तु विशेषगरी बाँदर र बँदेलको नियन्त्रणका लागि विशेषज्ञहरु झिकाई अध्ययन अनुसन्धान गर्ने प्रक्रियालाई पहल अगाडि बढाई सकिएको व्यहोरा नीति तथा कार्यक्रममा प्रस्तुत भइसकेको छ। यस सम्बन्धमा थप अनुसन्धान र नियन्त्रणको लागि गाउँपालिकाको उपयुक्त बजेट शीर्षकबाट सो सम्बन्धी वयवस्था गरिने छ।

४०. उन्नत र व्यवसायिक कृषि तथा पशुपालन कार्यक्रम, सशर्त तर्फको बजेटसमेतको माध्यमद्वारा १०० प्रतिशत बोयर जातका बाख्रा खरिदको व्यवस्था, लगायत कृषि ब्यवसाय प्रवर्द्धन कोषको नामले एउटा कोषको समेत व्यवस्था गरेकी छु।

४१. विर्गतमा भन्ने गरिएको “उत्तम कृषि, मध्यम ब्यापार, निम्न नोकरी” भन्ने भनाईमा परिवर्तन आई आजका दिनहरुमा “उत्तम व्यापार, मध्यम नोकरी, निम्न कृषि” भन्ने कुरा चरितार्थ भएको छ। नेपाल कृषिको लागि उत्तम भूमी हो। त्यसमा पनि छत्रदेवको भूगोल कृषिको लागि अति उत्तम छ भन्ने हाम्रो ठम्याई छ। सो अनुरुप कृषि हाम्रो परम्परा हो, संस्कृती हो, सो अनुरुप साबिकको अवधारणालाई हामीले व्यवहारमा चरितार्थ गर्न चाहन्छौं।

४२. नयाँ संरचना पछि स्थानीय स्तरमा मलखादको आपूर्तिमा समस्या भई गाउँपालिकाद्वारा कृषि सहकारी संस्थाहरुलाई सिफारिस गर्ने गरिएको र आगामी दिनमा कृषकहरुको सुविधालाई ध्यानमा राखि गाउँपालिकामा मलखाद डिपो राख्न आवश्यक प्रकिया अवलम्वन गरिने छ।

४३. समयको माग अनुरुप आधुनिक सुविधा सम्पन्न टनेल तथा मल्चिङ्गको लागिरु ३ लाख बजेटको व्यवस्था गरेकी छु।

४४. गाउँपालिकामा उत्पादित कृषि उपजहरुको बिक्रि वितरणमा सहजता ल्याउन गत आ.व.मा शुरु गरिएको कृषि उपज संकलन केन्द्रको अवधारणा एवं हाटबजारको व्यवस्थालाई उद्यमशिलता विकास अन्तर्गत कार्यक्रम सञ्चालन गर्न सशर्तमा रहेको बजेट समेत परिचालन गरिने छ ।

४५. तुलनात्मक लाभका वस्तुहरु पहिचान र व्यवसायिकरणमा जोड दिन र स्थानीय उत्पादनबाट लघु उद्यम सञ्चालन गर्न विशेष प्राथमिकता दिईनेछ। आधुनिक उन्नत जातका बाख्रा पालन र अन्य पशुपालन व्यवसायमा जोड दिन नेपाल सरकारद्वारा हस्तान्तरित र मुख्यमन्त्री ग्रामिण विकास कार्यक्रम अन्तर्गतको बजेट समेत परिचालन गर्ने व्यवस्था गरिनेछ।

४६. नीजि, सार्वजनिक र सहकारीको माध्यमबाट स्थानीय अर्थतन्त्रको उन्नयन गर्न सकिन्छ भन्ने हाम्रो ठम्याई छ। निजि क्षेत्रलाई प्रोत्साहन, सार्वजनिक क्षेत्रलाई क्षमतावान र सहकारी क्षेत्रलाई आकर्षण जस्ता विषयहरुलाई समेट्दै हाम्रो बजेट तथा कार्यक्रम बनेको हुदां सबै क्षेत्रलाई समेट्ने गरी बजेट तर्जुमा गरिएको ब्यहोरा यस सम्मानित सभा समक्ष जानकारी गराउन चाहन्छु।

४७. च्याउको बिउ वितरण, अन्न बाली बिउ वितरण, विदेशबाट फर्किएका युवाहरुको लागि लक्षित कार्यक्रम जस्ता गतिविधिहरुको लागि कृषि कार्यक्रम केन्द्रित हुने गरी बजेटको व्यवस्था मिलाएकी छु।

४८. कृषि हाम्रो मुल पहिचान हो, कृषि हाम्रो संकृति हो, कृषि र पशुपालनमा तुलनात्मक लाभका वस्तुहरु उत्पादन गरी उद्धमशिलता विकास गर्ने उद्देश्य सहित चालु आ.व. मा यस गाउँपालिकाका ४० जना विद्यार्थीलाई एग्रो फरेष्ट्री पोलिटेक्नीक ईन्टिच्युटमा ३ वर्षे बाली विज्ञान अध्यनको लागि निःशुल्क छात्रवृत्ती उपलब्ध गराइएको व्यहोरा यहाँ स्मरण गराउन चाहन्छु र यस वर्ष भूक्तानी गर्नको लागि जम्मा रु १८ लाख ५० हजार बजेट व्यवस्था गरेकी छु।

४९. पशु सेवा तर्फ व्यावसायिक कृषकहरुको लागि सहकार्यमा भकारो सुधार, डेरी सुधारको लागि अनुदानको व्यवस्था गरी हरेक र दक्ष, सिपयुक्त जनशक्तिलाई यसतर्फ आकर्षित गरी पूर्ण व्यावसायिक बनाउने गाउँपालिकाको सोँच रहेकोछ। यस छत्रदेव गाउँपालिकालाई दुध, मासु र अण्डामा आत्मनिर्भर बनाउनको लागि आवश्यक कदम अगाडी बढाइनेछ।

५०. चालु आ.व. २०७६।०७७ मा १०० प्रतिशत बोयर पाठापाठी वितरण गर्न गाउँपालिकाको आफ्नो बजेट र मुख्यमन्त्री ग्रामिण विकास कार्यक्रम अन्तर्गत बोलपत्र आब्हान समेत भएकोमा कोरोना संक्रमणको कारण बोलपत्र रद्द गर्नु परेको तीतो अनुभव हामीसँग छ। चालु आर्थिक वर्षमा त्यसलाई कार्यान्वयन गर्न सशर्त तर्फको लागत साझेदारीमा बाखा प्रवर्द्धन कार्यक्रम साथै बाखाको साना व्यवसायिक कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रम सञ्चालन गरिनेछ।

५१. कृषक दर्ता व्यवस्थापन कार्यक्रम साथै कृषि तथा पशुपंक्षी सम्वन्धी तथ्याङ्क अद्यावधिक कार्यक्रम सशर्तको कार्यक्रम अन्तर्गत रहेको कार्यान्वयन गरिनेछ।

५२. उन्नत घाँस बिउ वितरणमा रु. ३ लाख, पशु औषधि खरिदमा रु. ४ लाख लगायत क्रियाकलापको लागि कृषि र पशु सम्बन्धी फरक फरक कार्यक्रममा आवश्यक बजेट विनियोजन गरेकी छु।

५३. उद्यमशिलता विकास गर्नको निमित्त घरेलु उद्योगहरुलाई संरक्षण र सम्बर्द्धन गरी यिनीहरुलाई परिस्कृत गर्न प्रविधिको अनुशरण गरी जनजिविकालाई सहज बनाउनको लागि पहिचानको आधारमा पुनर्ताजगी र एडभान्स शिप विकास तालिम साथै लघु उद्यम विकास मोडलमा नंया लघु उद्यमी सिर्जना गर्ने, समूहमा प्रविधि हस्तान्तरण जस्ता गतिविधि स्चालन गरिनेछ।

५४. आत्मनिर्भर गाउँपालिका बनाउने अभियानमा हाम्रो क्षेत्रमा विकास सञ्चालन हुन सक्ने लागि सम्भाव्यताको खोजी गरिनेछ। स्थानीय कच्चा पदार्थमा आधारित लघु उद्यमको स्थापनाका लागि तालिमको माध्यमद्वारा उद्यमी सिर्जना गर्न आवश्यक बजेटको व्यवस्था गरेकी छु।

५५. गत आ.व. मा अगाडि सारिएको 'एक घर, एक ब्यवसायी फर्मुको अवधारणा अनुरुप उद्यमी सिर्जना गर्न विशेष पहल गरिनेछ। कृषि, पशु, लघु उद्यम जस्ता क्रियाकलावहरुलाई समन्वयात्मक ढंगले अगाडि बढाउँदै बसाई सराईको तिब्र प्रबृत्तिलाई रोक्न "पर्ख्नोस्, हामी तपाईको लागि केही गर्दै छौं "भन्ने भनाई हाम्रो चालु आर्थिक वर्षको कार्यक्रम भएता पनि कोरोना संक्रमणको कारण प्रभावकारी ढंगले कार्यान्वयन गर्न नसकिएकोले आगामी आ.व.मा निरन्तरता दिंदै विदेशबाट फर्किएका युवा लक्षित कार्यक्रमसँग जोडेर प्रकृया अगाडी बढाईने छ। जसका लागि रु. १० लाख विनियोजन गरेकी छु।

५६. त्यस्तै कृषि तर्फ बाँझो जमिन व्यवस्थापन कार्यक्रम अन्तर्गत रु. १० लाख विनियोजन गरेकी छु।

५७. यसका लागि आगामी आ.व.मा गाउँपालिका, प्रदेश सरकार, संघीय हस्तान्तरण र मुख्यमन्त्री ग्रामिण विकास कार्यक्रम समेतको संयुक्त प्रयासमा उद्योग तथा वाणिज्य र लघु, घरेलु तथा साना उद्यम विकास कार्यक्रम सञ्चालन गरिनेछ।

५८. यस गाउँपालिका क्षेत्रभित्र प्राकृतिक, सांस्कृतिक, पूरातात्विक महत्वका सम्पदाहरु र विभिन्न देवी देवताका मठमन्दिर, विभिन्न जात जातीहरुको संगम स्थल भएकोले पर्यटनको प्रवर्द्धन र सञ्चालनगर्न आवश्यक बजेट विनियोजन गरेकी छु।

५९. "छत्रदेवको शान, सुन्दर, शान्त,समृद्ध गाउँपालिका हाम्रो अभियान"भन्ने हाम्रो नारालाई सार्थक तुल्याइ यस गाउँपालिकालाई आन्तरिक पयर्टनको आकर्षक स्थल बनाई पर्यटन प्रवर्धन गर्ने र प्राप्त आयको समन्यायिक वितरण गरी जनताको जीवनस्तरमा सुधार गर्नको लागि पर्यटन प्रबर्धन तर्फ रु. १ लाख ५० हजार बजेटको व्यवस्था गरेकी छु । साथै पर्यटन विकासको लागि दीर्घकालीन सोंचका साथ रणनीतिक योजना तर्जुमा तर्फ आवश्यक पहल गरिने छ।

६०. समग्र राष्ट्रले सहकारीलाई आर्थिक विकासको प्रमुख आधार स्तम्भ मानेको वर्तमान अवस्थामा छत्रदेव गाउँपालिका भित्र पनि छरिएको स-सानो पूँजीलाई गाउँपालिकाको समग्र विकास गरी समुदायमा आधारित अर्थतन्त्रको अवलम्वनको आवश्यकता छ। सहकारीको क्षमता विकास कार्यक्रमको लागि रु ५ लाख बजेट व्यवस्था गरेकी छु

६१. गाउँपालिकाको समग्र आर्थिक विकासको निमित्त रु. १ करोड १७ लाख ९५ हजार विनियोजन गरेकी छु

## सामाजिक विकास

६२. संविधानले परिलक्षित गरे बमोजिम नेपाली जनताको लागि शिक्षालाई मौलिक हकको रुपमा स्थापित भएको छ। प्रत्येक नागरिकलाई आधारभूत शिक्षामा पहुँचको हक उपलब्ध भए संगै स्थानीय तहको अधिकारको सूचीमा आधारभूत र माध्यमिक शिक्षाको लागि आवश्यक कानून बनाउने, कार्यान्वयन गर्ने लगायत गुणस्तरीय शिक्षा सम्वन्धी सम्पूर्ण रणनीति अख्तियार गर्ने अधिकार स्थानीय तहमा रहेकोछ। समाज रुपान्तरणको प्रमुख पक्ष सामाजिक विकास र त्यसमा पनि शिक्षा महत्वपूर्ण पक्ष भएकोले यस पक्षमा विशेष ध्यान दिन जरुरी छ। मानव संसाधन विकास गर्न शिक्षामा लगानी र यसको गुणस्तरियताले महत्वपूर्ण भूमिका खेल्दछ। छत्रदेवको शिक्षा यसै तर्फ केन्द्रित हुने छ। सामाजिक विकास तर्फ जम्मा रु. ४ करोड १९  लाख ६४ हजार ४ सय विनियोजन गरेकी छु

६३. 'छत्रदेवको इच्छा,युग सुहाउँदो शिक्षा' भन्ने नारालाई सार्थक तुल्याउन शिक्षा सम्वन्धी हाम्रा गतिविधिहरु केन्द्रित हुनेछन्। शिक्षा व्यक्तित्व विकासको प्रमुख आधार हो। छत्रदेवका आफ्नै मौलिक बिशेषताहरुलाई सार्थक तुल्याउन शिक्षा केन्द्रित रहनेछ। गत आ.व.बाट यस गाउँपालिका भित्रका हरेक विद्यालयमा अंग्रेजी माध्यममा शुरु भएको कक्षा १ को शिक्षालाई क्रमशः स्तरोन्नती गर्दै जानै नीतिलाई व्यवहारिक रुपान्तरणा गर्न शिक्षक तालिमको लागि बजेटको व्यवस्था गरेकी छु। ीप्न कक्षाको पाठ्यपुस्तकका लागि रु. ५ लाख विनियोजन गरेकी छु। समग्र शिक्षा क्षेत्रको विकासको सशर्त तर्फको बजेट बाहेक रु. ६३ लाख ५५ हजार ५ सय विनियोजन गरेकी छु।

६४. सार्वजनिक विद्यालयमा कम्प्युटर शिक्षकको क्षमता विकासकालागि रु. ३ लाख विनियोजन गरेकी छु। विद्यालयहरुको अनुगमन, विद्यालय परिक्षा व्यवस्थापनका लागि समेत बजेट व्यवस्था गरेकी छु।

६५. सामूदायिक विद्यालय समायोजन, दरवन्दी मिलान तथा व्यवस्थापन तर्फ आवश्यक बजेटको व्यवस्था गरेकी छु। त्यस्तै विद्याथी सिकाई उपलब्धीको परिक्षण गर्न बजेटको व्यवस्था गरेकीछु। बालविकास सहजकर्ताको प्रोत्साहन भत्तालाई निरन्तरता दिएकीछु।

६६. गाउँपालिका भित्रका विद्यालयहरुलाई व्यवस्थित तवरले सञ्चालनगर्न आर्थिक अवस्था कर्मजोर भएका विद्यालयहरुको पूर्वाधारहरुको विकासका लागि पुनःनिर्माण प्राधिकरण मार्फत विभिन्न विद्यालयका भवनहरु बनाउन प्रतिबद्धता प्राप्त भएको छ।

- बालविकास केन्द्रका सहजकर्ताहरुको प्रोत्साहन भत्ताको व्यवस्था गरेकी छु।
- विद्यालयमा विद्याथीहरुका लागि अतिरिक्त क्रियाकलावमा जोड दिइनेछ।
- विद्यालयमा हरियाली प्रबर्धन गर्न पूर्वाधार निर्माण गर्दा ध्यान दिइनेछ।
- विद्यालयमा प्राथमिक स्वास्थ्य उपचारको निम्ति आवश्यक प्रवन्ध मिलाइनेछ।
- विद्यार्थिहरुलाई विद्यालयमा "ल्याउन, टिकाउन र सिकाउन" लगायतका कार्यक्रमको लागि समेत वार्षिक नीति र कार्यक्रममा उल्लेख भएका कुराहरु यथासक्य श्रोत साधनको आधारमा कार्यान्वयन गरिनेछ।
- शिक्षालाई हाम्रो अनूकुल बनाउन विद्यालयस्तरमा पाठ्यक्रम विकासको निमित्त आवश्यक बजेटको व्यवस्था गरेकी छु।

६७. विद्यालय हराभरा कार्यक्रम अन्तर्गत रु. २ लाख बिनियोजन गरेकी छु।

६८. शिक्षालाई प्रविधिमैत्री बनाउन आवश्यक रकम व्यवस्थागरेकीसाथै शिक्षामा विभिन्न प्रवर्धनात्मक कार्यक्रमका लागि समेत रकम विनियोजन गरेकीछु ।

६९. स्थानीय पाठ्यक्रम विकासका लागि रु. ५ लाख विनियोजन गरेकी छु।

७०. आधारभूत स्वास्थ्य सेवा नागरिकको मौलिक अधिकारकोको रुपमा संविधानले स्थापित गरेको छ। अर्को तर्फ मानबीय स्वास्थ्य संबेदनशिल विषय भएकोले स्वास्थ्य सेवालाई हरेक नागरिकको पहुँचमा राख्न तथा यो सेवा सहज, सरल र सर्वसुलभ रुपमा अनभुत हुने गरी प्रत्याभूत गर्न प्रत्येक स्वास्थ्य सस्थाहरुको सवलिकरण र क्षमता विकास हाम्रो प्राथमिकताको विषय रही आएकोछ ।

७१. स्वास्थ्य संस्थाहरुमा जस्तोसुकै अवस्थामा पनि औषधीको नियमित आपुर्ति गर्नको लागि प्रयाप्त मात्रामा औषधि मौजदातमा रहेको र औषधी व्यवस्थापनको लागि सशर्तमा औषधि खरिदमा रहेको रकम समेतको समयमै औषधि आपूर्तिको व्यवस्था मिलाइनेछ । स्वास्थ्य सेवालाई आधुनिक र प्रविधिमैत्री बनाउनुका साथै स्वास्थ्य संस्थामा जनशक्तिको प्रर्याप्त व्यवस्था मिलाउने कार्यलाई निरन्तरता दिईनेछ ।

७२. आधुनिक चिकित्सा पद्धति प्रतिको धारणा विकास गर्न निःशुल्क स्वास्थ्य शिविरको आयोजना गर्न रु. ५ लाख बजेटको व्यवस्था गरिएकी छु ।

७३. सामाजिक सुरक्षा भत्ता वितरण सँगै निःशुल्क स्वास्थ्य शिविर सञ्चालन गर्ने कार्यक्रमलाई निरन्तरता दिएकी छु । स्वास्थ्य संस्थामा उपकरण अभाव हुन नदिन सो को लागि आवश्यक बजेटको व्यवस्था गरेकी छु ।

७४. आमा समूह र महिला स्वास्थ्य स्वयं सेविकाका लागि विभिन्न प्रोत्साहन मूलक कार्यक्रमहरु ससमावेश गरिएका छन्

७५. हाम्रो स्वामित्वमा रहेका ३ वटा एम्बुलेन्सहरु हाम्रा सम्पत्ति हुन् बिरामीको सुविधाको लागि यिनको उचित व्यवस्थापन गरिने छ ।

७६. प्राथमिक स्वास्थ्य केन्द्र सुदृढिकरणका लागि रु. ३ लाख छुट्टाएकी छु साथै अन्य स्वास्थ्य संथाहरुको सेवा, प्रवाहलाई चुस्त दुरुस्त राख्नुका साथै जनताको गुनासो लाई शून्य पार्ने प्रयास गरिनेछ । चिदिका स्वास्थ्य चौकीमा प्रयोगशाला सेवा सञ्चालन गर्नका लागि रु. ३ लाख ५० हजार बजेटको व्यवस्था गरेकी छु ।

७७. बाक्लो बस्ती भएको र स्वास्थ्य सेवा उपलब्ध नभएको वडा नं ०६ को चौवाह र वडा नं ०१ को नेटीमा गाउँपालिकाको बजेटबाट आगामी आ.व.२०७७।०७८ मा सामुदायिक स्वास्थ्य इकाई (केन्द्र) सेवा सञ्चालन गरिनेछ । जसका लागि रु. १५ लाख रकम विनियोजन गरेकी छु र बाँकी २ स्थानमा पनि सामाजिक विकास मन्त्रालय मार्फत सेवा सञ्चालन गर्न पहल गरिनेछ ।

७८. गर्भवती अवस्थामा गर्भ जाँच गराउँदा Rural Ultrasound कार्यक्रम मार्फत Ultrasound सेवा उपलब्ध गराउने कार्यक्रमको लागि रु. १ लाख बजेटको व्यवस्था गरेकी छु ।

७९. हालको कोरोना संक्रमण (COVID-19)को अवस्थामा यसका विरुद्ध लड्न कोभिड बिशेष कार्यक्रमका लागि रु. १५ लाख बजेटको व्यवस्था गरेकी छु ।

८०. समग्र स्वास्थ्य सेवा तर्फ सशर्त वाहेक गाउँपालिकाको कार्यक्रमबाट रु. १ करोड १८ लाख २६ हजार ४ सय रुपैयाँ विनियोजन गरेकी छु ।

८१. छत्रदेव गाउँपालिका खानेपानीको लागि श्रोतहरु कम भएको क्षेत्रमा पर्दछ । शुद्ध र स्वस्थ खानेपानीको पहुँचमा अभाव भएको कारण हाम्रा विकासका गतिविधिहरु त्यस तर्फ केन्द्रित हुन आवश्यक छ । खानेपानीको क्षेत्रमा गत विर्गत वर्षहरु देखि हामीले जोड दिँदै आएको कुरा पुनः स्मरण गराउन चाहन्छु । यस क्षेत्रमा प्रदेश सरकारको लागत साझेदारीमा गत आ.व.२०७५।०७६ र चालु आ.व. २०७६।०७७ मा ठूला खानेपानी आयोजनाहरु सम्पन्न भएका र सम्पन्नको चरणमा रहेका छन् ।

८२. संघ र प्रदेश सरकारको सहकार्यमा खानेपानीका गौरबका आयोजना सञ्चालन गर्न थप प्रयासहरु समेत भएका छन् । यि गतिविधिहरुसमेतको आधारमा आगामी २ वर्ष भित्रमा सतप्रतिशत जनतालाई सुधारिएको खानेपानी र सरसफाईको व्यवस्था गर्ने गरी कार्यक्रम अगाडि बढाईएको व्यहोरा यस सम्मानित सभामा जानकारी गराउन चाहन्छु

८३. कार्यान्वयन सम्पन्न हुने आयोजनाहरुबाट समेत “एक घर, एक धारा”को हाम्रो अभियानलाई टेवा पुग्ने छ भन्ने कुरा यस सम्मानित सभामा जानकारी गराउन पांउदा खुशी लागेकोछ ।

८४. चालु आ.व.मा भएको व्यवस्था बमोजिम लिफ्टिङ खानेपानीका पर्याप्त पूर्वाधारहरु तयार भएको व्यहोरा जानकारी गराउन चाहन्छु ।

८५. गत आर्थिक वर्ष खानेपानीको समस्या समाधान गर्न छत्रदेव गाउँपालिकाले एक वडा एक लिफ्टिङ् खानेपानी आयोजनाको नीति लिइएकोमा उक्त नीति बमोजिम लिफ्टिङ्ग खानेपानी आयोजनाको सञ्चालनलाई सुव्यवस्थित बनाउन उपभोक्ता समितिलाई योजना हस्तान्तरण गर्ने र आफैमा सञ्चालन गर्न सक्षम गराउने नीति लिईने छ ।

८६. प्रदेश सरकारको अगुवाईमा चालु आ.व.२०७६।०७७ मा वास कार्यक्रम अन्तर्गत संस्थागत एवं व्यक्तिगत खानेपानी तथा सरसफाई सम्वन्धी तथ्याङक सङकलनको काम सम्पन्न हुने चरणमा रहेको र आगामी वर्षको लागि सोही कार्यक्रम निरन्तरताको लागिरु. ६ लाख विनियोजन गरेकीछु ।

८७. विभिन्न वडा एवं खानेपानी योजनाहरुको लागि आवश्यक पर्ने खानेपानी पाईप खरिदको लागि रु. २० लाख विनियोजन गरेकी छु ।

८८. फोहरमैला व्यवस्थापनको लागि डम्पीङ साईट निर्माण संभाव्यता अध्ययन र पूर्बाधारको निम्ति रु १ लाख ५० हजार बजेटको व्यवस्था गरेकी छु ।

८९. आकाशे पानी संकलनका लागि घैंटा निर्माण तर्फ रु. १८ लाख ५० हजार रकम विनियोजन गरेकी छु ।

९०. खानेपानी व्यवस्थापन, पँधेराहरु मर्मत संभार, लिफ्टिङ्ग खानेपानी मर्मत सुधार, सरसफाई तथा वातावरण संरक्षण जस्ता गतिविधिहरुको लागि आवश्यक बजेट विनियोजन गरेकी छु ।

९१. समग्र खानेपानी तर्फ सशर्त वाहेक गाउँपालिकाद्वारा बनाइएको योजनाबाट रु. १ करोड २ लाख ४३ हजार रुपैयाँ विनियोजन गरेकी छु ।

९२. परम्परागत संस्कृती (लाखे, कालीका, सराय, रोपार, हाईदोष) हरुको उन्नयन गर्न आवश्यक बजेटको व्यवस्था गरेकी छु ।

९३. सांस्कृतिक क्षेत्रमा अन्य गौरब गर्न लायक कामहरु भएको हामीले महशुस गरेकाछौं । संस्कृति हाम्रो पहिचान हो, सँस्कृतिको उन्नयन विना समग्र सामाजिक विकास अपूरो रहन्छ । समग्र सँस्कृति विकास तर्फ आगामी आ.व. २०७७।७८ का लागि रु. ६० लाख २० हजार बजेट व्यवस्था गरी खर्च गर्ने व्यवस्था मिलाएकी छु ।

९४. यो गाउँपालिका विविध संस्कृतिको संगम भएको गाउँपालिका हो, यहाँको समुदायमा विविध जात जातीहरु विभिन्न धर्मावलम्वीको वासस्थान भएकोले सामाजिक सांस्कृतिक सदभाव, समन्वय रसाझेदारीताको लागि गत आ.व.मा नै केही कार्यक्रमहरु शुरु गरिएकोमा आगामी आ.व.मा पनि तीनिहरुलाई निरन्तरता दिईने छ ।

९५. विविध देवी देवताका मन्दिरहरुको पूर्वाधार विकास गर्न केही रकम विनियोजन गरेकी छु। छत्रदेवालयमा अघिल्लो आ.व.मा शुरु गरिएको सिढी निर्माणको कार्य सम्पन्न भएको ब्यहोरा यहाँहरु सबैलाई जानकारी नै छ। यस मन्दिरमा नियमित पुजा पाठ हुने व्यवस्था गर्नको लागि व्यवस्थापकीय पक्ष सुधारको लागि आवश्यक प्रवन्ध गरिनेछ ।

९६. विर्गत वर्षहरुदेखि सञ्चालन भएको अध्यक्षकप रनिङ्ग शिल्ड भलिवल प्रतियोगिता आगामी वर्ष पनि सम्पन्न गर्नका लागि रु. ८ लाख विनियोजन गरेकी छु। साथै वडास्तरीय क्रिकेट प्रतियोगिता चालु आ.व.मा सम्पन्न भएको र आगामी आ.व.मा सञ्चालनका लागि रु. १० लाख साथै खेलकुद व्यवस्थापन समेतका लागि रु. २ लाख विनियोजन गरेकी छु ।

९७. समग्र खेलकुद क्षेत्रको विकासका लागि रु. २३ लाख २० हजार रकम विनियोजन गरेकी छु ।

९८. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण तर्फ ज्येष्ठ नागरिक सम्मान कार्यक्रमका लागि रु. १० लाख बजेट सहित निरन्तरता दिएकी छु ।

९९. सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता प्रणाली सुदृढीकरण आयोजना अन्तर्गत सशर्त अनुदान तर्फ प्राप्त बजेट बमोजिमको कार्यक्रम प्रभावकारी रुपमा सञ्चालन गरिनेछ ।

१००. विभिन्न शिपमूलक तालिम, अभिमुखीकरण कार्यक्रम, जातिय भेदभाव बिरुद्ध कानूनी सचेतना कार्यक्रम, जेष्ठ नागरिकरअपाङ्गता परिचय-पत्र वितरण कार्यक्रम, बेपत्ता श्रीमान् एकल महिला राहत कार्यक्रम, दलित उद्यमशिलता विकास कार्यक्रम लगायतका गतिविधिको लागि बिशेष प्राथमिकता दिंदै प्रयाप्त बजेटको व्यवस्था गरेकी छु । सशर्तका अलावा गाउँपालिकाद्वारा यस शिर्षक अन्तर्गत रु. ५२ लाख बजेट विनियोजन गरेकी छु ।

## पूर्वाधार विकास

१०१. विकास र वातावरणलाई तादाम्यता कायम गरी पूर्वाधार विकासको कामलाई अगाडि बढाइने कुरा नीति तथा कार्यक्रममा प्रस्तुत भईसकेको छ। सडक सञ्जाल व्यापक विस्तार भईसकेको सन्दर्भमा सो को स्तरोन्नती गर्न संघ र प्रदेश सरकारसँग

विशेष पहल गरिनुका साथै गाउँपालिकाको आफ्नो श्रोत परिचालनमा विशेष जोड दिइनेछ । "हाम्रो सडक, हाम्रो सहभागिता, स्तरीय सडक, हाम्रो प्रतिवद्धता" अनुरुप गाउँपालिका भित्रका सडकहरुमा स्थानीय जनताहरुको सहभागितामा नाली निर्माण कार्यक्रमलाई निरन्तरता दिईनेछ । विकासका सबै आयामहरुले समेटिएको विकासको निम्ति दीगो विकासका लक्ष्यहरु तर्फ केन्द्रित रही गतिविधिहरु अगाडी बढाइनेछ ।

१०२. पूर्वाधार विकासमा विकासका अन्य पक्षहरु निर्भर रहने हुँदा छत्रदेव गाउँपालिकाले आगामी आ.व. २०७७।०७८ लाई पूर्वाधार वर्षको रुपमा मनाउने निधो गरेकी छ । यसको लागि गाउँपालिकाको आफ्नो बजेट एवं संघ र प्रदेश सरकारको समपूरक बजेट लगानी गरिनेछ ।

१०३. पूर्वाधार विकास अन्तर्गत आगामी आ.व.मा विभिन्न स्थानीय सडकहरु, भवन एवं पुल तथा झोलुङ्गे पुल, उर्जा तथा पुनःनिर्माणमा गरी जम्मा रु. ९ करोड ३७ लाख २५ हजार ६ सय विनियोजन गरेकी छु ।

१०४. त्यसैगरी यातायात पूर्वाधार विकासका लागि रु. ४ करोड ९० लाख ५ हजार ६ सय रकम विनियोजन गरेकी छु । गाउँपालिकाको क्षेत्र भित्र भवन तथा शहरी विकासको लागि रु. ३ करोड ९५ लाख २० हजार रुपैयाँ विनियोजन गरेकी छु । यस अन्तर्गत गाउँपालिका भित्रका घरवार बिहिन वास्तविक सुकुम्बासीहरुको पहिचान गरी उनीहरुलाई एकिकृत बस्ति विकास अन्तर्गत बासको व्यवस्था गर्नको लागि छत्रदेव जनता आवास कार्यक्रम अन्तर्गत गत वर्ष छुट्याईएको रकमबाट जग्गा प्राप्ति भईसकेको र चालु आ.व.मा प्रदेश र गा.पा.को लगानीमा बहुवर्षीय ठेक्का अन्तर्गत आगामी आ.व.मा सम्पन्न गर्ने गरी जनता आवास बहुउद्देश्यीय सामुदायिक भवन निर्माणको संझौता भएको व्यहोरा जानकारी गराउन चाहन्छु ।

१०५. वैकल्पिक उर्जा लागत साझेदारी तर्फ रु ४० लाख विनियोजन गरेकीछु । दलित घर परिवार उज्यालो अभियान कार्यक्रम अन्तर्गत यस छत्रदेव गाउँपालिकाको वडा भित्रका दलित बस्तीलाई सौर्य वत्ती वितरण गर्नका लागि वैकल्पीक उर्जा प्रवर्द्धन केन्द्रबाट आवश्यक पहल भएको छ । त्यसै गरी उज्यालो छत्रदेव कार्यक्रम अन्तर्गत छत्रदेव गाउँपालिकाका सबै वडाहरुमा सडक सौर्य वत्ती जडान गर्न चालु आ.व.मा आपूर्ती हुने गरी बोलपत्र सम्झौता भइसकेको छ ।

१०६. पूर्वाधार विकास अन्तर्गतको पुनर्निर्माणका लागि मर्मत संभार कोषमा रु. १० लाख विनियोजन गरेकी छु ।

१०७. संघीय सरकार र प्रदेश सरकारसँग लागत साझेदारी ९समपूरक कोष० का निमित्त रु. ७५ लाख बजेट व्यवस्था गरेकी छु ।

१०८. सञ्चार क्षेत्रको विकासको लागि रु. १९ लाख रुपैयाँ विनियोजन गरेकी छु ।

## वातावरण तथा विपद् व्यवस्थापन

१०९. विपद्बाट बांच्न र जनधनको क्षतिबाट बचाउन गाउँपालिका स्तरिय विपद् व्यवस्थापन समितिलाई चुस्त र दुरुस्त बनाउनुका साथै अन्य सहयोगी संस्थाहरुको साथ र सहयोग लिईनेछ । विपद् प्रतिकार्य योजना बनाउन प्रथामिकता दिइनेछ । विकास निर्माणलाई वातावरणसँग सन्तुलन कायम गर्न जोड दिईनेछ । वातावरण र जैविक विविधताको संरक्षण, सम्वर्द्धन, प्रवर्धन र सदुपयोगमा जोड दिइने कार्यलाई प्राथमिकता दिईनेछ ।

११०. पहिरो नियन्त्रण एवं नदी कटान रोक्न विशेष प्राथमिकता दिइने कुरा नीति तथा कार्यक्रममा प्रश्तुत भईसकेको छ । प्राप्त सुझावहरु समेतको आधारमा झिल्के पोखरी पहिरो र बरेलडाँडा पहिरो, बाँझा पोखरा पहिरो लगायतका अन्य पहिरो नियन्त्रण साथै जरे खोला, खर्ज्याङ्ग खोला, सौर्य खोला, शेरी खोला, बगाहा खोला, बौवा खोला एवं जुम्ली कुलो बाँधमा भएका नदी कटान लगायतका खोलाहरुबाट हुने कटान रोक्न खोला लगायत भू(क्षय हुने स्थान एवं तटहरुमा तटबन्धको व्यवस्था गर्न छिमेकी स्थानीय तहसँगको सहकार्य र प्रदेश एवं संघीय सरकारसँग आवश्यक पहल गरिनेछ । त्यसैगरी जलउत्पन्न प्रकोप नियन्त्रण अन्तर्गत यस गाउँपालिकाको जलउत्पन्न प्रकोप नियन्त्रणको लागि तारजाली खरिद गर्न रु. १५ लाख रुपैयाँ विनियोजन गरेकी छु ।

१११. विपद् व्यवस्थापन सामाग्रि खरिद गर्न रु. ४ लाख विनियोजन गरेकी छु ।

११२. त्यसैगरी गाउँपालिका क्षेत्र भित्र आउने प्राकृतिक तथा मानव सिर्जित विपद् व्यवस्थापनका लागि गतरविर्गत आ.व.हरुमा शुरु गरिएको विपद् व्यवस्थापन कोषलाई यस वर्ष रु. ५ लाख बजेट व्यवस्था सहित निरन्तरता दिईएको छ ।

## न्यायिक समिति व्यवस्थापन

११३. संविधानको धारा २१७ बमोजिम स्थानीय तहमा एक न्यायिक समिति रहने व्यवस्था रहेकोछ । कानून बमोजिम आफ्नो क्षेत्राधिकार भित्रका विवाद निरुपण गर्ने संवैधानिक व्यवस्था बमोजिम न्यायिक समितिले आफ्नो भूमिका निर्वाह गर्दै आएको व्यहोरा यस सम्मानित सभामा जानकारी गराउन चाहन्छु । चालु आ.व. २०७६।०७७ मा प्रत्येक वडाबाट ३/३ जनाका दरले २४ जना मेलमिलाप कर्तालाई तालिम दिने काम सम्पन्न भएको छ । न्याय सम्पादन र मेलमिलापको काममा यसले ठूलो मद्दत पुऱ्याउने कुरामा हामी विश्वस्त छौं । चालु आ.व. मा श्रोत साधनको व्यवस्था हुँदाहुँदै कोभिड-१९ को कारण ईजलास निर्माण गर्न सकेनौं । आगामी आ.व.२०७७।०७८ को न्यायिक समिति व्यवस्थापन अन्तर्गत न्यायिक व्यवस्थापन लगायतको कार्यका लागि रु ५ लाख विनियोजन गरेकी छु ।

११४. गाउँपालिकाद्वारा अधिकारका सूची अन्तर्गत निर्मित कानूनहरु स्थानीय राजपत्रमा प्रकाशन गरिसकेका छौं । कानून निर्माण प्रक्रियालाई अझ सरल र दक्षता पूर्वक सम्पादनगर्न विधायन समितिको क्षमता विकास गरिने छ । यस अन्तर्गत कानून निर्माण प्रक्रिया क्षमता विकासको लागि रु. ३ लाख विनियोजन गरेकीछु ।

## शान्ति तथा सुव्यवस्था

११५. शान्ति तथा सुव्यवस्थाका लागि रु. १३ लाख ५० हजार रकम विनियोजन गरेकीछु ।

## संस्थागत विकास, सेवा प्रवाह र सुशासन

११६. नीति तथा कार्यक्रम अनुरुप बनाईने योजनाहरुको प्रभावकारी कार्यान्वयनको लागि कार्यान्वयन संयन्त्रहरु प्रभावकारी हुन जरुरी छ । चालु आ.व. मा गाउँपालिकाको स्वीकृत संगठन संरचना बमोजिम अधिकृत र सहायक तथा प्रशासन र प्राविधिक तर्फका कर्मचारी गाउँ कार्यपालिकाको कार्यालय र वडा कार्यालयहरुमा स्थाई पदपूर्ति भएका छन् । यी विषयवस्तुहरु समेतका आधारमा जनतामा पुऱ्याइने सेवा अझ सहज हुने कुरामा विश्वास लिन सकिन्छ ।

११७. जनताको घरदैलोको सरकारको उपस्थिति वडा कार्यालयहरुले जनाएका छन् जहाँ दरबन्दी अनुरुपका अधिकांस पदपूर्ती भएका छन् । पदपूर्ती हुन बाँकी दरबन्दीमा कतिपय कानूनी कुराले रोकिएकोछ भने रिक्त बाँकी पदहरु यथाशिघ्र पदपूर्तिको लागि प्रकृया अगाडि बढाइनेछ ।

११८. प्रशासन संयन्त्रलाई मर्यादित र अनुशाशित बनाई जनताका काम कारबाहीलाई चुस्त र दुरुस्त पारिनेछ । "मुस्कानसहितको सेवा प्रवाह"लाई मूर्त रुप दिइनेछ । प्रशासनमा ढिला सुस्ती र काम पन्छाउने प्रवृत्तिलाई निरुत्साहित गरिनेछ । गाउँपालिका र अन्तर्गतका सम्पूर्ण कार्यालयहरुबाट प्रदान गरिने सेवालाई समयको माग अनुरुप सेवाग्राही सन्तुष्टी प्रक्रियासँग आबद्ध गरिनेछ ।

| ४१ | बिद्यालय स्वास्थ्य शिक्षा तथा विद्यालय नर्स परिचालन | गा.पा. भर | कार्यक्रम | १ | १८,००० | कार्यक्रम | १८,००० | | | | | २०७७।०८ | २०७७।११ | |

| सि. नं. | कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | कार्यान्वयन हुने स्थान | खरिदको प्रकार | परिमाण | वार्षिक बजेट रु. | खरिद विधि | लागत अनुमान | लागत अनुमान गर्ने मिति/कोटेशन/दरभाउपत्र/बोलपत्र | सूचना मिति | मूल्याङ्कन गर्ने मिति | सम्झौता गर्ने मिति | कार्यारम्भ गर्ने मिति | कार्य सम्पन्न गर्ने मिति | प्राथमिकीकरण |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ४२ | बिद्यालय स्वास्थ्य शिक्षा, आमा समूह तथा स्थानीय तहमा स्वास्थ्यका लागि सामाजिक व्यवहार परिवर्तन प्रवर्द्धन अभियान | गा.पा. भर | कार्यक्रम | १ | १,००,००० | कार्यक्रम | १,००,००० | | | | | २०७७।०८ | २०७७।११ | |
| ४३ | मेशिनरी औजार तथा फर्निचर मर्मत सम्भार (सेवा केन्द्र सञ्चालानार्थ) | गा.पा. भर | कार्यक्रम | १ | ४२,००० | कार्यक्रम | ४२,००० | | | | | २०७७।०४ | २०७८।०३ | |
| ४४ | मसलन्द सामान खरिद (सेवा केन्द्र सञ्चालानार्थ) | गा.पा. भर | कार्यक्रम | १ | ६०,००० | कार्यक्रम | ६०,००० | | | | | २०७७।०४ | २०७८।०३ | |
| ४५ | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको कार्य क्षेत्र (महिला, बालबालिका, अपांगता भएका व्यक्ति, जेष्ठ नागरिक तथा यौनिक तथा लैंगिक अल्पसंख्यक) का तथ्यांक संकलन तथा अद्यावधिक गरि महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयमा पठाउनका लागि | गा.पा. भर | कार्यक्रम | १ | १,००,००० | कार्यक्रम | १,००,००० | | | | | २०७७।०८ | २०७७।११ | |
| ४६ | मातृ तथा नवशिशु कार्यक्रम | गा.पा. भर | कार्यक्रम | १ | १२,१५,००० | कार्यक्रम | १२,१५,००० | | | | | निरन्तर | | |
| ४७ | मातृ तथा नवशिशु कार्यक्रम अन्तर्गत आमा सुरक्षा, गर्भवती उत्प्रेरणा सेवा, न्यानो झोला र निशुल्क गर्भपतन कार्यक्रम | गा.पा. भर | कार्यक्रम | १ | ११,८५,००० | कार्यक्रम | ११,८५,००० | | | | | निरन्तर | | |
| ४८ | माध्यमिक तहका स्वीकृत दरवन्दीका शिक्षक, राहत अनुदान शिक्षक लागि तलब भत्ता अनुदान (विशेष शिक्षा परिषद अन्तरगतका शिक्षक/कर्मचारी,प्राविधिक धारका प्रशिक्षक समेत) | गा.पा. भर | कार्यक्रम | १ | ३,३९,००,००० | कार्यक्रम | ३,३९,००,००० | | | | | चौमासिक | | |
| ४९ | राष्ट्रपति रनिङ्ग सिल्ड प्रतियोगिता (स्थानीय तहस्तरीय) | गा.पा. भर | कार्यक्रम | १ | १,००,००० | कार्यक्रम | १,००,००० | | | | | २०७७।०८ | २०७७।११ | |
| ५० | राष्ट्रिय महिला स्वास्थ्य स्वयंसेविका कार्यक्रम (पोशाक प्रोत्साहन, यातायात खर्च, वार्षिक समिक्षा गोष्ठी र दिवस मनाउने खर्च समेत) | गा.पा. भर | कार्यक्रम | १ | १९,००,००० | कार्यक्रम | १९,००,००० | | | | | २०७७।१२ | २०७८।०३ | |
| ५१ | राष्ट्रिय र स्थानीय महत्वका खाद्य तथा पोषण सुरक्षाममा टेवा पुर्याउने वाली वस्तको साना व्यवसायिक कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रम संचालन | गा.पा. भर | कार्यक्रम | १ | २४,००,००० | कार्यक्रम | २४,००,००० | | | | | २०७७।०७ | २०७७।०२ | |
| ५२ | रोजगार संयोजकको तलव | गा.पा. भर | कार्यक्रम | १ | ४,६८,००० | कार्यक्रम | ४,६८,००० | | | | | मासिक | | |
| ५३ | रोजगार संयोजकको पोसाक | गा.पा. भर | कार्यक्रम | १ | १०,००० | कार्यक्रम | १०,००० | | | | | २०७७।१२ | | |
| ५४ | रोजगार संयोजकको स्थानीय भत्ता | गा.पा. भर | कार्यक्रम | १ | १७,००० | कार्यक्रम | १७,००० | | | | | मासिक | | |
| ५५ | रोजगार सेवा केन्द्रको सँचालन खर्च | गा.पा. भर | कार्यक्रम | १ | ६४,००० | कार्यक्रम | ६४,००० | | | | | २०७७।०६ | २०७७।११ | |
| ५६ | रोजगार सेवा केन्द्रको सुदृढीकरण | गा.पा. भर | कार्यक्रम | १ | १,७५,००० | कार्यक्रम | १,७५,००० | | | | | २०७७।०६ | २०७७।११ | |

| सि. नं. | कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | कार्यान्वयन हुने स्थान | खरिदको प्रकार | परिमाण | वार्षिक बजेट रु. | खरिद विधि | लागत अनुमान | लागत अनुमान गर्ने मिति/कोटेशन/दरभाउपत्र/बोलपत्र | सूचना मिति | मूल्याङ्कन गर्ने मिति | सम्झौता गर्ने मिति | कार्यारम्भ गर्ने मिति | कार्य सम्पन्न गर्ने मिति | प्राथमिकीकरण |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ५७ | लागत साझेदारीमा बाख्रा प्रवर्द्धन कार्यक्रम | गा.पा. भर | कार्यक्रम | १ | ९,९०,००० | कार्यक्रम | ९,९०,००० | | | | | २०७७०८ | २०७७११ | |
| ५८ | व्यक्तिगत घटना दर्ताका दर्ता किताब डिजीटाईजेशनका लागि परामर्श सेवा | गा.पा. भर | कार्यक्रम | १ | २,९७,००० | कार्यक्रम | २,९७,००० | | २०७७०४ | | | | २०७७१० | |
| ५९ | विद्यालय भौतिक पुर्वाधार निर्माण अनुदान | गा.पा. भर | कार्यक्रम | ३ | १४,००,००० | कार्यक्रम | १४,००,००० | | | | | | | |
| ६० | विद्यालय सञ्चालन तथा व्यवस्थापन अनुदान | गा.पा. भर | कार्यक्रम | ३ | २३,७३,००० | कार्यक्रम | २३,७३,००० | | | | | | | |
| ६१ | विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवम् कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान | गा.पा. भर | कार्यक्रम | ३ | २६,५०,००० | कार्यक्रम | २६,५०,००० | | | | | चौमासिक | | |
| ६२ | विपन्न श्रमिकको ज्याला(दैनिक रु. 517*संख्या 100*दिन 100) | गा.पा. भर | कार्यक्रम | २ | ५१,७५,००० | कार्यक्रम | ५१,७५,००० | | | | | २०७७०८ | २०७७११ | |
| ६३ | विभिन्न सरुवारोग, नसर्ने रोग, जुनोटिक, मानसिक स्वास्थ्य सम्बन्धि अन्तरक्रिया कार्यक्रम तथा दिवसहरु (Hypertension, Diabetes, COPD, Cancer Days, आत्महत्या रोकथाम दिवस, मानसिक स्वास्थ्य दिवस, अल्जाईमर दिवस, रेबिज दिवस, विश्व औलो दिवस) मनाउने | गा.पा. भर | कार्यक्रम | १ | १,१५,००० | कार्यक्रम | १,१५,००० | | | | | २०७७०८ | २०७८०२ | |
| ६४ | विरामीको लागि ओ.पि.डि.टिकट (कार्वन कपी सहितको ) छपाई | गा.पा. भर | कार्यक्रम | १ | १,००,००० | खरिद | १,००,००० | | | | | २०७७०६ | २०७७०६ | |
| ६५ | शैक्षिक पहुँच सुनिश्चितता, अनौपचारिक तथा वैकल्पिक शिक्षा कार्यक्रम (परम्परागत विद्यालय, वैकल्पिक विद्यालय, साक्षरता र निरन्तर शिक्षाका कार्यक्रम समेत) | गा.पा. भर | कार्यक्रम | ३ | ४,००,००० | कार्यक्रम | ४,००,००० | | | | | निरन्तर | | |
| ६६ | सञ्चार सामाग्री प्रसारण तथा छपाई (सञ्चार र पँहुच अभियान सञ्चालान) | गा.पा. भर | कार्यक्रम | १ | ९४,००० | कार्यक्रम | ९४,००० | | | | | २०७७०४ | २०७८०३ | |
| ६७ | स्थानीय तह भित्रका स्वास्थ्यकर्मीहरु,म.स्वा.स्वय.से. का लागि आधारभूत तथा आकस्मिक सेवा अन्तर्गत आँखा, नाक, कान, घाटी तथा मुख स्वास्थ्य सम्बन्धि प्राथमिक उपचार बारे अभिमुखिकरण / तालिम | गा.पा. भर | कार्यक्रम | १ | ८०,००० | कार्यक्रम | ८०,००० | | | | | २०७७०८ | २०७८०२ | |
| ६८ | स्थानीय तहका कर्मचारी र जनप्रतिनिधिहरुको लागि अनुगमन तथा मुल्याकन खर्च | गा.पा. भर | कार्यक्रम | १ | ६४,००० | कार्यक्रम | ६४,००० | | | | | २०७७०४ | २०७७०३ | |
| ६९ | स्थानीय तहका स्वास्थ्य चौकी, प्रा.स्वा.के. र अस्पतालहरुमा कार्यरत कर्मचारीहरुको तलव, महगी भत्ता, स्थानीय भत्ता, पोषाक लगायत प्रशासनिक खर्च समेत | गा.पा. भर | कार्यक्रम | १ | ३,२१,००,००० | कार्यक्रम | ३,२१,००,००० | | | | | निरन्तर | | |

| सि. नं. | कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | कार्यान्वयन हुने स्थान | खरिदको प्रकार | परिमाण | वार्षिक बजेट रु. | खरिद विधि | लागत अनुमान | लागत अनुमान गर्ने मिति/कोटेशन/दरभाउपत्र/बोलपत्र | सूचना मिति | मूल्याङ्कन गर्ने मिति | सम्झौता गर्ने मिति | कार्यारम्भ गर्ने मिति | कार्य सम्पन्न गर्ने मिति | प्राथमिकीकरण |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ७० | स्थानीय तहको लैगिक हिंसा निवारण कोषमा रकम | गा.पा. भर | कार्यक्रम | १ | १,००,००० | कार्यक्रम | १,००,००० | | | | | निरन्तर | | |
| ७१ | सुधारिएको चुलो (बायोमास) प्रबिधि जडान | गा.पा. भर | कार्यक्रम | १ | २,००,००० | कार्यक्रम | २,००,००० | | | | | २०७७०८ | २०७८०२ | |
| ७२ | समुदायमा आधारित नवजात शिशु तथा बाल रोगको एकीकृत व्यवस्थापन (IMNCI) कार्यक्रम समिक्षा तथा स्वास्थ्य संस्थाहरुमा onsite coaching | गा.पा. भर | कार्यक्रम | १ | १,००,००० | कार्यक्रम | १,००,००० | | | | | | | |
| ७३ | सम्भाव्य उत्पादनको उत्पादकत्व र बजार प्रतिस्पर्धा बृद्धि गर्नका लागि कम्तिमा ५ जनाको समुहमा प्रबिधि हस्तान्तरण | गा.पा. भर | कार्यक्रम | १ | १,४०,००० | कार्यक्रम | १,४०,००० | | | | | २०७७०८ | २०७७११ | |
| ७४ | स्वास्थ्य चौकीको न्युनतम सेवा मापदण्ड कार्यन्वयन, सुद्रिढीकरण तथा समिक्षा (स्वास्थ्य चौकीको न्युनतम सेवा मापदण्ड कार्यक्रमको समिक्षा ) | गा.पा. भर | कार्यक्रम | १ | २,४०,००० | कार्यक्रम | २,४०,००० | | | | | २०७७०८ | २०७७११ | |
| ७५ | स्वास्थ्य संस्था नभएका वडाहरूमा आधारभूत स्वास्थ्य सेवा केन्द्रहरुको संचालन खर्च | गा.पा. भर | कार्यक्रम | १ | ५,००,००० | कार्यक्रम | ५,००,००० | | | | | निरन्तर | | |
| ७६ | स्वास्थ्य संस्थाका सम्पूर्ण कर्मचारीका लागि संक्रमण रोकथाम तथा स्वास्थ्य संस्थाजन्य फोहोरमैला व्यवस्थापन सम्वन्धी Wholesite Orientation | गा.पा. भर | कार्यक्रम | १ | ७,००,००० | कार्यक्रम | ७,००,००० | | | | | २०७७०८ | २०७७११ | |
| ७७ | सामुदायिक विद्यालयका छात्राहरुलाई निशुल्क स्यानिटरी प्याड ब्यवस्थापन | गा.पा. भर | खरिद | ३ | १७,८१,००० | टेण्डर | १७,८१,००० | | | | | चौमासिक | | |
| ७८ | सामाजिक परिक्षण कार्यक्रम संचालन | गा.पा. भर | कार्यक्रम | १ | १,००,००० | कार्यक्रम | १,००,००० | | | | | २०७७१२ | २०७७०३ | |
| ७९ | सार्वजनिक विद्यालयका विद्यार्थीहरुका लागि निशुल्क पाठ्यपुस्तक अनुदान | गा.पा. भर | कार्यक्रम | ३ | २५,४७,००० | कार्यक्रम | २५,४७,००० | | | | | २०७८०१ | २०७७०२ | |
| ८० | सार्वजनिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुका लागि छात्रबृत्ति (आवासीय तथा गैरआवासीय) | गा.पा. भर | कार्यक्रम | ३ | १४,६६,००० | कार्यक्रम | १४,६६,००० | | | | | २०७७१२ | २०७८०३ | |
| ८१ | सौर्य उर्जा प्रबिधि जडान | गा.पा. भर | कार्यक्रम | १ | ३,००,००० | कार्यक्रम | ३,००,००० | | | | | २०७७०८ | २०७७११ | |
| संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम (विषेश अनुदान) - ८०५५१५०१५१२ | | | | | | | | | | | | | | |
| ८२ | जनजागृती आधारभुत भवन निर्माण, वडा नं. २ | वडा नं. २ | निर्माण | १ | १,२०,००,००० | टेण्डर | १,२०,००,००० | | | | | | २०७८०१ | |
| ८३ | ठूलापोखरा स्वास्थ्य चौकी भवन | वडा नं. ६ | निर्माण | १ | १,००,००,००० | टेण्डर | १,००,००,००० | | | | | | २०७८०१ | |
| ८४ | भगवती स्वास्थ्य चौकी भवन | वडा नं. ७ | निर्माण | १ | १,००,००,००० | टेण्डर | १,००,००,००० | | | | | | २०७८०१ | |
| संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम(समपुरक अनुदान) - ८०५५१५०१५१३ | | | | | | | | | | | | | | |
| ८५ | केरुङ्गा - बल्कोट खानेपानी आयोजना | वडा नं. ४ | निर्माण | २ | ५०,००,००० | टेण्डर | ५०,००,००० | | | | | | २०७७०६ | |
| संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम(अन्य अनुदान) - ८०५५१५०१५१४ | | | | | | | | | | | | | | |
| ८६ | पर्यटन बोर्ड | | ३११५९ | १ | १५,००,००० | | १५,००,००० | | | | | २०७७०६ | २०७८०३ | |
| ८७ | सडक बोर्ड कार्यक्रम | | ३११५१ | १ | ६,००,००० | | ६,००,००० | | | | | २०७७०६ | २०७८०३ | |

## प्रदेश समपुरक योजनाहरु
## आ.व. २०७७/०७८

| सि.नं | कार्यक्रम/ आयोजनाको नाम | वडा नं | लक्ष्य | बिनियोजित रकम रु | स्थानीय सरकार | प्रदेश सरकार | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १. | छत्रदेव जनता आवास कार्यक्रम | ०६ | १ | १ करोड | ५० लाख | ५० लाख | |
| २. | राता पोखरा खेल मैदान, प्यारा फिट निर्माण | ०५ | १ | १ करोड | ५० लाख | ५० लाख | |
| ३. | भगवती आधारभूत विद्यालय, भवन निर्माण | ०७ | १ | ५० लाख | २५ लाख | २५ लाख | |
| ४. | बहुउद्देश्यीय सभाहल निर्माण, | ०८ | १ | ५० लाख | २५ लाख | २५ लाख | |
| **जम्मा रकम रु** | | | | **३ करोड** | **१ करोड ५० लाख** | **१ करोड ५० लाख** | |

# छत्रदेव गाउँपालिका
# उपभोक्ता समिति वा लाभग्राही समुदायबाट योजना सञ्चालन सम्बन्धी कार्यविधि २०७४

गाउँ कार्यपालिकाबाट स्वीकृत मितिः २०७५।०१।०३

**छत्रदेव गाउँपालिका**

**छत्रदेव गाउँ कार्यपालिकाको कार्यालय**

छत्रगञ्ज, अर्घाखाँची,

५ नं. प्रदेश नेपाल

**प्रस्तावनाः**

छत्रदेव गाउँपालिका अन्तर्गत संचालित योजना तथा आयोजनाहरु उपभोक्ता समिति मार्फत कार्यान्वयन गर्ने प्रक्रियालाइ व्यवस्थित, पारदशी, अनुमानयोग्य, गुणस्तरीय बनाउन बाञ्छनीय भएकोले सार्वजिनक खरिद ऐन र नियमावलीको प्रावधानसँग प्रतिकुल नहुने छत्रदेव गाउँ कार्यपालिकाबाट मिति २०७५ ।०१ ।०३ गते स्वीकृत गरी यो कार्यबिधि जारी गरिएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भः**

क. यस कार्यविधिको नाम "उपभोक्ता समिति वा लाभग्राही समुदायबाट योजना सञ्चालन सम्बन्धी कार्यविधि, २०७४" रहेको छ ।

ख. यो कार्यविधि कार्यपालिकाबाट स्वीकृत भएको मिति देखि लागु हुनेछ ।

**२. परिभाषाः**

क. "अध्यक्ष वा प्रमुख" भन्नाले गाउँपालिकाको अध्यक्ष सम्झनु पर्दछ ।

ख. "उपभोक्ता समिति" भन्नाले छत्रदेव गाउँ कार्यपालिकाबाट विनियोजित बजेटबाट प्रत्यक्ष लाभ प्राप्त गर्ने समुदायको भेलाबाट निर्माण भएको समिति सम्झनु पर्दछ ।

ग. "ऐन" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ सम्झनु पर्दछ ।

घ. "कार्यविधि" भन्नाले उपभोक्ता समिति वा लाभग्राही समुदायबाट योजना सञ्चालन सम्बन्धी कार्यविधि, २०७४ सम्झनु पर्दछ ।

ङ. "कार्यालय" भन्नाले छत्रदेव गाउँ कार्यपालिकाको कार्यालय सम्झनु पर्दछ ।

च. "लाभग्राही समुदाय" भन्नाले छत्रदेव गाउँ कार्यपालिकाबाट विनियोजित बजेटबाट सञ्चालन हुने आयोजनाबाट लाभ प्राप्त गर्ने समुदाय सम्झनु पर्दछ ।

छ. "सार्वजनिक खरिद ऐन" भन्नाले सार्वजनिक खरिद ऐन २०६३ र सो मा भएको संसोधन समेतलाई जनाउँदछ ।

ज. "सार्वजनिक खरिद नियमावली" भन्नाले सार्वजनिक खरिद नियमावली २०६४ र सो मा भएको संशोधन समेतलाई जनाउँदछ ।

**३. उपभोक्ता समिति वा लाभग्राहीबाट कार्य गराउन सकिने**

क. सार्वजनिक खरिद ऐन २०६३ र नियमावली २०६४ को अधिनमा रहि जम्मा १ करोडसम्म लागत अनुमान भएको निर्माण कार्य वा सो सम्बन्धी सेवा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट गराउन वा प्राप्त गर्न सकिनेछ ।

ख. बुँदा नं. क मा उल्लिखित एक करोड रुपैयाँसम्मको लागत अनुमानमा मुल्य अभिवृद्धि कर, ओभरहेड कन्टीजेन्सी रकम र जनसहभागीताको अंश समेतको रकम समावेश हुनेछ ।

ग. बुँदा नं. क को प्रयोजनको लागि सम्बन्धित काम वा सेवाको प्रकृति, परिणाम, लाग्ने रकम, उपभोक्ता समिति वा लाभग्राही समुदायले व्यहोर्ने वा व्यहोर्नु पर्ने रकम र अन्य आवश्यक कुराहरु खुलाई गाउँपालिकाले सार्वजनिक सूचना प्रकाशन गरी प्रस्ताव माग गर्न वा त्यस्तो समिति वा समुदाय आफैले प्रस्ताव वा निवेदन पेश गर्न सक्नेछ ।

घ. बुँदा नं. ग बमोजिम प्रस्ताव वा निवेदन प्राप्त भएपछि गाउँपालिका र त्यस्तो उपभोक्ता समिति वा लाभग्राही समुदायले आवश्यकता अनुसार छलफल, वार्ता वा निर्माणस्थलको भ्रमण गरी त्यस्तो काम वा सेवाका सम्बन्धमा निर्माण सम्झौता गर्नु पर्नेछ । त्यस्तो सम्झौतामा देहायका कुराहरु उल्लेख गर्नु पर्नेछ ।

१. निर्माण कार्य वा सेवाको प्रकृति, परिणाम, लागत अनुमान, उपभोक्ता समिति र लाभग्राही समुदायले व्यहोर्ने वा व्यहोर्नुपर्ने रकम, कार्य वा सेवा सम्पन्न गर्नुपर्ने अवधि ।

२. साठी लाख रुपैयाँ भन्दा बढी लागत अनुमान भएको कार्यको प्रत्येक कार्य इकाइमा उपभोक्ता समिति वा लाभग्राही समुदायले गर्नुपर्ने नगद योगदान ।

३. सार्वजनिक निकायले सम्बन्धित कार्यको डिजाइन, लागत अनुमान तयार गर्ने, स्वीकृत गर्ने, प्राविधिक सल्लाह दिने, नापजाँच गर्ने, जाँचपास गर्ने र अन्य आवश्यक प्राविधिक सहयोग उपलब्ध गराउने, सुपरिवेक्षण गुणस्तर नियन्त्रण गर्ने विषय ।

४. निर्माण कार्य वा सेवा सार्वजनिक निकाय र उपभोक्ता समिति वा लाभग्राहीको सहभागीतामा सम्पन्न वा उपलब्ध हुने विषय ।

५. सम्पन्न निर्माण कार्यको सञ्चालन वा मर्मत सम्भार उपभोक्ता समिति वा लाभग्राही समुदायले गर्ने ।

६. सार्वजनिक निकायले उपभोक्ता समिति वा लाभग्राही समुदायलाई उपलब्ध गराइने पेश्की रकम ।

७. सम्पन्न निर्माण कार्य वा सेवाको भुक्तानीको शर्त र तरिका र

८. अन्य आवश्यक कुरा ।

**४. भुक्तानीः**

उपभोक्ता समिति वा लाभग्राही समुदायलाई निर्माण कार्य वा सेवाको काम दिँदा लागत अनुमानमा रहेको मुल्य अभिवृद्धि कर, ओभरहेड कन्टीन्जेन्सी रकम र जनसहभागिताको अंश कट्टा गरेर मात्र भुक्तानी दिनुपर्नेछ ।

**५. पेश्की सम्बन्धी व्यवस्थाः**

आयोजनाहरु संचालन गर्न पेश्की दिने कार्यलाई निरुत्साहित गरिनेछ तर गाउँपालिकाले आवश्यकता देखेमा बूँदा नं. ४ बमोजिम खरिद सम्झौता रकमको बढीमा एक तिहाइ रकम सम्मको अग्रिम रुपमा पेश्की दिन सक्नेछ। त्यसरी दिएको पेश्की रकम अर्को किस्ता भुक्तानी गर्नु अघि फछ्र्यौट गरी सक्नुपर्नेछ।

६ उपभोक्ता समिति वा लाभग्रही समुदायले हरेक किस्ताको कामको प्राविधिक मुल्याङ्कन विल भरर्पाइ र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समिति वा समुदायको बैठकमा अनुमोदन गराइ गाउँपालिकामा पेश गर्नुपर्नेछ।

७ उपभोक्ता समिति वा लाभग्राही समुदायले आफुले प्रत्येक किस्तामा गरेको खर्चको सुचना सार्वजनिक रुपमा टाँस गर्नु पर्नेछ र आफुले गरेका काम कारबाहीको सम्बन्धमा सामाजिक लेखापरिक्षण गर्नुपर्नेछ।

८ गाउँपालिकाले उपभोक्तामा समिति वा लाभग्राही समुदायलाई सम्बन्धित कामको लागि प्राविधिक सहयोग उपलब्ध गराउन नसक्ने भएमा सो कामको लागि आवश्यक प्राविधिक जनशक्ति सो समिति वा समुदाय आफैले करारमा नियुक्त गर्न सक्नेछ। त्यसरी नियुक्त गरिएको प्राविधकलाइ दिनुपर्ने पारिश्रमिक सार्वजनिक निकायले कट्टा गरेको कन्टीजेन्सीबाट गरी भुक्तानी गर्नु पर्नेछ। तर त्यस्तो पारिश्रमिक लागत अनुमानको ४ प्रतिशत भन्दा बढी हुने छैन।

९ उपभोक्ता समिति वा लाभग्रही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा लोडर, एक्साभेटर, रोलर, डोजर, ग्रेडर बिटुमिसन, डिस्ट्रिव्युटर विटुमिन, व्वाइलर जस्ता हेभी मेसीनहरु उपयोग गर्न सकिने छैन। तर लागत अनुमान तयार गर्दा को समयमा हेभी मेसीन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिसमा गाउँपालिकाबाट सहमति लिइ त्यस्तो मेसीन प्रयोग गर्न सकिनेछ।

१० उपभोक्ता समिति वा लाभग्राही समुदायले पाएको काम आफैले सम्पन्न गर्नु पर्नेछ र कुनै निर्माण व्यवसायी वा सव कन्ट्रयाक्टरबाट काम गराउन सकिने छैन। कुनै कारणबश सो समिति वा समुदाय आफैँले समयमा काम सम्पन्न गर्न नसक्ने भएमा सो कुराको सुचना गाउँपालिकालाई दिनु पर्नेछ। यसरी सुचना प्राप्त भएपछि गाउँपालिकाले सो सम्बन्धमा आवश्यक जाँचबुझ गरी सो समिति वा समुदायसँग भएको सम्झौता तोडी बाँकी काम प्रचलित ऐन तथा नियमावली बमोजिम गराउनु पर्नेछ। उपभोक्ता समिति वा लाभग्राही समुदायले प्राप्त गरेको कुनै काममा निर्माण व्यवसायीलाई संलग्न गराइएको पाइएमा गाउँपालिकाले उक्त उपभोक्ता समिति वा लाभग्राही समुदायसँग भएको सम्झौता रद्द गरी त्यस्तो उपभोक्ता समिति वा लाभग्राही समुदायलाई भविष्यमा त्यस्तो किसिमको कुनै काम गर्न नदिने अभिलेख राखी सो काम गर्ने निर्माण व्यवसायीलाई कालो सूचीमा राख्न सार्वजनिक खरिद अनुगमन कार्यालयलाई सिफारिस गर्नु पर्नेछ।

११ उपभोक्ता समिति वा लाभग्राही समुदायले निर्माण कार्य सम्पन्न गरिसकेपछि गाउँपालिकाले खटाएको प्राविधिक कर्मचारीबाट त्यस्तो कामको जाँचपास गराइ त्यस्तो निकायबाट प्राप्त रकम र जनसहभागीताबाट व्यहोरिएको श्रम नगद वा जिन्सी

समेत कुल खर्चको विवरण सो निकायमा पेश गर्नु पर्नेछ । गाउँपालिकाले त्यसरी प्राप्त भएको विवरण तथा उक्त निर्माण कार्यको सर्भे, डिजाइन, लागत अनुमान सुपरिवेक्षण र कार्यसम्पादन गर्ने व्यक्ति तथा पदाधिकारीको नाम र पद समेत खुल्ने गरी कार्य सम्पन्न प्रतिवेदन तयार गरी अभिलेख राख्नु पर्नेछ ।

१२ उपभोक्ता समिति वा लाभग्राही समुदायले आफुले प्राप्त गरेको कुनै रकम दुरुपयोग गरेको पाइएमा सम्बन्धित उपभोक्ता समितिले छानविन गरी त्यस्तो रकम उपभोक्ता समितिका पदाधिकारीहरुबाट दामासाहीले सरकारी बाँकी सरह अशुल उपर गर्नु पर्नेछ ।

१३ उपभोक्ता समितिमार्फत सञ्चालन भएका आयोजनाहरुको कार्य सम्पन्न भएपछि गाउँपालिकाले सोको रेखदेख मर्मत सम्भार गर्ने जिम्मेवारी समेत तोकी उपभोक्ता समितिलाई हस्तान्तरण गर्नु पर्दछ ।यसरी आयोजना हस्तान्तरण भएमा गाउँपालिकाको सहमति लिई उपभोक्ता समितिले सेवा शुल्क जम्मा गर्ने कुनै कोष खडा गरी सेवा शुल्क लिन र सोको नियमित मर्मत सम्भार र संचालनको व्यवस्था गर्न सक्नेछ ।यसका लागि आवश्यकता अनुसार कार्यक्रम तथा आयोजना संचालन कार्यबिधि तयार गरी गाउँपालिकाबाट स्वीकृत गरी लागु गर्न सकिनेछ ।

**१४ उपभोक्ता समिति गठन गर्दा देहाय बमोजिमको प्रकृया पूरा गर्नुपर्नेछ :**

क. उपभोक्ता समितिबाट आयोजना कार्यान्वयन र संचालन गर्दा आयोजनाबाट प्रत्यक्ष लाभान्वित हुने घरपरिवारको पहिचान गरी त्यस्तो घर परिवारको आम भेलाबाट सम्बन्धित आयोजना स्थलमा नै सात देखि एघार सदस्यीय उपभोक्ता समिति गठन गर्नुपर्नेछ । उपभोक्ता समितिका सदस्यहरुले आफ्नो नागरिकता प्रमाणपत्रको प्रतिलिपी पेश गर्नुपर्नेछ ।

ख. गाउँपालिका वा वडा समितिमा बहालवाला पदाधिकारी, राजनितिक दलको प्रतिनिधिको रुपमा गाउँपालिकाको कुनै पनि पदमा आसिन व्यक्ति, बहालवाला सरकारी कर्मचारी, शिक्षक, निर्माण व्यवसायी, सरकारी पेश्की वा बेरुजु फछ्र्यौट नगरेको व्यक्ति, नैतिक पतन देखिने फौजदारी अभियोगमा सजाय पाई उक्त सजाय भुक्तान गरेको तीन वर्ष ननाघेको व्यक्ति, सार्वजनिक सम्पत्ती हिनामिना गरेको व्यक्ति उपभोक्ता समितिको सदस्य हुन पाउने छैनन् । विद्यालयको हकमा विद्यालय व्यवस्थापन समितिको मातहतमा रहने गरी छुट्टै निर्माण वा खरिद समिति निर्माण गर्नुपर्नेछ तर खाता भने विद्यालयको नै पनि प्रयोग गर्न सकिने छ ।

ग. उपभोक्ता समितिमा कम्तिमा ३३ प्रतिशत महिला हुनुपर्नेछ । समितिको अध्यक्ष, सचिव वा कोषाध्यक्ष मध्ये कम्तिमा एक जना महिला हुनुपर्नेछ ।उपभोक्ता समिति गठन गर्दा समावेशी हुनुको साथै उपभोक्ता समितिमा आवद्ध व्यक्तिहरु सामान्यतया साक्षर हुनुपर्नेछ ।

घ. एउटै समयमा एक व्यक्ति एक भन्दा बढी उपभोक्ता समितिको सदस्य हुन पाउने छैन साथै एक सगोलका परिवारबाट एक जना भन्दा बढी व्यक्ति समितिको सदस्य हुन पाउने छैन ।

ङ. उपभोक्ता समिति गठन गर्दा वडा समितिको अध्यक्ष वा सदस्य तथा गाउँपालिकाले तोकेको कर्मचारीको रहोबरमा गर्नुपर्नेछ । यसरी उपभोक्ता समिति गठन गरे पश्चात सो सम्बन्धी प्रतिवेदन सम्बन्धित स्थानीय तहमा पेश गर्नुपर्नेछ ।

च. प्रचलित ऐन नियम प्रक्रिया र मापदण्ड विपरित उपभोक्ता समिति वा अनुगमन समिति गठन गरेको वा सिफारिस गरेको पाइएमा यसरी गठन वा सिफारिस गर्ने कर्मचारी, व्यक्ति वा संस्थालाइ समेत कारबाही हुनेछ ।

छ. उपभोक्ता समिति सर्वसम्मत तरिकाले गठन हुनुपर्नेछ । सर्वसम्मत हुन नसकेको अवस्थामा तोकेको विधि अनुसार खटिएको कर्मचारीले उपभोक्ता समिति गठन गरी सोको जानकारी सम्बन्धित स्थानीय तहलाई गराउनु पर्नेछ ।

ज. उपभोक्ता समिति मार्फत कार्यान्वयन गर्न स्वीकृत योजनाहरुको लागि उपभोक्ता समिति गठन हुन नसकेमा अन्य बैकल्पिक माध्यमबाट आयोजना संचालन गर्न सकिनेछ ।

१५. गाउँपालिकाले आयोजनारकार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट न्यूनतम १०% (सम्बन्धित आयोजनाका) नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनु पर्नेछ । उपभोक्ता समितिको तर्फबाट व्यहोर्नु पर्ने लागत सहभागीता बापतको रकम सम्बन्धित गाउँपालिकाको खातामा (सम्बन्धित उपभोक्ता समितिले आफ्नै खातामा पनि

दाखिला गर्न सकिने तर दाखिला गरे जतिको रकम बराबरको न्यूनतम मौज्दात रहने गरी गाउँपालिकाले उपभोक्ता समितिको खाता कारोबार रोक्का गर्नेछ र कार्य सम्पन्नता पश्चातमात्र कारोबार फुकुवा गरिनेछ ।) दाखिला गरी सोको भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिसँग योजना सम्झौता गर्नु पर्नेछ । नगद सहभागीता नजुट्ने गरी आयोजना स्वीकृत भएको अवस्थामा गाउँपालिकाले योजना सम्झौता गरी निर्धारण गरे बमोजिमको जनसहभागीता बराबरको काम गरेको प्राबिधिक मुल्याङ्कन सहितको प्रतिवेदन प्राप्त भएपछि कार्यप्रगतिको आधारमा आयोजनाको लागि गाउपालिकाले उपलब्ध गराउने रकमबाट भुक्तानी गर्नु पर्नेछ । लागत सहभागीता नभएको कुनै पनि योजना उपभोक्ता समितिमार्फत सञ्चालन गर्न पाइने छैन ।

१६. यस बमोजिम कार्यक्रम स्वीकृत नभई विर्गत वर्षमा वा यसै आर्थिक वर्षमा पनि सम्झौता हुनुपूर्व कार्य सम्पन्न गरिएका भनी भुक्तानी माग गरिएको कार्यक्रम वा आयोजनाहरुमा र आर्थिक वर्षको अन्त्यमा काम भइसकेको देखाइ पछि काम गर्ने गरी कुनै पनि हालतमा उपभोक्ता समितिलाई रकम भुक्तानी दिन पाइने छैन । उपभोक्ता समितिले स्वीकृत कार्यक्रम बमोजिम गरेको कामको मात्र भुक्तानी दिनु पर्नेछ ।

१७. तोकीएको काम भन्दा बढी गर्ने वा काम नै नगरी वा वास्तविक काम भन्दा बढी काम गरेको देखाइ अथवा कुनै आइटमको सट्टा अर्को आइटमको कार्य पूरा गरेको देखाइ लागत अनुमान भन्दा बढी रकम माग्ने उपभोक्ता समितिलाई उक्त रकम भुक्तानी नदिइ कालो सूचीमा राखी कारबाही गर्नुको अतिरिक्त सम्बन्धित प्राविधिकलाइ समेत कारबाही गर्नुपर्नेछ ।

१८. गाउँपालिकाले उपभोक्ता समितिको काम कर्तव्य र अधिकार लगायत आयोजना लागत, निर्माण सामग्रीको परिणाम, आयोजनाको गुणस्तर, राख्नुपर्ने खाता, किस्ता निकासा तथा भुक्तानी प्रक्रिया, पारदर्शिता, अनुगमन सम्बन्धि व्यवस्थाका बारेमा कार्यक्रम वा आयोजना सम्झौता हुनुपुर्व एक वा सो भन्दा बढी उपभोक्ता समितिका अध्यक्ष्य, सचिव र कोषाध्यक्षलाई सामुहिक रुपमा अनुशिक्षण कार्यक्रम संचालन गर्नु पर्नेछ ।

१९. उपभोक्ता समितिको खाता अध्यक्ष, सचिव र कोषाध्यक्षको संयुक्त दस्तखतबाट संचालन हुनेछ । खाता संचालकहरुको तीनपुस्ते खुलाई आयोजना खाता र गाउँपालिकामा अभिलेख राख्नुपर्नेछ । उपभोक्ता समितिको गठन र यसको बैठकको निर्णयहरुको अभिलेख उपभोक्ता समितिको सचिवले राख्नुपर्नेछ। एक लाख भन्दा कम बजेट विनियोजन भएको आयोजनाहरु को खाता अध्यक्ष र सचिव वा कोषाध्यक्षको संयुक्त दस्तखतबाट पनि संचालन गर्न सकिनेछ । पचास हजार वा सो भन्दा कम बजेट विनियोजन भएका योजनाहरुको भुक्तानी दिँदा खाता खोल्न् अनिवार्य हुनेछैन ।

२०. उपभोक्ता समितिले आफुले प्रत्येक किस्तामा गरेको खर्चको सूचना सार्वजनिक गर्नुको साथै सम्बन्धित उपभोक्ता र गाउँपालिकालाई जानकारी गराउनु पर्नेछ । सम्बन्धित निकायबाट कुनैपनि समयमा उपभोक्ता समिति तथा आयोजना कार्यान्वयन गर्ने इकाइ वा संघसंस्थाको आर्थिक कारोबारको बारेमा जाँचबुझ वा निरिक्षण गर्न सक्नेछ ।

२१. उपभोक्ता समितिले आफ्नो खाताबाट पचास हजार भन्दा बढी आर्थिक कारोबार गर्दा सम्भव भए सम्म बैक वा वित्तीय संस्था मार्फत गर्नुपर्नेछ ।

२२. सामाजिक परिचालनका माध्यमबाट गठन भएका समूह सामुदायिक संस्था कार्यक्रम वा आयोजना संचालन गर्न इच्छुक भएमा छुट्टै उपभोक्ता समिति गठन नगरी संचालन गर्न सकिने भएमा त्यस्ता समूह मार्फत कार्यक्रम संचालन गर्न सकिनेछ ।

२३. उपभोक्ता समिति मार्फत सञ्चालन गरिने आयोजनाहरु श्रममूलक प्रबिधिमा आधारित रही स्थानीय श्रमको उपयोग र परिचालनलाई उच्च प्राथमिकता दिनुपर्नेछ ।

२४. श्रममूलक प्रबिधिबाट कार्य गराउने गरी लागत अनुमान स्वीकृत गराइ सोही बमोजिम सम्झौता गरी मेशीनरी उपकरणको प्रयोगबाट कार्य गरेको पाइएमा त्यस्तो उपभोक्ता समितिसँग भएको सम्झौता रद्द गरी उपभोक्ता समितिलाई भुक्तान गरेको रकम मुल्याङ्कन गरी बढी भएको रकम सरकारी बाँकी सरह अशुल उपर गर्नुपर्नेछ ।

२५. आयोजना कार्यान्वयन गर्ने निकाय वा उपभोक्ता समितिले आयोजनाको भौतिक र वित्तीय प्रगति प्रतिवेदन तोकीएको ढाँचामा सम्झौतामा तोकीए बमोजिमको समयमा गाउँपालिकामा पेश गर्नुपर्नेछ ।

२६. गाउँपालिकाले आयोजना संचालन एवं कार्यान्वयनमा संलग्न उपभोक्ता समिति संस्था एवं गैर सरकारी संघसंस्थाको अभिलेखीकरण गरी लगत व्यवस्थित गर्नुपनर्नेछ ।

२७. उपभोक्ता समितिसँग सम्झौता गर्नु अगाडी गाउँपालिकाको योजना शाखा वा योजना सम्बन्धी काम गर्ने कर्मचारीले प्रचलित कानून, कार्यविधि, निर्देशिका बमोजिम आवश्यक कागजात सहित उपभोक्ता समिति गठन भए नभएको बारे एकीन गरी आफ्नो स्पष्ट राय साथ सम्झौताको लागि निर्णय गर्ने अधिकारी समक्ष पेश गरी निर्णय भए बमोजिम गर्नुपर्नेछ।

२८. उपभोक्ता समितिले कार्यक्रम संचालन गर्दा उपभोक्ता समूहको निर्णयको आधारमा गर्ने, आयोजनाको निर्माण कार्य गाउँपालिकाको तर्फबाट तोकिएका प्राविधिकले तयार गरेको लागत अनुमान तथा प्राविधक सल्लाहको अधिनमा रहि गर्ने र आयोजना कार्यान्वयन गर्दा स्थानीय स्रोत साधन र श्रम शक्तिको अधिकतम परिचालन गर्ने गरी गर्नुपर्दछ ।

२९. उपभोक्ता समितिले नियमित रुपमा बैठक बस्नु पर्नेछ, बैठकबाट भएको निर्णय गाउँपालिकालाई जानकारी गराउने आयोजना सञ्चालन, संरक्षण र मर्मत सम्भार गर्ने आफूले जिम्मा लिएको काम निर्धारित समयमा सम्पन्न गर्न नसकेमा उपभोक्ता समुहको निर्णय सहित थप म्याद माग गर्ने कार्यक्रम कार्यान्वयनसँग सम्बन्धित सम्पुर्ण खर्चहरुको बील भरपाई सुरक्षित राख्ने, सम्बन्धित कामको प्रगति विवरण गाउँपालिकामा उपलब्ध गराउने कामको फरफारक गराउनु अघि समिक्षाको लागि उपभोक्ता समुहको बैठक बोलाई बैठकमा छलफल गराउने, त्यस्तो बैठकको उपस्थिति र निर्णयको प्रतिलिपि सम्बन्धित गाउँपालिकामा प्रस्तुत गर्ने आदी कार्य सम्पादन गर्नु पर्नेछ।

३०. उपभोक्ता समितिले गरेको कामको लागत मूल्य, कार्य, कार्यस्थलमा लागेको रकम, उपभोक्ता समितिको पदाधिकारीको नाम, कार्य शुरु तथा सम्पन्न मिति समेत खुल्ने गरी सम्बन्धित कार्यस्थलमा सार्वजनिक परीक्षण गरेको प्रतिवेदन गाउँपालिकामा प्रस्तुत गर्नु पर्दछ।

३१. उपभोक्ता समिति मार्फत गरिएको निर्माण वा संचालन गरेको कार्यक्रमको जानकारी स्थानीय जनताले माग गरेमा उपभोक्ता समितिले उपलब्ध गराउनु पर्नेछ। यसरी माग गरेको विवरण उपलब्ध नगराएको भनी सम्बन्धित उपभोक्ताले उपभोक्ता समिति भंग गर्न माग गरेमा गाउँपालिकाले सो विषयमा सत्य तथ्य बुझी उपभोक्ता समितिको पुनगठन गर्न, समिति भंग गर्न वा अन्य माध्यमबाट कार्य सम्पन्न गर्न सक्नेछ।

३२. उपभोक्ता समिति मार्फत सञ्चालन हुने वा निर्माण हुने विकास निर्माण कार्यको स्थलगत अनुगमन गर्ने जिम्मेवारी सम्बन्धित वडा समितिको हुनेछ।

३३. उपभोक्ता समितिले कामको लागि लिइएको नियमानुसार पेश्की रकम फछ्र्यौट गर्दा प्रथम किस्ताको प्राविधिक मूल्याङ्कन, सम्झौता अनुसारको नाप जाँच र मुल्य खुलेको रनिङ्गबील, उपभोक्ता समितिको बैठकको प्रतिलिपी समेत राखि गाउँपालिकामा निवेदन दिनुपर्नेछ। यस विवरण को आधारमा अघिल्लो कीस्ताको पेश्की फछ्र्यौट गरी थप कामको मात्र अर्को किस्ता कायम गरी सोही बराबरको रकम उपलब्ध गराइनेछ। उपभोक्ता समिति स्वयंले प्रत्येक किस्तामा गरेको खर्चको सूचना सार्वजनिक स्थानमा टाँस गर्नुपउर्नेछ।

३४. उपभोक्ता समितिले कार्य सम्पन्न गरेपछि प्राविधिक जाँचपास र कार्य सम्पन्न प्रतिवेदन प्राप्त गरी सम्बन्धित स्थानीय तहको प्रतिनिधिको रहोबरमा सार्वजनिक परिक्षण गराउनु पर्नेछ। फरफारकको लागि उक्त सार्वजनिक परिक्षणको प्रतिवेदन समेत पेश गर्नुपर्नेछ। अन्तिम भुक्तानी दिँदा उक्त योजनाको फोटो र सो अनुसार निर्माण भएको हो भनी उपभोक्ता समितिको निर्णय तथा उपभोक्ता समितिका अध्यक्ष सचिव र कोषाध्यक्षको दस्तखत गराइ सम्बन्धित फाइलमा समावेश गर्नुपर्नेछ।

३५. उपभोक्ता समिति, गैरसरकारी संस्था लगायत अन्य सामाजिक संघसंस्था मार्फत संचालन गरिने तालिम गोष्ठि सेमिनार अभिमुखिकरण कार्यक्रम कार्यशाला जस्ता कार्यक्रमको भुक्तानी गर्दा उक्ता कार्यक्रम संचालन गर्ने विषयमा भएको निर्णय, कार्यक्रम संचालन भएको स्थान र कार्यक्रम अवधि, कार्यक्रमको उद्देश्य र अपेक्षित उपलब्धी, कार्यक्रममा सहभागीको उपस्थिति, कार्यक्रमममा प्रस्तुत भएको कार्यपत्रको प्रतिलिपी कार्यक्रम संचालन गर्दाको अवस्थाको तस्वीरहरु सहित आर्थिक प्रशासन नियम बमोजिमको अन्य बील भरपाइ र कागजात संलग्न गरी कार्यसम्पन्न प्रतिवेदनका आधारमा गर्नुपर्नेछ ।

३६. उपभोक्ता समितिले आयोजनाहरु संचालन गर्दा तोकीए बमोजिमको गुणस्तर कायम गर्ने उगराउने दायित्व र जिम्मेवारी सम्बन्धित प्राविधिक कर्मचारी, उपभोक्ता समिति र अनुगमन तथा सहजिकरण समिति तथा निर्वाचित जनप्रतिनिधिहरुको हुनेछ ।

३७. अनुकरणीय कार्य गर्ने उपभोक्ता समिति, प्राविधिक कर्मचारी र सम्बन्धित कर्मचारीलाई गाउँ कार्यपालिकाको निर्णय बमोजिम वार्षिक रुपमा पुरस्कार प्रदान गर्न सकिनेछ।

**३८. अनुगमन, मुल्याङ्कन तथा सहजिकरण सम्बन्धी व्यवस्थाः**

क. उपभोक्ता समितिबाट कार्यक्रम वा आयोजना संचालन वा कार्यान्वयनमा अनुगमन तथा सहजीकरण गर्न एक अनुगमन तथा सहजीकरण समिति रहनेछ। उक्त समितिमा सम्भव भएसम्म सबै पक्षको समेत प्रतिनिधित्व हुने गरी कम्तिमा २ जना महिला सहित लाभग्राही समुदायबाट ५ जनाको प्रतिनिधित्व हुनेछ ।

ख. खण्ड क बमोजिमको समिति उपभोक्ता समितिबाट संचालन गरिने कार्यक्रम वा आयोजनाको हकमा सम्झौता हुनुपुर्व अनुगमन तथा सहजीकरण समिति गठन गर्नुपर्नेछ । कार्यक्रम वा आयोजनाको अन्तिम भूक्तानी एवं फरफारक गर्नुपूर्व यस्तो समितिको सिफारिस आवश्यक पर्नेछ ।

ग. आयोजना संचालनको क्रममा बाधा अवरोध आइपरेमा आवश्यक सहजीकरण गर्ने, सम्पन्न कार्यक्रम वा आयोजनाको सार्वजनिक परीक्षण गर्न सहयोग गर्ने तथा गाउँपालिकासँग गरेको सम्झौता र प्रचलित कानून बमोजिम कार्यक्रम तथा आयोजना संचालन भएको नपाइएमा सम्बन्धित उपभोक्ता समितिका सदस्यहरुलाई र गाउँपालिकालाई सोको जानकारी गराउनु आयोजना अनुगमन तथा सहजीकरण समितिको कर्तव्य हुनेछ ।

घ. अनुगमन तथा सहजीकरण समितिले आयोजना सम्पन्न भएको सात दिनभित्र आयोजनाको अन्तिम भुक्तानीको र फरफारकको निम्ति सफारिस नगरेको कारणबाट प्रचलित कानून बमोजिम भए गरेको कार्यको भुक्तानी दिन फरफारक गराउने लगायतका थप कार्यहरु अगाडी बढाउन बाधा परेको मानिने छैन ।

ङ. गाउँपालिकाले कार्यक्रम वा आयोजना अनुगमन समितिको थप जिम्मेवारी र आचर संहिता निर्धारण गर्न सक्नेछ । यस्तो व्यवस्था आयोजना सम्झौता फारममा उल्लेख गर्नुपर्नेछ ।

च. कुनै पनि वडामा संचालित योजनाको सम्बन्धित वडा समितिले अनुगमन र मुल्याङ्कन गर्नेछ। तोकीए बमोजिम काम नभए काम गराउन र कामको गुणस्तरीयता कायम गर्न वडा समितिले आवश्यक निर्देशन दिन सक्नेछ । वडामा सञ्चालित योजनाहरुको काम सम्पन्न भएको वडा समितिको सिफारिस बिना कुनैपनि योजनाको भुक्तानी दिइने छैन ।

छ. गाउँ कार्यपालिकाले अनुगमनको लागि छुट्टै समिति गठन गरी अनुगमन र मुल्याङ्कनको व्यवस्था गर्न सक्नेछ । उक्त समितिले आयोजना निर्माण सम्बन्धमा भएको प्रगति विवरण उपभोक्ता समिति र गाउँपालिकाको सम्बन्धित शाखा बाट प्राप्त गरी आयोजनाको लेखाजोखा गर्ने, आयोजना संचालनबाट स्थानीय जनतालाई पुगेको सुविधा, सेवाको गुणस्तर, सेवा वृद्धि गराउनु पर्ने अवस्था आदिको सुपरिवेक्षण गरी जानकारी लिने, आयोजनाक संचालनको क्रममा देखा परेको बाधा व्यवधान हटाउनका लागि उपयुक्त सुझाव सहितको सिफारिस गाउँपालिकामा पेश गर्ने तथा उपभोक्ता समितिले गाउँपालिकासँग गरेको सम्झौता र प्रचलित कानून बमोजिम आयोजना संचालन भएको नपाइएमा सोको जानकारी सम्बन्धित गाउँपालिकामा गराउने दायित्व र जिम्मेवारी निर्वाह गर्नुको साथै योजनाको अनुगमन तथा मुल्याङ्कन गरी योजना कार्यान्वयनमा गर्नुपर्ने नीतिगत सुधार र योजना कार्यान्वयनमा देखिएका समस्या समाधानका लागि आवश्यक निर्देशन दिने र योजना कार्यान्वयनमा विभिन्न निकाय बिच समन्वयकारी भूमिका समेत निर्वाह गर्नेछ ।

ज. अनुगमन सम्बन्धी थप व्यवस्थाः गाउँपालिकाका अध्यक्ष, उपाध्यक्ष र प्रमुख प्रशासकीय अधिकृतले गाउँपालिकाको कोषमा प्राप्त बजेटबाट संचालित कुनैपनि योजना तथा आयोजनाहरु कुनैपनि बेला अनुगमन र मुल्याङ्कन गर्न सक्नेछ । यसरी अनुगमनको क्रममा अध्यक्ष, उपाध्यक्षर प्रमुख प्रशासकीय अधिकृतले दिएको निर्देशन पालना गर्नु सम्बन्धित उपभोक्ता समितिको कर्तव्य हुनेछ ।

३९. यो कार्यविधि गाउँ कार्यपालिकाबाट पारित भएको मिति देखि लागु हुनेछ। यस अघि उपभोक्ता समिति मार्फत संचालन भइ चालु रहेका वा सम्पन्न भइ भुक्तानी भइ सकेका योजनाहरु समेत यसै कार्यविधि बमोजिम भएको र गरेको मानिनेछ ।

प्रमाणिकरण मिति २०७५/०१/०३ गते

आज्ञाले
**भेषराज पन्थ**
प्रमुख प्रशासकीय अधिकृत
छत्रदेव गाउँपालिका, अर्घाखाँची

# छत्रदेव गाउँपालिका
# छत्रदेव गाउँपालिकाका कर्मचारीहरुको आचार संहिता २०७५

**कार्यपालिकाबाट स्वीकृत मितिः–२०७५/०२/१७**

**(खण्डः २, संख्याः ६)**

**छत्रदेव गाउँपालिका**

**छत्रदेव गाउँ कार्यपालिकाको कार्यालय**

छत्रगञ्ज, अर्घाखाँची,

५ नं. प्रदेश नेपाल

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम छत्रदेव गाउँपालिका गाउँ कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको आचारसंहिता सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

## छत्रदेव गाउँपालिकाका कर्मचारीहरुको आचार संहिता २०७५

संघीय लोकतान्त्रिक गणतन्त्रात्मक नेपालको संविधान र प्रचलित कानून प्रति प्रतिबद्ध रही कानूनी राज्य संघीय लोकतान्त्रिक गणतन्त्रका लाभहरुको न्यायोचित वितरण व्यवस्थापन र दीगो विकासको अवधारणालाई मूर्तरुप दिन र कर्मचारीहरुको मर्यादा, व्यवहारलाई शिष्ट वनाउन छत्रदेव गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयका कर्मचारीहरुका लागि छत्रदेव गाउँपालिको गाउँ सभाको बैठकबाट पारित गरी कर्मचारीहरुले पालना गर्ने देहाय वमोजिमको आचारहरुको नियम वनाई लागु गरिएको छ ।

१. यो आचारको नियमलाई छत्रदेव गाउँपालिकाका कर्मचारीहरुको आचार संहिता, २०७५ मानिने छ ।

२. यो आचार संहिता तुरुन्त लागु हुने छ ।

३. यस आचार संहितामा स्थानीय तह भन्नाले छत्रदेव गाउँपालिकालाई जनाउँदछ ।

४. यस स्थानीय तहका कर्मचारीहरुले देहाय वमोजिमको आचरणको पालना गर्नु पर्नेछ ।

क) स्थानीय तहको कामसँग सम्बन्धित कुनै व्यक्ति वा संस्थाबाट कुनै प्रकारको दातव्य, कोसेली, उपहार आए आफूले स्वीकार गर्नु वा आफ्नो परिवारको कुनै सदस्यलाई स्वीकार गर्न दिनुहुँदैन ।

ख) कार्यपालिकाको स्वीकृति बिना कुनै कामका निम्ति कुनै किसिमको सहयोग माग्न वा चन्दा स्वीकार गर्न वा कुनै किसिमको आर्थिक सहायता लिनु हुँदैन ।

ग) आफ्नो वा आफ्नो परिवारको कुनै सदस्यको नाममा कुनै अचल सम्पत्ति प्राप्त गरेमा लागत मूल्य समेतको जानकारी कार्यालयमा पेश गर्नु पर्ने छ ।

घ) यस तहको लागि गरिने कुनै पनि कामको ठेक्का टेण्डर, बोलपत्र आफ्नो वा आफ्नो परिवारको कुनै सदस्यको नाममा लिनु हुँदैन ।

ङ) कार्यालयको कामसँग सम्बन्धित भएको कुनै व्यक्तिसँग सापट लिन वा निजको आर्थिक कृतज्ञतामा पर्नु हुँदैन, तर बैंकसँग लेनदेन गर्दा यो नियम लागु हुने छैन ।

च) कुनै किसिमको फाँटका खेल्नु हँदैन ।

छ) कार्यपालिकाको स्वीकृत बिना कुनै पनि बैक वा कम्पनीको स्थापना, रजिष्ट्रेशन वा सञ्चालनको काममा भाग लिनु हुँदैन ।

ज) स्थानीय तहबाट अख्तियारी नभई आफूले लेखेको वा प्राप्त गरेको कुनै कागजपत्र वा सूचनालाई प्रत्यक्ष वा अप्रत्यक्ष रुपबाट अनाधिकृत कर्मचारी वा गैर सरकारी व्यक्ति वा प्रेसलाई जानकारी दिन हुँदैन । तर इतिहास, भाषा, साहित्य वा अनुसन्धान मूलक लेख रचना, कृति प्रकाशन गर्न बाधा पर्ने छैन ।

झ) संघ, प्रदेश वा स्थानीय सरकारको काम कारवाहीमा प्रतिकूल प्रभाव पर्ने गरी कुनै पत्रपत्रिकामा आफ्नो वा वास्तविक वा काल्पनिक नामबाट वा वेनामी कुनै लेख प्रकाशन गर्ने वा रेडियो वा टेलिभिजनद्वारा प्रशारण गर्न हुँदैन ।

ञ) संघ, प्रदेश वा स्थानीय तहको नीतिको बिरोधमा सार्वजनिक भाषण दिन वा कुनै वक्तव्य प्रकाशन गर्नु हुँदैन ।

ट) स्थानीय तहबाट निर्धारित समयमा नियमित रुपले आफ्नो कार्यालयमा हाजिर हुनु पर्छ र बिदाको निकासा नलिई आफ्नो काममा अनुपस्थित हुनु हुँदैन ।

ठ) कार्यालयको गोप्यता भङ्ग गर्नु हुँदैन ।

ड) स्थानीय तहको कर्मचारीले आफू भन्दा माथिल्लो तहको अधिकृतले दिएको आज्ञालाई सिघ्रता र परिश्रमका साथ पूरा गर्नु पर्ने छ ।

ढ) आफ्नो नोकरी सम्बन्धी कुरामा मतलव साध्न वा आफूभन्दा माथिका अधिकृतहरु माथि कुनै राजनैतिक वा अरु अवाञ्छनीय प्रभाव पार्न वा प्रभाव पार्ने प्रयत्न गर्नु हुँदैन ।

ण) स्थानीय तहका कर्मचारीले आफू माथिका अधिकृतहरु प्रति उचित आदर देखाउनु पर्दछ ।

त) प्रचलित कानून विपरित हुने गरी वहुविवाह गर्न गराउन हुँदैन ।

थ) कुनै पनि राजनैतिक पदका लागि हुने निर्वाचनमा भाग लिन वा कसैका निमित्त मत माग्न वा कुनै प्रकारले आफ्नो प्रभाव पार्नु हुँदैन । तर प्रचलित कानून वमोजिम आफूले पाएको मतदानको अधिकार प्रयोग गर्न यस्ले वन्देज लगाएको मानिने छैन ।

द) प्रचलित कानून वमोजिम दर्ता नभएका र नेपाल सरकारद्वारा मान्यता नपाएका कर्मचारीहरुको कुनै पनि संगठनको सदस्य बन्नु हुँदैन ।

ध) प्रचलित कानूनले अनुमति दिएको तह वा श्रेणी भन्दा माथिका अधिकृत कर्मचारीहरु कुनै पनि कर्मचारी संगठनको सदस्य वन्न हुँदैन ।

न) कसैलाई यातना वा यौन जन्य दुर्व्यवहार र घरेलु हिंसा सम्बन्धी कार्य गर्नु हुँदैन ।

प) आफ्नो कार्यालयमा काम गर्दा सबैसँग शिष्ट र हसिलो व्यबहार गर्नु पर्दछ ।

फ) आफ्नो कार्यालयमा पद अनुसार आफूले गर्ने जिम्मेवारीलाई मर्यादापूर्वक वहन गरी, स्वच्छ निष्पक्ष तथा छिटो छरितो ढंङ्गबाट कार्य सम्पादन गर्नु पर्दछ ।

ब) आफ्नो कामसँग सम्बन्धित सेवाग्राही प्रति मर्यादित व्यवहार गर्नु पर्नेछ ।

भ) स्थानीय तहका कर्मचारीहरुले आवासीय अनुमति लिन वा त्यस्तो अनुमति प्राप्त गर्नका लागि आवेदन दिनु हुँदैन ।

म) कुनै पनि कर्मचारीले निकृष्ट प्रकारको बालश्रम प्रयोग गर्न पाइदैन ।

य) कर्मचारीहरुले जनप्रतिनिधिको शिष्टाचार र मर्यादा कायम राख्नु पर्नेछ ।

र) यो आचार संहिता पालना भए नभएको अनुगमन एक तह माथिबाट गरिनेछ ।

ल) कर्मचारीहरु गाउँपालिका प्रति उत्तरदायी हुनुपर्दछ ।

व) निहित स्वार्थको द्वन्द्व (Conflict of Interest) हुनु हुँदैन ।

श) तोकिएको पोशाक र परिचयपत्र अनिवार्य प्रयोग गर्नु पर्दछ ।

ष) कार्यालय समयमा कार्यालय हाताभित्र कार्यालय प्रयोगको काम बाहेक फेसबुक, युट्युव, ट्वीटर लगायतका अन्य साइटहरु चलाउनु हुँदैन ।

५) स्थानीय तहका कर्मचारीहरुले पालना गर्नु पर्ने अन्य नियमहरु प्रचलित कानूनमा व्यवस्था भएकोमा सोही वमोजिम र सोमा व्यबस्था नभएकोमा यसै वमोजिम हुने छ ।

प्रमाणिकरण मितिः २०७५/०२/१७

आज्ञाले
**भेषराज पन्थ**
प्रमुख प्रशासकीय अधिकृत
छत्रदेव गाउँपालिका, अर्घाखाँची

# छत्रदेव गाउँपालिका

# छत्रदेव गाउँपालिकाका पदाधिकारीहरूको आचारसंहिता, २०७४

**कार्यपालिकाबाट स्वीकृत मितिः– २०७४/०४/०७**

**गाउँ सभाबाट स्वीकृत मितिः– २०७४/०७/१३**

**छत्रदेव गाउँपालिका**

**छत्रदेव गाउँ कार्यपालिकाको कार्यालय**

**छत्रगञ्ज, अर्घाखाँची,**

**५ नं. प्रदेश नेपाल**

# छत्रदेव गाउँपालिकाका पदाधिकारीहरुको आचारसंहिता, २०७४

**प्रस्तावना**

नेपालको संविधान बमोजिम सहकारिता, सहअस्तित्व र समन्वयका आधारमा संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको अभ्यास गर्दै सङ्घ, प्रदेश र स्थानीय तहबीच सुमधुर अन्तरसरकार सम्बन्ध कायम गर्न, स्थानीय शासन व्यवस्थामा जनताको अर्थपूर्ण सहभागिता प्रवर्द्धन गर्दै बढी जनमुखी, सेवामुखी, जनउत्तरदायी, पारदशी तथा सुशासनयुक्त स्थानीय शासनको प्रत्याभूति गर्न, स्थानीय तहलाई जनताको विश्वासिलो शासन इकाईका रुपमा स्थापित गर्न, स्थानीय तहबाट समाजका विभिन्न वर्ग, धर्म, लिङ्ग, जातजातिका मौलिक संस्कृतिप्रति सम्मान र सहिष्णु भावनाको विकास गर्न तथा कानूनी राज्य, संघीय लोकतान्त्रिक गणतन्त्रका लाभहरुको न्यायोचित वितरण र दिगो विकासको अवधारणालाई मूर्त रुप दिन हामी जनताबाट निर्वाचित पदाधिकारीको आचरण र क्रियाकलापहरुलाई सोही अनुरुप मर्यादित र नमुनायोग्य तुल्याउनका लागि छत्रदेव गाउँपालिकाका जनप्रतिनिधिहरुले गाउँकार्यपालिकाको पहिलो बैठकबाट स्वीकृत गरी यो "छत्रदेव गाउँपालिकाका पदाधिकारीको आचारसंहिता, २०७४" बनाई लागू गरेका छौं।

## भाग – १
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यो आचारसंहिताको नाम **"छत्रदेव गाउँपालिकाका पदाधिकारीहरुको आचारसंहिता, २०७४"** रहेको छ ।

(२) यो आचारसंहिता गाउँसभाबाट पारित भएको मितिदेखि लागू हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस आचारसंहितामा,

(क) "अध्यक्ष"भन्नाले छत्रदेव गाउँपालिकाको अध्यक्षलाई सम्झनु पर्दछ ।

(ख) "आचार संहिता" भन्नाले गाउँपालिकाका पदाधिकारीहरुको आचारसंहिता, २०७४ लाई जनाउनेछ ।

(ग) "अनुगमन समिति"भन्नाले यस आचारसंहिता अनुसार गठित आचारसंहिता अनुगमन समितिलाई सम्झनुपर्छ ।

(घ) "कार्यपालिका" भन्नाले छत्रदेव गाउँकार्यपालिका सम्झनु पर्छ ।

(ङ) "पदाधिकारी" भन्नाले छत्रदेव गाउँपालिकाका अध्यक्ष, उपाध्यक्ष, वडाध्यक्ष, कार्यपालिकाका सदस्य तथा सभाका अन्य सदस्य समेतलाई सम्झनु पर्दछ । यस शब्दले गाउँपालिकाले आफ्नो कार्य सम्पादनका सिलसिलामा गठन गरेका जुनसुकै समिति वा उपसमिति वा कार्यदलका सदस्यहरु समेतलाई सम्झनुपर्दछ ।

(च) "सभा" भन्नाले छत्रदेव गाउँसभालाई बुझाउनेछ ।

(छ) "स्थानीय तह" भन्नाले नेपालको संविधान बमोजिमको गाउँपालिका, नगरपालिका र जिल्ला सभा सम्झनु पर्दछ । यस खण्डमा उल्लिखित नगरपालिका भन्नाले महानगरपालिका, उपमहानगरपालिका र नगरपालिका समेतलाई जनाउनेछ ।

## भाग – २
## पदाधिकारीका आचारहरु

३. **सामान्य आचारहरुको पालना गर्नेः** पदाधिकारीहरुको पालन तथा अवलम्वन गर्ने सामान्य आचारहरु देहायमा उल्लेख भए बमोजिम हुनेछन् । जसको अवलम्वन गर्न हामी प्रतिवद्धता व्यक्त गर्दछौं,

३.१ **नेपालको स्वतन्त्रता, स्वाधीनता, स्वाभिमान, राष्ट्रिय एकता, भौगोलिक अखण्डता र जनतामा निहित सार्वभौमसत्ताप्रति प्रतिवद्ध रहँदै,**

(क) पदाधिकारीहरुले नेपालको स्वतन्त्रता, सार्वभौमिकता, भौगोलिक अखण्डता, राष्ट्रिय एकता, स्वाधीनता र स्वाभिमानको अक्षुण्णतामा प्रतिकूल हुने कार्य गर्ने छैनौं ।

(ख) कुनै पनि पदाधिकारीले राष्ट्र विरुद्ध हुने कार्यमा सघाउ पुर्‍याउने, राष्ट्रिय गोपनीयता भङ्ग गर्ने, राष्ट्रिय सुरक्षामा आँच पुर्‍याउने कार्यहरु गर्न वा त्यस्तो कार्यमा सहयोग पुर्‍याउने कार्य गर्ने वा गराइने छैन ।

(ग) कुनै पदाधिकारीले पदीय जिम्मेवारी पालना गर्दा सदैव राष्ट्र र जनताको बृहत्तर हितलाई ध्यानमा राखी गर्नेछौ ।

(घ) कुनै पनि व्यक्ति वा निकायले जनतामा निहित सार्वभौमसत्ता, राष्ट्रिय एकता, स्वाधीनता, सामाजिक, धार्मिक, सांस्कृतिक तथा ऐतिहासिक सौहार्दतामा आँच पुर्‍याउने गरी कार्य गरेमा त्यस्तो कार्य निरुत्साहित गर्नेछौँ ।

**३.२ संघ, प्रदेश र स्थानीय तहबीचको सु-सम्वन्धमा जोड दिंदै,**

(क) पदाधिकारीहरुले संघ, प्रदेश र स्थानीय तहबीचको सुसम्बन्ध, कार्यअधिकार क्षेत्र, कार्य प्रणाली वा संस्थागत प्रवन्धमा कुनै आँच पुर्‍याउन वा दखल दिन वा अन्तरसरकार सम्वन्धमा खलल पार्ने कुनै क्रियाकलाप गर्न वा वक्तव्य वा प्रकाशन वा प्रचार प्रसार गरिनेछैन ।

(ख) कुनै पनि आधारमा स्थानीय तहका वासिन्दाहरुलाई भेदभाव गर्ने वा सामान सुरक्षा, सेवा, सुविधा र संरक्षणबाट वन्चित गरिनेछैन ।

तर महिला, बालबालिका, अपांगता भएका व्यक्ति, दलित, जेष्ठ नागरिक लगायत पछि परेका वर्ग, क्षेत्र तथा समुदायको हकहितका लागि विशेष व्यवस्था गर्न प्रतिवद्ध रहनेछौ ।

(ग) अन्तर स्थानीय तह तथा अन्तर सरकार वस्तु वा सेवाको निर्वाध आगमनलाई कुनै बाधा गरिने वा भेदभाव गरिने छैन ।

**३.३ संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणाली, स्वशासन र स्वायत्त शासन, संघ, प्रदेश र स्थानीय तहबाट राज्यशक्तिको प्रयोग तथा विश्वव्यापी मानव अधिकार र मौलिक अधिकारका मान्य सिद्धान्तको प्रबर्द्धन गर्न,**

(क) जनतामा निहित सार्वभौमसत्ता, स्वशासन तथा स्वायत्त शासन, संघ, प्रदेश र स्थानीय तहबाट राज्यशक्तिको प्रयोग, संघीय लोकतान्त्रिक गणतन्त्रका मान्य सिद्धान्तहरुलाई उच्च सम्मान र आत्मसात गरिनेछ ।

(ख) संघीय लोकतान्त्रिक प्रणाली, स्थानीय स्वायत्तता र तल्लो तहमा अधिकारको विकेन्द्रीकरणका सिद्धान्त तथा नीतिलाई अनादर गर्ने, जनताप्रतिको उत्तरदायित्वलाई अस्वीकार गर्ने, अवहेलना गर्ने, अन्तरसरकार सम्वन्ध एवं स्थानीय तहहरु र साझेदार संघ संस्थासँगको कानून बमोजिमको सम्वन्धमा खलल पर्ने जस्ता कुनै लेख, समाचार, भाषण, वक्तव्य वा प्रकाशन वा प्रशारण गर्नु वा गराउनु हुँदैन ।

तर यस कुराले उल्लेखित विषयमा अनुसन्धानमूलक कुनै लेख रचना प्रकाशित गर्न र सो अनुरुप धारणा राख्न रोक लगाएको मानिने छैन ।

**३.४ साधन श्रोतको पूर्ण सदुपयोग गर्नः**

(क) कानून बमोजिम आफूले पाउने सेवा सुविधावाहेक स्थानीय तहको साधन, श्रोत, नगद वा जिन्सी कुनै पनि प्रकारले मास्न, उपभोग गर्न र दुरुपयोग गर्नु गराउनु हुँदैन ।

(ख) कुनै पनि पदाधिकारीले सार्वजनिक स्रोतको प्रयोग गर्दा अधिकतम सदुपयोग र उत्पादनशील कार्यमा प्रयोग गर्नु पर्नेछ ।

**३.५ आफ्नो जिम्मेवारीको प्रभावकारी कार्यान्वयन गर्न गराउन,**

(क) कुनै पनि पदाधिकारीले कानूनले तोकिए बमोजिमका पदाधिकारीहरुलाई पूर्व जानकारी नदिई आफ्नो सेवा दिने स्थान छोडी अन्यत्र जानु हुँदैन ।

(ख( पदाधिकारीले प्रचलित कानूनमा तोकिएभन्दा बढी समयका लागि आफ्नो कार्यक्षेत्र छोड्नुपर्दा वा कार्यक्षेत्रभन्दा

बाहिर जानुपर्ने भएमा कानूनले तोके बमोजिमका जनप्रतिनिधि वा पदाधिकारीलाई आफ्नो पदको अख्तियारी नदिई जानु हुँदैन ।

**३.६ गैर कानूनी आश्वासनलाई निरुत्साहित गर्न**

(क) संविधान तथा प्रचलित कानूनले दिएको अधिकार क्षेत्रभन्दा बाहिरका काम गरिदिन्छु भनी कसैलाई आश्वासन दिनु हुँदैन ।

(ख) कानून बमोजिम गर्नुपर्ने काम गर्न वा सेवा दिनका लागि आनाकानी वा ढिलाई गर्ने, जानीजानी अनावश्यक झंझट थप्ने वा आफ्नो अधिकारक्षेत्र बाहिरको काम गरिदिन वा गराई दिनेछु भनी आश्वासन वा भरोसा पर्ने कुनै काम गर्नु वा गराउनु हुँदैन ।

(ग) स्थानीय तहका पदाधिकारीहरुले ऐनले तोकिएको योजना तर्जुमा प्रकृयाको जानकारी नदिई कुनै व्यक्ति, संस्था वा समुदायलाई स्थानीय तहको योजना बाहेकका कुनै कार्यक्रम वा योजना स्वीकृत गरिदिन वा गराईदिने आश्वासन दिनु हुँदैन ।

(घ) आफ्नो लागि वा अरु कसैको लागि अनुचित लाभ पुग्ने गरी पदको दुरुपयोग गर्ने कार्य गर्नु गराउनु हुँदैन ।

**३.७ राजनीतिक आस्थाका आधारमा भेदभावपूर्ण कार्य नगर्न दृढ रहँदै,**

(क) राजनीतिक आस्था वा विचारका आधारमा कार्यपालिका वा सभाका सदस्यहरु वा कर्मचारी वा सेवाग्राही तथा आम नागरिकहरुसँग तेरो मेरोको भावना राखी कुनै कार्य गर्नु/गराउनु हुँदैन ।

(ख) आफू सम्वद्ध राजनीतिक दल वा सम्वद्ध कुनै निकाय वा संघसंस्थालाई मात्र लाभ पुग्ने वा सुविधा हुने गरी कुनै निर्णय वा योजना वा कार्यक्रम कार्यान्वयन गरिनेछैन ।

**३.८ सामाजिक सौहार्दता र समावेशीकरणप्रति दृढ संकल्पित रहँदै,**

(क) सामाजिक सद्भाव तथा सौहार्दता (प्रेम) खल्बल्याउन नहुनेः विभिन्न जात जाति, धर्म, वर्ग, क्षेत्र, सम्प्रदायबीच सामाजिक सद्भाव र सौहर्दता खल्बल्याउने कुनै काम वा अन्य कुनै व्यवहार गर्नु वा गराउनु हुँदैन । कुनै सम्प्रदायबीचको सु-सम्वन्धमा खलल पर्ने गरी क्रियाकलाप गर्नु गराउनु र प्रचार प्रसार गर्नु गराउनु हुँदैन ।

(ख) छुवाछुतलाई प्रश्रय दिने व्यवहार गर्नु हुँदैन । कुनै विचार व्यक्त गर्दा जातीय, धार्मिक, सांस्कृतिक वा सामाजिक विद्धेष वा धार्मिक भेदभाव जनाउने खालका काम कुरा गर्ने वा उखान टुक्का प्रयोग गर्ने वा कुनै जाति, धर्म, संस्कृति वा समुदायको स्वाभिमानमा धक्का लाग्ने वा आघात पुग्ने खालका शव्द/वाणीहरुको प्रयोग गर्नु हुदैन ।

(ग) कुनैपनि जातजाति, धर्म, वर्ण, लिङ्ग आदिका आधारमा भेदभाव गर्नु हुँदैन तथा सबै समुदायका कानूनी हकहित र मौलिक संस्कृतिप्रति बोली  र व्यवहार दुबै तवरबाट प्रतिकुल असर पर्ने गरी कार्य गर्नु गराउनु हुँदैन ।

(घ) कुनै पनि समुदायको परम्परा देखिको धर्म अवलम्बन गर्ने धार्मिक स्वतन्त्रताको सम्मान गर्नु पर्नेछ ।

तर, आफ्नो क्षेत्रभित्र कसैको धर्म परिवर्तन गर्ने गराउने कुनै पनि क्रियाकलाप हुन दिनुहुँदैन ।

(ङ) कुनै विदेशी नागरिक वा संस्थाले नेपालको सभ्यता, नेपाली जनतावीचको सद्भाव विर्गार्ने वा भडकाउने काम गरेको वा गर्न लागेको जानकारी भएमा तत्काल सम्बन्धित निकायमा सूचीत गर्नु पर्नेछ ।

**३.९ पदाधिकारीबीच कार्यजिम्मेवारीको न्यायोचित बाँडफाँड गर्नः**

(क) पदाधिकारीवीच जिम्मेवारी, अधिकार वा सुविधा वा दायित्वको बाँडफाँड गर्दा राजनीतिक दलसँगको सम्बद्धता वा राजनीतिक आस्था वा महिला वा पुरुष वा सामाजिक समावेशीकरणका आधारमा भेदभाव गर्नुहुँदैन ।

तर, कानून बमोजिम बिशेष जिम्मेवारी र अवसर दिनका लागि उल्लेखित प्रावधानले रोक लगाएको मानिने छैन ।

**३.१० कसैको स्वाभिमान र अस्तित्वमा कुनै आँच आउन नदिनः**

(क) पदाधिकारीले सबैसँग शिष्ट र मर्यादित बाणी तथा शब्दको प्रयोग गर्नुपर्नेछ । शालीन र स्वभावीक सामाजिक आचारहरु गर्नुपर्नेछ । जनतासँग हार्दिक, नम्र र आदरपूर्वक व्यवहार गर्नुपर्नेछ ।

(ख) पदाधिकारीबाट कार्यपालिका र सभाका सदस्यहरु, स्थानीय तहमा कार्यरत कर्मचारीहरुमा एक अर्काप्रति झुटा लाञ्छना लगाउने, रिस राग द्वेष राख्ने तथा एक अर्काको विषयमा अप्रासाङ्गिक टिका टिपण्णी गर्नु वा अतिशयोक्तिपूर्ण अभिव्यक्ति दिइने छैन ।

(ग) पदाधिकारीले निर्वाचित जनप्रतिनिधि, कर्मचारी, सेवाग्राहीप्रति राम्रो व्यवहार र भाषाको प्रयोग गर्नेछन् ।

(घ) पदाधिकारीले संस्थागत रुपमा कुनै धारणा व्यक्त गर्दा स्थानीय तह, यसका निर्णयहरु वा कुनै पदाधिकारी वा कर्मचारीलाई होच्याउने वा अनादर गर्ने भाषा वा अभिव्यक्ति दिनु वा दिन लगाउनु हुँदैन ।

(ङ) पदाधिकारी तथा कर्मचारीवीच एक अर्काको काम, पेशागत मर्यादा र कार्यगत स्वायत्तताको सम्मान गर्ने वातावरण सिर्जना गर्नुपर्नेछ ।

(च) पदाधिकारीहरुले एक अर्काको व्यक्तिगत रुपमा टिका टिप्पणी गर्नु हुँदैन तर पदाधिकारीको कामसँग सम्बन्धित विषयमा स्वस्थ रुपमा एक अर्काका कमी कमजोरी तथा सबल पक्षहरुलाई औल्याउन कुनै बाधा पुग्ने छैन ।

(छ) पदाधिकारीहरुले एक अर्काका विषयमा सकारात्मक तवरले छलफल गर्ने, सुझाव दिने, आलोचना तथा टिप्पणीहरु राख्नु पर्नेछ र एक अर्कालाई पदीय काम गर्नमा सहयोग, उत्साह र प्रेरणा प्रदान गर्नु पर्नेछ ।

३.११ **सामाजिक मान्यता विरुद्धका आचारहरु निरुत्साहित गर्दैः**

(क) कार्यालय समयमा वा पदीय कामका सिलसिलामा मादक वा लागुपदार्थको सेवन गर्नु हुँदैन । कार्यालय हाताभित्र तथा सार्वजनिक सभा, समारोह, बैठक आदी स्थलहरुमा मद्यपान, धुम्रपान, खैनी, सुर्ति, गुटखा वा पान सेवन गर्नु हुँदैन ।

(ख) अन्धविश्वास, अपसंस्कृति, रुढिवादजस्ता पूरातन एवं अवैज्ञानिक मान्यता तथा चालचलन विरुद्धको सामाजिक रुपान्तरण प्रक्रियामा सक्रिय सहभागिता जनाउनु पर्दछ ।

(ग) पदाधिकारीहरुले सार्वजनिक स्थल तथा खुला ठाउँमा जुवा, तास खेल्ने, बाजी लगाउने आदिजस्ता व्यवहारहरु गर्नु हुँदैन ।

